# मैत्रीधर्म पुस्तक

## महा सम्बोधि धर्म संघ

**बोधि श्रवण धर्म संघ**

गढीमाई नगरपालिका, वडा नं. १६, पिलुवा, हलखोरिया, बारा, नेपाल

**'बोधिमार्ग दर्शन मैत्रीधर्म'**

*प्रकाशकः*

**बोधि श्रवण धर्म संघ**

केन्द्रीय कार्यालय- गढीमाई नगरपालिका, वडा नं. १६,

पिलुवा, हलखोरिया, बारा, नेपाल

इमेलः office@bsds.org

वेभसाईटः www.bsds.org

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन मिति : २०८०

मूल्य : ५००/–

ISBN : 9789937167710

*लेआउट/मुद्रणः*

म्हेन्दो डिजाईन एण्ड प्रिन्ट हाउस प्रा.लि.

फोनः ०१-५३५१९७४

ईमेलः mhendodnp@gmail.com

वेभः www.mhendodesign.com.np

# भूमिका

‘बोधि श्रवण धर्म संघले’ प्रथम संस्करणमा रहेको ‘मैत्रीधर्म’ नामक पुस्तकलाई पुनः संशोधित रूपमा मानव जगतको सुधार/उद्धारको निमित्त पुनः दोस्रो पटक प्रकाशन गरेकोछ। किताबमा उल्लेखित मैत्रीधर्मका महा-वाणीहरू सर्वज्ञ परम पूजनीय ‘महा सम्बोधि धर्म संघ’ गुरुज्यूको मुखारविन्दबाट विभिन्न समयमा प्राप्त वचन अनुसार रहेका छन्। यस मैत्रीधर्म पुस्तक मार्फत् गुरुज्यूका सन्देशहरूलाई लोक समक्ष सकेसम्म स्पष्ट रूपले प्रस्तुत् गरि सरल ढङ्गबाट बुझाउने प्रयास गरिएको छ। समयको विभिन्न कालखण्डमा घटित अनेकन् कारणले संसारमा बिर्सदै र लोप हुँदैगएका अध्यात्म परम महा-चेतन भावशक्तिलाई उहाँ गुरुज्यूले बोधिमार्ग दर्शन मैत्रीधर्मद्वारा पुनः अधिष्ठान गर्नुभएको छ। मैत्रीधर्ममा के, कति, कुन र कस्तो नीतिविधिहरूलाई प्राथमिकताका साथ सर्वमानवले अपनाउदै सृष्टिकर्ता गुरुमार्ग दर्शनमा अघि बढ्नसक्छ भन्ने ज्ञानगुण यो पुस्तकले सबैसबैका निमित्त स्पष्ट गराउनेछ।

उहाँ महा सम्बोधि धर्म संघ गुरुज्यूको ६ वर्षसम्म महा-कठोर त्याग तपस्याद्वारा प्राप्त बोधिमार्ग दर्शन मैत्रीधर्मलाई अध्यात्म मानव जगतले उहाँ गुरुज्यूको अपार कृपा र आशीर्वाद स्वरूप प्राप्त गरेको हो। मानव लोकमा सृष्टिकर्ता गुरुमार्ग दर्शन गराइ अधर्म भ्रमित तत्त्वलाई चिर्दै मानव, पशुप्राणी र वनस्पति जगतको कल्याण हेतु सत्कर्म गर्नमा उत्प्रेरणा प्रदान गर्ने ‘बोधिमार्ग दर्शन मैत्रीधर्मको’ प्रमुख उद्देश्य हो। अतः विश्वमानव समुदायमा सुखशान्ति स्थापना गर्न र गराउन ‘बोधि श्रवण धर्म संघको’ ठूलो भूमिका रहने स्पष्ट छ। मानवीय धर्म कर्तव्य, पहिचान र उद्देश्य के हो ? गुरुमार्ग दर्शन के हो ? भन्ने विषयहरूलाई पक्कैपनि मैत्रीधर्म नामक पुस्तकले स्पष्ट गराइनेछ। मैत्रीधर्म अन्तर्गत रहने विशेष सर्वमैत्री भावतत्त्व गुणमा आधारित नीति-नियमलाई पालना गरेर मुक्तिमोक्षको मार्गमा यात्रा गर्न विश्वमानव जगतलाई उत्साह र प्रेरणा प्रदान गरिरहने छ।

# प्रकाशकीय

परम् पूजनीय महा सम्बोधि धर्म संघ गुरुज्यू यस धर्तीमा अवतरित भई सम्पूर्ण अस्तित्वको रक्षा, शान्ति, सहजीवन, सह-अस्तित्व निमित्त बोधिमार्ग दर्शन/भगवानमार्ग/मैत्रीधर्मको महा-कठोर निराहार ६ वर्ष लामो तपस्याबाट प्रतिपादन गरि मानव जगतलाई समयमा बिउँझन र मार्गमा लाग्न आह्वान गर्दै यो मैत्रीधर्म पुस्तक परिमार्जित रुपमा दोस्रो संस्करण प्रकाशन गर्न वचन भए अनुसार बोधि श्रवण धर्म संघले प्रकाशन गर्ने सुअवसर पाउँदा धन्य ठान्दै उहाँ गुरुज्यूप्रति असंख्य कृतज्ञता व्यक्त गर्दै सम्पूर्ण मानव जगतलाई यस महान् मार्गमा लामवद्ध हुन आह्वान गर्दछ।

सर्वधर्म, सर्वगुरुहरु सर्वमानव समुदायलाई जीवनको मूल्य वोध गर्न र गुरु जपध्यान, पूजापाठ गरि मुक्ति मोक्षको पथ अँगाल्न मैत्रीधर्म नै यो समयको महान् धर्म मार्ग भएको यथार्थ मनन् गर्न अपिल गर्दछौं।

यो मैत्रीधर्म पुस्तकमा समावेश भएका महा सम्बोधि धर्म संघ गुरुज्यूका महान् वाणीहरु ध्यानपूर्वक अध्ययन, चिन्तन, मनन र अनुसरण गर्न फेरिपनि मैत्रीय निवेदन गर्दछौं।

यहाँहरुको अमूल्य सल्लाह, सुझाव र सहयोगको अपेक्षा गर्दै यस धर्म पुस्तक प्रकाशनमा सबै दृश्य र अदृश्य सहयोगीहरुप्रति आभारी रहँदै मैत्रीय धन्यवाद दिन चाहन्छौं।

**मैत्री मंगलम्** !

# विषय सुची


**- महा सम्बोधि धर्म संघ गुरुज्यूको जीवन** ९
**- महा सम्बोधि धर्म संघ गुरु** ४७
**- बोधिमार्ग दर्शन मैत्रीधर्म** ५०
**- बोधी श्रवण धर्म संघ** ५१
**- गुरुतत्त्त** ५४
**- धर्मतत्त्व** ५७
**- सर्वमैत्री भावतत्त्व** ५९
**- मुक्तिमोक्ष** ६२
**- दुर्लभ मनुष्य जीवन** ६३
**- पुण्यतत्त्व** ६८
**- कर्म** ७२
**- मार्ग दर्शन** ८३
१. सृष्टिकर्ता बोधिमार्ग दर्शन ८९
२. सृष्टिकर्ता मार्गगुरु दर्शन ८९
३. सृष्टिकर्ता गुरुमार्ग दर्शन ९०
३.१ सृष्टिकर्ता सर्वसाधारण गुरुमार्ग दर्शन ९१
३.२ सृष्टिकर्ता गृहस्थी माआत्म गुरुमार्ग दर्शन ९३
३.३ सृष्टिकर्ता सन्यासी महा-माआत्म गुरुमार्ग दर्शन ९५
३.४ सृष्टिकर्ता सन्यासी गुरुमार्ग दर्शन ९६

**- जीवनमा उपयोगी विषयहरू** ९८
१. सद्गुरु र धर्मको पहिचान ९९
२. शान्त शीलस्वभाव १०२
३. अपार आदरसम्मान १०४

**- दैनिकी अपनाइने मैत्रीधर्मकर्म** १०८
१. विशुद्ध मैत्रीआहार सेवन १०८
२. पूजापाठ र प्रार्थना ११०

२.१ धूप अर्पण ११३
२.२ जल अर्पण ११४
२.३ फूल अर्पण ११५
२.४ बत्ती अर्पण ११६
२.५ फलफूल अर्पण ११७

३. गुरु मन्त्रजप र तप-ध्यान ११९
३.१ गुरुको सेवाढोग ध्यान ११९
३.२ गुरु शरणागत ध्यान १२०
३.३ सङ्कल्पित ध्यान १२२
३.४ मन्त्र जपध्यान १२४
३.५ सरल तप-ध्यान १२६
*३.५.१ गुरु लाभ वा गुरुतत्त्वमा लीन १२८*
*३.५.२ विघ्नवाधा तथा मारबाट मुक्त १३०*
*३.५.३ अपार पुण्य तथा आत्मशुद्धिकरण १३१*
*३.५.४ आत्माले मुक्ति-मोक्ष प्राप्ति १३१*

**- हिंसा मुक्त मैत्री आचरण १३३**
**- प्रणाम र यसबाट हुने अपार लाभ १३४**
**- मैत्री मंगलम् र यसबाट हुने लाभ १३५**
**- मैत्रीधर्म के हो ? १३६**
**- मैत्री वस्त्र १३८**
**- मैत्री झण्डा १४०**
**- मैत्री दिवस र यसको विशेषता १४२**
**- रतनपुरको महा दर्शनमा गुरुको सन्देश १४४**
**- ललितपुरको मैत्री दिवसमा गुरुको सन्देश १५२**
**- १८औं मैत्री दिवसमा गुरुको सन्देश १५७**
**- मैत्रीधर्म संघ भक्तमा हुनुपर्ने गुण १६५**
**- धर्म सत्य र अधर्म असत्य १६८**
**- बोध गर्न आवश्यक विषयहरु १८०**

# महा सम्बोधि धर्म संघ गुरुज्यूको जीवन

बिहानीको सुनौला सूर्य किरण संगै धरातलमा अन्धकार जसरी लुप्त भएर जान्छ। त्यसरीनै एक महान् सिद्ध गुरुको अवतरणले संसारमा अनगिन्ती मानव आत्माको उद्धार सम्भव हुन्छ। यही विषय सान्दर्भिक एक समर्थवान सर्वश्रेष्ठ तेजस्वी पुण्यवान आत्मा नेपालको त्यो सानो सुन्दर गाउँ निजगढ नगरपालिका, वडा नं. १२ बुङ्जोर गाउँमा मिति २०४६ चैत्र २७ गते, आमा माया देवी र बाबु बिरबहादुर बोम्जनको तेस्रो सुपुत्रको रूपमा ऐतिहासिक जन्म सिद्ध हुन्छ। उहाँलाई आज संसारले 'महा सम्बोधि धर्म संघ' धार्मिक शुभ नामद्वारा पहिचान गरि स-सम्मान सम्बोधन गर्दैआएको छ। बाबुआमा र गाउँघरका साथीभाइ तथा छरछिमेकीले बोलाउन प्रयोग गरिएको नाम रामलाल बोम्जन भएतापनि ६ वर्षसम्मको लामो धर्म साधनामा बोधिमार्ग दर्शन ज्ञानगुण प्राप्त पश्चात, उहाँलाई सम्पूर्ण संघ र भक्त-अनुयायीहरूले पहिचानसहित अपार श्रद्धा र भक्तिकासाथ सम्बोधन गर्दै आइरहेको शुभनाम महा सम्बोधि धर्म संघ हो। उहाँ गुरुज्यूले महा-कठोर त्याग तपस्याहरूद्वारा बोधिमार्ग ज्ञानगुणको स्थान प्राप्त गर्नु भइसकेपछि, उहाँका कैयौं 'बोधिमार्ग' 'मार्ग गुरु' र 'गुरुमार्ग' गुरुहरूले पहिचान स्वरूप प्रदान गर्नुभएको अध्यात्मिक पदावलीको नाम नै 'महा सम्बोधि धर्म संघ' हो।

संसारमा कहीँ कतै समय र स्थान अनुकूल महा दुर्लभ सद्धर्म गुरुहरूको अवतरण हुनेक्रममा भगवानहरूको भरोसा, आशीर्वचन सर्वज्ञ परम पूजनीय महा सम्बोधि धर्म संघ गुरुज्यूलाई पनि प्राप्त भयो। उक्त अपार धर्म पुण्य र भगवानको विशेष कृपाले आमा माया देवीको ९ महिने गर्भ पश्चात्, प्रथम पटक धर्ती लोक स्पर्श हुने अवस्थामा "हे तपस्वी मुनी ध्यानमा जाऊ" भन्ने महा-वाणीको आभास कताकता मनमा भइरहेको उहाँले वचन गर्नुभयो। उक्त आत्मिक अनुभूति उहाँमा अन्तर्निहित अध्यात्म परम चेतन भावशक्तिको प्रभावले सम्भव भएको थियो।

जहाँ वसन्त ऋतुको आगमनसँगै बदलिदो परिस्थितिले प्रकृतिमा हुने परिवर्तन र वरपरका रमणीय दृश्यको निखारपनले पर्यावरणलाई अझ मनमोहक बनाएझैं अध्यात्म जगतमा पनि उहाँ धर्म संघ गुरुज्यूको आगमनले बोधिमार्ग दर्शन मैत्रीधर्ममा आधारित उच्च गुरुमार्ग दर्शन प्राप्त भई यस धरामा पुनः स्वर्णिम युगको सुरुवात भएको कुरा घाम जत्तिकै छर्लङ्ग भइसकेको छ।

एक अध्यात्म परम महा-चेतन भावशक्तिले युक्त महा धर्मात्मा, जो नेपालको दक्षिणी तराई क्षेत्र बारा जिल्ला, रतनपुर गा.वि.स. स्थित सानो गाउँबस्ती बुङ्जोरमा हुर्किबढी साधारण लेखापढी तर उहाँको धर्म चेतनाको स्तर, आत्मा विश्वास, उद्देश्य, वचन र कार्य भने विश्वमानव समुदायलाई सद्धर्म मार्गमा डोऱ्याउने महा सङ्कल्पकासाथ बाल्यकालमै संसारसामु महान् धार्मिक यात्राको सुरुवात हुन्छ।

भगवानहरूद्वारा चुनिएको उक्त महा पुण्यात्मा धार्मिकतामा हुनुपर्ने गुण/स्वभाव तथा लक्षण अपार रहेकोले चौध वर्षको कलिलो उमेरमा नै कठोर तप-ध्यान साधनाको क्रममा कैयौं सङ्घर्ष र चुनौतिको बाबजुज पनि गुरुमार्ग, मार्गगुरु हुँदै बोधिमार्ग दर्शनसम्मका परम ज्ञान र पुण्य अर्थात् सर्वशक्ति स्वरूप धर्म प्रकृति मूलभूत सर्वसृष्टि तत्त्वको सिद्धान्त र प्रकृया, आत्मा र परमात्माको सृष्टिचक्र र कर्मचक्रको रहस्य, सर्वलोक सृष्टिको व्यवस्थापन, कार्यक्षेत्र, अवस्था, प्रकृति, नीतिविधि, गतिविधि, कर्मफलको रहस्य, आकार-प्रकार र भोगाई जस्ता अध्यात्म सर्वविषय तत्त्वको अस्तित्वगत यथार्थ पक्ष अनि मोक्ष मार्गको सर्वज्ञान उहाँलाई प्राप्त हुन्छ।

मानव लोकमा समय सापेक्ष परिवर्तनशील मानवीय धर्म, जाति, भाषा, संस्कृति, शिक्षा, राजनीति, परम्परा र रीतिरिवाज आदिलाई सबै मानवहरूले आ-आफ्नै स्व-विवेकले धारण गर्दछन्। जहाँ मनुष्यले आफ्नो स्थान, परिवार र समाजमा मान्दै, चल्दै एवम् रहँदै आएका संस्कारहरूको आधारमा आफ्नो व्यवहारिक



जीवनलाई अपनाउने प्रयत्न गर्दछन् । तर सद्धर्म गुरुहरूको अभावको कारण मनुष्यले अध्यात्म कर्म नीति-नियमको विषयमा स्पष्ट बुझ्न सकिरहेका हुँदैनन् । जगतमा देखिएका यिनै विविध धर्म, संस्कृति र मूल्यमान्यताले स्वाभाविक मानव जगतलाई एकप्रकारको अन्योलतामा अलमलाइरहेका देखिन्छन् । अति छोटो दुर्लभ मानव जीवनकालमा सही र गलत पहिचान हुन नसक्दा अन्ततः मानव लोक भ्रमको सिकार हुनपुग्छ र पुगिरहेका पनि छन् । अहिलेका मानव जाति विभिन्न कारण अधिक दुःखी र अशान्तिपूर्ण कैयौं कर्म दोषहरूबाट ग्रसित छन् । उक्त अशान्ति आत्महरू शान्तिको खोजमा कुनैपनि धर्म संघसंस्था र गुरुहरूको शरणमा राहत पाउने आशामा रहिआएका छन् । कतिपय आफ्नो कर्मफल, परिस्थिति र रूपरङलाई हेरेर आफ्नो स्व-आत्मज्ञानको प्रेरणामा आत्मा रहस्य अथवा सत्यतथ्य बुझ्ने प्रयत्न गर्छन् । र, कतिपय मानव जाति भने आफ्नो वास्तविकताको खोजमा गहिरो उच्च-चेतन भावशक्तिमा डुब्नपुग्दा, कताकता आत्मिक चेतन भावनामा अनुत्तरित प्रश्नहरू अङ्कुरीत हुने गर्दछन् । संसार अनि जीवन जगत, मानव धर्म र कर्तव्य के हो ? म किन यहाँ छु ? मेरा अस्तित्वगत पहिचान के हो ? यस्ता अनेकन्खाले अनौंठा कल्पनाले अन्तरात्मामा जान्ने र बुझ्ने कौतूहलता सृजना गरिदिन्छ । अनि यसैको खोजमा रहँदा जीवनमा सही/सत्य गुरु र धर्मकर्म पाउनसक्ने कारण बन्नपुग्छ ।

धन्य हुन् ती मनुष्य जो यिनै विषयहरूप्रति चिन्तनमनन् गर्दै यथार्थ खोज-अनुसन्धान गरेर सद्धर्म गुरु पहिचान गर्न सक्दछन् । र, आत्मा सम्बन्धमा परम ज्ञान बोध गर्न सक्षम हुन्छन् । मानव जगतमा विरलै मात्र महा ध्यानी, ज्ञानी र तपस्वी सिद्ध व्यक्तिहरू हुन सक्छन् । जसले परमात्मा परम महा-चेतन शक्तिको स्तरमा सर्वमैत्री भावयुक्त सर्वज्ञान र मोक्ष प्राप्त गर्नसकेका हुन्छन् । जेहोस अधिकता मनुष्य आफ्नो परिवार गाउँघर र समाजमा पुर्खौलीदेखि प्रभावमा रहँदै आएका मूल्यमान्यतालाई गुनेर, हेरेर, सुनेर, बुझेर, देखेर अन्ततः त्यही धर्म, भाषा, संस्कृति, परम्परा र रीतिरिवाजमा सारा जीवन व्यतीत गर्दछन् । त्यसपछि मानवले आफ्नो कर्मअनुसारको फल पाउनु निश्चित छँदैछ । यसप्रकार यो लोकमा धर्म



ज्ञानीजनहरूको तुलनामा धर्मकर्ममा विश्वास नगर्ने र नमान्नेहरूको संख्या अधिक रहेका छन् । तर धर्मकर्ममा संलग्नता रहनेहरू पनि आ-आफ्नै रूपरङ, ढङ्ग, व्यवहार, आकाङ्क्षा, मजबुरी, बेहोसी, प्रतिष्ठा, आस्था र विश्वास मध्ये कुनैपनि अवस्थाबाट प्रभावित रहेका हुन्छन् ।

यसैगरि उहाँ धर्म संघ गुरुज्यूको त्याग तपस्या र आत्मा उद्धारमा उहाँको मैत्रीधर्म योगदान विश्वको लागि उदाहरणीय एक ऐतिहासिक अध्यात्म मार्गचित्रको रूपमा प्रस्तुत् भएकोछ । परमात्मा धर्ममा अपार सम्मान र आस्था राख्ने जोकोहीले मैत्रीधर्मको शरणमा सहजै अपार पुण्य लाभ प्राप्त गर्नेछ । मैत्रीधर्मको खोज-अनुसन्धान गरेर नीतिविधिको बारेमा सजिलै बुझ्नसक्ने र केहीपनि नबुझेका अवोधजनहरूको लागि पनि जान्ने स्वर्णिम अवसर अहिले प्राप्त छ । एकपछि अर्को गर्दै विस्तारै विश्वमानव बिच बोधिमार्ग दर्शन मैत्रीधर्मको प्रभाव शिष्य, संघ र भक्त-अनुयायी हुँदै सर्वमानवको मन मस्तिष्कमा दिनप्रतिदिन बढोत्तरीमा स्थापित हुँदै गइरहेको छ ।

भौतिकताको प्रभावशाली कार्यप्रणालीले विश्व मानसपटलमा अध्यात्मप्रति पार्दैगरेको अन्योलता र भ्रमलाई चिर्ने कोसिस मात्र होइन कि, ओझेल हुँदैगरेको भगवान कृपा, सद्धर्मकर्म, परमात्मा र आत्मा बिचको सुमधुर परम सर्वमैत्री भावपूर्ण सम्बन्धलाई पुनः स्थापित गराइ स्वर्गीय मोक्षद्वार खुलाउने प्रयास प्रारम्भ भइसकेको छ । परिणामतः परम विधाता सृष्टिकर्ता भगवानको अपार आशीर्वाद रहने यस शुभ क्षणमा सर्वपुण्यवान मानव आत्मा वास्तविक नवीनतम 'बोधिमार्ग दर्शन मैत्रीधर्मको' कालखण्डमा यही सुवर्ण अवसरकासाथ विद्यमान रहेका छन् ।

शाश्वत धर्मकर्म र मार्ग दर्शनको लागि कहीँ कतै भौंतारी रहनु परेन । किनकि हामी माझ बोधिमार्ग गुरु महा सम्बोधि धर्म संघ हुनुहुन्छ । मानव जगतका लागि यो समय एक अहोभाग्य हो । जोकोही भक्ति र आस्थाले उहाँको

प्रत्यक्ष र अप्रत्यक्ष दर्शन गरेर, देखेर, चिनेर अनि बुझेर उहाँद्वारा प्रतिपादित बोधिमार्ग दर्शन मैत्रीधर्मको नीतिविधि पालना गर्दै अपार धर्म पुण्य लाभ गर्न सक्नेछन् । विभिन्न कारणवश मानव जगतमा कमजोर बन्दै गइरहेको सद्धर्मकर्म र परमात्माप्रतिको अपार आदरसम्मान, विश्वास, श्रद्धा, भक्ति र आस्थाको पुर्नस्थापना तथा गुरुमार्ग दर्शनको अधिष्ठानद्वारा मोक्षको मार्गमा डोऱ्याउनु नै मैत्रीधर्मको प्रमुख उद्देश्य हो ।

उहाँ धर्म संघ गुरुज्यूको बाल्यकाल, तप साधनामा घटेका प्रमुख विषयवस्तुहरू र ऐतिहासिक धार्मिक गतिविधि तथा कार्यहरूको जानकारी विश्वमानव समुदाय माझ सविस्तार सङ्क्षिप्त रूपमा वर्णन गर्ने लघु प्रयास गरिएको छ। विश्वका धर्मप्रेमी अनुयायी तथा अध्यात्म जगतमा अध्ययन गर्नमा रुचि राख्ने पाठक वर्गको अमूल्य समयको केही अंश मात्र भएपनि यो धार्मिक मैत्री पुस्तकले आकर्षित गर्न सकोस् र यही जन्ममा आत्माले मोक्ष प्राप्त होस् भन्ने महान् हेतु पनि यसैमा समाहित रहेको स्पष्ट नै हुन्छ।

धर्ममा उमेरको कुनै गन्ति रहन्न को सानो र को ठूलो भन्ने तर अध्यात्म परम महा-चेतन भावशक्ति, ज्ञानगुण र पुण्यले नै त व्यक्तिको वास्तविक स्वरूपको पहिचान गराउने रहेछ। यसै विषय सान्दर्भिक उहाँको बाल्यकालमा घटेका, बाहिरी संसारले देखिएका र सुनिएका साथै उहाँले गर्नुभएका धार्मिक कृयाकलापले यो कुरालाई सुस्पष्ट गराएको छ। जो सानो उमेरदेखिनै विलक्षण धार्मिक स्वभाव, जुन सर्वमैत्री भाव केन्द्रित सबैको हित तथा सुधार/उद्धारमा आफू खुसीहुने गरेको यथार्थहरूले प्रस्ट गरेका छन् ।

'हुने बिरुवाको चिल्लो पात'; बाल्यअवस्थामा उहाँको शान्त स्वभाव, एकान्त प्रेमी र धर्म चिन्तनमननको परम चेतन भावमा आफूलाई समाहित गर्ने एक पृथक सोचविचार, दोस्रोको कुशल कर्म र सुखमा खुसी, समझदार, मेलमिलापको विधि अपनाउने र आफूसरह समस्त प्राणीप्रति दयामाया करुणा र प्रेम भाव दर्शाउने

एकप्रकारको विशिष्ट गुण उहाँमा थियो । उहाँको मजबुत स्वात्मज्ञानले सही र गलत पक्षको सहज पहिचान कुनै गलत संगत र असत्य कर्मबाट आफूलाई पूर्णतः अलग र सजग राख्नसक्ने परम चेतन भावगुणको साथमा उहाँको बाल्यावस्था व्यतीत भयो ।

आज उहाँको अपार धर्म पुण्य, त्याग तपस्या र परम ज्ञानगुणको परिणामतः विश्वमानव समाजले बोधिमार्ग दर्शन मैत्रीधर्मको शरणमा परमात्मा गुरुहरूको दर्शन अनि अपार कृपादृष्टि लाभ हुने दुर्लभ अवसर प्राप्त गरिरहेका छन् । उहाँको यस महान् त्याग तपस्या कैयौं जन्मदेखिको कर्मफलको परिणाम थियो ।

पूर्व जन्महरूमा उहाँको कठोर धर्म साधना, परम सर्वमैत्री भावना र धर्म पुण्यले यस जन्ममा बोधिमार्गको महा-कठोर साधनालाई सम्पन्न गर्न प्रेरित गरायो । फलतः यस जन्ममा ६/७ वर्षको उमेरदेखिनै दिनदिनै उहाँमा स्वात्मज्ञान तथा भगवानको जप, तप-ध्यान विधि र ज्ञानको अनुभव मजबुत हुँदैगयो । उक्त धर्म साधनालाई निरन्तरता दिन एकान्त स्थानको आवश्यकता पर्नथाल्यो । भगवानको अपार कृपा र धर्मप्रति उहाँको दृढ सङ्कल्प सबैभन्दा प्रभावशाली थियो । जसरी क्रमिक मानसिक र शारीरिक परिपक्वता संगै अध्यात्म परम चेतन भावशक्तिको वृद्धि, विस्तारकासाथ उहाँको स्वात्मज्ञान अझ थप मजबुत बन्दैगयो ।

यिनै विषय सान्दर्भिक उहाँको जीवनीसँग जोडिएका केही सत्यतथ्य प्रमुख घटनाहरूलाई यहाँ साभार गर्नैपर्ने हुन्छ । जुन कुरा ६ वर्षे तपस्या सम्पन्न भए पश्चात् सोको उपलक्षमा आयोजित महा-दर्शन कार्यक्रममा उहाँद्वारा प्राप्त सन्देशमा उल्लेख छ । "जब उहाँ ८/९ वर्षको छँदा, एकदिन गाउँ नजिकैको बगरमा साथीसंगतको हुलमा खेल्दै अनि रम्दैजाँदा अचानक दृष्टि एक जलिरहेको चितामाथि पर्नपुग्यो । त्यसबेला उक्त जलिरहेको चिताबाट हरियो र पहेंलो दिव्य आत्मज्योति स्वरूप प्रकट भई त्यसले आकाश छेडिरहेको उहाँले देख्नुभएको थियो ।"

उक्त दृश्यले मानव शरीरको मृत्यु पश्चात् यसरीनै आत्माले मुक्ति र मोक्ष प्राप्त गर्छ भन्ने चिन्तनमनन उहाँमा अझ तिब्र बन्दैगयो । त्यसपछि उक्त घटनाक्रमले गर्दा सम्पूर्ण क्लेश र मारलाई नष्ट गर्ने अदृश्य दिव्यज्योति स्वरूप परम महा-चेतन भावशक्ति शरीरमा प्रवेश भई उक्त शक्तिको प्रभावले प्रकृति मूल सह-सहायक जल, वायू, पृथ्वी, प्रकाश, वनस्पति तथा अन्य कैयौं तत्त्वहरूप्रति धर्म प्रकृतिको मूलभूत सिद्धान्त अन्तर निर्विरोधक र अन्तर सर्वमैत्री भावगुण सम्बन्धमा मजबुत रहेर परम समागम समाधिमा लीन हुनसक्ने उहाँमा अभूतपूर्व क्षमताको सिद्धिभयो ।

प्रारम्भमा गाउँकै धर्म गुरुहरूबाट शिक्षादिक्षा र भारतको देहरादुन स्थित धर्मशालामा केही वर्षको ध्यान अध्ययन र कामको सिलसिलामा नेपालका विभिन्न ठाउँहरूको यात्रा गर्दै, हेर्दै एवम् रहँदैजानेक्रममा मानव समाजमा देखिएका गतिविधि, धर्मकर्म र विश्व समाजको परिस्थिति बारे उहाँको गहिरो बुझाइबाट प्राप्त निष्कर्षअनुसार “आजको विश्वमानव जगत साँच्चिकै परमात्मा धर्मकर्मबाट टाढिएको र अधर्म पापको गहिरो अन्धकारमा डुब्दैरहेको वास्तविक सत्यतथ्य उहाँलाई छर्लङ्ग भएको थियो ।”

आजको व्याकुल संसारलाई बचाउने एकमात्र उपाय भनेको अध्यात्म चेतन भावशक्तिलाई विश्वमानव जगतमा जगाउनु भन्दा अर्को विकल्प नभएकोले महा-कठोर त्याग तपस्या मार्फत् सर्वजगत कल्याण हेतु मार्ग दर्शन गराउने महा-कठोर सङ्कल्प, चिन्तनमनन र परम सर्वमैत्री भावनाको एक असीमित उर्जाशक्ति उहाँमा उत्पन्न भयो । उक्त धर्मकार्य सिद्धि गर्नका निमित्त अन्यत्रको यात्रालाई विराम दिएर आफ्नो जन्मभूमि रतनपुर फर्कनुभयो । त्यसबेला उहाँको उमेर मात्र तेह्र वर्षको थियो । भगवानको जप र तप-ध्यान साधनाको लागि शान्त र एकान्त स्थानको आवश्यकता परेकोले भगवानको मार्ग दर्शनअनुसार अन्ततः मिति २०६२ ज्येष्ठ २ गते मध्य रातको समयमा गाउँघर र परिवारदेखि अलग परम ज्ञानगुणको खोजिमा निस्कनुभयो । त्यत्तिबेला उहाँको उमेर मात्र चौध वर्षको थियो ।

अचानक घरमा नहुनु अनि नफर्कनु, आमाबाबुको लागि एक दुःखद क्षण बन्नपुग्यो। कैयौं दिनहरू बिते, सुरुआतका केही दिनहरू गाउँकै नजिक स्थानहरूमा प्रारम्भिक सामान्य तप-ध्यानमा रहन थाल्नुभयो । त्यसपछि अचानक घरदेखि केही टाढा सामुदायिक जंगलमा स्थित एक पिपल वृक्षमुनि तपस्या गर्न थाल्नुभयो ।

सुरुमा उहाँलाई यस अवस्थामा देखेर सबै चकित थिए। कुनै सुरक्षा र खानपानको बन्दोबस्त थिएन। यसरी एक्लै एकान्त जंगलमा रहनु कठिन थियो। त्यसक्रममा उहाँलाई भेट्न गाउँघर तथा परिवारका केही सदस्य तपस्या स्थलमा पुगे । उहाँ यसरी जंगलमा रहनुको कारण बुझ्न चाहन्थे । उहाँको उक्त दिनचर्या समाजको लागि एक कौतूहल र उत्सुकताको विषय नै बनेको थियो। किन र केको लागि जंगलमा आउनुभयो (?) वास्तविकता बुझ्ने प्रयास हुँदैगयो। उहाँका आमाबाबु र दाजुभाइबाट घर फर्काउने धेरै प्रयास भए। तर त्यो सम्भव हुनसकेन। किनकि उहाँको एउटै मात्र उद्देश्य भनेको सर्वहितमा भगवानको अटल विश्वास र वचनमा मात्र केन्द्रित थियो। एकान्त बासको केही विशेष कारण खुलाउँदै त्यहाँ उपस्थित सबैलाई सम्झाउँदै भन्नुभयो। "भगवानको अमृतमय वचनअनुसार म यहाँ आएको हुँ। मलाई भगवानको जप र तप-ध्यान गर्नुछ। मेरो यो कार्य ६ वर्षको रहनेछ। यो समय अवधि मलाई कुनै अवरोध नपुऱ्याउनु र मेरो कुनै चिन्ता नगर्नु होस्।" तत्पश्चात प्रायः परिवारका सदस्य र छरछिमेकीहरू उहाँप्रति केही आश्वस्त भए। उहाँको धर्मकर्मप्रति विश्वास लिनेले सफलताको शुभकामनासहित संरक्षण दिने विश्वास व्यक्त गरे । त्यसपछि गएर गाउँघरको पहलमा एक तपोवन संरक्षक समिति पनि भक्तजनहरूको पहलमा गठन भयो। उक्त कदम नै मैत्रीधर्ममा प्रवेश हुने प्रथम खुड्किला थियो भन्दा फरक नपर्ला, जुन उहाँको साथमा साथ र हातमा हात मिलाएर उक्त महान् धार्मिक कार्यमा सहभागिता जनाइ पुण्य लाभ गर्ने अवसर ती महान् सहयोगीहरूलाई प्राप्त भएका थिए। अनि ६ वर्षसम्मको धर्म साधनाको निरन्तरता पहिलो, तपस्या स्थल रतनपुर सामुदायिक जंगलमा स्थित एक पिपल वृक्षबाट प्रारम्भ भई हलखोरियाको वरको वृक्ष र बाघझोरको विभिन्न स्थानमा रहेको थियो ।



यस महान् कार्यमा सम्पूर्ण भौतिक आवश्यक विषयवस्तुहरूको कुनै पर्वाह नगरी शरीर ढाँक्न एकसरो कपडाको साथमा पूर्णतः परित्याग गरि सर्वप्राणी झैं दुःख भोग्दै निर्जल/निराहार महा तपस्या गर्नुभयो। उहाँको महा-कठोर तपस्याको बारेमा चर्चा परिचर्चा चारै दिशामा फैलियो। उहाँको उक्त धार्मिक कृयाकलाप विश्व समाजको लागि एक चमत्कार भन्दा कम थिएन। उहाँको बारेमा देश विदेशका विभिन्न सञ्चार माध्यमद्वारा व्याख्या विश्लेषण र अनुसन्धान समेत भएका थिए।

उहाँलाई हेर्नका लागि मात्र भएपनि लाखौंका संख्यामा मानिसहरूको आवतजावत भयो । सबैका लागि उहाँ एक प्रमुख आकर्षक केन्द्रको रूपमा स्थापित नै भइसकेको थियो । आ-आफ्नो मनोकामना, इच्छा र आकाङ्क्षाकासाथ स्वदेशी तथा विदेशी भक्तजनहरू आउनेक्रम दिनप्रतिदिन बढ्दैगयो ।

तपस्याको सुरुवाती अवस्थामा मानव सागर नै उर्लिएर आएका थिए । जसले गर्दा अत्याधिक भिडभाड बढ्न थालेपछि, शान्त वातावरणको निमित्त समितिले केही विशेष कार्ययोजना बनाएर लागु गरे । जस अन्तर्गत समितिले पिपल वृक्षको वरपर तारबार लगाएर सुरक्षा घेरा स्थापना गरियो । र, आगन्तुकहरूको लाइन व्यवस्थापन र दर्शनको समयमा मौन धारण गर्नुपर्ने जस्ता विषयहरू निर्धारित गरि सोको जानकारी सबैका समक्ष मौखिक र लिखितम् रूपमा सुचित गरेका थिए । यस प्रकृयाले उहाँको साधनामा ठूलै राहात मिल्न पुगेको थियो । यहीक्रममा उहाँ एकै आसनमा लगातार दश महिना रहनुहुँदा झरीबादलको पानी, जमिनको चिसो र जाडो मौसमको कठाङ्ग्रिदो शीतलहर त्यसमाथि सर्पको टोकाइ, बिच्छीको टोकाइ, खजुराको टोकाइ, धमिरा, लामखुट्टे, पुतली र अन्य अनगिन्ती कीटपतङ्गको टोकाइ साँच्चिकै एक दर्दनाक कष्टसाध्य अवस्था थियो ।

प्राकृतिक विषय तत्त्वबाट हुनसक्ने वाधा/अवरोध एक स्वाभाविक नै थियो । तर केही दुष्ट प्रवृत्तिका मनुष्यबाट हुने अवरोध भने असहनीय, निरङ्कुश र आतङ्क भन्दा कम थिएन । यसबाट हुनसक्ने प्रभाव र मृत्युबाट बच्दै असीमित परम सर्वमैत्री भावनाको अमृतमय रसमा डुबेर आफ्नो मार्गमा डटेर लाग्नुभयो ।

एकातिर अविश्वास, शंका र घृणा गर्ने मनुष्यबाट धर्म अभ्यासमा हुँदैगरेका विघ्नवाधा भने अर्कोतिर कमजोर बन्दैगएको शरीरमा छुँदापनि महशुस नहुने के तातो र के चिसो लामो समयसम्म तपस्याको कारण शरीर नै एक बालकको जस्तो कमलो, खुम्चने भागमा रगतको प्रवाह रोकिदा कमलो भइसकेको नशा र मासु चिराचिरा भई

रगत बग्दाको पिडा र त्यसमाथि पनि मक्किएर जिर्ण भएको कपडा, शरीरको पछाडि धमिरोले घर बनाइ टोकेर छियाछिया पारि रगत र मासु खाइसक्दा पनि आत्मबल तथा तपोबलले अनवरत एकाग्र चित्त गहिरो साधनामा लिनरहन सफल भएको जानकारी उहाँद्वारा प्राप्त महा-दर्शनको सन्देशमा उल्लेखित छ।

परमात्मा परम ज्ञान पाउन महा-कठोर तपस्यामा लिनरहँदा उहाँको उक्त कमजोर भइसकेको शरीरको फाईदा उठाउन, केही आक्रमणकारीहरू सड्यन्त्र रच्दैगरेका थिए। संसारको निमित्त प्राप्त ज्ञान र सर्वमैत्री भावनामा भावविभोर हुँदै तपस्यामा रहनुहुँदा अचानक दिव्यवाणी भयो "हे तपस्वी मुनी उठ ! तिम्रो मृत्यु हुँदैछ !" उक्त दिव्यवाणी पश्चात् तत्काल ध्यान दृष्टिले हेर्नुहुँदा साक्षात् भगवानको दर्शन र त्यहीँ समयमा भगवानको दिव्यदृष्टिबाट उत्पन्न हरियो र पहेंलो ज्योतिर्मय प्रकाश शरीरमा प्रवेश भई दिव्यअग्नि ज्वाला प्रकट भएको जानकारी उहाँद्वारा सम्पन्न महा दर्शनको सन्देशमा उल्लेखित छ।

त्यत्तिबेला सुरक्षार्थ खटिएका केही भाग्यमानी संघ भक्तहरू रातको समय उक्त अग्नि ज्वालाबाट उत्पन्न प्रचण्ड तेजले सबैका ध्यान एक्कासी उहाँप्रति आकर्षित गरायो । सुरुमा सबै आत्तिएर यताउति दौडिन थाले भने कतिपय त्यहीँ रहेर अश्चर्यचकित हुँदै के भएको ह ! त्यो अद्भूत दृश्यलाई हेर्न सबैजना हतारपतार एकत्रित भएर उत्सुकतापूर्वक नजिक गएर उक्त दुर्लभ दृश्यको अवलोकन गर्नथाले। कतिले आफूसँग भएको मोबाइलको क्यामराबाट भिडियो र फोटोसम्म खिच्न सफल भए।

जिर्ण भएको कपडा आगोमा दनदनी बल्दैथियो । तर उहाँ गुरु चाहीँ आगोभित्र कहिले बस्नुभएर त कहिले उभिनुभएर धर्मका विभिन्न साधनामा लीन हुँदैगरेको दृश्य थियो। शरीरमा वस्त्ररहित खुलेको कपाल, एक हातमा बज्र र अर्को हातमा घण्टी धारण गर्नुभएर मन्द आवाजमा केही वचनहरू उहाँको मुखारविन्दबाट प्रकट हुँदै थियो । भगवानबाट प्राप्त ज्ञानगुणको प्रभावले आफूलाई प्रकृति तत्त्वको

नियन्त्रणमा राख्नसक्ने क्षमता र उक्त घटनाको कारण दृश्य र अदृश्य दुष्ट मारहरू पूर्ण शान्त भए। त्यसपछि उहाँका बाँकी धर्मका अभ्यासहरू सहज बन्दै गयो।

ध्यानको पहिलो चरण सम्पन्न भइसकेपछि थप साधनाको लागि अन्य स्थानको खोजिमा कसैले चाल नपाउने गरि तपस्याको पहिलो स्थानलाई छोड्नुभयो। यसरी उहाँ एकान्त र उपयुक्त स्थानको खोजिमा दशिण दिशातर्फको यात्रामा नौंदिनसम्म जागृत ध्यानमा नै रहनुभएको भन्ने धर्मसन्देशमा उल्लेख छ।

उचित स्थानको खोजिमा अनेक कठिनाइभरि यात्रामा खाली खुट्टा हिड्नुपर्दा, कहिले खुट्टामा वारपार हुनेगरि काँडा बिझ्दा, ढुङ्गामा ठोकिदा असहनीय चोट लाग्नेगर्थ्यो। त्यसमाथि पनि झाडी र रूखपातको काँडाले घोच्दा शरीरमा कैयौं घाउ हुन्थे। घनघोर जंगलमा जीवजन्तु झैं मानव र दानवदेखि लुकी लुकी बचेर हिड्नुपर्ने, आत्मिक परम सर्वचेतन भावशक्तिलाई विचलीत नबनाइ अदृश्य मारसँग लड्नुपर्ने जस्ता अनेकखाले धर्म परीक्षाको साथमा कठिन चुनौतिको सामना गर्नुपरेको उहाँले अमृतमय वचन गर्नुहुन्छ। यिनीहरू मध्य मानवद्वारा हुनसक्ने अवरोध सबैभन्दा घातक थियो।

मानव जाति स्वार्थको वशमा परेपछि कस्को के नै लाग्थ्यो र ? यसबाट हुनसक्ने दुष्प्रभाव सहेरै भएपनि तप-ध्यान साधना सम्पन्न गर्नुभयो। बरु झन् अपार परम सर्वमैत्री भावद्वारा उनीहरूको दोष मुक्तहुन र नरककुण्डमा नफस्न पुण्य परिणामको कामना गर्नुहुन्थ्यो। पूर्व जन्महरूमा कथम्कदाचित थोरै नै धर्म गरेको भएपनि यो जन्ममा यदि पाप कर्मको प्रयाश्चित गर्नसके परमात्मा कृपाले मोक्ष प्राप्त गर्नसक्ने उहाँका अमृतमय वचनहरू रहेका छन्।

उहाँलाई हेर्न आउने मानवको भिडमा त्यस्ता अनेक व्यक्तिहरू पनि थिए। जो उहाँको कार्यप्रति प्रश्न चिन्ह खडा गर्दैरहन्थे। निर्जल/निराहार तपस्या सम्बन्धमा भौतिक परीक्षण हुनुपर्ने माग उठाइरहेका थिए। यसै बिचमा विश्वमा नाम चलेको



एक डिस्कोभरी च्यानलले पनि समितिको सहमतिमा लगातार बहत्तरघन्टा लामो भिडियो खिचेको थियो । सो छायाङ्कन प्रसारण समेत गरेको थियो । जुन आजभोली पनि हेर्न सकिन्छ नै ।

खोज तथा अनुसन्धानविना कुनैपनि विषयको यथार्थ सत्यतथ्य जान्न सक्दैनौं । र, सो विषय सम्बन्धमा खोज सोही विषयको ज्ञाताले मात्र गर्नसक्ने कुरा भएकाले यसप्रकार उहाँको धर्म तपस्याको सन्दर्भमा पनि यथार्थ जान्नसक्ने कुरै भएन । विभिन्न टिकाटिप्पणी भइनै रह्यो । के, कस्तो र कुन प्रकारको ध्यानविधि थियो स्वयम् उहाँलाई मात्र थाहाँ हुने विषय थियो ।

निर्जल/निराहार ६ बर्षसम्म जंगलमा धर्म साधना गर्नु कुनै सामान्य सामर्थ्य थिएन । र, सजिलो कार्य पनि होइन । एक वनचरीले उहाँको शिरमा बासस्थानसम्म बनाउन सफल भएका थिए । यसरी एउटा पंक्षीले निर्धक्क आफ्नो बासस्थान

बनाउनुको सङ्केत, उहाँको तपस्या कति कठोर र अटल थियो भन्ने विषयलाई स्पष्ट पारेकोछ।

तपस्याको समयमा स्वदेशी तथा विदेशी पत्रकार मिडीयालाई भिडियो तथा फोटो खिच्न दिएको कारण देश विदेशमा उहाँको प्रचारप्रसार व्यापक हुँदैगयो । भगवानको ध्यानमा सदा लिनमा रहेर विभिन्नखाले धर्म अभ्यास गर्नेक्रममा विशेष वर र पिपलको वृक्षमुनि, जमिनमुनि र कुनैबेला जलमा, आगोमा, रूखमा, झाँडीमा, ओडारमा यसरी अनेक स्थान र अवस्थामा कठोर भन्दा कठोर तपस्या गर्नुभयो।

विश्वमानव नै एक परिवारको रूपमा कुनै जाति, धर्म, लिङ्ग, वर्ण र राष्ट्रमा भेदभावरहित असीम सर्वमैत्री भावपूर्ण दयामाया करुणाद्वारा मार्ग दर्शन गराउनुभयो। परमात्मा सर्वज्ञान हलखोरिया स्थित वरको वृक्षमुनि प्राप्त भएको उहाँले वचन गर्नुभयो। भव्य र शान्त हलखोरिया जंगल जहाँ शाश्वत् 'बोधिमार्ग' अर्थात भगवानमार्गका सम्पूर्ण परम ज्ञानगुण, सर्वमैत्री भाव दर्शन र तप-ध्यान समाधिका परम सिद्धि उहाँलाई प्राप्त भएको थियो।

नेपालको दक्षिणी तराई, बारा जिल्लामा अवस्थित दोस्रो तपस्या स्थल हलखोरियाको महत्व र विशेषता अपरम्पार छ । जसलाई बोधिमार्ग दर्शन मैत्रीधर्मको केन्द्र र धार्मिक तपोवनको रूपमा पहिचान गरिन्छ। त्यहाँका प्रत्येक बोटबिरुवा, ढुङ्गामाटो र हावापानी पवित्र छन् । तसर्थ उक्त स्थलको नाम र महिमा धर्मको इतिहासमा अमर रहनेछ। जहाँ धर्म संघ गुरुज्यूको असीम धर्म पुण्य परिणामना र भगवानहरूको अनुग्रह तथा आवागमनले पवित्र भएको उक्त स्थानमा भक्ति भाव लिएर प्रवेश गरेमा मात्रपनि कैयौं पाप नष्ट हुनेछ।

यस धर्तीमा आवश्यकतानुसार परमात्माको अवतरण हुनेगर्दछ । अनि कठोर तपस्याद्वारा ज्ञान प्राप्त गरि आफ्नै स्वढङ्गले धर्म नीतिविधि विस्तार गर्नसक्ने क्षमता र अधिकार उहाँमा निहित हुनेनै भयो। यसैक्रममा आज संसारले पुनः महा

सम्बोधि धर्म संघ गुरुको रूपमा उहाँलाई प्राप्त गरिसकेको छ। उहाँको धार्मिक सफलता नै हामी मानवताको सौभाग्य हो। ता कि कैयौं विघ्नवाधा र कठिनाइका बाबजुद पनि अन्तमा अपार धर्म ज्ञानगुण सिद्ध भयो। फलस्वरूप आज जगतले बोधिमार्ग दर्शन मैत्रीधर्मको कार्यनीति र विधि अपनाएर मोक्ष प्राप्त गर्नसक्ने दुर्लभ अवसर पाएकोछ।

जाग्रित ध्यान अवस्थामै ९ दिनको पद यात्रामा हिंडेरै सयौं किलोमिटर पार गर्नुभएको उहाँको सन्देशमा उल्लेख छ। त्यसबेला हलखोरियाको घनाजंगल हुँदै पर्सा, मकवानपुर र चितवन जिल्लासम्म उहाँ पुग्नुभएको थियो। त्यही यात्राको क्रममा उहाँको साथमा केवल तिनै जंगली जीवजन्तु र चराचुरुङ्गी जसको उपस्थितिले आफू एक्लो नभएको महशुस हुने उहाँले बताउनुभएको छ। दिनरात हिंडेरै जंगल बिचबाट बग्ने कैयौं खोलानाला र बगर हुँदै जब चितवनबाट बग्ने नदि पार गर्नेक्रममा अचानक आकाश वाणी भयो "हे बाल मुनी आफ्नो शरीरको ख्याल राख! तिम्रो शरीर नै रहन्न भने धर्मका तत्त्व विलीन हुँनेछ!!" यसरी भगवानको दिव्यवाणी प्राप्त पछि, उहाँ दोस्रो तपस्या स्थल हलखोरिया फर्कनेक्रममा उत्तर पूर्वपर्ने डाँडाको फेदीमा रहेको धमिरोद्वारा निर्मित एक सानो ओडारभित्र तीन महिनासम्म कठोर तपध्यान साधना गर्न थाल्नुभयो।

त्यही समय एक बन्दुकधारी सिकारी जीवजन्तुको खोजीमा अचानक त्यस ओडार भएको स्थानमा आईपुगे। ओडारको वरीपरी हेर्दैजादा भित्र पक्कैपनि केही जीव हुनुपर्छ भन्ने अनुमान उक्त सिकारीलाई भयो। त्यसपछि उनले त्यो ओडार भएकोतिर ढुङ्गामाटो प्रहार गर्नथाले। सायद उक्त सिकारीले सोचेहोलान् पक्कैपनि डरको कारण बाहिर निस्कनेछ। त्यसरी पटक पटक कराउँदै प्रहार गर्नथालेपछि उहाँको साधनामा विघ्नवाधा हुनपुग्यो। यसरी भइरहेको वाधालाई शान्त पार्न बाध्यतावश उहाँ विस्तारै बाहिर निस्कनेक्रममा हात के अघि सारेको मात्र हुनुहुन्थ्यो, त्यो सिकारी आत्तिएर आफ्नो बाटो लागेको कुरा उहाँले वचन गर्नुभएको छ।

उक्त घटना पश्चात् सिकारीमा भएको जनावर मासुप्रतिको लोभ, आसक्त र सर्वप्राणीको दुःखलाई सम्झेर पुनः हलखोरिया फर्कनु भई परम सर्वमैत्री भावपूर्ण महा ध्यान गर्नुभयो । जहाँ एक विशाल वरको वृक्षमुनि बोधिमार्गः अर्थात ऋद्धिसिद्धि सम्यक सम्बोधि ज्ञान प्राप्त नभएसम्म तप साधनालाई निरन्तरता राख्ने संङ्कल्प गर्नुभयो ।

पहिलो तपस्या स्थलमा रहनेक्रममा उहाँको धर्म अभ्यासप्रति असन्तुष्ट समूहको तिब्र आलोचना हुँदैगर्दा, अर्कोतिर गाउँघर समाजमा झुटा भ्रम फैलाउने समूह पनि सक्रिय थिए । लोकसामु निर्जल/निराहार धर्म साधनाको प्रत्यक्ष प्रमाण दिइरहँदा पनि हुनेनहुँने टिकाटिप्पणी गर्दै विभिद नानाथरीका कुरा काट्ने प्रवृत्ति बढ्दैगयो । यसले झनै गलत असन्तुष्ट तत्त्व सलबलाउने अवसर मिल्यो । यिनै अन्धविश्वास, आलोचना, होहल्ला र गुरु धर्मको नाममा व्यापार-व्यवसाय अनि फोहोर कार्य नै विशेष कारण बन्यो, जसले गर्दा पहिलो तपस्या स्थल छोड्न उहाँलाई बाध्य बनायो ।

मारअग्नि प्रतिहार्य सिद्धिपछि अचानक उहाँ तपस्या स्थलमा नहुँदा कहाँ र कुन अवस्थामा हुनुहुन्छ ? कसैलाई पनि जानकारी हुन नसक्नुले बास्तवमै त्यो क्षण समितिको लागि एकप्रकारको डर र चिन्ताको माहोल बन्यो । कहीँ कतै केही भएको पो हो कि ? भन्ने विषयमा चिन्तनमनन र छलफल हुनथाल्यो । धेरै समूह बनाएर चारैतिर खोजिकार्य थालियो । तर दिनहरू बिते, कुनै अत्तोपत्तो पाउन सकेनन् । संघ भक्तहरूमा रुवाबासी नै चल्नथाल्यो । संघ भक्तबाट हुनसक्ने कुनै गल्ति वा कमिकमजोरी प्रति क्षमायाचनाको साथमा पूजापाठ र प्रार्थना आरम्भ भयो भने अर्कोतिर खोजी कार्य पनि निरन्तरता नै थियो ।

संघको त्यो दुःखद परिस्थितिलाई उहाँले नजिकबाट बुझिराख्नु भएकै रहेछ । संघमा उक्त नाजुक बिचल्ली अवस्था देखेर उहाँको कृपादृष्टि भयो । लगभग केही दिनको अन्तरमा सातजनाको एक समूह बनाएर दशिणी दिशातर्फ



खोज्दैजादा अन्ततः ती सातजनालाई गुरुज्यूले दर्शन भेट दिनुभयो। समितिमा बनेको अन्योलतालाई सुल्झाउँन सातजनामार्फत् धर्मसन्देश दिनको लागि उहाँ फर्कनुभएको रहेछ। ती सातजना पूर्व जन्मका धर्मसहचारीकाहरू रहेका महा-दर्शनको सन्देशमा उल्लेखित छ।

दोस्रो तपोभूमिमा पनि लाखौं भक्तजनको आवतजावत भने निरन्तरता नै रह्यो । पहिलो तपस्या स्थल रतनपुरमा झैं समितिले संमरक्षण दिनथाल्यो । चारैतिर तारबार, सरसफाइ, भिडको नियन्त्रण र लाइनको व्यवस्थापन कार्य प्रमुख प्राथमिकतामा थियो । तपस्या स्थलदेखि तीनचार किलोमिटरको दुरीमा मानवको भिडभाड नियन्त्रण गर्ने व्यवस्थापन गरियो ।

वरवृक्षको समीपमा पाताल गुफाको निर्माण गर्न समितिलाई निर्देशन गर्नुभयो । उहाँकै वचनअनुसार बाहिरबाट स्तुपा झैं देखिने मैत्री पाताल गुफाको निर्माण गराइएको थियो । जहाँ उहाँले चारमिटर गहिरो जमिनमुनि पाँच महिनासम्म न हावा, न पानी, न घाम तपस्या गर्नुभएको थियो । पाताल गुफाको तपस्या सम्पन्न पछि, वरवृक्षको मुनी सुनसान रातमा आत्मा र परमात्मा बिच लीन रहेको अवस्थामा साक्षात परमात्मा दिव्यविराट स्वरूपको दर्शन प्राप्त भएको उहाँले अमृतमय वचन गर्नुभयो । यसरी हरक्षण हुनसक्ने दुःखपीडा सहेर धर्म खोजमा अडिग रहनुभयो । न निन्द्रा, न भोक, न प्यास, न जाडो, न गर्मी, न दिन, न रात हरपल शरीर, मन र वचनलाई परमात्मा समागममा लीन बनाइ अभ्यास गर्नुभयो । उहाँको यस महान् धर्म कार्यको सफलताले बोधिमार्ग दर्शन मैत्रीधर्मको नीति सूर्यको दिव्यप्रकाश झैं जगतमा सर्वव्याप्त भइसकेको छ । जसको ताप र प्रकाशले संसारमा अज्ञानताको अन्धकार हटाउने प्रयास गराइरहेको छ र गराइरहने छ ।

समस्त मानव, वनस्पति र पशुप्राणी जगतको सुधार/उद्धार गर्ने लक्ष्यको साथमा ६ वर्षे तपस्या सम्पन्न भएको उपलक्ष्यमा मिति वि.स. २०६८, ज्येष्ठ ६ गतेदेखि २१ गतेसम्म रतनपुर गा.वि.स. अन्तर्गतपर्ने पहिलो तपस्या स्थलमा 'महा-दर्शन तथा विश्वशान्ति मैत्रीपूजा' कार्यक्रम आयोजना गरियो । उक्त ऐतिहासिक महा-दर्शन कार्यक्रममा लाखौंको संख्यामा स्वदेशी तथा विदेशी श्रद्धालु भक्तजनहरूको बाक्लो उपस्थिति रह्यो । उक्त २१ दिने कार्यक्रममा उहाँ गुरुज्यूबाट धर्म अभिषेक र आशीर्वादको साथ धर्मसन्देश प्रदान भएको थियो ।



त्यससमयमा उहाँको प्रमुख बासस्थान हलखोरिया धार्मिक वन क्षेत्र भएकोहुँदा, कार्यक्रम सम्पन्न पश्चात् उहाँ पुनः हलखोरियामा नै फर्कनुभयो । त्यसपछि धर्मका केही महत्वपूर्ण कार्यहरू सम्पन्न गरियो । जसमध्यमा परमात्मा गुरुहरूको चित्रण वा थाङ्का कोर्ने, मैत्री प्रार्थना लेख्ने र गुरु लगायत शिष्य तथा संघ भक्तजनको लागि संरचना बनाउने प्रमुख कार्यहरू थिए । त्यसैगरि दोस्रोपटक अर्को नयाँ समिति 'बोधि श्रवण धर्म संघ' नामक संस्था गठन भयो । यही संस्थाले हलखोरियाको सम्पूर्ण कार्यव्यवस्थापन र अन्य संरक्षणका सबैखाले जिम्मेवारी बोध गरि आफ्नो कार्यक्षेत्रमा समर्पित भएर अगाडि आयो ।

महा मैमैत्री मार्गगुरुको जन्मदिन विशेष चैत्र महिनामा र विगतका महान् तपस्वि गुरुहरूले समेत ज्ञान प्राप्त गर्नुभएको महिना पनि प्रायः चैत्र नै परेकोले विशेष मैत्रीदिवसको रूपमा उहाँ गुरुज्यूको आज्ञा अनुरूप मनाउने परम्परा स्थापित गरिएको हो । उहाँ स्वयम् गुरुज्यूको जन्म र ज्ञान प्राप्त पनि यहीं समयमा भएको थियो ।

मिति २०६८ चैत्र ८ गतेदेखि १३ गतेसम्म हलखोरियामा आयोजना हुने विश्वशान्ति मैत्रीपूजा कार्यक्रमको लागि प्रथमपटक ऐतिहासिक ३० फुट उचाई र २० फुट चौडाई भएको महा मैमैत्री मार्गगुरुको विशाल थाङ्का निर्माण गरिएको थियो। सो थाङ्कामार्फत् महा मैमैत्री मार्गगुरुको प्रत्यक्ष दर्शन प्राप्त संगै पुण्यलाभ गर्ने सुअवसर संघ भक्तजनले प्राप्त गरेका थिए। कार्यक्रमको पहिलो दिन उहाँ गुरुज्यूले विश्वको लागि धर्मदेशना दिनुभएको थियो। देशनाको मूल अंशका रूपमा संघ र भक्त-अनुयायीहरूले अनिवार्य अपनाउनुपर्ने प्रमुख ११ ओटा शील अर्थात् मार्ग दर्शन प्राप्त भएको थियो। धर्मदेशनामा उल्लेख भएका प्रमुख वचनहरू यसप्रकार रहेका थिएः-

- एउटा फूलको आफ्नो सौन्दर्य र सुगन्ध समस्त सृष्टिमा निर्विवाद रूपले अर्पण-समर्पण गरेमात्र उसको अस्तित्व रहे झैं मनुष्यले आफ्नो जीवनबाट काम, क्रोध, लोभ, मोह, अहंकार, हत्या, हिंसा र अन्य क्लेशहरू नष्ट गरि सद् धर्मको नीति-नियम पालना नगरेसम्म धम्मको अर्थ सुगन्ध फूल फूल्न सक्दैन।
- यस 'गुरुमार्गको' लक्ष्य संसारका असंख्य प्राणीलाई दुःखबाट मुक्त गराइ, अनन्त कालसम्म सद्धर्म र मुक्ति-मोक्षको मार्गहरू प्रतिपादन गराएर लोकमा सर्वमैत्री भाव फैलाउनु हो।
- सर्वमैत्री भावपूर्ण धर्म, शान्ति, अहिंसा र समझदारी स्थापित हुनको निमित्त मनुष्यले आफ्नो जीवनबाट अमैत्रीका सम्पूर्ण रूपहरू जस्तै काम, क्रोध, लोभ, मोह, इर्ष्या, हत्या, हिंसा, अहंकार, कलह, धृणा, तिरस्कार, अवमूल्यन, असन्तोष, अविश्वास, शंका, उपशंका, भ्रान्ति, मिथ्यादृष्टि, स्वार्थपूर्ति, दुष्टवचन, कुलत, कुसंगत, कुकर्म, दुष्कर्म, भूत-प्रेत, वाधा-अड्चना, असत्यलाई सत्य र सत्यलाई असत्य तुल्याउने धर्म, जाति, क्षेत्र, समुदाय र संघहरूमा भेदभाव तथा फाटो ल्याउने अनैतिक व्यवहारको त्याग गर्नुपर्छ।
- अध्यात्म अध्ययन, दर्शन र धर्म ज्ञानको नाममा तन्त्रमन्त्रसहित हत्याहिंसा जस्ता दुष्कर्म गरेर स्वार्थ पूरा गर्ने र अशान्तिलाई अङ्गीकार गरि मानव

सभ्यता बिच अस्तित्वमा नै नभएको नीति संस्कार अपनाएर भ्रमको खेती गर्नु भनेको आफ्नो अस्तित्व गुमाउनु हो । र, यो एकमात्र भेदभाव तथा मतभेदको पर्खाल खडा गर्ने आडम्बरी ज्ञानहरू हुन् ।

- युगौंदेखि संसारलाई भ्रमित पारि भ्रम फैलाउनेहरूबाट सचेत भई विगतमा अन्यौंलमा परेका समस्त संघ र धर्मप्रेमी अनुयायी तथा सत्यताको खोजिहरूलाई सद्धर्म गुरुमार्गको अनुसरण गर्न र गराउन अनुमोदन गरिरहेको छु ।
- सद्धर्म गुरु र मार्गको अनुसरण गरि सत्कर्म गरेमा आफ्नो पूर्वजन्मको कर्मअनुरूप आइपर्ने मारहरू लाटो, बहिरो, अन्धो जस्ता अपाङ्गता जन्मजात वा जन्म पश्चात आफू वा आफ्नो सन्ततिहरूमा आउनसक्ने दुष्परिणामलाई सत्यमा रहि सत्यताको प्रतापले नष्ट गर्न सकिन्छ ।
- जोकोहीले सत्य रूपमा विश्वास गरेर श्रद्धा, भक्ति र आस्थाले गुरुमार्गको अनुसरण गर्नेछ । उसले क्रमशः आफ्नो प्रकृति र लोकलोकत्तरको रहस्य बोध गर्दै सर्वज्ञानले युक्तभइ अभूतपूर्व आनन्द र मैत्री भावमा जीवनचर्या व्यतीत गर्नेछ ।
- नाम, रूप, जाति, धर्म, वर्ण, वर्ग, लिङ्ग, आस्था, समुदाय, राष्ट्र, शक्ति, पद र योग्यता आदिको अधारमा भेदभाव कहिल्यै नगर्नु तथा भौतिक र अध्यात्मिक भन्ने मतभेदहरू त्याग्नु ।
- शाश्वत धर्म मार्ग र गुरुको पहिचान गरि सर्वधर्म र आस्थाको सम्मान गर्नु ।
- असत्य, आरोप, प्रत्यारोप, अवमूल्यन तथा अस्तित्वहीन वचन गरेर भ्रम फैलाउन त्याग्नु ।
- भेदभाव तथा मतभेदको सिमाङ्कन गर्ने दर्शन वा बाटोलाई त्यागी सत्य मार्ग अपनाउनु ।
- जीवन रहुन्जेल सत्य गुरुमार्गको अनुसरण गर्दै पाप कर्महरू त्यागी गुरुतत्त्वको समागममा सदा लीन रहनु ।

- आफूले प्राप्ति नगरेको तत्त्वलाई शब्दजालको व्याख्याले सिद्ध गर्न नखोज्नु तथा भ्रममा रहेर अरूलाई भ्रमित नपार्नु ।
- प्राणी हत्याहिंसा जस्ता दानवीय आचरण त्यागी विशुद्ध मैत्री आहार सेवन गर्नु ।
- राष्ट्रिय पहिचानको आधारमा मानिस वा राष्ट्रप्रतिको सङ्कीर्ण सोच नराख्नु ।
- सत्य गुरुमार्गको अनुसरण गर्दै आफू लगायत विश्वलाई लाभान्वित हुने कर्म गर्नु ।
- सत्यलाई उपलब्ध भई गुरुमार्ग रूप लिइ समस्त जगत प्राणीको निमित्त तत्त्व प्राप्त गर्नु ।
- चित्तको उच्चतम र गहनतम अवस्थामा रहेर अनेकौँ शीलहरूको आत्मबोध गरि सम्पूर्ण बन्धनबाट मुक्त हुनु ।

प्राप्त दुर्लभ परमात्मा दिव्यज्ञान दर्शनलाई विस्तार गराउन संसारमा एकमात्र उपाय धर्म नीति-नियम र विधिलाई लागु गराउनुमा थियो । मानवतालाई धर्मकर्मको बारेमा बोध गराउनु त्यत्ति सहज कार्य थिएन । कैयौं चुनौतिको सामाना गर्नुपर्दो रहेछ । संसारमा हरेक विषयको पक्ष र विपक्ष हुनु स्वभाविक छ । त्यसैगरि उहाँको विरुद्धमा पनि क्लेशले युक्त केही समूह सकृय थिए । नकरात्मक तत्त्वहरूले विभिन्न बहानामा अवरोध उत्पन्न गराइनै रह्यो । यसकारण तपोवनको संरक्षण तथा व्यवस्थापन गर्नमा निकै कठिनाइसँग जुझ्दै गर्दा तिनीहरूले आउने दिनहरूमा अझ ठूलो द्वन्द्व निम्त्याउन सक्ने हुँदा यसलाई रोक्न आवश्यक थियो । किनकी धर्म नै द्वन्द्वमा अल्झिन पऱ्यो वा थाल्यो भने अधर्म पक्ष र धर्ममा के नै फरक रह्यो र ? परमात्माको धर्म सदा शान्तिको पक्षमा सर्वहितार्थका निमित्त मात्र कार्यहरू गर्दछन् । यस कुरालाई गहनतम् रूपमा मध्यनजर गरि उचित समय नआएसम्म तत्कालका लागि तपोवन हलखोरियालाई छाड्नुपर्ने आवश्यकता उपस्थित भयो । यसकारण करुणाका प्रतिक उहाँ गुरुज्यू अन्य केही शिष्य र संघ भक्तहरूको साथमा देशकै केही स्थानहरूको

भ्रमणमा निस्कनु भयो । गुरु शिष्य लगायत संघ भक्तजनको लागि यो धार्मिक भ्रमण नै सही निर्णय थियो । यस भ्रमणले देशका विभिन्न जिल्लामा गुरु भ्रमणको आवश्यकतालाई पुरा गऱ्यो भने अर्कोतिर मैत्रीधर्मको प्रचारप्रसार र विस्तारका निमित्त यो नै सबैभन्दा उचित समय थियो । प्रभावकारी धर्म विस्तार गर्न एकै स्थानबाट मात्र सम्भन हुन नसक्ने कुरालाई स्पष्ट गर्दै गुरुज्यूले भ्रमणका क्रममा देशमा मात्र नभएर विदेशमा समेत गुरुको भ्रमण समयानुसार हुने जानकारी सबै शिष्य, संघ र भक्त-अनुयायीहरूलाई गराउनुभएको थियो । जसरी सूर्यले आफ्नो प्रकाश संसारमा छर्नको लागि एक स्थानबाट अर्को स्थानको भ्रमण गर्दछ । बादलले आवश्यकतानुसार धर्तीमा अमृत जल बर्षाएर समस्त प्राणी र वनस्पति आदिको संरक्षण गरिरहन्छ । त्यसैगरि अनेक गतिमा रहेर गुरुले बोधिमार्ग दर्शन मैत्रीधर्मलाई विश्वका विभिन्न स्थानमा बसोबास गरिरहेका मानव समुदायलाई आत्ममोक्षको लागि मार्ग दर्शन गर्नुपर्ने हुन्छ ।

यसैक्रमलाई थप विशिष्टीकृत गर्न उहाँ धर्म संघ गुरुज्यूले केही जिल्लाहरूको भ्रमण गर्नुपर्ने प्रस्ताप बोधि श्रवण धर्म संघ केन्द्रिय समितिमा राख्नुभयो । संघको निर्णयमा भ्रमणको तारतम्य मिलाउन जिल्ला संघहरू बिच व्यापक छलफल भयो । जसअनुसार उहाँ धर्म संघ गुरुज्यूको पहिलो ऐतिहासिक भ्रमण सिन्धुली जिल्लाबाट हुने निर्णय भयो । यस निर्णयले सिन्धुली संघमा खुसीको माहोल उचाइमा पुगेको थियो । तर व्यवस्थापनको लागि ठूलो जिम्मेवारी काँधमा आइपऱ्यो । त्यसप्रति सिन्धुली जिल्ला संघ गम्भिरतालाई बोध गर्दै उत्साह र अमंगकासाथ गुरु भ्रमणको भव्य र दिव्य मैत्री स्वागत गर्ने तयारीमा सबै जिल्लाका संघ र भक्त-अनुयायीहरू जोडतोडले लागिपरेका थिए । तयारी पूरा भएपछि मिति वि.स. २०६९ साल, असार २ गते शिष्य, संघ र भक्त-अनुयायीहरूको साथमा तीन महिना लामो सिन्धुली भ्रमणको लागि हलखोरियाबाट गुरुज्यू त्यसतर्फ प्रस्थान गर्नुभयो ।

नेपालको उत्तर पूर्वमा अवस्थित मध्य पहाडी क्षेत्र सिन्धुली जिल्लामा लगभग तीन महिना मैत्रीधर्म विस्तारमा अविराम विराजमान रहनुभयो । गुरु शिष्य र संघ

बासस्थानको संरक्षण एवम् खानपान लगायत अन्य कार्यको जिम्मेवारी सिन्धुली जिल्ला 'बोधि श्रवण धर्म संघ' समितिले लिएको थियो। अन्य प्रमुख जिल्ला संघहरू मध्य सर्लाही, बारा, पर्सा, मकवानपुर, चितवन, ललितपुर, काठमाण्डौं, लम्जुङ्ग र नवलपरासी जिल्ला संघहरूबाट पनि सो भ्रमणमा सिन्धुली जिल्लालाई भर-भरोसा प्राप्त भएको थियो।

उहाँको अध्यात्मिक कार्यविधि, सिद्धान्त र विचारधाराले प्रत्यक्ष र अप्रत्यक्ष विश्व समुदायमा विभिन्न कोणबाट प्रभाव पर्नु स्वाभाविक थियो। यसमध्य उहाँ स्वयम् तामाङ्ग समुदायमा जन्म भएकोले पनि होला सुरुआती समयमा विशेष गरि तामाङ्ग समुदायका जनजाति मैत्रीधर्मप्रति अलिनै बढी आकर्षित भएको तथ्य प्रष्टै देखिन्थ्यो। नेपालमा धेरैजसो यही समुदायबाट मैत्रीधर्ममा प्रबेश भएको पाइन्छ। हुन त धर्म कुनै जाति वा विशेष समुदायको लागि पटक्कै होइन। जसको असीमित कार्यक्षेत्र रहन्छ। जहाँ विश्वमानव समुदायलाई नै एक घरको एकै परिवारसरह समिटिएको हुन्छ।

मानवले गर्दैआएको विविध व्यापार-व्यवसाय, धर्म सम्प्रदाय, सामाजिक परम्परा, मूल्यमान्यता, तन्त्रमन्त्र, कुलप्रथा र भौतिक विज्ञान आदि क्षेत्रमा बोधिमार्ग दर्शन मैत्रीधर्मको प्रभाव पर्ने निश्चित नै थियो। यसरी कुनै न कुनै कारणबाट व्यक्ति, परिवार र समाजमा असर हुनथालेपछि स्वाभावैले उहाँको धार्मिक कार्यप्रति ठूलासाना अवरोधहरू खडा हुनेनै भयो। यो क्रम पहिले पनि संसारमा चलिआएको, अहिले चलिरहेछ र भविष्यमा पनि चलिनै रहन्छ। सायद कसैले पनि चाहँदैनन् कि आफ्नो अनुकूलता लाभ, सम्मान, बहुमत, नाम अनि पेशाप्रति कुनै अमैत्री तत्त्वको प्रभावले ह्रास आएको होस्। जुनसुकै क्षेत्रमा किन नहोस मानव आफ्नो पकड मजबुत राख्ने प्रयत्न गर्छ नै। गुमाउन कस्ले चाहन्छ र ? सबका सबले धर्म नीति र सिद्धान्तलाई सजिलै बुझेका पनि हुँदैनन्। बोध गर्नको लागि व्यक्तिमा आत्मिक रूपमा धर्मको प्रभाव रहेको हुनुपर्दछ। त्यसैले यस्ता गहनतम् विषयहरू विस्तारै-विस्तारै मानव समुदायले बुझ्दै, सिक्दै, चिन्तनमनन र अभ्यास

गर्दै अगाडि जाने सन्दर्भहरू हुन् । मैत्रीधर्ममा परमात्माको बारेमा सत्यतथ्य बोध गराउनको लागि भगवानको जप, तप-ध्यान, पूजापाठ र नीतिविधिका माध्यमद्वारा मोक्ष मार्गमा डोऱ्याउने प्रयास भइरहेको छ ।

यसप्रकारले गतिमा आएको मैत्रीधर्मको आलोकको भविष्य दिनप्रतिदिन भरभराउदो देखेका असन्तुष्ट ती समूहको लागि उहाँ गुरुज्यूको प्रत्येक धर्मकार्य वास्तवमै असह्य बन्नु स्वाभाविक नै थियो । सायद यिनै कारणहरूले गर्दा उहाँको धर्मकार्यप्रति रीस अनि डाहा गर्नेहरू उचित मौकाको खोजी र पर्खाइमा थिए । भ्रमणको केही समय बित्न नपाउदै यस्ताखाले अहङ्कारी स्वभाव लिएका मानव समूह मौकाको फाइदा उठाउन चुकेनन् । विनाजानकारी र सहमति हलखोरिया तपस्या स्थलभित्र छिरेर अशान्ति मच्चाए । त्यहाँ निर्माण भइसकेका संरचनाहरू तहसनहस गराए । ऐतिहासिक स्तुपा क्षतविक्षत बनाइछाडे ।

तपस्यास्थल वरपर लगाइएका काँडेतारबार निकालेर लगे । गुरु, शिष्य र संघ भक्तजनले प्रयोग गर्ने सरसामान, भाँडाकुडा र पानीको ड्रम तिनीहरूले आ-आफ्नो घरघरमा लगे । यसप्रकार गुरु धर्म र संघप्रतिको सम्मान, विश्वास, आस्था, वचन र कार्यमाथि गहिरो प्रहार भएको थियो । गुरु धर्म र संघ भक्तजनमा यस घटनाले निकै चोट पुऱ्याइयो । तथापि परमात्मा र उहाँबाट प्रतिपादित मैत्रीधर्म सदा शान्ति, सहजीवन, सहअस्तित्व र सर्वहितायको पक्षमा उभिने भएकाले क्रोधले नभइ सर्वमैत्री भावनाले समाधानको पक्षमा उपस्थित हुनु स्वाभाविक तथा आवश्यक थियो । र, सोहीअनुसार शान्त मार्ग खोजियो । तर वास्तविकता थाहा भएका देशका जिम्मेवार मानिएका संघसंस्थामा रहनेहरूको धर्म आस्थाप्रति आफ्नो मनोमानीको परिभाषा थियो त्यो कृत्य । यसरी आफ्नो शक्ति, पद, योग्यता र बहुमतको दुरुपयोग गर्दै गुरु शिष्य र संघको आस्था माथि आघात पुऱ्याइएको, यो घटना इतिहासमा एकदिन लज्जाले उभिनपर्ने नै छ । उनीहरूले त तपस्या स्थलको संरक्षण गर्नुपर्ने थियो । तर उल्टो बुलडोजर लगाएर सम्पूर्ण संरचनाहरू तोडफोड र भताभुङ्ग पारियो । अनि अचम्मको कुरा त यस्तो निकृष्ट कार्यको कुनैपनि जिम्मेवार व्यक्ति,

संघसंस्थाले निन्दा समेत गरेनन् र यसलाई रोक्ने कतैबाट कुनैपनि प्रयास भएन । हामीलाई लागेको थियो कि मेलमिलाप र समझदारीमा समाधान खोजिनु पर्थ्यो । तर बुझपचाएरै उनीहरूले ठूलै दुश्कर्म गरे । विवेकशील मानिने मानव अज्ञानतामा वशीभूत भएर दानवले झैं नीचस्तरको आचारण गर्दारहेछन् भन्ने यो आधुनिक उदाहरण दर्ज भएकोछ । इतिहासमा यो घटना एउटा कलंकका रूपमा रहनेछ नै ।

उहाँले अपनाउने धर्मकर्म, नीतिविधि कुनै व्यक्ति, धर्म सम्प्रदाय, जाति र समाज विरुद्धमा नभइ सर्वलोक हितमा थियो । जहाँसम्म कि यो सबैमा स्पष्ट छ । यसको बाबजुद पनि सत्यतालाई दबाउने प्रयास भने वेलाबखत पहिला पनि नभएको होइन । धर्म विरुद्धमा हुने यस्ताखाले कर्तुत, जसको साक्षी प्रत्यक्ष आफू स्वयम् विगार गर्ने र विगार गराउन लगाउनेहरू त छ नै, त्यसमाथि पनि परमात्मा धर्म दृष्टिमा कहाँ लुक्न सकिन्छ र, सबै स्पष्ट भएकै छ । कठैबरा ! कहिल्यै नमिटिने गरि अपार पापको भार उनीहरूले बोकिसकेका छन् । धर्मको सिद्धान्तअनुसार महा-पाप कर्महरू मध्येमा गुरुधर्म सत्यतालाई नष्ट गराउने कुचेष्टा नै सबैभन्दा प्रमुख हो ।

गुरुधर्मले कोही कसैप्रति लक्षित गरि यो आरोप लगाएको होइन । यो यथार्थ घटनामा आधारित भएकोले लोकसामु सामान्य तवरले शुक्ष्म जानकारी गराउनु आवश्यक भएकोले गराइएको मात्र हो । किनकि मैत्रीधर्ममा कुनैपनि पक्षपात, पक्ष र विपक्ष भन्ने नै हुँदैन । कोही कसैमाथि गुरुधर्मको कुनै आग्रह र पूर्वाग्रह पनि छैन । न कसैको लिनु, न दिनु छ । गुरुधर्म त्यो हो, जुन आकाश झैं अटल, सूर्य झैं प्रकाशवान जहाँ संसारमा स्वतन्त्र सर्वहितार्थ अनि सर्वसुखायको कार्य गरिरहन्छ ।

उक्त घटना दुःखद त थियो नै तर त्यसले गुरुधर्म प्रेमी सबै शिष्य र संघलाई अझ मजबुत र सचेत हुन सिकायो । यस घटना सम्बन्धमा धर्मसभा मार्फत् गुरुज्यूले विशेष प्रेरणा दिनुहुँदै आत्मशान्तिको सन्देश दिनुभयो । “मैत्रीधर्म सदा शान्तिको पक्षधर भएकोले प्रतिकारमा उत्रनु धर्मको स्वभाव होइन । मानव बिच द्वन्द्वका रूपहरू सृजना नहोस् । समझदारी र सचेत भई कार्य गर्नु एकमात्र उत्तम उपाय हो ।

जसले जस्तो कर्म गर्छ, त्यस्तै फल भोग्नु त निश्चित छँदैछ। त्यसैले उद्वेलित हुन आवश्यक छैन। संयमित र शान्तिपूर्ण बाटो नै मैत्रीधर्मको पाइला हो।" भन्नुहुँदै सबैलाई सचेत गराउनुभएको थियो।

सिन्धुली भ्रमणको क्रममा त्यहाँका मैत्री संघले विश्वशान्ति महा-मैत्री पूजा कार्यक्रमको लागि प्रस्ताप अघि सारे र गुरु निर्णयअनुसार विश्वशान्ति महा-मैत्री पूजा कार्यक्रम मिति वि.स. २०६९ भाद्र २५ गतेदेखि २७ गतेसम्म आयोजना गरि भव्यता र सभ्यताकासाथ सम्पन्न गरियो।

सिन्धुलीको उक्त कार्यक्रममा स्वदेशी तथा विदेश संघ र भक्त-अनुयायीको बाक्लो उपस्थिति रहेको थियो। उक्त कार्यक्रमको अवसरमा महा सम्बोधि धर्म संघ गुरुज्यूले मानव जगतको निमित्त मैत्रीधर्मका अमृतमय महा-वाणी प्रदान गर्नुभयो। धर्मसन्देशका केही महत्वपूर्ण वाक्याम्सहरू यसप्रकार छन्ः-

- शाश्वत सास भएको अजर, अमर र अविनाशि तत्त्वलाई बोध गर्नको निमित्त चित्तमा मात्र एकसुर धर्मलाई लिएर जीवनचर्या गर्नुपर्दछ। धर्म शब्द पूर्णतया आफैंमा पर्याप्त छैन। कसरी धर्म मात्र एउटा शब्दमा अटाउन सक्छ ? जुन धर्म तत्त्वमा समस्त लोकहरू अडेको छ।
- धर्म कुनै बुझ्ने तत्त्व नभएर बोध गर्ने सत्य हो। धर्मको नाममा प्राणी हत्या, ऋद्धि-चमत्कारी देखाउनु र तन्त्रमन्त्र गर्नु मात्र क्षणिक स्वार्थ पूर्तिको बाटो हो।
- धर्म मात्र त्यो हो, जसले प्राणीलाई भेदभावरहित कर्म अनुरूप मुक्ति-मोक्षको मार्ग प्रदान गर्छ।
- असंख्य भाव सागरमा रूमलिएर तृष्णावश सञ्चित गरेको कर्महरूको निवारण गर्नको निमित्त धर्मको शासनमा रहि, शुद्धचित्तको भावना गर्दै अखण्ड रूपले किञ्चितपनि विमुख नभइ गुरुमार्गमा लागि पर्नुपर्दछ।

- म र मेरो भन्ने लोभ र अहंकार निभाउने ममतालाई त्यागेर सर्वप्राणी लोकको निमित्त सर्वमैत्री भावनामा संलग्नता रहि जीवनयापन गरेमा मात्र मनुष्य जीवन सफल हुनेछ।
- परापूर्व कालदेखि लोकमा मनुष्यहरू भव सागरमा रूमलिएर तत्त्वहीन वस्तु र मार्गमा तत्त्वरूपी मनुष्य चोला लिएर कल्पौंदेखि जान-अजानमा भौंतारीरहेका छन्।
- अन्ततः लोकमा आउनुको उद्देश्य के हो ? खोज कुन तत्त्वको गर्नुपर्ने हो ? सम्पूर्ण अस्तित्व लगायत आफू स्वयम्प्रतिको दायित्व र धर्म के हो ? आत्मा र परमात्मा बिचको सेतुहरू के के हुन ? यस्ता असीम सुख क्षणको अन्तर खोजमा जीवनको कालचक्र व्यतीत गर्नुपर्दछ।
- पुण्यवान् आत्महरू जो कि गुरु शरणमा रहि सद्धर्म मार्गको अनुसरण गरिरहेका छन्। एवम् गुरु स्वयम्पनि पूर्ववत हजारौं बुद्धः अर्थात मार्गगुरुहरू भन्दा उच्च गुरुहरूको धर्म शासनमा रहिआएको छ।

उक्त तीनदिने कार्यक्रम उहाँ गुरुज्यूद्वारा हस्त अभिषेक र शिष्य, संघ भक्तहरूबाट परमात्माको जपध्यान, पूजापाठ र प्रर्थनाकासाथ सम्पन्न भएको थियो । उक्त कार्यक्रम पश्चात मिति २०६९ असोज १ गते अनौपचारिक रूपमा सर्लाही भ्रमणको लागि केही शिष्यको साथमा निस्कनुभयो। एक संघ घर परिवारबाट मैत्री धार्मिक स्थलको रूपमा जग्गा धर्मदान गरिएको थियो। त्यहीँ स्थलमा गुरुज्यूले धार्मिक कामकाज सम्हाल्दै करिब एकवर्षसम्म समय व्यतीत गर्नुभएको थियो। र हाल त्याहाँ विश्वशान्ति मैत्रीपूजा कार्यक्रमहरू पनि आयोजना हुँदै आइरहेका छन्।

उक्त स्थान नेपालको दक्षिणी तराइ क्षेत्र सर्लाही जिल्ला, पथरकोटमा अवस्थित छ। जहाँ बसोबासको क्रममा मैत्रीधर्मका कैयौं महत्वपूर्ण कार्य सम्पन्न भएका थिए। जिल्ला-जिल्लामा संघ विस्तार पहिलो प्राथमिकता, एकआपसमा मैत्री भाव, सद्भाव, समन्वयन, मेलमिलाप र सहकार्यमा विशेष जोड दिइयो। यसप्रकार गुरुधर्म र संघमा अझ मजबुत हुने कार्य सोही स्थानबाट भएको थियो।

मैत्रीदिवसको उपलक्ष्यमा मिति २०६९ चैत्र २७ गतेबाट २०७० वैशाख १ गतेसम्मको तीनदिने विश्वशान्ति महा-मैत्री पूजापाठको आयोजना गरियो। उक्त कार्यक्रम सम्पन्न भएको केही दिनमै 'बोधि श्रवण धर्म संघ' चितवन संघहरूले जिल्ला भ्रमणको लागि गुरुज्यू समक्ष सादर बिन्ती प्रार्थना सहित प्रस्ताप पेश गरेका थिए । चितवन संघको उक्त प्रस्तावअनुसार भ्रमणको लागि गुरुज्यूको निर्णय आएपछि उत्साहकासाथ चितवन जिल्ला संघ भक्तजनहरू गुरुको भ्रमणका साथै विश्वशान्ति महा-मैत्री पूजापाठ कार्यक्रमको आयोजना गर्नमा लागिपरे । मिति २०७० ज्येष्ठ २५ देखि २९ गतेसम्म चितवनको सारदा नगरमा आयोजना हुने पाँच दिने कार्यक्रम सम्पन्न गराउन गुरु शिष्य र संघ भक्तजनको साथमा एकहप्ते भ्रमणको लागि धर्म संघ गुरुज्यू प्रस्थान गर्नुभयो। गुरु भ्रमणको कारणले गर्दा जिल्ला संघहरू बिचमा विश्वास, वचनकार्य, समझदारी र मेलमिलाप जस्ता सर्वमैत्री भावना मजबुत बन्दैगयो।

कैयौं भक्त-अनुयायीहरूले बोधिमार्ग दर्शन मैत्रीधर्मको बारेमा जान्ने र बुझ्ने अवसर प्राप्त संगै गुरुज्यूको दर्शन, अभिषेक र आशीर्वाद प्राप्त गरे । सर्लाही जिल्ला र चितवनको कार्यक्रममा प्राप्त सन्देशमा उल्लेख भएका गुरुज्यूको केही प्रमुख स्व-वचनहरू यसप्रकार छन् :-

- महा-मैत्रीधर्मको अनुसरण गरि 'गुरुमार्ग', 'मार्गगुरु' हुँदै 'बोधिमार्ग वा भगवानमार्ग' सम्मको असंख्य भाव दर्शनमा लीन भई समस्त प्राणी लोकले महाबोधको अमृतपान गरून्।
- ताराहरू असंख्य देखिएतापनि आकाश एउटै भए जस्तै संसारमा देखिएका समस्त धर्म र मार्गको मूलश्रोत अन्ततः एउटै हुन्।
- सद्धर्म तत्त्व र मार्गबाट झन्झन् विमुख हुँदै सही र गलत, धर्म पुण्य र अधर्मपाप, गुरु र मार्ग छुट्याउन नसकेर हो या नचाहेर अनायसै मनुष्यहरू अन्धकारमय तत्त्वहीन दिशातिर देखिरहेको छु।

- पूर्ववत एकभाव गरि बोध प्राप्त गर्नुभएको बुद्ध केवल मार्ग इङ्गित गराउनुहुने (मार्गगुरु) हुन् । तथापि वर्तमान क्षणमा पूर्ववत बुद्धको गुरु छैन भन्ने भ्रम लोकमा भएतापनि यस मार्गगुरुको गुरु को (?) हुनुहुन्छ भन्ने प्रश्न र वास्तविकता यथेष्ट छँदैछ ।
- अस्तित्वमा आसीन अनेकौं भावहरू, गुरुहरू र मार्गहरू अझै लोकमा रहस्य नै छन् । समयको अत्यान्तिक अनुरूप मार्ग दर्शन गराइरहेको छु ।
- 'गुरुमार्ग' त्यो मार्ग हो जुन मार्गमा समस्त लोक प्राणी र वनस्पतिले मैत्रीमार्ग अनुसरण गरि मुक्ति-मोक्ष प्राप्त गर्दछ ।
- मानव लोकमा मनुष्य स्वतन्त्रता छन् । धर्मको मार्गमा लीन होस् या पापचर्यामा जीवन व्यतीत गरोस्, यस लोकको अर्थ नै धर्म र अधर्म छुट्ट्याउनु हो ।
- एकक्षण आत्मालाई साक्षी राखी मानवले भावना गरोस्, गुरुको यो तपस्चर्या किन ? कसैले गुरुबाट अन्य संसारिक वस्तुको लाभ हुन्छ भन्ने आशय बोकेको तर गुरुले दिनसक्ने मात्र धर्म मार्ग, मुक्ति र मोक्ष हो ।
- धर्म तत्त्वको विज्ञान अति गहन र असीम छ । सद्धर्म तत्त्व बोध हुनको निमित्त स्वयम् तत्त्वरूपी हुनुपर्दछ ।
- मनुष्यले बोध गरून् यो लोक मात्र एउटा अवसर हो, धर्म तत्त्व बोध गर्नको निमित्त ।
- कुनै वृक्षमा असंख्य फूलहरू अंकुरित भएतापनि सीमितले मात्र फलको स्वरूप प्राप्त गरेझैं केही मनुष्यले मात्र धर्म प्राप्त गर्दछन् । तथापि सद्धर्मको मार्गमा भने झरेको फूलहरूको पनि अस्तित्व वा महत्व रहन्छन् । एवम् प्रत्येक फूलहरूको पनि छुट्टै विशेषता वा धर्म गुण हुनेगर्दछन् ।
- सद्धर्मको अनुसरण गर्नु एवम् धर्मतत्त्व प्राप्त गरि आफू लगायत सर्वप्राणीको मुक्ति र मोक्षको निमित्त लागि पर्नु नै मनुष्य जीवनको मूल उद्देश्य हो ।

- गुरुले आफ्नो धर्म पूरा गर्नुहुन्छ संसारलाई मार्ग दिएर । तथापि मार्गमा हिँड्ने प्रत्येक पाइलाहरूको जिम्मेवारी मनुष्य आफैंको व्यक्तिगत खोज हो ।
- मुक्ति र मोक्ष रूपी तत्त्व आफूले अनुसरण गरेको मार्गमा छ वा छैन भन्नेपनि मनुष्यको अर्को नितान्त व्यक्तिगत खोज हो ।
- मनुष्यले आफ्नो जीवनमा मैत्री ज्ञानबाट टाढा रहि धर्मको नाममा जस्तोसुकै कठिन अभ्यास गरेतापनि अस्तित्वगत सत्य तत्त्वको प्राप्ति असम्भव छ ।
- गुरुबाट मार्ग दर्शन हुँदा मार्गमा यात्रा गर्ने प्रत्येक आत्माको सञ्चित धर्म पुण्य अनुरूप पाउनुपर्ने तत्त्व र भोग्नुपर्ने सत्य सुनिश्चित छ ।
- अहङ्कार र वासनाहरूको दोष बोध गर्दै धर्म तत्त्वको गुणले युक्त भई संसारिक सर्वबन्धनहरूबाट मुक्त हुन सकिन्छ । जसको निमित्त मनुष्यले जीवनको अन्तिम क्षणसम्म धर्मको प्रयास गरि रहनुपर्दछ ।

लोक कल्याण हेतु आवश्यकतानुसार सृष्टिकर्ता बोधिमार्ग दर्शन मैत्रीधर्मको नीति-नियम, विधिविधान, पूजापाठ प्रार्थना, मन्त्रजप, तप-ध्यान र परमात्मा भगवानको फोटो आदि विषयहरूलाई मैत्रीधर्म पुस्तक र थाङ्का मार्फत् लेखन, चित्रण र समायोजन गर्नु त्यत्तिकै मात्रमा जरुरीपनि थियो । यस कार्यलाई सम्पन्न गराउन शान्त वातावरणको आवश्यकतापर्ने हुँदा जिल्ला संघहरूको सरसल्लाह अनुरूप नै सिन्धुपाल्चोक जिल्ला, बाँडेगाउँ गा.वि.स. स्थित टोड्केबारीमा उपयुक्त हुने निर्णय गरियो ।

मिति २०७०, असोज ४ गते सिन्धुपाल्चोक भ्रमणको लागि प्रस्थान गर्नुभयो । निश्चित उद्देश्य प्राप्त नभएसम्म लगभग २ वर्ष ७ महिना त्यहीँ नै रहेर धर्मका विशेष कार्य पूर्णता गर्नुभयो । त्यहीक्रममा २०७० कात्तिक २ गते पहिलोपटक शिष्यहरूले निलो रङ्गमा मैत्रीवस्त्र प्राप्त गरे र सोही पोषाक धारण गर्ने शिष्यहरूलाई सन्यासी गुरुमार्ग गुरुको रूपमा परिचित गरियो ।

२ वर्ष ७ महिनाको बसोबासको क्रममा तीनपटक विश्वशान्ति महा-मैत्री पूजापाठ कार्यक्रम आयोजना गरि सम्पन्न गरियो । ती मध्ये नवौं विश्वशान्ति महा-मैत्री पूजापाठ कार्यक्रम बोधि श्रवण धर्म संघ लमजुङ संघको प्रस्तावअनुसार वेशीसहर खुदीमा सम्पन्न भएको थियो ।

लमजुङको कार्यक्रम सम्पन्न गराउन उहाँ गुरुज्यू आफ्ना शिष्यसहित संघ भक्तजनको साथमा बृहत शान्ति र्‍यालीको आयोजना गरि मिति २०७० फागुण १० गतेदेखि फागुण १५ गतेसम्मको ६ दिने विश्वशान्ति महा-मैत्री पूजापाठको लागि प्रस्थान गर्नुभयो । उक्त कार्यक्रममा उहाँ धर्म संघ गुरुज्यूबाट प्राप्त मैत्रीसन्देश यसप्रकार छन् ः-

- धर्म मात्र एकतत्त्व हो, जसको धरातलमा टेकेर परमात्मासँग साक्षात्कार हुने अवसर व्यक्तिले प्राप्त गर्दछ । एवम् भावरहित दिशाहीन वायूसमान भौंतारीरहेका आत्महरूले महा-मैत्रीको मंगलनाथ श्रवण गरि यथाशीघ्र सर्वबन्धनबाट मुक्त होउन् ।
- प्यासको अत्यान्तिक अनुरूप पानीको मोल (मूल्य) रूप भए झैं दया, करुणा, अहिंसा, श्रद्धा, आस्था, भक्ति र विश्वासको आधारमा मार्गप्रतिको अटल मानव जीवनमा धर्मको मोल हुनेगर्दछ ।
- धर्ममा प्रवेश हुनु भनेको मुक्ति र मोक्षको मार्गमा लीन हुनु हो ।
- जुन मार्गमा मुक्ति र मोक्षरूपी तत्त्व हुँदैन । सद्धर्ममा त्यसलाई कहिल्यै पनि मार्ग भनि स्वीकार्न सकिदैन ।
- धर्म खण्डित संस्कृतिमा नभएर आत्मा र परमात्मा बिचको सेतु 'मैत्रीधर्म' ज्ञानको परिपूर्णतामा अपलब्ध हुनेगर्दछ ।
- मनुष्यले मैत्री ज्ञानबाट टाढा रहि जस्तोसुकै अभ्यास गरेपनि सत्य तत्त्वको प्राप्ति असम्भव छ ।



- 'धर्म' सूर्य उदाउँनु र अस्ताउँनु, आकाशमा जुन तारा चम्कनु, प्रकृतिमा फूल फूल्नु हो । धर्म अनन्त अघोर दुःखको स्वप्नबाट बिउँझिएर वास्तविकतामा आफूलाई सकुशल पाए झैं यस अनित्य संसारको क्षणभङ्गुरता बोध गर्नु हो ।
- मनुष्य आफूले अनुसरण गरेको मार्गले मुक्ति र मोक्ष रूपी तत्त्व समेटेको छ वा छैन भन्ने विषय मनुष्यको आफ्नो नितान्त व्यक्तिगत अन्तर खोज हो ।
- गुरुबाट मार्ग दर्शन भइरहँदा मार्गमा यात्रा गर्ने आत्महरूले सञ्चित गरेको पुण्य र अन्य कर्मअनुरूप पाउनुपर्ने तत्त्व र भोग्नुपर्ने सत्य सुनिश्चित हुनेगर्दछ।
- धर्तीमा टेकेर आकाशको आसनमा अडिनु, मनुष्य चोलामा रहेरपनि मैत्रीधर्मको बोधसंगै परमात्माको विराट स्वरूपको दर्शन पाउनु, आफू लगायत समस्त लोकको रहस्य बोध हुनु र चित्तको असंख्य भवसागरहरूबाट पानीसरह वाष्पीभूत भई खुल्ला आकाशमा मुक्त हुनु हो ।

- 'मैत्रीधर्म' मार्गमा मनुष्यले जीवनको अन्तिम क्षणसम्म धर्मको सत्य अभ्यास गरेमात्र धर्म लाभ गर्दछ।
- संसारिक वस्तु, यश, नाम र कीर्तिको पछि अहङ्कारवश नरुमलिएर मनुष्यले सदा मैत्रीधर्म मार्गको पालना तथा सर्वमैत्री भाव राख्दै परमात्माको स्मृतिमा तटष्थ रहिरहनु हो।
- लोकमा सद्धर्मलाई पुनः अधिष्ठान गर्न युगौंको अन्तरालमा गुरुमार्गको अवतरण भएकोछ। यस स्वर्णिम क्षणको बोध सर्वप्राणी एवम् वनस्पतिले गरेझैं मनुष्यले पनि क्लेशरहित हुँदै यस महा-मैत्रीधर्म मार्ग यथाशीघ्र बोध गरून्।

दशौं र एघारौं मैत्रीदिवस कार्यक्रम भने सिन्धुपाल्चोक जिल्लामा नै सम्पन्न गरियो। उक्त एघारौं मैत्रीदिवसको उपलक्ष्यमा पहिलोपटक गृहस्थी जीवन बिताइ मैत्रीधर्म नीति अपनाउन पाउने निलो मैत्रीवस्त्र धर्म गुरुहरूको लागि प्रदान गरियो। र, माआत्म गुरुमार्ग गुरु नामकरणले सम्बोधित गरियो। गुरुमार्गमा प्रवेश भएका संघ र प्रबेश हुन चाहने भक्त-अनुयायीहरूको लागि पहिलो पटक ऐतिहासिक मैत्रीधर्म प्रशिक्षण कार्यक्रमको आयोजना समेत गरियो। मिति २०७२ चैत्र, ८ गतेदेखि १० गतेसम्म आयोजना गरिएको उक्त मैत्रीदिवस कार्यक्रमको लगत्तै उपस्थित भएका माआत्म गुरुहरूको लागि एकमहिने प्रशिक्षण कार्यक्रम राखियो। लगभग सयजनाको संख्यामा माआत्म गुरुमार्ग गुरुहरूको सहभागिता भई मैत्रीपूजापाठ प्रार्थना, जप र तप-ध्यान विधि सम्बन्धमा सामान्य प्रशिक्षण गराइयो।

२१ लोकको सङ्क्षिप्त वर्णनसहित प्रार्थनाको लागि मैत्री पुस्तक प्रकाशित गरियो। मृत्युपश्चात् मानव आत्माले एक्काईस लोकमध्ये कुनैपनि एकलोक अनिवार्य प्राप्त गर्नेहुँदा आत्माले कुन लोक प्रवेश गर्दा मोक्ष प्राप्ति हुने (?) के कस्तो कर्म गरे भने कुन प्रकारको लोकमा फसिने (?) के कस्तो प्रकारको कर्मफल ती लोकहरूमा भोग्नुपर्ने (?) र दुःख पाउने लोकहरूमा नफस्नको लागि मनुष्यले अनिवार्य अपनाउनुपर्ने परमात्मा भगवानको जपध्यान र प्रार्थना अनि

जीवनभर पालना गर्नुपर्ने गुरुमार्ग दर्शन तथा विधिविधान सम्बन्धमा उहाँ गुरुज्यूले ज्ञानगुण दिनुभयो। यसैकासाथ जन्म, विवाह, मृत्यु र अन्य कर्महरूमा अपनाउन सक्ने नीति र विधि समेत गृहस्थी माआत्महरूलाई प्रदान गर्नुभयो।

उहाँ गुरुज्यूले गृहस्थी माआत्म गुरुमार्ग गुरुहरूले पनि सर्वसाधारणले झैं सामान्य जीवन निर्वाह गर्नपाउने वचन भयो। र, सम्पूर्ण कर्म जगत कल्याणमा समर्पित, धर्म चिन्तनमनन, आत्मा उद्धार हेतु संघ र भक्त-अनुयायीको मार्ग दर्शक बनेर ज्ञानगुणको ज्योति छर्ने, धर्म नीतिको संरक्षण, जनमानसमा सम्झाउने/बुझाउने र समाजको सुधार/उद्धार कार्यमा विशेष भूमिका निर्वाह गर्नुपर्ने जिम्वेवारी माआत्म गुरुमार्ग गुरुहरूलाई बोध गराउनुभयो।

बोधिमार्ग दर्शन मैत्रीधर्मको सविस्तार ज्ञानगुण प्रायः विश्वमा चलनचल्तिमा रहेका प्रमुख भाषाहरूमा प्रकाशन तथा सम्प्रेषण गराउने जिम्मेवारी गुरुमार्ग शिष्य र संघलाई प्रदान गरियो। विश्वमा अवतरित भएको परमात्मा मैत्रीधर्मप्रतिको भ्रमलाई पन्छाउदै यथार्थ सत्यतथ्य र असत्य पक्षको भेद बोध गराउदै मोक्षको मार्गमा डोऱ्याउने प्रयास जारी रहनेछ। जगतमा मैत्रीधर्ममा आधारित मार्ग दर्शनद्वारा पुण्य आर्जन गर्न मानवलाई उत्प्रेरणा गराइ अविच्छिन्न रूपमा धर्मलाई सर्वजगतको हितमा अगाडि बढाइरहने छ। उहाँ गुरुज्यूले आफ्नो सम्पूर्ण बाल्यजीवन धर्म पुण्य र ज्ञानगुणको खोजमा समर्पित गर्नुभयो। ज्ञान प्राप्त पछिको बाँकी जीवन मानव आत्मा सुधार/उद्धार कार्यमा बिताउदै हुनुहुन्छ। अब यो निश्चित छ कि उहाँको भरोसामा कैयौं मानव आत्माले मोक्षलोक प्राप्त गर्न सक्नेछन्। उहाँमा अपार ज्ञानगुण, पुण्य र तपोबल वा सिद्धि प्राप्त छ। जसको कारण यो जीवनमा उहाँको शरण परेकाहरू सजिलै परमात्मा साक्षात्कार गर्नपाएर जन्म र मृत्युको दुःखबाट मुक्त हुनेछ।

यसरी मैत्रीधर्मको विस्तार हुँदै आत्मा उद्धार कार्यमा उहाँ धर्म संघ गुरुज्यूको साथमा स्वयम् परमात्मा भगवानहरूको उपस्थिति, सहमति, निर्णय र वचन प्रत्यक्ष

भइरहेको हुँदा मार्ग दर्शनको पालना गर्ने जोकोही मानवले सहजै मृत्यु पश्चात् सुखलोकको बास पाउने सुनिश्चित छ।

बोधिमार्ग दर्शन मैत्रीधर्म आफ्नो जीवन वा प्राणको रूपमा लिनुभइ समस्त मानव जगतलाई उद्धार गर्ने कार्यमा उहाँ सङ्कल्पित हुनुहुन्छ। उहाँको परम सर्वमैत्री भावपूर्ण दुर्लभ गुरुमार्ग दर्शनद्वारा संसारमा शान्ति, सुधार/उद्धार सम्भव छ। उहाँको यस महान् धर्मकार्य यो धर्तीमा सबैभन्दा अग्रपङ्क्तिमा स्थित छ। त्यसकारण उहाँको उपस्थिति संसारमा उच्च धर्म नीति, सर्वज्ञान, पुण्य र मुक्ति-मोक्षको वरदान अर्थात आशीर्वाद स्वरूप विश्वमानवका माझ साक्षात्कार भइसकेको कुरा उद्घोष गर्न हामीलाई धार्मिक आनन्द अनुभूती भइरहेको छ। उहाँको यस महान् परमात्मा धर्म नेतृत्व युगयुगान्तर लोक कल्याणमा कार्यरत रहने कुरापनि स्पष्ट छ।

उहाँद्वारा देशना भएका धर्म मार्ग दर्शनलाई राष्ट्र तथा अन्तर्राष्ट्रिय श्रद्धालु भक्त-अनुयायीले विश्वासकासाथ स्वीकार र अनुसरण गरि लागिपरेका छन्। उहाँलाई एक विशुद्ध धर्म गुरुको रूपमा अपनाएका छन्। तसर्थ प्रभावकारी र हितकारी मैत्रीधर्मको अपार लाभ सबैले प्राप्त गर्न सकुन्।

# महा सम्बोधि धर्म संघ गुरु

बोधि श्रवण धर्म संघको संस्थापक र बोधिमार्ग दर्शन मैत्रीधर्मको प्रतिपादक सर्वज्ञ परम पूजनीय महा सम्बोधि धर्म संघ गुरुज्यूको श्रीचरणकमलमा अनन्त सेवाढोगसहित अपार आराधना, वन्दना र कोटीकोटी नमन अर्पण गर्दछु ।

उहाँ गुरुज्यू वचन गर्नुहुन्छः- “धर्ममा तीन मार्गहरू छन् । जसमा बोधिमार्ग वा भगावनमार्ग, मार्गगुरु र गुरुमार्ग ।” संसारमा यिनै मार्गहरू मध्ये कुनै एकको अनुसरण र पालनाको आधारमा नै सम्पूर्ण धर्म गुरुहरूले परमात्मा सर्वज्ञानगुण र मोक्ष प्राप्त गर्दै आउनुभएका हुन् । यी तीनै मार्ग दर्शन मध्ये उहाँले बोधिमार्ग दर्शनको अनुसरणद्वारा ज्ञानगुण प्राप्त गर्नुभएको उहाँले बताउनुभएको छ । यो मार्ग दर्शनमा आफ्नै स्वविवेकले महा-कठोर दुःखदपूर्ण सङ्घर्ष गरि खोज-अनुसन्धान गर्नुपर्ने हुन्छ । यसप्रकार हुने तप-ध्यानको प्रकृयामा सर्वप्राणीले झैं अपार दुःखहरूको सामना गर्नुपर्ने हुन्छ । जहाँ हिलोनाली, हावापानी, तातोचिसो र भोकप्यास केही नभनी त्रुटिरहित निरन्तर अभ्यास गर्नुपर्ने हुन्छ । यदि कुनै कारणवश आफू असफल भइहालेमा त्यहाँ हात थाम्ने दोस्रो कोही हुँनेछैन । यसको मतलब हर धर्म अभ्यासलाई आफ्नो तपोबल, पुण्य र ज्ञानले जित्दै अनि अझ बोध प्राप्त गर्दैजान सक्नुपर्दछ । कठोर धर्म साधनामा के, कुन, कहाँ, कसरी र कस्तो अनुकूल र प्रतिकूल प्रतिफल जेजस्तो उत्पन्न हुँदैजान्छ, त्यसको पूर्ण जिम्मेवारी आफैंले लिनुपर्ने हुन्छ । यसरी कैयन् प्रकारको परीक्षाहरूबाट पार गरेपछि मात्रै भगवानहरूले सर्वज्ञानगुण सूर्यको प्रकाश सरी प्रकाशित पारिदिनु हुन्छ । त्यसपछि अध्यात्म वा धर्म प्रकृतिको सर्वसृष्टिचक्र र कर्मचक्रको बारेमा सर्वबोध भइसकेको पूर्णता अवस्था प्राप्त हुनेछ । र, धर्ममा अरु जान्नुपर्ने केही बाँकी नरहेको परम महा-चेतन भावशक्ति स्वरूप परमात्मा भगवानमार्गको स्थान प्राप्त भइसकेको एक महा-आत्मसिद्ध हुनेछ । जेजति धर्ममा जान्नु वा बोध गर्नुपर्ने हो, ती सम्पूर्ण प्राप्त गरिसकेको एक पूर्णतः अस्तित्वगत अवस्थामा उहाँ गुरुज्यू हुनुहुन्छ । अर्थात धर्ममा

हुनुपर्ने सर्वज्ञानगुण र ऋद्धिसिद्धि प्राप्त भइसकेको एक स्वरूप, जुन परमात्मा भन्दा कुनै फरक नरहेको अवस्था हो । अध्यात्म परम धर्म पुण्य र ज्ञान प्राप्त गरिसक्नुभएकोले उहाँलाई सम्मानपूर्वक 'महा सम्बोधि धर्म संघ' नामकरण गरिएको हो । यही धार्मिक नामद्वारा उहाँलाई विश्वमा चिनिएको छ ।

आकाश झैं अटल परम सर्वमैत्री भाव र शुद्धचित्त महा पवित्र आत्मा भइसकेपछि मात्र साक्षात भगवानको दर्शन प्राप्त गर्न सम्भव हुन्छ। जहाँ परम शान्ति, अजय, अभय र सुखज्ञानहरूको बोध गर्न सम्भव भएको हुन्छ। र, सदा शान्त अपरिवर्तनीय शाश्वत परमात्मा स्वभाव (कर्मफल र पुण्यफल) प्राप्त गर्नसकेको हुन्छ ।

यस धर्तीको विशेषता अपरम्पार रहेकोछ। जहाँबाट धर्मका सम्पूर्ण विषय तत्त्वको सृष्टि र विनाश हुने गर्दछन् । अनि सर्वशक्ति स्वरूप परम विधाता सृष्टिकर्ता भगवानको प्रयत्नमा सबै लोकको सृष्टि, महान् गुरुहरूको सृष्टि, सर्वआत्माको सृष्टि र सर्वअनात्माको सृष्टिकासाथ सम्पूर्ण विषय तत्त्वको सृष्टि र विनाश कार्य सम्भव भइरहेका हुन् ।

धर्म प्रकृति अनन्त विशेषताहरूले सुसज्जित छन् । जुन दृश्य र अदृश्य रहन्छन् । सर्वव्यापक अनन्त उर्जाशक्तिको केन्द्र, अनेकन्खाले गुण वा स्वभावले सुसम्पन्न, जसको कारण सर्वविषय तत्त्वको अस्तित्व कायम रहि सञ्चालन, नियन्त्रण, उत्पत्ति, विनाश र संरक्षण जस्ता कार्य सम्भव भइरहेका हुन्छन् । जस्तो कि सर्वलोक, भगवान तथा परमात्मा, आत्मा, अनात्मा लगायत सृष्टिमा जेजति विषय तत्त्व रहन्छन्, सर्व यही धर्म प्रकृतिमा आधारित छन् । धर्मका उक्त अपार गुण वा विशेषताको परम यथार्थता बोध गर्नु कुनै सामान्य कार्य होइन । जहाँ सगरमा पनि महा सागर, समुन्द्रमा पनि महा समुन्द्र, तातोमा पनि महा तातो र चिसोमा पनि महा चिसोमा रहन असम्भव भए जत्तिकै हो । जो कसैको लागि धर्मका यी सम्पूर्ण ज्ञान प्राप्त गर्न सहज हुनसक्दैन । कैयौं त्याग तपस्या, अपार पुण्य र ज्ञान सम्भार (सङ्गालेर) महा दुःखकष्ट भोगेर मात्र प्राप्त गर्न सकिन्छ। मानव जगतको

लागि धर्ममा एक उच्च नीतिविधि, उपाय, कार्यकुशल, शिक्षादिक्षा, व्यवहार, ज्ञानगुण, उर्जाशक्ति, जीवन जिउन प्रेरणा र मोक्ष प्राप्त गर्न आवश्यक सम्पूर्ण विषय तत्त्व बोधिमार्ग दर्शन मैत्रीधर्ममा समावेश छन् । यिनै सर्वगुणले सुसम्पन्न बोधिमार्ग दर्शन मैत्रीधर्म सूर्य झैं उदय भइसकेकोले समयानुकुल पुण्य, मोक्ष ज्ञानगुण, आत्मशान्तिका जप र तप-ध्यान मानव जगतमा विस्तार भइरहेका छन् ।

अनुपम कल्याणकारी महा सुखप्रदाले परिनिस्पन्न 'बोधिमार्ग दर्शन मैत्रीधर्मको' नीति-नियम र शासनमा आधारित बोधिमार्ग, मार्गगुरु र गुरुमार्ग दर्शनका उच्चश्रेणीका परम ज्ञान प्राप्त परमात्मा भगवानहरूको भर-भरोसा र मार्ग दर्शन प्राप्त भइसकेको छ । संसारमा अज्ञानतावश अध्यात्म सत्मार्गबाट वञ्चित र अधर्म भ्रम जालमा रहनु परेका सारा मानव जगतले मैत्रीधर्मको अनुसरणद्वारा अध्यात्म दर्शन र भौतिक दर्शन बिचको अन्तर सम्बन्धको यथार्थ पक्ष बोध गरि सर्वभ्रमबाट मुक्त हुनसक्ने छ ।

# बोधिमार्ग दर्शन मैत्रीधर्म संघ

बोधिमार्ग अर्थात सृष्टिकर्ता भगवानमार्गः धर्म प्रकृति स्वरूप लौकिक र अलौकिक रूपमा अस्तित्वगत रहिरहने सम्पूर्ण सृष्टि सिद्ध विषय तत्त्वको सृष्टिचक्र र कर्मचक्रको मूलभूत सिद्धान्त र सर्वज्ञानगुणको आधार एवम् शाश्वत सर्वसुख र शान्तिको पूर्णता अवस्थाको एकमात्र नेतृत्वकर्ता नै सृष्टिकर्ता बोधिमार्ग दर्शन हो । र, धर्म प्रकृतिका सर्वशक्ति स्वरूप यिनै परम महा-चेतन भाव शाश्वत ज्ञानगुण र अनन्त पुण्यले भरिपूर्ण रहिरहनुहुने सर्वबोध सम्पन्न सर्वपरमात्मा स्वरूप भगवानहरू नै बोधिमार्ग स्थानमा अस्तित्वगत रहनुहुन्छ । यसर्थमा बोधिमार्ग भन्नाले भगवानको परम स्वरूपमा अस्तित्वगत रहनुहुने सर्वसृष्टिकर्ता भगवानलाई सम्बोधन गरिएको हो ।

उहाँ महा सम्बोधि धर्म संघ गुरुज्यूले पनि आफ्नो कैयन् पूर्व जन्म देखिको महा-कठोर धर्म खोज-अनुसन्धानपूर्ण तपस्या र पालनाद्वारा सृष्टिकर्ता बोधिमार्ग दर्शन प्राप्त गर्नुभयो । वर्तमान मानव जगतमा यही बोधिमार्ग दर्शनमा आधारित गुरुमार्ग दर्शनका उच्च नीति-नियम र विधिहरू लोकमा विस्तार भइरहेका छन् ।

त्यसैगरि मैत्रीधर्म भन्ने नामकरण उहाँ गुरुज्यूद्वारा प्राप्त भइसकेपछि यसैको आधारमा धर्मकर्म नीतिविधि र सर्वमैत्री भाव दर्शन गराएर एकअर्कामा दयामाया करुणा, प्रेम, भक्ति, आस्था, सम्मान, समानता, समझदारी र एकता जस्ता विशेष भावतत्त्वको प्राथमिकतामा गुरुमार्ग दर्शन विस्तार भइरहेको छ । त्यसकारण उहाँद्वारा प्रतिपादित सम्पूर्ण परम ज्ञानगुण, उपाय नीतिविधि, परमात्माहरूको पूजापाठ र प्रार्थना आदिको विशाल सङ्ग्रहलाई मैत्रीधर्म संघ भनिएको हो । मैत्री शब्दको भावार्थ अपरम्पार छ । अतः उहाँ धर्म संघ गुरुज्यू स्वयम्ले प्राप्त गर्नुभएको शाश्वत ज्ञान दर्शन र भाव दर्शनको मूल आधारमा उपयुक्त हुनेगरि ‘बोधिमार्ग दर्शन मैत्रीधर्म संघ’ विश्वमानव समुदायको निमित्त विस्तार भइरहेको छ ।

# बोधी श्रवण धर्म संघ

२०६२ साल ज्येष्ठ २ गतेदेखि २०६८ साल जेष्ट २ गतेसम्म निर्जल/निराहार धर्मको महा-कठोर खोज-अनुसन्धान, त्याग र तपस्यामा किञ्चित पनि आत्मा बिचलित नगराइ पूर्ण धर्मनिष्ठाकासाथ परम सर्वमैत्री भावनामा समाधिस्थ हुँदा सत्य मुक्ति र मोक्षको मार्ग बनेर जगत कल्याण हेतु अवतरित भएको धार्मिक संघ स्वरूप हो 'बोधी श्रवण धर्म संघ' ।

'बोधि श्रवण धर्म संघ' एक विसुद्ध धार्मिक गैरसरकारी संस्था, जुन नेपालको संविधान संस्था दर्ता ऐन २०३४ बमोजिम सञ्चालनमा रहँदै आइरहेको छ । यो संस्थाको अस्तित्व अत्यन्तै विशिष्ट दुर्लभ सत्यतथ्य घटनामा आधारित रहेकोले कुनै सर्वसाधारण व्यक्ति विशेष समूहको छलफल र निर्णयद्वारा बनेको होइन । सायद धर्म इतिहासमा विरलै मात्र यस्ता सत्यतथ्यमा आधारित धार्मिक संघसंस्थाको उत्पत्ति हुँदैआएकोमा 'बोधि श्रवण धर्म संघ' पनि एक हो ।

'बोधि श्रवण' अर्थात बोधिमार्ग स्थानमा रहनुहुने समस्त परमात्मा स्वरूप भगवानलाई संबोधन गरिएको हो । अर्थात् सरल भाषामा सर्वधर्म गुरुहरूको सभा भन्ने बुझिन्छ। सोही अन्तर्निहित अवधारणासहित स्थापित वर्तमान धार्मिक संस्थाको नामकरण पनि 'बोधि श्रवण धर्म संघ' रहेको हो । महा सम्बोधि धर्म संघ गुरुज्यूले बारा जिल्ला, रतनपुर र हलखोरियाको घना जंगलमा ६ वर्ष निरन्तर निर्जल/निराहार कठोर तपस्या मार्फत् प्राप्त धर्म ज्ञानगुण, नीति-नियम र विधिविधानलाई विश्वमानव समुदायमा नेतृत्व गराउन 'बोधि श्रवण धर्म संघ' नामक संस्थाको विकास भएको हो । मानव आत्मा उद्धारको लागि प्राप्त ज्ञानगुणलाई आवश्यकतानुसार प्रचारप्रसार गर्नु पहिलो प्राथमिकता हो । जसको लागि सम्पूर्ण धर्म गुरु, शिष्य र संघ भक्तजनहरूको एकरूपतामा संगठित भई सबैलाई मोक्ष मार्गमा डोऱ्याउन धर्म नीति-नियम, मन्त्रजप, तप-ध्यान, पूजापाठ, प्रार्थना विधि र कार्ययोजना व्यवस्थापन तथा कार्यन्वयन आदि सम्बन्धमा विश्वमा

मान्य हुने धार्मिक संस्थाको रूपमा वैधानिकता प्राप्त गराउन अत्यन्त आवश्यक पर्न गएकोले दोस्रो स्थल धार्मिक तपोवन हलखोरियालाई प्रमुख केन्द्र बनाएर मिति वि.स. २०६७, आश्विन १३ गते नेपालको संस्था दर्ता २०३४ ऐनबमोजिम 'बोधि श्रवण धर्म संघ' नामक संस्था पहिलो पटक ललितपुर जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको थियो।

यो धार्मिक संस्थाले निष्पक्ष मानव लगायत पशुप्राणी, वनस्पति र सम्पूर्ण जगतको सुधार/उद्धार तथा मानव आत्मालाई मोक्षलोक प्राप्त गराउन बोधिमार्ग दर्शन मैत्रीधर्म अन्तर्गत गुरुमार्ग दर्शनको नीति-नियम लागु गराउन संघ विस्तार, विश्वशान्ति मैत्रीपूजापाठको आयोजना, अध्यात्म शिक्षादिक्षा, प्रशिक्षण, गुरुभ्रमण, धार्मिक स्थलहरूको निर्माणकार्य व्यवस्थापन, भगवान तथा परमात्मा गुरुहरूको चित्रण, ज्ञानगुणको लेखन र संरक्षण जस्ता महत्वपूर्ण कार्यहरू यही संस्थामार्फत गरिदैलानेछ।

यो एक धार्मिक संस्था जसको कार्यक्षेत्र धार्मिक रूपले अपार रहन्छ। तसर्थ विश्वको हितमा हुनसक्ने सबैखाले धार्मिक कार्य गर्न र गराउन सदा प्रयास गरिरहनेछ। मनुष्य आत्मा र परमात्मा बिचको सुमधुर सम्बन्ध मजबुत कायम गराउन सही/सत्य कर्म नीति अपनाउनमा जोड दिइरहनेछ। एकपछि अर्को प्रत्येक मानव आत्ममा मैत्रीधर्म ज्ञानको प्रकाशले अज्ञानता पापको जडलाई निर्मूल पार्ने कार्य निरन्तर गरिरहनेछ।

स्वर्णिम मैत्रीधर्म युगको प्रभावकारीता संसारमा युगौंयुगसम्म स्थापित बनाइराख्न मैत्रीधर्म लिपी र भाषाको विकास अनि प्रकाशित गराइ सम्पूर्ण शिष्य र संघ भक्तजनमा प्रशिक्षण गराउदै विस्तार गर्दैलाने कार्य पनि यो संस्थाको जिम्मेवारभित्र रहनेछ। यस जगतको हिमालयन पर्वत श्रृखला अन्तर्गत नेपालको बारा जिल्लामा रहेको पवित्र तपोभूमि हलखोरिया, बोधिमार्ग दर्शन मैत्रीधर्मको उत्पत्ति स्थल धार्मिक तपोवनको संरक्षण, सम्बर्धन र विकास कार्यलाई प्राथमिकताकासाथ अघि बढाउदै लानेछ।

संस्थाले गर्ने सम्पूर्ण कार्यहरू सर्वहितार्थमा हुँदैआएकाले विश्वभरका पुण्यवान मानव आत्मा सहजै मैत्रीधर्ममा प्रबेश हुनेक्रम बढ्दो छ। कुनैपनि जाति, धर्म, भाषा, संस्कृतिमा हुर्किबढेका व्यक्ति र परिवारले आफ्नो इच्छानुसार मैत्रीधर्म र गुरुप्रति अपार आदरसम्मान, विश्वासपूर्ण श्रद्धा, भक्ति र आस्थाकासाथ आबद्ध हुनसक्ने छ।

'बोधि श्रवण धर्म संघ' महा सम्बोधि धर्म संघ गुरुज्यूसहित विभिन्न लोकहरूमा विराजमान रहनुहुने बोधिमार्ग, मार्गगुरु र गुरुमार्गका सर्वपरमात्मा तथा भगवानसँग परम सम्बन्धित छन् । त्यसकारण यो बोधि श्रवण धर्म संघमा आवद्ध भएर मैत्रीधर्मको पालनाले सर्वपरमात्मा तथा भगवानको अपार कृपा रहनेहुँदा यहीँ जन्ममा मोक्षको मार्ग सहज प्राप्त छ । मैत्रीधर्मको प्रभावले आत्मशान्तिको अनुभूति, हत्याहिंसा विरुद्ध अन्तर सर्वमैत्री भावपूर्ण विशुद्ध मैत्री आहार तथा व्यवहार जस्ता स्वभावमा सकरात्मक परिवर्तन हुँदैजानेछ। प्रत्येक मैत्रीशिष्य, संघ र भक्त-अनुयायीहरूले विश्वमानव समाजको लागि एक उदाहरणीय मार्ग दर्शक बनेर ज्ञानको ज्योति फैलाउन सर्वमानवलाई प्रोत्साहन गरिरहनेछन्। तसर्थ विश्वशान्ति र आत्मा उद्धार कार्यमा सत्य गुरुमार्ग दर्शन प्रतिपादन गराएर लोकमा सर्वमैत्री भाव फैलाउनु यो संस्थाको प्रमुख कार्यहरू हुन्। 'बोधि श्रवण धर्म संघ' एक विशुद्ध धार्मिक संस्था भएकोले साक्षात परमात्मा स्वरूप अपार पुण्य र ज्ञानगुणको प्रमुख आधारशिलाको रूपमा यो संस्थालाई प्रत्येक मानवले बुझ्न र अपनाउन सक्नेछन्।

# गुरुतत्त्व

गुरुतत्त्व एक शब्दमा मात्र सीमित नभएर यसको भावार्थ आफैंमा अनन्त छन् । जसको वर्णन वा व्याख्या गर्न संसारीक भाषिक शब्द भन्डार पनि अपुरो रहला । तसर्थ गुरुतत्त्वज्ञान कुनै शब्दद्वारा बुझ्नसक्ने नभइ आत्मबोध गर्नुपर्ने एक परम सत्य हो ।

उहाँ धर्म संघ गुरुज्यू भन्नुहुन्छः- “गुरु भावतत्त्वले लोकलोकोत्तरमा रहनुहुने समस्त परमात्मा र लौकिक सर्वगुरुहरूलाई समेट्दछ” । विश्वमानव जगतलाई मैत्रीधर्मको एउटै डोरामा भेदभावरहित एकसमान गुरुतत्त्व शब्दले एकातामा बाध्ने कार्य गरिरहनेछ ।

अध्यात्मता वा धर्म प्रकृतिमा परम विधाता सृष्टिकर्ता भगवान नै सर्वपरमात्मा तथा भगवान, सर्वपरमात्मा तथा भगवान नै सर्वगुरु, सर्वगुरु नै सर्वधर्म, सर्वधर्म नै सर्वलोक, सर्वलोक नै सर्वपरमात्मा तथा भगवान, सर्वात्मा र अनात्मा हुन् । जसमध्य धर्तीलोकमा अस्तित्वगत सर्वविषय तत्त्व धर्म प्रकृति स्वरूप सृष्टि सिद्ध सर्वमानव आत्मा र अनात्मा मूल रहेका हुन्छन् । र, सबैका लागि धर्तीलोक स्वरूपमा स्वयम् परम विधाता सृष्टिकर्ता भगवान महा गुरु स्थित रहनुभएर परम सर्वमैत्री भावपूर्ण उर्जाशक्ति विभिन्न श्रोतमार्फत प्रदान गरिरहनुभएको छ ।

जहाँ जल, वायु, पृथ्वी, सूर्यको प्रकाश, वनस्पति एवम् अन्य कैयौं रूपमा मानवदेखि जलजीवि, थलजीविसम्मलाई आवश्यकतापर्ने सर्वसृष्टि, पालनपोषण, संरक्षण, नियन्त्रण र सञ्चालन कार्यमा गुरुतत्त्वको निःश्वार्थ अनन्त गुण तथा स्वभाव सर्वमा प्रवाह भइरहन्छ । जसरी सूर्यको प्रकाश संसारका लागि अपरिहार्य सर्वप्राणत्त्व एक ‘गुरुतत्त्व’ रूप हो । यसप्रकार सर्वजगत कल्याण र आत्मा उद्धारको लागि सद्धर्म ‘गुरुतत्त्व’ नै एकमात्र धर्म नीतिविधि उपाय र ज्ञानगुणको प्रकाश समान हुन् ।

सर्वशक्ति स्वरूप धर्म प्रकृतिका मूलभूत सर्वतत्त्व गुणको आधारमा परम विधाता सृष्तिकर्ता भगवानहरू धर्म ज्ञानगुण नीतिविधिदेखि लिएर सर्वलोकको सृष्टिकर्ता, नेतृत्वकर्ता, सञ्चालनकर्ता, संरक्षणकर्ता र नियन्त्रणकर्ता हुनुहुन्छ। सर्वात्माको सृष्टिचक्र र कर्मचक्र, कर्मफल र पुण्यफल, सृष्टि र विनाश सर्वकुरा उहाँहरूकै कारण सम्भव भइरहेका हुन्छन्। धर्म एक सर्वलोकको सिद्धान्त र नीति-नियमको केन्द्र अथवा अनन्त धर्म संघ र त्यही संघभित्रको सञ्चालक र कार्यन्वयनको प्रमुख सहायक सृष्टिकर्ता परमात्मा गुरुहरू हुनुहुन्छ।

अध्यात्म जगतमा एक सद्धर्म सिद्ध बोधिमार्ग गुरु, मार्गगुरु र गुरुमार्ग गुरुको महिमा अपरम्पार रहन्छन्। जसरी संसारमा सूर्यको अस्तित्व रहेको हुन्छ। तसर्थ धर्ममा गुरुतत्त्व सूर्य समान, परम सर्वमैत्री भाव, अपार पुण्य, ज्ञानगुणको प्रकाश र तापशक्ति सूर्य झैं तेज रहन्छ। यसप्रकार अनन्त अतुलनीय र अनुपम धर्मका परम सर्व महा-चेतन भावशक्तिको पूर्णतामा रहनुहुने उहाँहरू नै परमात्मा स्वरूप भगवान हुनुहुन्छ। र, उहाँहरूको असीम कृपाको प्रभावले सृष्टिका सर्वविषय तत्त्व अडिएका छन्।

धर्तीलोक अर्थात् महा गुरुलोक जसलाई स्वयम् गुरु भगवानले थामेर राख्नु भएकोछ। त्यसकारण धर्ती नै गुरु स्वरूपमा सर्वप्राणीको पालनपोषण, कर्मफल, पुण्यफल, ज्ञानगुण, सृष्टि र विनाश, जन्म र मृत्यु, सद्धर्मकर्म, मुक्ति-मोक्ष, सर्वविषय तत्त्वको व्यवस्थापन, प्रतिनिधित्व र नेतृत्व जस्ता कार्यमा विशेष अनुकूल सहायता प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रदान गरिरहनुभएको हुन्छ। उहाँ गुरुहरूकै कारण सद्धर्मकर्ममा आवद्ध हुने मानवको लागि संसारमा सुखशान्ति, धर्म पुण्य, ज्ञान र मोक्ष प्राप्त गर्न सम्भव हुन्छ।

अतः धर्म नै गुरु र गुरु नै धर्म, गुरुविना धर्मकर्म निष्कृय छ। जसरी घामविना दिनको अस्तित्व रहन्न, गुरुविना धर्मज्ञानको अस्तित्व सम्भव नै छैन। गुरु ज्योति हो भने उक्त ज्योतिबाट उत्पन्न प्रकाश नै धर्मज्ञान हो। धर्मात्माका लागि गुरु भावतत्त्व नै शील, समाधि, पुण्य, ज्ञान, नियम र विधिविधान बनिरहेका हुन्छन्। र, कुनैपनि धर्मात्मालाई

मोक्ष मार्गमा डोऱ्याउने कार्य गराइरहेको हुन्छ। गुरु एक शान्तिको प्रतिक हुनुहुन्छ। यसकारण धर्तीमा कैयन् धर्म गुरुहरूको अनुसरण गरेर भक्त-अनुयायीहरू मुक्ति-मोक्षको निमित्त लागिपरेका छन्। त्यसकारण धर्तीमा शान्ति, संरक्षण, एकरूपता र मेलमिलाप जस्ता कार्यमा धर्म गुरुको विशेष भूमिका रहन्छ। धर्तीमा गुरु सबैका प्रिय, धर्म प्रेरणाको श्रोत, दयामाया करुणाको खानी र अध्यात्मिक सहयात्री बनि मार्गमा उत्पन्न हुनसक्ने हर विघ्नवाधा हटाउने उपाय प्रदान गरिरहनु हुन्छ।

धर्म मार्गमा कैयौं अवरोध आउन सक्छन्। कुनै शिष्य र संघ भक्तको लागि गुरुको साथ अनिवार्य रहन्छ। गुरुको भर-भरोसाले हामीमा उत्पन्न हुनसक्ने डर मुक्त हुनेछ। आत्मा स्वरूप मानव धेरै दोषहरूले ग्रसित एक बिमार झैं हुन्। जसले गर्दा कुनै न कुनै कारणवश उ पीडित हुन्छ नै। र त आत्मा अशान्ति, काटमार, घमण्ड, लोभ, स्वार्थ, हिंसा, डाहा, ईर्ष्या जस्ता अनेक दुष्कर्ममा फस्नपुग्छ। त्यसपछि उभित्र आत्मिक भ्रम सृजना हुनथाल्छ। फलतः सत्य र असत्यको भेद जान्न असमर्थ हुन्छ। पुण्य ह्रास हुँदैजानाले गुरुधर्मको समीप रहेतापनि धर्मज्ञानको प्रभाव क्षीर्ण हुँदैजान्छ।

यसरी अपार जन्मदेखि भौग्दैआएको कर्मफल तत्त्वलाई जडैदेखिन् समाप्त गर्न सकिन्छ। यो अदृश्य मार हटाउन अनिवार्य धर्म गुरुको कृपा प्रमुख उपाय हुन्। धर्म विधि परमात्मा तन्त्रमन्त्रजप, तप-ध्यान, पूजापाठ र प्रार्थनाद्वारा पुण्य आर्जन गर्नुपर्ने हुन्छ। त्यसकारण एक धर्म गुरुको शरणगमन गरिरहनु महत्वपूर्ण हुन्छ। अतः गुरुविना मानव जगत अन्धकारमय छ। धर्तीमा एक मोक्ष ज्ञानगुण प्राप्त सिद्धगुरुको शरण प्रभावकारी रहन्छ। तर संसारमा सर्वज्ञान प्राप्त सिद्ध गुरुको अवतरण महा दुर्लभ हुनेगर्छ। हजारौं वर्षको अन्तरालमा मात्र मानव जगतले पाउन सम्भव हुन्छ। तर सर्वमानवको सौभाग्यले गर्दाखेरी वर्तमान युगमा पुनः बोधिमार्ग गुरुको रूपमा उहाँ महा सम्बोधि धर्म संघ गुरुलाई प्राप्त गरेकोछ। त्यसकारण उहाँद्वारा प्रतिपादित बोधिमार्ग दर्शन मैत्रीधर्म र उहाँ स्वयम्मा रहने महा सिद्ध गुरुतत्त्को प्रभाव यस धर्तीमा हजारौं वर्षसम्म रहेर आत्माको सुधार/उद्धार गरिरहनेछ।

# धर्मतत्त्व

उहाँ धर्म संघ गुरुज्यू अमृतमय वचन गर्नुहुन्छः- “धर्म मुक्ति-मोक्षको मार्ग प्रदान गर्ने एक दृश्य र अदृश्य सत्यतत्त्व हो । र, सर्वसृष्टिकर्ता परमात्मा स्वरूप भगवानहरू विराजमान रहनुहुने लोक अर्थात सर्वपरमात्मा तथा भगवान भनेको हो । त्यसैगरि धर्मतत्त्वले सर्वलोक देखि अस्तित्वगत सर्वात्मा र सर्वअनात्मा सबैलाई समेटिएको हुन्छ ।”

धर्मतत्त्व नै गुरुतत्त्व र गुरुतत्त्व नै धर्मतत्त्व अर्थात धर्मतत्त्व मार्ग दर्शन, नीति-नियम हुन् भने गुरुतत्त्व यसैको पालनकर्ता र नेतृत्वकर्ता हुन् । धर्मतत्त्व एक अनन्त उर्जाशक्तिको श्रोत हो । जहाँ सृष्टिका सर्व दृश्यम र अदृश्यम विषय तत्त्वमा उपलब्ध छन् । सायद त्यस्तो कुनै विषय तत्त्व छैन, जसमा धर्मतत्त्वको अस्तित्वगत (उभित्र) नरहेको होस् । अतः यो स्पष्ट छ, उक्त शाश्वत सर्वविषयको अस्तित्वगत विशाल श्रोतलाई नै धर्म भन्ने शब्दद्वारा पहिचान गरिएको हो । त्यसकारण सर्वउर्जाशक्ति स्वरूप धर्म प्रकृति सर्वसृष्टिको एकमात्र मूलभूत सिद्धान्त तथा नीति-नियम हो । जहाँ उत्पत्ति अनि विनाश यसैको नियमभित्र सम्भव भइरहन्छ । धर्मको यही परम सिद्धान्त सर्वसृष्टि र विषयवस्तुगतको कार्मिक आधारमा लागु भइरहेको हुन्छ । जसरी मानव आत्माको सन्दर्भमा कर्मानुसारको प्रतिफल जहाँ सकरात्मक र नकरात्मक, पुण्य र पाप, आत्मशान्ति र अशान्ति, आत्ममोक्ष ज्ञान र अधोगति अज्ञान, स्वर्गलोक र मृत्युलोक प्राप्त गर्न सम्भव हुनेगर्दछ ।

धर्म प्रकृतिमा अस्तित्वतग अवस्थामा रहने सर्वसृष्टि मध्ये विशेष गरेर स्वर्गलोकमा विराजमान सर्वसृष्टिकर्ता भगवानदेखि परमात्मा र समस्त मोक्षरूपी देवदेवी, मुक्ति-मोक्ष नभएर विभिन्न लोकमा भौतारिएका सर्वात्मा र धर्तीलोकमा सृष्टि सिद्ध प्रकृति मूल सह-सहायक जल, वायु, ढुङ्गामाटो, सूर्य प्रकाश र वनस्पतिदेखि जन्ममृत्यु प्राप्त समस्त आत्मा स्वरूप मानव समेत हुन् । यस धर्तीलोकमा जन्म सिद्ध हुने मानवलाई त्यो सौभाग्य प्राप्त छ । जसले राम्रो धर्मकर्म गरेर मोक्षलोक

प्राप्त गर्न सकिन्छ । परमात्मा गुरुहरूले पनि आवश्यकतानुसार धर्तीलोकमा सर्वप्राणी उद्धार हेतु धर्म नीतिविधि स्थापना गर्न र गराउन समय अन्तरालमा जन्म सिद्ध गर्नुहुन्छ।

मैत्रीधर्म यिनै अनन्त महा सुखशान्ति र शाश्वत मोक्षरूपी तत्त्वज्ञानगुण आदि पक्षको नेतृत्व गर्ने एक विशाल धर्म संघ हो । जसको नेतृत्वकर्ता स्वयम् महा सम्बोधि धर्म संघ गुरुज्यू हुनुहुन्छ। विश्वमा एकपछि अर्को गर्दै मानव आत्माको उद्धार गर्ने विशेष कार्य गर्दै अगाडि बढ्नेछ।

- धर्मको कार्य त्यो हुनसक्दैन, जहाँ दोषयुक्त तत्त्वहरूको बढवा गराओस् । धर्म मात्र त्यो हो, जसले कुशल कर्ममा प्रोत्साहन गराइ मोक्षको मार्गमा डोऱ्याउन सकोस् । अनि धर्मको कार्य त्योपनि हुनसक्दैन, जहाँ भेदभाव, मतभेद, आरोप प्रत्यारोप, हत्याहिंसा र बादविबाद जस्ता पक्ष र विपक्ष उत्पन्न गराओस् ।
- धर्म मात्र त्यो हो, जहाँ सर्वमैत्री भावपूर्ण सद्भाव, प्रेम, समानता, मेलमिलाप, समझदारी, ईज्जत र सम्मान जस्ता पक्षको मात्र मार्ग दर्शन अपनाइएको होस्।
- धर्मको कार्य त्यो हुनसक्दैन, जहाँ संसार नष्ट हुने परमात्मा धर्मनीति विपरीत सिद्धान्तलाई अपनाउदछ । धर्मले मात्र सम्मानपूर्ण सदा परमात्मा धर्ममा आधारित मार्ग दर्शनलाई अपनाएको हुन्छ।
- धर्मको कार्य त्यो हुनसक्दैन, जहाँ शब्द जालको व्याख्या, तर्कद्वारा प्रमाणित गर्ने, अनुमान र कल्पनाको आधारमा मनगढन्ते मार्ग दर्शन गराउछ। स्वार्थवश तन्त्रमन्त्र, कुलप्रथा र संसारिक देवदेवी भोग पूजा आदि जस्ता विधि अपनाइ आत्मालाई भुलाइराख्दछ । धर्म त्यो हो, जसले मात्र सर्वमैत्री भावपूर्ण अस्तित्वगत वर्तमान सत्य अवस्थालाई मात्र समेटि प्रत्यक्ष परमात्मासँगको सम्बन्धमा रहेर सत्यताको खोज, नियमको पालना, विश्वशान्तिको सन्देश, आत्ममोक्षको ज्ञानगुण र विधि प्रदान गरेको हुन्छ।

# सर्वमैत्री भावतत्त्व

समान्यतः 'मैत्री' शब्दले मित्रता भन्ने बुझाउँछ। तर धर्ममा यसको विशेष अर्थ रहेको हुन्छ। मैत्री शब्दद्वारा वर्तमान धर्मको नामकरण गरिएको भएतापनि धर्मको मूल भाव दर्शनलाई प्रतिनिधित्व गराउने प्रमुख शब्द पनि 'मैत्री' रहेकोछ। मैत्री शब्द जसको भावार्थ धार्मिकता झल्काउने सबैखाले शब्दसँग सजिलै घुलमेल, तालमेल र सुहाउँने हुँदा मैत्रीधर्मको सम्पूर्ण चेतना भाव दर्शनलाई पनि एकमुष्ट समष्टिगत एकरूपतामा लोकसामु बुझाउँनको लागि सहजीकरण होस भनेर सर्वमैत्री भावद्वारा नामकरण भई सम्बोधन गरिदैआएको हो । जस अन्तर्गत दयामाया, करुणा, प्रेम, अनुकम्पा, स्नेह, श्रद्धा, भक्ति, विश्वास, आस्था, सम्मान, समझदारी, सहयोग, परोपकार, सत्कार, समन्वयन, सहनशील, एकता, शान्ति, अहिंसा, सहिष्णुता, सद्भाव, मिलनसार एवम् सम्यक दृष्टि जस्ता अन्य कैयन् भाव दर्शनहरू रहेका हुन्छन्। यसको ठिक विपरीत भावार्थ बुझाउँने शब्द अमैत्री भाव दर्शन रहेकोले जतिपनि हत्याहिंसा, अहङ्कार, क्रोध, लोभ, मोह, भेदभाव, दमन आदि अमैत्री भाव दर्शन व्यक्त गर्ने सम्पूर्ण चेतन भावहरूको एकमुष्ट समूहलाई सर्वअमैत्री भाव दर्शन भनिन्छ।

अर्थात मैत्रीधर्मका सम्पूर्ण परम महा-चेतन भावशक्तिले युक्त तत्त्वज्ञानको एकता वा एकीकृत भाव दर्शाउन प्रयोग भएको शब्द नै 'सर्वमैत्री भाव' हो । तसर्थ सद्धर्म मात्र त्यो हुनसक्छ जहाँ सर्वमैत्री भावनाले युक्त रहेकोहोस् । संसारमा सम्पूर्ण धर्मात्मा संघ र भक्त-अनुयायीले यही सर्वमैत्री भाव अपनाएर आत्मिक मन, बुद्धि, ज्ञान र भावात्मक बिचमा अन्तर सर्वमैत्री भाव विकास गरि चित्त शुद्धीकरण गरिरहेमा यही जीवनकालमा मुक्ति-मोक्ष प्राप्त हुनेछ । त्यसकारण त्रुटिरहित सर्वमैत्री भावना आत्मीय सर्वचेतन भावशक्तिमा उत्पन्न नगरेसम्म जतिसुकै कठोर जप र तप-ध्यान गरेतापनि भगवान कृपा र धर्मका सात्त्विक तत्त्वज्ञान पाउन असम्भव छ।

धर्मका विशिष्ट सर्वभावात्मक तत्त्वज्ञानहरू यसै सर्वमैत्री भाव भित्र उपलब्ध छन् । जसलाई प्राप्त गर्न पहिलो प्राथमिकता सद्धर्म गुरुको शरणगमन, सेवासत्कार, अपार आदरसम्मान, विश्वासपूर्ण श्रद्धा, भक्ति र आस्थाले सम्पूर्ण जीवन गुरुमार्ग गुरु साधनामा समर्पित गर्न सक्नुपर्दछ । र, दोस्रोमा मैत्रीधर्मको नीति-नियमको पालना अनिवार्य रहन्छ । जीवनमा सर्वमैत्री भावनाको अभ्यास गर्नु भनेको बोधिमार्ग दर्शन मैत्रीधर्ममा आधारित गुरुमार्ग गुरु भाव दर्शन अन्तर्गत पर्ने ज्ञानगुण र नीति-नियमको सागरमा डुबुल्की मार्दै अपार पुण्यको सञ्चित र परमात्मा तथा भगवानहरूको कृपा प्राप्त गर्न सम्मानपूर्वक आभार व्यक्त गर्ने प्रभावकारी उपायहरू हुन् । अथवा मानवले मैत्रीधर्मको अमृतमय परम चेतन भावतत्त्वज्ञान सेवन गर्दै सहज आत्ममोक्ष प्राप्त गर्नसक्ने एकमात्र सर्वश्रेष्ठ प्रकृया हो । यही जन्ममा पनि सर्वमैत्री भावनाको प्रभावले गर्दा सजिलै एकाग्र चित्त सर्वगुरु भगवानको जप र तप-ध्यान गर्न सकिन्छ । मैत्रीधर्ममा सबैभन्दा श्रेष्ठ र प्रभावशाली कर्मविधि सर्वमैत्री भाव दर्शन हो ।

संसारमा दैनिकी जीवनमा अपनाउने सम्पूर्ण ‘पूर्ण अध्यात्मिक कर्म’ र ‘भौतिक अध्यात्मिक कर्म’ मध्य जुनसुकै कार्मिक अवस्था अपनाइएतापनि सर्वमैत्री भावयुक्त भएर कर्म गर्नसकेमा यो जीवन सुखमय व्यतीत हुनेछ । जीवनमा अपार पुण्य सञ्चित भइरहनाले कल्पौंकल्प देखिको पाप पनि छिटो नष्ट हुँदैजान्छ । तर मनले सोचेझैं सर्वमैत्री भावना उत्पन्न गर्न सहज छैन । यसको लागि दैनिकी अभ्यास गरिरहन अति आवश्यक हुन्छ । किनकि विविध कारणले मानवको आत्मिक चेतन भावनामा हरपल हलचल र परिवर्तन भइरहन्छ । अतः अभ्यास बजबुत हुननसके कहाँ पुगेर आत्मा भाव चुक्नपुग्छ त्यसको कुनै निश्चित छैन । त्यसकारणले पनि धर्म साधकहरू एकान्त स्थानमा रहेर कठोर अभ्यास गर्दै पूरा जीवन बिताउने प्रयत्न गरिरहेका हुन्छन् । यही विधि एकमात्र श्रेष्ठ उपाय हो । तर सर्वमानवले आफ्नो सारा जीवन एकान्त बास बिताउने सौभाग्य कहाँ प्राप्त गर्न सक्छन् ? यदि प्राप्त भइहालेछ भनेपनि त्यसलाई अपनाउन महा-कठिन हुन्छ । तैपनि सर्वसाधारणकै जीवनमा ‘भौतिक अध्यात्मिक कर्म’ विधि अपनाउदै

बाँचुन्जेलसम्म गुरुमार्ग गुरुको शरणमा रहेर धेरथोर गर्दै सर्वमैत्री भाव दर्शनको अभ्यास र पालना गर्न सकिन्छ। सर्वप्राणीको दुःखलाई बुझ्ने प्रयास तथा सर्वात्मा उद्धारको लागि दैनिकी परमात्माको मन्त्रजप, तप-ध्यान, पूजापाठ र प्रार्थना साथै आफूले गर्ने सबै कर्म विश्व जगत हितमा समर्पित भाव लिएमा यही जन्ममा सुखलोकको उच्चस्थान पाउने निश्चित छ।

# मुक्ति–मोक्ष

सामान्यतः मुक्ति भन्नाले कुनैपनि विषय बन्धन वा अवस्थाबाट छुटकारा पाउनु भन्ने बुझिन्छ। मैत्रीधर्ममा पनि सांसारिक सर्वविषयवस्तुगत अवस्थाबाट आत्माले सदाको लागि छुटकारा पाउनुलाई मुक्ति भएको मान्छौं । सर्वबन्धन मुक्त संगै उक्त आत्ममा मोक्षको लागि परम चेतन भाव, ज्ञान र पुण्य पर्याप्त सिद्ध हुनु आत्माको एक पूर्णतः अवस्था हो। जहाँ आत्माले मुक्ति-मोक्ष प्राप्त गर्नु भनेको शाश्वत अन्तर सर्वमैत्री भावपूर्ण सम्बन्ध स्थापित भइरहनु हो। र, उहाँ सृष्टिकर्ता बोधिमार्ग, मार्गगुरु र गुरुमार्ग स्थानमा विराजमान रहनुहुने परमात्माहरूको साक्षात्कार र कृपादृष्टिको लाभ प्राप्त भइसकेको हुन्छ । त्यसकारण आत्माले मुक्तिको साथमा मोक्ष पनि प्राप्त हुन अति आवश्यक छ।

उक्त दुर्लभ अवस्था कुनैपनि आत्माले तबमात्र पाउन सक्छ, जब जीवनभर सद्धर्म गुरुको अनुसरण गरि सद्धर्म मार्गको पालना गरेको हुन्छ। संसारिक जन्म र मरणको कर्मचक्रबाट पार भइसकेको अस्तित्वगत अवस्थालाई आत्माले मुक्ति-मोक्ष भएको मान्न सकिन्छ।

# दुर्लभ मनुष्य जीवन

दुर्लभ मनुष्य जीवन विभिन्न धेरै गुण/स्वभावले युक्त रहन्छन् । यस सम्बन्धमा धेरथोर जानकारी हुन अति आवश्यक छ। अतः यस विषयमा केही बुझ्ने प्रयास गरौं । सर्वउर्जाशक्ति स्वरूप धर्म प्रकृतिको मूलभूत सहायतामा परम विधाता सृष्टिकर्ता भगवान स्वयम् मूल सहायकको रूपमा रहनुभएर अध्यात्म उच्च-चेतन भावात्मक शक्तिले युक्त दुर्लभ आत्मा स्वरूप मानव जातिको सृष्टि सिद्ध गर्नुभयो । त्यहीकारण सर्वमानव जाति परम विधाता सृष्टिकर्ता भगवानको एक प्रमुख वरदान स्वरूप हुन् । सर्वमानव आत्माले यस धर्तीलोकमा धेरै पटक जन्म सिद्ध प्राप्त गरिसकेका छन् । आफ्नो राम्रो कर्मद्वारा सञ्चित पुण्य र भगवानको असीम कृपा लाभको फलस्वरूप संसारमा पटक पटक मानव जुनी प्राप्त भएर पुनः कर्म गर्न दुर्लभ अवसर जुरेको हो ।

अध्यात्म दृष्टिकोणमा उच्च-चेतन आत्मा स्वरूप मनुष्य जाति धर्तीलोककै एक अभिन्न अंश हुन् । जसरी आमाको गर्भमा शिशुको वृद्धि विकासक्रममा एकअर्का बिच अभिन्न अंङ्गको रूपमा रहेको हुन्छ । पृथ्वी लोकमा मानव एक सृष्टिचक्र र कर्मचक्रको आधार, अस्तित्वगत पहिचान, कान्ति तथा शोभा प्रदाता र सन्तति हुन् । अर्थात मानव जीवन धर्मकर्मको प्रमुख माध्यम जसको सहायतामा आत्माले सद्धर्मकर्म गरेर मोक्ष प्राप्त गर्न सक्दछ । अतः मानव जुनी पाउनुको एकमात्र उद्देश्य पुनः धर्मकर्मद्वारा जन्ममरणको कर्मचक्रबाट सदा मुक्त हुनको लागि हो ।

एक सम्पन्न मानव जुनी प्राप्त हुन धर्म प्रकिृतिका सर्वउर्जाशक्ति चेतन स्वरूप भावात्मक अन्तर्गत पर्ने आत्मिक कर्मफल, गुण तथा स्वभावको अस्तित्वगत अवस्था अनिवार्य उच्च-चेतन भावशक्तिको स्तरमा रहेको हुनुपर्दछ । जहाँ उच्च-चेतन भावशक्तिको स्तरमा पनि आत्ममा अस्तित्वगत रहनसक्ने विभिन्न गुण/स्वभाव वा कर्मफलको आधारमा धर्तीलोकमा मानव आत्माले कुनैपनि मानव जन्मको अवस्था प्राप्त गर्न सम्भव हुन्छ । यसप्रकार मानव लोकमा आफूले

गरेका कर्मअनुसारको फल पुनः भोग्नुपर्ने र नवीनतम कर्म गरेर जन्ममरणको कर्मचक्रबाट मुक्त हुने अथवा अनन्त दुःखमै भौतारिरहने, यी दुई प्रमुख विषयहरूका निर्णय गर्नसक्ने हुँदा बल्लतल्ल हामीले पाएको मानव जीवन महा दुर्लभ भएको सिद्ध हुन्छ । किनकि सर्वमानवले यहीँ जीवनमा सुख र दुःखको भोगाइ तथा अनुभूति र कर्मअनुसारको आत्मीय स्वभाव वा कर्मफल प्राप्त गर्नेछन् ।

यथार्थतः यो धर्तीमा मानव जीवनको अवस्था प्राप्त गर्नु भनेकै सुख र दुःखको भोगाइ, परमात्मा धर्मकर्मको सिकाइ, बुझाई र अनुभव गराइने एक प्रकृया हो । धर्म प्रकृतिको यो अनन्त सृष्टिचक्र र कर्मचक्रमा आत्मा स्वरूप मानव जीवनको महत्व र सत्यता बोध गर्नसके कुशल धर्मकर्म गर्नमा अत्याधिक ईच्छाशक्ति प्राप्त हुनेछ । यसर्थ यहीँ मानव लोकबाट परम धर्म पुण्य र ज्ञानगुण, सर्वलोकको सृष्टि, सर्वपरमात्मा तथा भगवान, सर्वात्मा र अनात्माको विस्तार सम्भव भएको छ । तथापि मानव लोकबाट अनगिन्ती सृष्टिकर्ता बोधिमार्ग, मार्गगुरु र गुरुमार्ग अन्तर्गतका सर्वपरमात्मा र देवदेवी आदिको सृष्टि हुँदैआएको र सृष्टि हुनेक्रम अनन्त चलि नै रहनेछ । यसबाट यो सिद्ध हुन्छ, धर्तीलोकमा मानव जीवनको महत्व अपार रहन्छ । धर्तीलोकको प्रमुख विशेषता नै जोजसले जति सद्धर्मकर्म गर्दछ, त्यही अनुपातमा पुण्यफल र कर्मफल अथवा स्वभाव प्राप्त गर्न सक्दछ । र, यहाँ एक मानवले अन्य अनगिन्ती मानवको पनि सुधार/उद्धार गर्नसक्ने परम सौभाग्य प्राप्त हुन्छ ।

वर्तमान मानव जीवनको स्थिति यतिधेरै व्यस्तता रहन्छ कि अत्याधुनिक भौतिक विषयवस्तु र कामकार्यका रूपहरू धेरै प्रकारका रहनेभएकाले त्यसैका वरिपरि मात्र भुलाइरहन्छन् । अर्थात जीवनमा अपनाइने पारिवारिक, इष्टमित्र, साथीभाइसँगको सम्बन्ध, आर्थिक आर्जन, धनसम्पत्तिको व्यवस्थापन, राजनीति, सामाजिक परोपकार, नोकरचारक, सेवासत्कार, विज्ञान प्रविधि तथा खोज-अनुसन्धान, द्वन्द्व, युद्धनीति, मनोरञ्जन र व्यापार-व्यवसाय जस्ता विषयहरूलाई पहिलो प्राथमिकतामा राखेर जीवन व्यतीत भइरहेका हुन्छन् । यी सबै कामकार्यको विशेष प्रयोजन भनेकै यशआराम, सुखसुविधा, नामकाम र दाम हुन् । यसमध्य मानवले

कुनैपनि अवस्था प्राप्त गर्न भरपूर प्रयत्न गर्छन् । भौतिक यी कर्महरूमा मानवीय आत्मिक स्वभावको यतिधेरै झुकाव रहन्छ। जसको कारण अध्यात्म चिन्तनमनन र खोज-अनुसन्धान गर्न असमर्थ हुनजान्छ। यदि धर्मकर्म नै गर्न चाहेपनि उचित समय जुटाउन सकिरहेका हुँदैनन् ।

मानव जीवनमा प्राप्त हुनसक्ने कर्मफल स्वभाव भनेकै कि पुण्य र कि पाप मात्र हुन् । राम्रो कर्मको प्रतिफल पुण्य र नराम्रो कर्मको प्रतिफल पाप अनि यसैको आधारमा निर्धारित हुनेगर्छ परम सुख र दुःख, स्वर्ग र नरक जहाँ कर्मअनुसारको कर्मफल स्वभाव सिद्ध हुँदैजान्छ। भौतिक कर्मको आधारमा हेर्दा मानवले प्राप्त गर्नसक्ने अवस्थाहरू एकसमानता छैनन् । जस्तो कोही भौतिक सर्वसम्पन्न भएरपनि धेरै दुःखी त कोही थोरै हुँदापनि धेरै सुखि, यसको अर्थ भौतिक विषयवस्तुमा वास्तविक स्थिर सुख पाउन सक्दैन। यस्तै अन्य सुख र दुःखका कैयन् अवस्थाहरू उपस्थित छन् ।

मानवले पाउनसक्ने कार्मिक अवस्था जेजस्तो भएतापनि धर्मकर्मको स्वभाव उत्पन्न हुनसके महान् नै सिद्ध हुन्छ। पृथ्वी लोकमा आफूले के, कस्तो अवस्था प्राप्त गरे भन्दापनि मैले सही धर्मकर्म गरे कि गरेन (?) यो महत्वपूर्ण विषय हो। यो सत्य छ, हामी थोरै आनन्दको निमित्त धेरै प्रयत्न गरिरहेका हुन्छौं। यहाँ हामी शारीरिक सुख केन्द्रित मात्र भइरह्यौं। तर वास्तविक आत्मिक सुख केन्द्रित हुन जानेनौं। अर्थात मानव जीवनमा दुई प्रकारका सुख अस्तित्वगत रहनेमा एक आत्मीय शाश्वत आनन्द र दोस्रो शारीरिक क्षणभङ्गुर आनन्द हुन् । शाश्वत आनन्द अध्यात्म ज्ञानगुण र पुण्यको कारण प्राप्त छ। र, दोस्रो भौतिक विषयवस्तुसँग सम्बन्धित छ। यी दुबैका एकसमान विशेषता भनेकै सर्वविषय तत्त्व प्रशस्त हुनुसँग सम्बन्धित छ। क्षणिक आनन्दको निमित्त हामीले खोजे, रोजे र चाहे जस्तो पाइरहन वा उपलब्ध हुनसके जीवन सुख भइरहनसक्छ। तर सर्वमानवको लागि यो सम्भव हुनसक्दैन। यही जीवनको क्षणिक आनन्दप्रतिको मोहले गर्दा आत्मिक शाश्वत आनन्दलाई बुझ्ने प्रयास हुनसकेन। यो आत्मीय शाश्वत आनन्द भौतिक विषय

तत्त्वसँग सम्बन्धि नभएर पूर्ण अध्यात्मिक कर्मफल स्वभाव, ज्ञानगुण र अपार पुण्यफलसँग मात्र सम्बन्धित छ । जतिजति मानव आत्माको धर्म चेतना शक्तिको स्तरमा विस्तार हुँदैजान्छ, त्यत्तिनै मात्रमा शाश्वत आत्मशान्ति र आनन्द प्राप्त छ । यही विषयलाई बोध गरेर जीवनमा सही कर्म गर्नसके पक्कै हाम्रो खोज-अनुसन्धान व्यर्थ हुनेछैन । अध्यात्म चेतनाको कमिले वर्तमान मानव जगतमा आनन्द केन्द्रित खोज अपूर्णतामा खुम्चिदै गयो । त्यसकारण भौतिक विषयमा सुख खोज गर्नेहरूको मनोदशा अपूर्णतामा पूर्णताको आशा गर्नु, मरुस्थलमा सहज जलको कामना राख्नु समान हुनपुग्यो ।

मानव लोक सुख र दुःखको एकमात्र महा संगम हो । अर्थात परम विधाता सृष्टिकर्ता भगवानद्वारा रचित कैयौं प्रकृति मूल सह-सहायक जल, वायु, ढुङ्गामाटो, सूर्य प्रकाश र वनस्पति जस्ता तत्त्वहरू जसको कारण सर्वसृष्टिचक्र सम्भव भइरहेका हुन्छन् । भगवानको यही अद्‌भुत सृष्टि अन्तर्गत आत्मा स्वरूप मानव पनि एक श्रेष्ट रूप भएकाले यस लोकमा परमात्मा गुरुहरूको अनुकम्पा र प्रेरणाले गर्दा धर्म चेतना, शिक्षादिक्षा, नीति, धर्म सङ्घर्ष र सावधानीपूर्वक सद्‌धर्ममा गुनेर, सुनेर, हेरेर, जाँचेर अनि बुझेर रहस्यमय धर्म प्रकृति बोधको लागि धर्म सङ्कल्प, आत्मशान्ति र आत्मबल प्राप्त गर्न सकिरहेको हुन्छ ।

संसारमा जेजति उत्पन्न भइरहेका विभिन्न राम्रा र नराम्रा कामकार्यहरूमा लोकको सुधार/उद्धार देखि लिएर प्रकृति विनाशसम्मको जिम्मेवारी मानव आफैं हुन् । मनुष्यले भौतिक श्रोत साधनद्वारा अधिक सुखसुविधा पाउने अभिलाषाकासाथ उचित र अनुचित, सही र गलत परिणामको पहिचान भन्दापनि के, कसरी हुन्छ आफ्नो स्वार्थ केन्द्रित लाभ उठाउनतिर लागिपरेकोले परिणामतः अविवेकपूर्ण व्यवहार बढेर सद्‌धर्मकर्म गर्न असमर्थ हुनपुग्छ ।

मानव जीवन पाएरपनि धर्म गुरुको साक्षात्कार वा परमात्मा धर्म प्राप्त गर्न नसके यो जन्मको अर्थ के नै हुनसक्थ्यो र ? मानव जुनी पाउन जति दुर्लभ छ, त्यो

भन्दापनि महा दुर्लभ एक सद्गुरु र धर्मलाई बुझेर, गुनेर सत्य पहिचान गर्नुमा हुँनेरहेछ । फेरि गुरु र धर्म पाएरपनि शील नियमको सही पालना हुन नसके जन्ममरणको चक्रबाट मुक्ति-मोक्ष असम्भव छ ।

धर्तीलोकमा सद्गुरु धर्मको अनुसरण गर्न नपाएर एक सामान्य जीवन व्यतीत गरिरहेका अधिकांश मानवले आफ्नो दैनिकी जीवनमा जान-अजान सर्वमैत्री भावयुक्त निःश्वार्थ भाव भौतिक कर्म अपनाउनसके मात्रपनि यसको प्रभावले जीवन सार्थक सिद्ध हुनेछ । धर्मकर्म नभएपनि सारा जीवन दोस्रोको सेवासत्कार, सुधार/उद्धार, परोपकारी, दयामाया करुणा र अहिंसा जस्ता कुशल कर्म गरेको प्रतिफल पनि महान् नै सिद्ध हुन्छ । संसारमा रहने यस्ताखाले मनुष्यहरूले जीवनमा विशेष प्रकारको सन्यासी रूप, आधिकारिक संघ र भक्त-अनुयायीको रूप धारण गर्न नपाएपनि बरु भौतिक सत्कर्म गरेर जीवन बिताउनु सर्वदा उचित हुन्छ । कमसेकम दुर्लभ मानव जीवनको त सदुपयोग हुन पाइयो ।

दुर्लभ मनुष्य जुनि क्षणभङ्गुर छ । कुन समय, कहाँ र कसरी जीवनको अन्त्य हुनसक्छ निश्चित हुँदैन । एकबार पाएको अवसरलाई व्यर्थ गुमाए यो भन्दा ठूलो क्षति अरू के हुनसक्छ ? किनकि पुनः मानव देह पाउन सक्छ भन्ने सम्भव छैन । त्यसकारण धर्मात्मा ज्ञानीजनहरू यही सत्यतालाई जानेर चिन्तनमनन गर्दै पूरा जीवन धर्म पुण्य, ज्ञानगुण र भगवानको कृपा पाउन संघर्ष गर्छन् । मानव जीवन पाउनुमा गर्भकासाथ आत्मसुखको अनुभूति गर्छन् । ती महान् धर्मात्माहरूका लागि यो संसार वास्तवमै सुखदायीपूर्ण छ ।

अतः यो लोक एकमात्र धर्म अभ्यास गर्नको लागि उपयुक्त स्थान हो । पूर्ववत् सम्पूर्ण महान् तपस्वी, ध्यानी र ज्ञानी महा-सिद्ध गुरुहरूले पनि यहीँ धरातलमा सर्वज्ञानगुणको खोज गर्नुभएको थियो । त्यसकारण मानवको जीवन अत्यन्त दुर्लभ र महान् छ ।

# पुण्यतत्त्व

कर्मको विषयमा थप विस्तृत जानकारी लिनु भन्दा पहिले पुण्यको विषयमा बुझ्ने प्रयास गरौं । सामान्यतः राम्रो कर्म गरे बापत प्राप्त प्रतिफलको प्रमुख श्रोत पुण्य हो । जुन दृश्य र अदृश्य रूपमा उपलब्ध हुन सक्छन् । मानव देह पनि पुण्यको एक दृश्य श्रोत हो । र, यही शरीरसँग सम्बन्धित सम्पूर्ण कार्मिक सुखशान्ति, रूपरङ, आयु, ज्ञान र बुद्धि विवेक आदि पनि पुण्यकै श्रोतहरू हुन् । पुण्य नै धर्मको समानार्थक अर्थ बुझाउँने शब्द भएकोले (पुण्यतत्त्व) भनेको अनन्त शाश्वत सुखशान्ति, परम ज्ञानगुण र सर्वमैत्री भाव भन्ने हुन्छ । यहाँ मानवले सहज बुझ्न र बुझाउँनको निमित्त मैत्रीधर्ममा विशेष पुण्य शब्दलाई जोड दिदैआएको हो । कर्मअनुसार पुण्यको स्तरमा परिवर्तन भइरहन्छ । पुण्यफलको ठिक विपरित पाप फल हो । फेरि पुण्य भनेको आत्माको कर्मफल (गुण/स्वभाव) पनि हुन्छ ।

सर्वमानव आत्माको आ-आफ्नो स्तरको पुण्यफल अस्तित्वगत रहन्छन् । त्यहीअनुसार मानवले आफ्नो जन्म, स्थान, धर्मकर्म, रूपरङ, मन, बुद्धि र ज्ञान जस्ता कैयन् कार्मिक अवस्था र स्वभावहरू प्राप्त हुनेगर्छन् । के, कुन र कस्तो प्रकारको स्वभाव मानवले प्राप्त गर्छ ? यो सोही आत्माले आर्जन गरेको पुण्यफलमा आधारित रहन्छ । अध्यात्म प्रधानतामा आधारित पुण्यफल प्राप्त मानव स्वभावैले गुरु धर्मप्रति आकृष्ट हुने सम्भावना अधिक रहन्छ । किनकि धर्मात्माको गुण अधिक रहनेहुँदा धर्मको खोज र सत्कर्म गर्नमा रुचि स्वतः उत्पन्न भइरहने हुन्छ । मनौं कि संसारमा कुनै मानव आत्मामा रहने पुण्यफल नै उक्त मानवको लागि सर्वेसर्वा हो । जसभित्र मानवीय सुखशान्ति, आनन्द, सम्पन्नता, सुन्दरता, दीर्घायु, समृद्ध, प्रतिष्ठा र सम्मान जस्ता कैयौं स्थितिहरूमा पुण्यफलको प्रभाव परिरहेको हुन्छ ।

आत्ममोक्ष नभएसम्म मानवले पुण्यफलको साथै पापफलको प्रभाव पनि भोग्नैपर्ने हुन्छ । जसमध्ये आत्मा अशान्ति, जीवन अल्पायु, निर्धनता, रोगी, तिरस्कृत, कुरूप

र कुख्याति जस्ता विशेषताहरूले मानव जीवनमा प्रभावित पार्न सक्छन्। त्यसैगरि कतिपय अवस्थामा विभिन्न प्रकारका दुःखदपूर्ण सङ्कट अचानक निम्तने गर्छ। वास्तवमा यस्ता अचानक हुनसक्ने सङ्कटबाट जोगाउने तत्त्व भनेकै आफूले आर्जन गरिराखेको पुण्यफल मात्र हो।

सर्वविषय प्राप्त भएरपनि अझ बढि चाहना राख्ने मानव जातिको स्वभाव नै हो। दैनिकी परमात्माहरूको पूजापाठ र प्रार्थना गर्दा केवल भौतिक विषयवस्तुगत कामकार्य र क्षणिक लाभको आशा राख्नु बिल्कुलै गलत कर्म हुनजान्छ। किनकि अस्तित्वहीन विषयको उपलब्धि वा परिणाम अन्तमा अस्तित्वहीन नै हुनपुग्छ। यसप्रकारको आशा लिएर हामीले आफ्नो गुरु धर्म र आफूले प्राप्त परमात्मा गुरुको सेवाढोग ध्यान, स्तुति, जप र तप-ध्यान गरेका होइनौं। आफू लगायत सर्वात्माको उद्धार होस भनेर अपेक्षा राख्दै धर्मात्मा उत्पन्न गराइ सर्वपरमात्मा गुरुहरूमा नम्रतापूर्ण बिन्ती प्रार्थना गर्ने हो। जीवनमा यतिमात्र विषयलाई लिएर कर्म गर्नसके धर्मको लागि अन्य प्रयत्न गर्न आवश्यक रहन्न। तर दुःख लाग्दो संसारमा अधिकांश धर्म अनुयायी आफ्नो व्यक्तितग स्वार्थ निहित इच्छा, आकाङ्क्षा र मनोकामना पूर्ति गर्न धर्मकर्म गरिरहेका देखिन्छन्। वास्तवमा भगवानहरूले संसारमा मानवलाई आवश्यक सर्वविषयले भरिपूर्ण गराइदिनु भएकै छन्।

विनाकारण कुनैपनि सृष्टि तत्त्व अस्तित्वमा रहेकाछैनन्। जसरी धर्म प्रकृति अस्तित्वको कारण परम विधाता सृष्टिकर्ता भगवानको अस्तित्व रहिरहनु हो। सृष्टिकर्ता भगवानको कारण सर्वसृष्टिकर्ता परमात्मा, आत्मा, अनात्मा र लोकहरूको अस्तित्वगत रहिरहनु हो। यसप्रकार धर्म सृष्टिको अनादि समय/कालदेखि अनन्त काल सर्वविषय तत्त्व एकअर्कामा अन्तर सम्बन्धित भएर चलिरहने छन्।

पृथ्वी गर्भमा हाम्रो जीवन आमाको गर्भमा भन्दा फरक हुन्न। प्रारम्भमा हामी आमाको गर्भमा नौं महिना रह्यौं। जतिखेर हामीलाई न अस्तित्वगत गर्भको ज्ञान

हुनसक्थ्यो न संसारको नै । अब हामी दोस्रो चरण, संसार गर्भमा प्रबेश गरेका छौं । यो अवस्थामा हामीलाई संसार सम्बन्धको वस्तुगत ज्ञान भएकैछ। लौकिक ज्ञान प्रत्यक्ष र अप्रत्यक्ष अनुभवद्वारा जान्न र बुझ्नसक्ने भयौं । तर पारलौकिक सम्बन्धमा प्रत्यक्ष ज्ञान हुनसकेका छैनौं । अब हामी पारलौकिक तेस्रो गर्भ अर्थात मोक्ष लोकमा प्रवेश हुने या नहुँने भन्नेमा यो जन्मको कर्मफलले तय गराउदैजाने हो । त्यसकारण यो संसार गर्भ हरेक मानवको लागि सबैभन्दा महत्वपूर्ण क्षण हो । र, यो क्षणमा हामी सिद्ध महान् धर्म संघ गुरुज्यूको समीपमा छौं । हाम्रा एक सानो प्रयासले उहाँको अपार कृपा लाभ भई शाश्वत चिरस्थायी मोक्ष प्राप्त गर्न सक्छौं ।

धर्मकर्मको यस विशाल संमरचनालाई बोध गर्न सहज छैन । पूर्ण जीवन काल धर्म यात्रामा समर्पण गर्न सक्नुपर्दछ । मानव जीवनमा कर्महरूको प्रमुख कारक तत्त्व मानसिक र शारीरिक हुन् । यिनीहरूद्वारा के, कसरी जीवनको कर्म सम्पन्न हुन्छ ? यसको बारेमा केही सामान्य जानकारी लिने प्रयास गरौं ।

सर्वप्रथम मानवद्वारा हुने कुनैपनि कर्म प्रभावकारी सिद्ध हुन शरीर पूर्णता स्वस्थ हुन जरुरी छ । यसका बारेमा केही जानकारी माथि उल्लिखित भइसकेको छ । मानवले कुनैपनि कर्म गरे बापत के, कस्तो फल प्राप्त हुनसक्छ ? भन्ने सन्दर्भमा सोही मानवमा अस्तित्वगत रहने पुण्यफल तथा कर्मफल स्वभावको विशेष प्रभाव रहने विषयमा हामीले जान्यौं । संसारमा सर्वलक्षणले युक्त मानव जुनी पाउन सम्भव हुँदैन । सर्वलक्षणले युक्त हुन पक्कैपनि अपार पुण्यफल रहेको हुनुपर्दछ । जीवनमा सबै मानवले धर्मकर्म गर्न सकेका हुँदैनन् । धर्म गर्न नपाउनुका धेरै कारणहरू हुन सक्छन् । पहिलो, धर्म प्रतिकूल स्थान तथा धर्मको कुनै प्रभाव नरहेको कुल वंश, परिवार, समाज र देशमा जन्म सिद्ध हुनु । दोस्रो, स्वभावैदेखि धर्मकर्म गर्न मनोभाव उत्पन्न हुननसक्नु । तेस्रो, धर्मको सिद्धान्तलाई पटक्कै विश्वास नगर्ने नास्तीकतावादी मत लिएर भिन्नता रूप अपनाउनु । चौंथो, प्रतिकूल जन्म अर्थात मानसिक र शारीरिक रूपमा अशक्त हुनु । मानव जीवनका प्रमुख यिनै कारणहरू हुन सक्छन् । जो धर्मकर्म देखि टाढा रहन बाध्य हुन्छन् ।

धर्मकर्मको विषयमा कुनै ज्ञान नभएपनि कुशल कर्म गर्ने र गराउनेहरू संसारमा अधिक छन् । एक धर्मकर्म अथवा सर्वमैत्री भावनामा रहि हुने कुशल कर्म र अर्को मानवीयताको आधारमा समाजमा हुने कुशल कर्महरू बिच धैरै अन्तर रहन्छन् । स्वाभाविकै एक धर्मात्माले गर्ने प्रत्येक कुशल कर्म मैत्री भावपूर्ण सर्वहित सोचेर गरिरहेको हुन्छ । र, मानवीयताको आधारमा गर्ने सहयोगमा सर्वहितको भावना भन्दा सीमित लाभको लागि सोचेर गरिरहेको हुन्छ । यि दुई कर्महरू बिच कुनै तुलना हुनसक्दैनन् ।

कर्म प्रधान यो धर्तीलोकमा आत्मा र शरीरको सम्बन्ध बारे केही जानकारी लिने प्रयास गरौं । संसारमा मानव शरीर श्रेष्ठतम् हो भन्ने बुझ्यौं । शरीरको माध्यमद्वारा आत्माले कर्म गर्ने, कर्मफल भोग्ने र कर्मफल प्राप्त गर्ने कार्य भइरहेका हुन्छन् । आत्माले आफ्नो स्वभाव शरीरको माध्यमद्वारा प्रस्तुत् गर्छ । शरीर त आत्माको एक मूल सह-सहायक हो । जसको समय अवधी अनिश्चित छ । आत्माको वास्तविक स्वभाव कर्मद्वारा तय हुँदैजान्छ । आत्माको चेतना शक्ति जति शक्तिशाली हुनसक्छ त्यत्तिनै कमजोर पनि भइदिनसक्छ । जतिजति आत्मा अधर्म पापकर्ममा फस्दैजान्छ, चेतना शक्तिमा पनि क्षीर्ण हुँदैजान्छ । चेतना शक्तिमा कमजोर हुँदैजानु नै धर्म पुण्यमा ह्रास आउनु हो । आत्मीय चेतनाको स्तर घटनाले धर्मकर्म गर्ने मति उत्पन्न हुनसक्दैन । यसरी पाप माथि पापको भार थुप्रदै अन्तमा आत्माको अस्तित्व समाप्त हुनपुग्छ ।

मानसिक कर्म अन्तर्गत आत्माको चेतना शक्ति जुन अदृश्य भावनाहरूको उर्जा प्रवाहित गर्नमा सहायकको रूपमा रहने मस्तिष्कले आत्मीय स्वभाव अनुरूप कर्मको कारणलाई परिणाम सिद्ध गराउन मार्ग दर्शन गरिरहेको हुन्छ । त्यसैले एक स्वस्थ मस्तिष्कद्वारा आत्माले प्रभावकारी कर्म गर्नसक्छ । राम्रो र नराम्रो कर्म आत्मबाट उत्पन्न सही र गलत चेतना शक्तिमा निहित रहन्छ । यसमा शरीरको कुनै दोष रहँदैन । संसारमा मानव आत्माले सत्गुरु र धर्मको भरोसा पाउन नसके अन्तस्करणमा विद्यमान सर्वमैत्री भावनाको बीज अङ्कुरित हुन कठिन हुनेछ । किनकि धर्मकर्मको अमृतमय जलद्वारा आत्मा सिञ्चित हुन अपरिहार्य छ ।

# कर्म

कर्मः अर्थात अस्तित्वगत सर्वसृष्टि सिद्ध सर्वविषय तत्त्वको सृष्टिचक्र र कर्मचक्रको प्रकृया हुन् । यस अन्तर्गत रहने धर्म प्रकृति स्वरूप मूल सह-सहायक सर्वसृष्टितत्त्व जल, वायु, ढुङ्गामाटो, सूर्य, जुन, आकाश र वनस्पति देखि मानव, पशुप्राणी जगतको आ-आफ्नो कामकार्य भनि बुझ्न सक्छौं । यी सर्वविषयहरू आफैंमा कुनै चेतन र अचेतन, दृश्य र अदृश्य अवस्थामा रहेका हुन्छन् । तर यी सर्वसृष्टि तत्त्व धर्म प्रकृतिकै अदृश्य भूलभूत सिद्धान्त सर्वउर्जाशक्तिको परिधिमा कर्मरत छन् । कुनै विषय तत्त्व रहेका छैनन्, जो यसबाट अलग रहेर कर्म गर्न सकेको होस् । तर सकरात्मक र नकरात्मक परिणाम कुनैपनि विषयवस्तुगत कर्म विशेषतामा आधारित रहेका छन् । जस्तै आगोको परिणाम विशेषता तातो, जलको परिणाम विशेषता प्राणत्त्व, सूर्यको परिणाम विशेषता प्रकाश उज्यालो यसैगरि सर्वसृष्टितत्त्वका आ-आफ्नै कुनै न कुनै कर्मअनुसार परिणाम विशेषता छन् ।

यसप्रकार मनुष्य पनि सृष्टिकै एक अभिन्न हिस्सा भएकोले सर्वमानवद्वारा हुने कर्मको क्षेत्रफल फराकिलो रहेका हुन्छन् । मानव आत्मीय कर्मफल स्वभावको स्तर एक उच्च-चेतन भावशक्ति अन्तर्गत अस्तित्वगत रहेकोले संसारमा सर्वश्रेष्ठ कर्म गर्न र गराउन सक्षम हुन्छन् । र मानवतामा मात्र कुनैपनि कर्मको परिणाम अनुभूति गर्नसक्ने विशेष गुण रहन्छ। फलस्वरूप मानवले राम्रो र नराम्रो कर्मफल अर्थात सुखशान्ति र दुःखअशान्ति भन्ने बुझ्दैजान्छ।

परमसृष्टिकर्ता भगवानले कर्ममा आधारित मानव लोकको रचना यसरी गर्नुभएको छ। जहाँ सर्वविषय तत्त्व भोग्य र भोगी दुईटै बनेर एकअर्कामा अन्तर निर्भरतामा चल्ने र चलाउने, अड्ने र अडाउने, थाम्ने र थमाउने, बाँच्ने र बचाउने जस्ता अनगिन्ती आ-आफ्ना कर्ममा आधारित रहेर संसार अस्तित्वमा कायम छन् । सर्वतत्त्वको आ-आफ्नै कर्मकार्य स्वतः निर्धारित हुँदैजान्छ। जसमध्येमा मानव जाति एकमात्र त्यस्तो

जीवात्मा हुन्, जो उच्च-चेतन भावशक्ति भएकोले कर्मका विशेष परिणाम पनि मानवताले नै उपभोग गर्दै अनुभव गर्नसक्ने हुन्छन् । सृष्टिकर्ता भगवानले सृष्टि सिद्ध सर्वविषय तत्त्वलाई यसरी व्यवस्थापन गर्नुभएको छ । जहाँ आ-आफ्नो कर्म कारण र परिणाम सहितको सृष्टिचक्र र कर्मचक्रको स्वचालित बन्धनमा बाँधिएका छन् ।

संसारमा के, कस्तो कर्म अपनाउने भन्ने विषयमा मानव स्वतन्त्रता रहेपनि परम विधाता सृष्टिकर्ताको धर्मकर्मफल सिद्धान्तमा भने रहन सक्दैन । मानव जगतमा कर्म गर्नैपर्ने र कर्म गरिसकेपछि कर्मफल स्वभाव भोग्नैपर्ने सर्वमानवताको हकमा अपरिहार्य सत्य हो । यो नै परम सृष्टिकर्ता भगवानद्वारा प्राप्त भएको मानवको लागि वरदान स्वरूप हुन् । यथार्थमा सृष्टि भएका ती समस्त विषय तत्त्व स्वयम् परम सृष्टिकर्ता भगवानद्वारा उत्पन्न शाश्वत दिव्य परम महा-चेतन सर्वमैत्री भाव शक्ति, अनन्त परमात्मज्ञान, पुण्यबल, तपोबल, सर्वतन्त्रमन्त्र, दृश्य र अदृश्य सर्वउर्जाशक्तिको एकीकृत परिणाम हुन् । जुन अध्यात्म वा धर्म प्रकृतिको मूलभूत सिद्धान्तमा स्वचालित अवस्थामा रहन्छन् ।

सर्वसृष्टिको एकमात्र मूलभूत आधार वा नीतिलाई धर्म नामद्वारा सम्बोधन गरियो । लौकिक र पारलौकिक सर्वसृष्टि सिद्ध लोक, परमात्मा, आत्मा र अनात्मा अस्तित्वगत रहिरहने स्वचालित धर्म प्रकृतिका (गुण, स्वभाव) अथवा स्वरूपहरू हुन् । यो लोकमा मानवद्वारा निर्मित सर्वविषयवस्तुगत कार्यप्रणाली, कलाकृति, विधि, संस्कृति, शिक्षानीति, राजनीति, कूटनीति, चिकित्सानीति र विज्ञान प्रविधि आदि अस्तित्वहीन विषय तत्त्व बाहेक अन्य अस्तित्वगत सर्वसृष्टि तत्त्व अध्यात्म प्रकृति हुन् । र, अध्यात्म प्रकृति अन्तर्गत रहने सृष्टिका सर्वअस्तित्वगत सृष्टिचक्र र कर्मचक्रलाई अध्यात्मिक दर्शन भनिन्छ । अतः मैत्रीधर्ममा अध्यात्मिक र भौतिक दर्शन भनेकै सत्य र असत्य दुई अलग छुट्ट्याउने विषयहरू हुन् ।

संसारमा मानवले अपनाउने जतिपनि सर्वकुशल कर्म र अकुशल कर्म, धर्म र अधर्म अन्तर्गत विभिन्न प्रयोजनद्वारा सम्पन्न हुने गर्दछन् । सर्वकुशल कर्म

गुरु शरणमै रहेर हुनसक्छ भन्ने हुँदैन। गुरु धर्मको शरण वा धर्म नीति विधिमा नभएपनि कुशल मैत्री स्वभाव तथा सोचविचार छलकपटरहित निःश्वार्थ सबैको हितमा हुनसक्ने कर्मफलको मूल्याङ्कन धर्ममा हुनेछ। मानवद्वारा हुने कुशल कर्म अन्तर्गत सामाजिक सरसहयोग, मानवीयताको आधारमा दिइने भर-भरोसा र कामकर्तव्य यसअन्तर्गत रहने निष्काम भावयुक्त कर्महरू हुन्। झन् परमात्मा धर्ममा तिनै भौतिक कर्मको तुलनामा अध्यात्मिक सत्कर्मको स्थान सर्वदा श्रेष्ठतम् अनन्त लाभप्रद सिद्ध हुनेछ। भौतिक कुशल कर्म भलै गुरुधर्मको शरणमा नरहेपनि मानवीयताको आधारमा गरिने सुकर्मको फल पक्कै अपार छ। जगतमा यसप्रकार साधारण मानवीय जीवन व्यतीत गरेर सही/सत्य कर्म गरिनेको समूह कैयौं छन्। त्यसकारण परम सृष्टिकर्ता भगवानको यस विशाल लोक सृष्टिमा हुने मानवका जतिपनि निःश्वार्थ सर्वसत्कर्म अवश्य नै अपार धर्म पुण्य सिद्धिको श्रोत बन्न सक्छन्।

गुरु शरणमा हुने सत्कर्मको फल अपरम्पार रहनेमा कुनै दुईमत छैन। तर धर्ममार्ग भित्रपनि सही र गलत, पक्ष र विपक्ष भन्नेमा कुनै कमि रहेका हुँदैनन्। गुरु धर्मको शरणमा निःस्वार्थ भावपूर्ण कर्म गर्ने र गराउनेसँग अन्य कुनै कर्मको तुलना हुन सक्दैन। धर्म मार्गमा रहेर धर्मकर्म पनि गर्ने तर स्वार्थपूर्ण धोका, छलकपट, घमण्ड, लोभलालचा र भेदभाव जस्ता अधर्मकर्मको सहारामा बाँच्ने कैयौं होलान्। धर्मकर्म गरेरपनि पाप कर्म गर्नेहरूको तुलनामा बरू धर्मकर्मको बारेमा कुनै ज्ञानगुण नभएपनि तर मानवीयताको आधारमा हुने सामान्य कुशल कर्म यथार्थमा सर्वश्रेष्ठ हुनेछ। धर्म पनि गर्ने र पाप कर्ममा पनि सहभागी जनाउने वास्तवमा यो भन्दा निच छलकपटपूर्ण कर्म अरू के हुनसक्ला ?

मानव लोकमा भविष्यको फल मानवकै हातमा चाहे सुख प्राप्त होस या दुःख कर्मफल निश्चित छँदैछ। अध्यात्म मात्र एक कला, विधि र उपाय हुन्। परम सृष्टिकर्ता भगवानसँग पवित्र सम्बन्ध विस्तार गर्ने र गराउने अर्थात अर्को अर्थमा परम चेतना रूपी आत्ममोक्ष प्राप्त गराउने सरल मार्ग हो।

मानव जगतमा सृष्टि सिद्ध सर्वविषय तत्त्व अध्यात्म हुन् भन्ने अवधारणा कमजोर बन्दै गएको कारण भौतिकता भन्ने विचारधारा मजबुत बन्दै गएको हो । र, यही भौतिक विषयवस्तुमा भुलेर यो नै सही/सत्य हुन् भन्ने मत वृद्धि विकास हुँदैगएको पाईन्छ । जस्तो कि पूर्णतः नास्तिकतावादी केवल भौतिक विज्ञान र शिक्षानीति प्रविधि आदि विषय सर्वेसर्वा भएको मानसिकता बोकेकाहरू हुन् । परमात्मा धर्म ज्ञान दर्शन र सिद्धान्तको ठिक विपरीत मत बोक्ने सम्पूर्ण मानव जगत यसै भौतिक विचारधारा अन्तर्गत पर्दछन् । यसको प्रभाव विश्वमानव समुदायमा पर्दैजाने निश्चित छ । आखिरकार धर्म सृष्टिमा भौतिकताको स्थान अस्तित्वगत रहन सक्दैन । यो धर्तीलोकमा आत्मा स्वरूप सृष्टिकर्ता मानवद्वारा हुनसक्ने दुई प्रकारका सृष्टिहरू मध्य दोस्रो प्रमुख सृष्टि भनेकै भौतिक विषयवस्तुको निर्माण, विज्ञान प्रविधि र शिक्षानीति अन्तर्गत रहने कार्यप्रणाली आदि भन्ने बुझिन्छ ।

जतिपनि अध्यात्म प्रकृति स्वरूप अस्तित्वगत रहने कुनै विषय तत्त्व नष्ट अथवा विनाश गराएर अस्तित्वहीन बनाइ मानवद्वारा निर्माण हुने आवश्यक सर्वविषयवस्तु, श्रोत र साधन यसैसँग सम्बन्धित सिप कलाकृति र नीतिविधि भौतिक दर्शन अन्तर्गत पर्ने विषयहरू हुन् । त्यसकारण संसारमा मानवले आ-आफ्नो जीवनकालमा दुःख संङ्घर्षपूर्ण खोज-अनुसन्धान र मेहनत गरेर आवश्यकतानुसार कार्यव्यवस्थापन, सुखसुविधा र मनोरञ्जनका रूपमा बनाएका ती सर्वशिक्षानीति र कार्यविधि आदिलाई काल्पनिक भौतिक ज्ञान भनिन्छ ।

मानवद्वारा हुने एकएक कर्मको महत्व हुन्छ । प्रत्येक कर्मबाट आत्मीय कर्मफल स्वभाव तय भइरहेको हुन्छ । मानव देहमा जन्म सिद्ध हुनुको विशेष प्रयोजन संसारको सर्वश्रेष्ठ नामकाम दाम र सुखभोग प्राप्त गर्नलाई मात्र होइन । धर्मकर्म गरेर आत्माले विशेष सुधार/उद्धार पाउनको लागि हो । उहाँ धर्म संघ गुरुज्यू अमृतमय वचन गर्नुहुन्छः- "आत्माले मानवको रूपमा घरीघरी जन्मको अवसर पाइरहन सक्दैन । कुनैपनि आत्माको लागि सीमित अवसर मात्र प्राप्त भएको हुन्छ । जबसम्म राम्रो कर्म अर्थात उच्च-चेतन भावशक्तिको स्तर मजबुत रहन्छ

तबसम्म आत्माले सृष्टिकर्ता भगवानको मूल सहायतामा मानव जुनी प्राप्त गरेको हुन्छ। यिनै सीमित अवसर पाइरहेको समय-कालमा सद्धर्मकर्म गर्न नसके आत्मा मुक्ति-मोक्ष हुनबाट सदाको लागि टाढिन पुग्छ।"

संसारमा धर्मकर्म गर्ने अवसर जन्मजातबाटै पाउन नसक्नु र सत्गुरु धर्मको प्रभावकारी विस्तार हुन नसक्नुले वर्तमान मानव समाज दिनप्रतिदिन सद्धर्मकर्मबाट वञ्चित रहनेक्रम बढ्दो स्थितिमा छ। तर गुरु धर्म पाएर बुझेरपनि शील, नियम पालना गर्न नचाहने बेवास्ता गर्नेहरू पनि यहाँ अत्याधिक रहेका छन्। दुई मानव समूहको विशेषताहरू मध्ये एक धर्मबाट वञ्चित रहेका र अर्को धर्मको अवहेलना भइरहेको बुझ्न सकिन्छ।

उहाँ धर्म संघ गुरुज्यू भन्नुहुन्छः- "पूर्व जन्मको आफ्नो कर्मफल मात्र नभएर पुर्खाले गरेका कैयन् ती राम्रा र नराम्रा कर्मको प्रभावले पछि आउने कैयौं पुस्तासम्मलाई पनि प्रभाव पुऱ्याइरहेका हुन्छन्। यसप्रकार एक मनुष्यद्वारा हुने कर्मफलको प्रभाव अपार रहेको हुन्छ। आफ्नो दुष्कर्म पापको कर्मफलले पछि आउने सन्तानमा समेत प्रतिकूल प्रभाव जस्तै लुलो लँगडो, अन्धो, लाटो, सुस्त मनस्थिति र अकाल मृत्यु आदि अनेकन अभिशाप भोग्नुपरेका हुन्छन्। परिवारमा मिलेर बस्न नसकि एक्लो भएर रहनुपर्ने, विघ्नवाधा भइरहने र जति प्रयास गरेपनि कार्य सफल हुन नसक्ने जस्ता दुःखद क्षणहरू भोग्नुपर्ने हुन्छ।

मनुष्य जातिले यो जगतलाई विशेषतः दुई रूपहरू मध्य अध्यात्म र भौतिक दृष्टिकोणले बुझ्दै र बुझाउदै आइरहेका छन्। जगतमा यी दुई सिद्धान्त बिच पूर्णतः असंगत छन्। सर्वसृष्टि तत्त्व भौतिकता रूप अर्थात असत्य मान्ने नास्तिक अथवा भौतिकतावादी विचारधारा लिनेहरूले जतिनै परमात्मा धर्मसत्ता र भगवानको सृष्टिलाई नकारेपनि आखिरकार धर्मकै परिधिमा रहेर कर्म गरिरहेका हुन्छन्। र, पाउनुपर्ने कर्मफल सुनिश्चित हुनेगर्छ। यो एकमात्र मानव आत्मीय स्वभावको अज्ञानतापूर्ण भ्रमको स्थिति हो। भने एकथरी धर्मको संगत र ज्ञानगुण भएतापनि

बुझपचाहा प्रवृत्ति जुन अहङ्कारले भरिएको अविधाको प्रभाव हुनसक्छ । अर्कोथरी धर्मको कुनै ज्ञानगुण, धर्म संगत तथा प्रभावको पहुँच पुग्न नसक्दा र स्वयम् अज्ञानताको वशमा परेकोले गर्दा हुन् ।

जबसम्म मानव मस्तिष्कमा अध्यात्म विचारधारा प्रगाढ हुनसक्दैन, वास्तवमा परमात्मा गुरु धर्मप्रति अटुट विश्वास, अपार आदरसम्मान, श्रद्धा र भक्ति भाव प्रकट भइरहन असमर्थ हुनपुग्छ । अतः कुनैपनि गुरु धर्मको परम कर्तव्य, वर्तमान मानव जगतमा मजबुत बन्दै गइरहेको भौतिकतावादी सोचविचारलाई सकेसम्म खण्डन गरेर अध्यात्मवादको विचारधारालाई सम्प्रेषण गराइराख्नु हो । यसैकारण वर्तमान मैत्रीधर्मले यिनै विषयहरूलाई विशेष गरि विश्वमानव माझ जोड दिदै आइरहेको स्पष्ट छ ।

त्यसैगरि भौतिक शब्दले नाश्वर वा परिवर्तित विषयवस्तुलाई जनाएको बुझिन्छ । जसको मतलब भौतिक दृष्टिले जगत सृष्टिमा सर्वविषय तत्त्व क्षणक्षणमा परिवर्तनशील र नाश्वर रहने अवस्था भन्ने जनाउछ । यसरी हेर्दा सृष्टिकर्ता भगवानको सर्वसृष्टि सिद्ध विषय तत्त्व परिवर्तनशील रहको छ । सृष्टिको यस सिद्धान्तअनुसार अध्यात्म ज्ञानगुण पनि क्रमिक विकास हुँदैगएको हुनुपर्छ । भनिन्छ ज्ञानगुणको खोज अनन्त छ । जति खोज-अनुसन्धान गर्दैजान्छ त्यत्तिनै बढ्दै जान्छ । यसप्रकार परम सृष्टिकर्ता भगवानहरूमा पनि सर्वउर्जाशक्तिमा विस्तार हुँदैगएको हुनुपर्दछ । जति धर्म ज्ञान र पुण्यको विकास हुँदैजान्छ त्यही अनुपातमा परम शक्तिमा पनि विस्तार हुँदैजानुपर्ने हो । किनकि धर्मको यात्रा अन्तहीन हुनुपर्छ । हरपल, हरसमय ब्रह्माण्डमा नवीनतम खोज, सृष्टि र विनाश जसरी संसारमा मानवको विकासक्रम साथै सर्वविषय तत्त्वको सृष्टिचक्र र कर्मचक्र, उत्पत्ति र विनाश भइरहनु हो । तसर्थ यहाँ सर्वशक्ति स्वरूप परम विधाता सृष्टिकर्ता भगवानद्वारा हुने सर्वसृष्टि सिद्ध विषय तत्त्व मात्र परिवर्तनशील नभएर शाश्वत धर्म प्रकृति पनि परिवर्तनशील तथा विस्तार भइरहेको हुनुपर्दछ ।

किनकि परम सृष्टिकर्ता भगवानद्वारा भइरहने सृष्टि पनि त क्रमिक विकासक्रममा आधारित छ । प्रारम्भमा सर्वसृष्टि एकै पटक पूर्णतामा सृष्टि भएका होइनन् । कैयौं उतारचढावमा सृष्टिको क्रमिक विकास भएकै छ। एकद्वारा अनेक सृष्टिको विस्तार हुनेक्रम निरन्तर छ। आवश्यकतानुसार लोकहरूको सृष्टि त्यसैगरि मानव, वनस्पति र पशुप्राणी आदिमा पनि अनुकूल वातावरण प्राप्त भएसम्म विस्तारको सिद्धान्त लागु हुन्छ । यसप्रकार सृष्टिकर्ता भगवान तथा परमात्माको सर्वशक्ति, धर्म ज्ञानगुण र पुण्यको स्तरमा पनि विस्तार हुँदै गइरहेको हुनुपर्छ । त्यसोभए अध्यात्म वा धर्म प्रकृतिको मूलभूत सृष्टि सिद्धान्त अन्तर्गत उत्पत्ति र विनाश, पुण्य र पाप, धर्म र अधर्म, सर्वमैत्री भाव र सर्वअमैत्री भाव, सुख र दुःख, ज्ञान र अज्ञान आदि तत्त्वहरूमा पनि विषयवस्तुगत कर्मअनुसार परिवर्तन र विस्तार भइरहेकै छन् । सर्वपरमात्मा तथा भगवानको परम ज्ञान, पुण्यमा अटुट विस्तार भइरहनु, मानव आत्मा क्षणमा सुख र क्षणमै दुःख, क्षणमा मैत्री भाव र क्षणमै अमैत्री भाव यसरी सर्वचेतना भावशक्ति आदिमा पनि त विस्तार वा परिवर्तनको सिद्धान्त लागु भइरहेको हुन्छ। के यसप्रकारको परिवर्तनलाई पनि भौतिकताको श्रेणिमा राख्नु उचित होला ? किनकि संसारले भौतिक स्वरूपमा हेरिने मानव शरीर, बोटबिरुवा र ढुङ्गामाटो आदि तत्त्व धर्म प्रकृतिको मूलभूत सृष्टिचक्र र कर्मचक्रको स्वचालित परिवर्तनको सिद्धान्तमा आधारित रहन्छन् । त्यसकारण बोधिमार्ग दर्शन मैत्रीधर्मको प्रज्ञानुसार अध्यात्म भनेको अस्तित्वगत सृष्टि सिद्ध सर्वविषय तत्त्व जसको विशेषता पूर्णतः स्वचालित र स्वतन्त्र चेतन भावशक्तिमा आधारित रहको बुझिन्छ । र, भौतिक भनेको पूर्णतः परतन्त्र, सञ्चालित र नियन्त्रित मानव निर्मित कृत्रिम सर्वविषयवस्तु र यससँग सम्बन्धित ज्ञान, शिप, कलाकृति र नीतिविधि आदि भन्ने बुझिन्छ। यसरी अध्यात्म दर्शन र भौतिक दर्शन बिचको अन्तर अपार रहेका हुन्छन् ।

मैत्रीधर्मले अध्यात्म र भौतिक बिचको यथार्थ पक्षको स्पष्ट जानकारी गराउने प्रयास गरिरहेको छ। विश्वमानव समाजमा परमात्मा सद्धर्म मार्ग दर्शन प्रभावकारी रूपमा विस्तार हुनमा अवरोध खडा गर्ने र गराउने एकमात्र प्रमुख तत्त्व भौतिक

विचारधाराद्वारा प्रभावित मानव समाज नै हुन् । यही भौतिक सोचविचारको प्रभावले मानव समाजमा देखिएका अर्को ठूलो समस्या भनेकै धर्मको सिद्धान्त विपरीत अर्थात आफूलाई नास्तिकतावादीको श्रेणीमा पहिचान गराएर भगवान अस्तित्व र धर्मसँग सम्बन्धित सिद्धान्तलाई विश्वास नगर्नु हो। वर्तमान मैत्रीधर्मको लागि पक्कैपनि यो एक विशेष चुनौतिको रूपमा मजबुत प्रतिद्वन्द्वी भएर खडा भएको पाइन्छ।

सर्वसृष्टि अध्यात्म प्रकृतिको प्रतिनिधित्व स्वरूप भएकाले हाम्रा वरपर भइरहने घटनाक्रम जस्तै आहारको रूपमा प्रदान भएका जतिपनि प्राणत्त्व अन्न, फलफूल, गेडागुडी र वनस्पति यी सबै एक दाना अथवा बिरुवाबाट अनगिन्ती उत्पदान जसरी एकद्वारा अनेक हुँदैजानेक्रम अद्भूत छ। यसरी सर्वविषय तत्त्व आ-आफ्नो कर्ममा सटिक अवस्थामा स्वचालित छन्। सूर्यको आफ्नै विशेषता ठिक समयमा उदाउनु र अस्ताउनु हो। बादलको विशेषता समयअनुसार पानी पार्नु हो। यवम् प्रकृतिमा सर्वप्राणी बाँच्नको लागि आवश्यक अनुकूल वातावरण प्राप्त भइरहनु। गाँसबासको व्यवस्थापन हुनु। यत्तिका व्यवस्थित तरिकाले स्वचालित भइरहने विषय तत्त्व सृष्टिको कारक कोही परम महा-चेतन सर्वशक्ति स्वरूप परम सर्वज्ञानी सृष्टिकर्ता भगवानविना कसरी सम्भव हुनसक्छ ? मानौं कि सृष्टिमा कुनै एक तत्त्वको अभावमा सर्वसृष्टिको व्यवस्था वा जीवन अस्तित्व रहन सक्दैन। जसरी मानवमा उच्च-चेतन भावशक्तिका मूल श्रोत मनोभाव, चिन्तनभाव, चेतभाव र भावात्मक (दयामाया करुणा प्रेम) अपार भएकै कारण भव्य/सभ्य मानव समाज विस्तार भई भाषा, शिक्षा, स्वास्थ्य, विज्ञान प्रविधि र शिप कलाको प्रयोग गरेर सृष्टि सिद्ध यिनै विषय तत्त्वलाई अझ व्यवस्थित बनाएर मानवले जीवन उपयोगी विषयवस्तु उपभोग गर्न र गराउन सफल भएका हुन्।

संसारमा मानव निर्मित विषयवस्तु आत्मिक उच्च-चेतन भावशक्ति बुद्धि विवेक, खोज-अनुसन्धान, संघर्ष र परिश्रम जस्ता गुणको उपज हुन् । मानव बाहेक अन्य जीवात्ममा यी स्वभाव रहन सक्दैन। यसकारण यो स्पष्ट छ, मानवतामा

सृष्टिकर्ता भगवानको अस्तित्वगत अनन्त गुणको विशेष अंश अस्तित्वगत रहेकोले संसारमा हरकोही मानवले भौतिक स्रोत र साधनको विकास गर्न सम्भव भएको हो। तसर्थ यो विशाल ब्रह्माण्ड सृष्टि र सञ्चालन गर्नमा मानवीय कल्पना भन्दा परको ज्ञानगुण, बल, वुद्धि विवेक र सर्वशक्तिशाली परम महा परमात्मा स्वरूप भगवानको प्रयत्नविना सम्भव हुन सक्दैन।

मानीलिऊँ हामी मानवको अस्तित्व संगै शरीरको सञ्चालन गराउन उर्जाशक्ति चेतना भावतत्त्व आत्मा अस्तित्व प्रदान, शारीरको अस्तित्व बचाइराख्न आहारको रूपमा वनस्पति, अन्न, फलफूल, जल, प्रकाश र वायु तत्त्व प्रदान, आत्मीय मनोभाव, चिन्तनभाव, चेतभाव र भावात्मक उर्जा प्रवाह गराउन मस्तिष्क प्रदान, सुन्दर दृश्य अवलोकन गराउन नेत्र प्रदान र संसारमा कार्य गराउन हातखुट्टा प्रदान यसप्रकार सृष्टिकर्ता भगवानले संसारमा कुशल कर्म गर्न र गराउन आवश्यक सर्व विशेष तत्त्व प्रदान गर्नुभएको छ। संसारमा कर्म गरेअनुसारको फल पाउन पनि भगवान कृपा जरुरी छ। यसप्रकार संसारमा हामी आफूलाई स्वतन्त्र देखिएपनि वास्तवमा भगवान सृष्टिको यस अस्तित्वगत सिद्धान्तमा कर्म गर्नेदेखि प्रतिफल प्राप्त हुने र भोग्ने सम्मपनि हामी स्वतन्त्र छैनौं। किनकि कर्मको लागि आवश्यक सम्पूर्ण तत्त्व उपलब्ध नभए धर्मकर्म त परै जाओस केहीपनि सम्भव हुँनै सक्दैन। त्यसकारण संसारमा प्रत्येक मानवलाई आवश्यक जति कर्मका आधारभूत तत्त्वहरू प्रदान हुन्छन्। त्यही परिधिमा रहेर कर्म गर्नैपर्ने हुन्छ। केबल आत्मिक सर्वचेतना भावशक्तिको सञ्चालन र नियन्त्रत गराउन हरेक आत्मा स्वतन्त्र रहेकोले सही र गलत पहिचान गर्नमा आफैंको वशमा रहने स्वात्मज्ञान र बुद्धि विवेकको प्रमुख भूमिका हुनेगर्छन्। त्यसर्थ कुनैपनि मानवको अग्रस्थान मस्तिष्क र कर्मेन्द्रियहरूको पूर्णतामा तुलनात्मक रूपमा प्रभावकारी कर्म गर्न सक्षम हुन्छ।

मनुष्यले प्राप्त गर्ने उच्च-चेतन भावशक्ति धर्मकर्म र तप-ध्यान साधनाले युक्त जीवन नै उक्त मनुष्यमा अस्तित्वगत अपार पुण्य, कर्मफल स्वभावको प्रतिक हुन्। अब पुनः यही जीवनको कर्मको आधारमा भविष्यको फल निर्धारित छ।

परम विधाता भगवानको यस अनन्त सृष्टि प्रकृयामा सर्वात्माको कैयौं पटक परीक्षा लिने वा फल दिने, धर्मकर्म पुण्य ज्ञान प्रदान हुने वा मुक्ति-मोक्ष प्राप्त गराउने कार्यमा अटुट भर-भरोसा प्रदान भइरहेको हुन्छ । तर कुनै आत्माले मानवताको जन्म पाउन सक्ने अवसर भने सीमित मात्र हुनसक्छ। यदि जति पटक धर्मकर्मको अवसर प्रदान हुँदापनि खाली पाप कर्म मात्रै गरिरहेमा उहाँहरूको भर-भरोसा र विश्वासको आधार समाप्त हुनपुग्छ। यो अवस्थामा आत्मा उद्धारको सम्भावना अति न्यून रहन्छ। फलस्वरूप विभिन्न पशुप्राणी र किराफट्याङ्ग्रा आदिको जुनी पाउँदै नरकमा फसेर अन्तमा आत्मा लोप हुनसक्छ। जसको कारण उक्त आत्माको सुधार/उद्धार असम्भव हुनजान्छ। त्यस अवस्थामा परमात्माले चाहेरपनि केही गर्नसकेको हुँदैन। कुनै उपाय विधिले काम गर्दैन। पुण्य नै सुन्य भएपछि आत्माको अन्त्य धर्म प्रकृतिमै विलिन सुनिश्चित हुनजान्छ।

यो लोकमा हामीले देख्ने गर्छौं । अनगिन्ती पशुपंक्षी, जलप्राणी र कीटपतङ्गका रूपहरू, सर्वमानव आत्माले धर्मकर्म भन्दा बढि पाप गर्दै गएका कारण यिनै विभिन्न प्राणीका जन्म लिइरहनुपरेका हुन् । आत्माले पशुको जुनी लिनुको संकेत, चेतन भावशक्तिको लोप हुँदैगएको अवस्था भनेर बुझ्नुपर्ने हुन्छ। त्यसैले धर्म नीतिअनुसार कुनैपनि प्राणीको आत्मा रुवाउने कार्य गर्नु हुँदैन। महा दुःखको कर्मफल भोग्दैगरेका पशुप्राणीलाई थप दुःख दिनु भनेको उसको सम्पूर्ण कर्मको फल आफूले प्राप्त गर्नु हो। मतलब पशुकै जीवन प्राप्त हुने सम्भावना मजबुत रहन्छ।

जोकोही मानवको उत्कृष्ट स्वभाव मध्य अपार दयामाया करुणा, धर्मका दिव्यवाणी र सबैको भलो भएको मात्र सुन्न मनपराउने, जिब्रोको स्वादमा विशुद्ध आहार मात्र उपभोग गर्न रुचाउने, बोली वचनमा सत्यता, धार्मिकता, कोमलता र सरलता जस्ता दुर्लभ गुणले युक्त मानव आत्मा संसारमा सर्वश्रेष्ट हुन् ।

मानव कर्मको विशेष सम्बन्ध आत्मा भन्ने चेतन तत्त्वसँग रहन्छ। आत्मा स्वरूप मानव शरीर एक माध्यम मात्र अथवा आत्माकै दोस्रो दृश्य वा मूर्त रूप भन्ने

बुझिन्छ। संसारमा कर्म शरीरले गरेको जस्तो देखिन्छ। तर आत्माविना शरीरको के काम मानौं सूर्यविनाको प्रकाश र प्रकाशविनाको दिन सम्भव नभए जस्तै हो। त्यसैगरि संसारमा शरीरविना फेरि आत्माले कर्म गर्न सम्भव हुँदैन। यहाँ शरीर र आत्माको एकसमान महत्व पारस्परिक मजबुत सम्बन्ध छ। जहाँ शरीर भोग्य हुनेमा आत्मा भोगि हुनजान्छ। अर्थात शरीरद्वारा कर्म गराइ फल भोगिने कार्य आत्माले गरेको हुन्छ। त्यसकारण आत्मा प्रधानताको श्रेयस्कर शरीर भएकोले शारीरिक कर्मलाई दोस्रो आधारको रूपमा लिन सकिन्छ। वास्तवमा आत्मा र शरीर एकअर्काको परिपूरक हुन् भने फरक कसरी हुनसक्छ ? मन वा मानसिक भाव कर्मलाई साकार वा मूर्त रूप दिने कार्य मात्र शरीरको रहन्छ। यसकारण धर्मकर्मको यो अद्‌भूत रहस्यलाई सहज बुझ्न र बुझाउँन मानव कर्मलाई दुई भागमा विभाजन गरि स्पष्ट गराउने प्रयास भएकोछ।

मानसिक र शारीरिक कर्मः यसलाई यसरी बुझ्न सकिन्छ। मानिलिऊँ शरीर आत्माले प्राप्त गरेको कर्मफल, आत्मा चाहीँ उक्त शरीरको मालिक र आत्मिक मन, बुद्धि, ज्ञान र भावात्मक उक्त आत्माको सेवक र चेतन भावशक्तिहरूको परिचालक त्यसैगरि शरीर यिनै आत्मीय चेतन भावशक्तिको सहयात्री अथवा मूल सह-सहायक जहाँ आत्मा र शरीर बिचको अन्तर सर्वमैत्री भाव सम्बन्धमा आत्मीय मनोभाव शक्तिको विशेष सक्रिय भूमिका रहने स्पष्ट छ। आत्मा त मात्र कर्मको साक्षी र चेतन भावशक्तिको पथप्रदर्शक अर्थात मूल सहायक केन्द्र हो। तर आत्मा संगै मनोभाव, चिन्तनभाव, चेतभाव र भावात्मक चेतन भावशक्तिको अस्तित्वगत परम सम्बन्ध रहनेहुँदा आत्मज्ञान र आत्मबलको मूल आधार यिनै चेतन प्रवाहका श्रोतहरू हुन्। यसर्थमा यो स्पष्ट छ। धर्मकर्म पुण्य आत्माको प्राण तथा सकरात्मक उर्जाशक्ति र अधर्मकर्म पाप आत्माको निर्बलता तथा नकरात्मक उर्जाशक्तिहरू हुन्।

# मार्ग दर्शन

मैत्रीधर्ममा नीति-नियम र विधि प्रमुख रहन्छन् । यही मार्ग दर्शनको आधारमा संसारमा धर्मको शासन विस्तार हुनेगर्छ । यसै सन्दर्भमा वर्तमान मैत्रीधर्ममा पनि पालनाको आधारमा गुरुमार्ग दर्शन विस्तार भइरहेको छ । उक्त गुरुमार्ग दर्शनको पालनाअनुसार धर्ममा पाउनुपर्ने फल निर्धारित हुन्छ । तीन प्रमुख मार्गहरू मध्ये सृष्टिकर्ता गुरुमार्ग गुरुमा आधारित नीति-नियम र विधिहरू पालनाको आधारमा प्रदान भइरहेका छन् । यहाँ विशेष गरेर गुरुमार्ग दर्शनसँग सम्बन्धित केही नीति-नियम र विधिलाई बुझाउने प्रयास गरिँदैछ ।

आत्मशुद्धिको लागि धर्तीलोकमा अपनाइने धार्मिक नीतिविधि, उपाय, शीलको पालना, गुरु मन्त्रजप, तप-ध्यान साधना र पूजापाठ प्रार्थना आदिलाई मार्ग दर्शन भनेर बुझ्न सकिन्छ । यही सम्बन्धमा महा सम्बोधि धर्म संघ गुरुज्यू अमृतमय वचन गर्नुहुन्छः- “मानव जगतमा क्षमता र पालनाको आधारमा मार्ग दर्शनलाई तीन भागमा विभाजन गरिएको छ । लोक सृष्टिको आरम्भदेखिनै विभिन्न धर्म गुरुहरूले प्रमुख यिनै सृष्टिकर्ता गुरुमार्ग हुँदै मार्गगुरु र बोधिमार्गसम्मको नीति-नियम पालना गर्नुभएर सर्वज्ञान प्राप्त गर्दै आउनुभएका हुन् ।”

१. **सृष्टिकर्ता बोधिमार्ग दर्शन**

२. **सृष्टिकर्ता मार्गगुरु दर्शन**

३. **सृष्टिकर्ता गुरुमार्ग दर्शन**

माथिका यी तीन प्रकारका मार्ग दर्शनहरू मध्य वर्तमानमा सृष्टिकर्ता गुरुमार्ग दर्शन अन्तर्गत प्रारम्भिक चरणमा रहने ‘सृष्टिकर्ता सन्यासी गुरुमार्ग, सृष्टिकर्ता सन्यासी महा-माआत्म गुरुमार्ग, सृष्टिकर्ता गृहस्थी माआत्म गुरुमार्ग र सृष्टिकर्ता सर्वसाधारण गुरुमार्ग’ विशेष रहेका छन् । महा सम्बोधि धर्म संघ गुरुज्यू स्वयम्ले प्राप्त गर्नुभएको मार्ग दर्शन ‘सृष्टिकर्ता बोधिमार्ग दर्शन’ हो । यसलाई भगवानमार्ग दर्शन पनि भनिन्छ ।

मैत्रीधर्ममा गुरुमार्ग दर्शन एक प्रमुख आधार हो । मानिलिऊँ मानव आत्मालाई धर्मकर्ममा डोऱ्याउन विशेष सहायता गर्ने अध्यात्मिक नीतिविधि एक लगाम झैं हुन् । जसरी राज्य व्यवस्था सञ्चालनको लागि मानव निर्मित भौतिक संविधानको आवश्यक परे झैं आत्ममोक्षको निम्ति गुरुमार्ग दर्शनको जरुरत रहन्छ ।

त्यसैगरि कर्मको सन्दर्भमा बुझिहेर्दा यो लोकमा जन्म सिद्ध सर्वमानव आत्मा कुनै न कुनै नकरात्मक कर्मफल स्वभावपूर्ण दोषले पीडित एकप्रकारको रोग लागेको बिमार झैं हुन् । अब यही जन्ममरणको रोगले ग्रसित दुःखको सर्वबन्धनबाट मुक्त हुन धार्मिक उपचार विधि भन्दा अन्य उपाय केही हुन सक्दैन । तसर्थ यी सम्पूर्ण कार्मिक रोगले जकडिएको दोषबाट मुक्त हुनको लागि बोधिमार्ग दर्शन मैत्रीधर्मले आवश्यक मार्ग दर्शन गराइरहेको छ ।

मैत्रीधर्ममा प्रवेश भएका शिष्य, संघ र भक्त-अनुयायीहरूले के, कति पालना गरेमा मोक्षलोक प्राप्त गर्न सकिन्छ ? यसैको आधारमा उहाँ धर्म संघ गुरुज्यूले मैत्रीधर्म शिक्षादिक्षा प्रदान गर्दै हुनुहुन्छ । मैत्रीधर्ममा अडिग रहेर मार्ग दर्शनको पालना गरेमा निश्चित रूपमा गुरुमार्ग गुरुहरू विराजमान रहनुहुने मोक्षलोक प्राप्त हुनेछ ।

विभिन्न समयमा धर्म संघ गुरुज्यूबाट प्राप्त अमृतमय स्ववचन वा सन्देश नै प्रथम मार्ग दर्शनहरू हुन् । 'बोधिमार्ग दर्शन मैत्रधर्म' मोक्ष लोकको स्थानसम्म डोऱ्याउने एक अदृश्य उर्जाशक्ति हो । गुरुज्यूले सृष्टिकर्ता गुरुमार्ग दर्शन प्रदान गर्नुभएर आफ्नो धर्म कर्तव्य पूरा गर्नुभएको छ । तर मार्ग दर्शनअनुसार हिड्ने र नहिड्ने स्वयम् मानव आफैंको स्वेच्छामा भरपर्छ ।

मैत्रीधर्ममा आफ्नो आत्मविश्वास, श्रद्धा र भक्ति मजबुत बनाएर दैनिकी शरीर, मन र वचनद्वारा हुने जतिपनि नित्यकर्म धार्मिकतानुसार सर्वहितमा समर्पित गर्ने अभ्यास गर्नुपर्दछ । आत्मिक सर्वचेतन भावशक्तिहरू बिच अन्तर सर्वमैत्री भावपूर्ण सम्बन्ध स्थापित गर्न अभ्यास भइरहेमा मानसिक र शारीरिक रूपमा पनि

सकरात्मक कर्म सिद्ध हुँदै जानेछ। किनकि आत्मा नै सर्वकर्मको मूल केन्द्र हो। जहाँबाट सम्पूर्ण कर्म सञ्चालित छन्।

सर्वमैत्री भावपूर्ण भएर जीवनमा धर्मकर्मको खोज-अनुसन्धान एवम् सही/सत्य मार्ग दर्शनको पालनाले जीवनको यात्रामा उत्पन्न हुनसक्ने सम्पूर्ण विघ्नवाधा शान्त हुनेछन्। र, परमात्मा गुरुहरूको अपार भरोसा, आशीर्वाद र कृपाको लाभ प्राप्त भइरहने छ।

यदि आफूले अनुसरण गर्ने गुरु र धर्म मार्ग दर्शन गलत रहेमा आफूले प्राप्त गर्ने धर्म पुण्य र ज्ञान पनि शून्य हुन जानेछ। जुन सामान्य पूर्ण भौतिक कर्मसरह मात्र हुन्छ। त्यसकारण संसारमा अपनाइने सबैखाले धर्मकर्म सत्मार्ग दर्शन हुनसक्दैन। एक सद्धर्ममार्ग दर्शन मात्र त्यो हुनसक्छ, जहाँ हत्याहिंसारहित सर्वप्राणी, वनस्पतिको सुधार/उद्धारमा सर्वमैत्री भावपूर्ण दयामाया करुणा अपनाउदै विश्वशान्तिको निमित्त अग्रसर भूमिका निभाएको हुन्छ। वास्तवमा धर्म प्रकृतिको मूलभूत सिद्धान्त माथि स्वर्गलोकदेखि तल मानवलोक सम्मपनि एकसमान लागु भइरहेको हुन्छ।

परमात्मा धर्ममार्ग दर्शनअनुसार कर्म हुन नसके जन्ममरणको दुःखबाट मुक्त हुन नसकेर आत्मा झन्झन् कार्मिक दोषहरूमा फस्दै भौँतारिन पुग्छ। शास्वत धर्म पुण्यफलको निमित्त सत्मार्ग दर्शन हुन अति आवश्यक छ। अन्यथा धर्मकर्मको उपलब्धि व्यर्थ हुन जानेछ।

त्यसैगरि सृष्टिकर्ता गुरुमार्ग दर्शन अन्तर्गत अर्को महत्वपूर्ण नीति-नियम र विधि भनेको व्यक्तिगत रूपमा अनिवार्य पालना गर्नुपर्ने दैनिकी अभ्यासहरू हुन्। व्यस्त रहिरहने अमूल्य जीवनलाई सार्थक सिद्ध गराउन दैनिकी मार्ग दर्शनको पालना र साधना अति जरुरी छ। जस अन्तर्गत परमात्मा मन्त्रजप, तप-ध्यान र पूजापाठ प्रार्थना आदि पर्दछन्।

हामीले स्वस्थकर मानव जीवन सहजै प्राप्त गरेका होईनौं। कैयौं जन्मदेखिको कुशल धर्मकर्मद्वारा प्राप्त पुण्य र परमात्माहरूको कृपादृष्टिको प्रतिफल हो भन्ने बुझ्यौं। अपार पुण्य तथा कर्मफलले गर्दा सृष्टिकर्ता परमात्माले मानव जुनीमा जन्म सिद्ध गराइदिनु भयो। उच्च-चेतन भावशक्ति मन, बुद्धि, ज्ञान र भावात्मकता प्रदान गर्नुभयो। जसको कारण राम्रो र नराम्रोको पहिचान तथा ज्ञानगुणको विकास गर्दै संसारमा अद्भूत धर्मकर्म गर्न सक्षम भएका हौं। अतः धर्तीलोकमा एक धर्मात्मा स्वरूप मानवले विशेष धर्ममा प्राप्त गर्नसक्ने प्रमुख कार्यहरू यसप्रकार छन्ः-

- सत्य र असत्य, राम्रो र नराम्रो जानीबुझेर कर्म गर्नसक्ने।
- खोज-अनुसन्धान र सृष्टि गर्नसक्ने।
- परम सर्वमैत्री भावनाको विकास गर्नसक्ने।
- धर्म पुण्य ज्ञानगुण मोक्ष प्राप्त गर्नसक्ने।
- धर्म विस्तार तथा आत्मा उद्धार गर्नसक्ने।

शारीरिक र मानसिक रूपले स्वस्थ एक धार्मिक मानव आत्माभित्र माथिका ती सर्वगुणले युक्त हुन सक्छन्। र, सर्वमानव आत्ममा पनि यी गुणहरू रहन सक्छन्। तर विभिन्न कारणवश यसको विकास स्तरमा कमि आउन सक्छ। जस्तै परमात्मा कृपा र धर्मकर्मको लाभ प्राप्त हुन नसक्दा मानव आत्ममा यी अदृश्य स्वभाव निष्क्रिय वा लुप्त अवस्थामा रहने हुन्छन्। मानव आत्माको वास्तविक उच्च-चेतन भावशक्तिलाई जगाउन एक सिद्ध धर्म गुरुको उपस्थितिमा शिक्षादिक्षा र धर्म मार्ग दर्शनको आधिकारिक अभिषेक आवश्यक रहन्छ। धर्म संघ गुरुज्यूको दृष्टिमा वर्तमान मानवताको एकमात्र आत्मोद्धारको आधार मैत्रीधर्म हो। संसारमा सद्धर्मकर्मले युक्त मानव सर्वश्रेष्ठ मात्र नभइ, माथिका सर्वगुणले सम्पन्न भई मैत्रीधर्मका उच्चतम र गहनतम अवस्थाको बोध प्राप्त हुनेछ।

सर्वसाधारण जीवन व्यतीत गर्नुहुने सम्पूर्ण मैत्री संघ भक्तजनको लागि 'सृष्टिकर्ता सर्वसाधारण गुरुमार्ग'; विवाहित रहेरपनि मैत्रीधर्मको शरण परेर मार्ग दर्शन पालना गर्न चाहनेहरूको लागि 'सृष्टिकर्ता गृहस्थी माआत्म गुरुमार्ग'; विवाहित तर मैत्रीधर्मको

शरणमा सन्यास रूप धारण गर्नेहरूको लागि 'सृष्टिकर्ता सन्यासी महा-माआत्म गुरुमार्ग' र अविवाहित तर मैत्रीधर्मको शरणमा पूर्णतः सन्यास रूप धारण गर्नेहरूको लागि 'सृष्टिकर्ता सन्यासी गुरुमार्ग' हुन्। जीवनमा आफूले पालना गरेको आधारमा उपयुक्त मार्ग दर्शन उहाँ गुरुज्यूले सबैका लागि एकसमान प्रदान गर्नुभएको छ। यी मार्गहरू आफ्नो क्षमतानुसार अनुसरण गरि अपनाउन सकिन्छ। कुनै भ्रममा नपरून् भन्नको लागि मार्ग दर्शनलाई अ-आफ्नो जीवनकालमा उपयुक्त हुनेगरि आवश्यक धर्मकर्म नीतिविधि प्रदान गर्ने प्रयास भएकोछ। जीवनमा सही/सत्य पालना गरेमा सबै मार्ग दर्शनको एकै लक्ष्य मुक्ति-मोक्षको स्थानसम्म डोऱ्याउनु हो।

१. सृष्टिकर्ता सर्वसाधारण गुरुमार्ग दर्शन
२. सृष्टिकर्ता गृहस्थी माआत्म गुरुमार्ग दर्शन
३. सृष्टिकर्ता सन्यासी महा-माआत्म गुरुमार्ग दर्शन
४. सृष्टिकर्ता सन्यासी गुरुमार्ग दर्शन
५. सृष्टिकर्ता शुद्ध सन्यासी गुरुमार्ग दर्शन
६. सृष्टिकर्ता महा शुद्ध सन्यासी गुरुमार्ग दर्शन
७. सृष्टिकर्ता कृपावान सन्यासी गुरुमार्ग दर्शन
८. सृष्टिकर्ता महा कृपावान सन्यासी गुरुमार्ग दर्शन
९. सृष्टिकर्ता उद्धारवान सन्यासी गुरुमार्ग दर्शन
१०. सृष्टिकर्ता महा उद्धारवान सन्यासी गुरुमार्ग दर्शन
११. सृष्टिकर्ता भिक्षु सन्यासी गुरुमार्ग दर्शन
१२. सृष्टिकर्ता महा भिक्षु सन्यासी गुरुमार्ग दर्शन
१३. सृष्टिकर्ता भिक्षुवान गुरुमार्ग दर्शन
१४. सृष्टिकर्ता महा भिक्षुवान गुरुमार्ग दर्शन
१५. सृष्टिकर्ता मार्गगुरु दर्शन
१६. सृष्टिकर्ता सम्यक् मार्गगुरु दर्शन
१७. सृष्टिकर्ता महा सम्यक् मार्गगुरु दर्शन
१८. सृष्टिकर्ता बोधिमार्ग/भगवानमार्ग दर्शन

यी मार्ग दर्शनहरू मानवले आफ्नो जीवनकालमा क्षमतानुसार सही रूपमा पालना गर्दै एकपछि अर्को मार्ग दर्शन प्राप्त गर्न सकिन्छ । प्रथम चरणमा रहने सृष्टिकर्ता सर्वसाधारण गुरुमार्ग दर्शनलाई सर्वमानवले पालना गर्नसक्ने सहज मार्ग दर्शन हो । त्यसपछि क्रमशः पालनाको आधारमा धर्म पुण्य, ज्ञानगुणको स्तर र परमात्मा गुरुहरू लाभ गर्दैजान सकिन्छ । उहाँ धर्म संघ गुरुज्यू वचन गर्नुहुन्छः- "यही प्रथम चरणको सृष्टिकर्ता सर्वसाधारण गुरुमार्ग दर्शन अन्तर्गत रहेर आफ्नो सम्पूर्ण जीवनकालमा अध्यात्म चिन्तनमनन, खोज-अनुसन्धान, भगवान मन्त्रजप, तप-ध्यान र पालना गर्नुभएर परमात्मा स्वरूप परम महा-चेतन सर्वमैत्री भावपूर्ण महा गुरुहरूको स्तर प्राप्त गर्नुहुने धेरै सृष्टिकर्ता सर्वसाधारण गुरुहरू पनि यस ब्रह्माण्डमा अस्तित्वगत अवस्थामा आसीन हुनुहुन्छ ।" त्यसकारण आफू कुन मार्ग दर्शनमा रहेकोछ भन्दापनि आफूले प्राप्त गरेको मार्ग दर्शनको सही/सत्य पालना/साधना भइरहेको छ वा छैन ? त्यो विषय महत्वपूर्ण हुन आउँछ । जोकोहीले आफ्नो जीवनकालमा पाएको कुनैपनि मार्ग दर्शनमा टेकेर सही/सत्य पालना गरिन्छ भने धर्मका उच्चस्थान प्राप्त हुनेछ ।

यी सम्पूर्ण मार्ग दर्शनहरूको मूल आधार सृष्टिकर्ता बोधिमार्ग वा भगवानमार्ग दर्शन हो । वर्तमान जगतमा मानवले सहज पालना गर्नसक्ने भनेकै सृष्टिकर्ता सर्वसाधारण गुरुमार्ग, सृष्टिकर्ता माआत्म गुरुमार्ग, सृष्टिकर्ता महा-माआत्म गुरुमार्ग र सृष्टिकर्ता सन्यासी गुरुमार्ग हुन् । विश्व समाजमा रहने सबैखाले मानव जातिले मैत्रीधर्म नीतिलाई बुझेर आ-आफ्नो स्थानमा रहि, क्षमतानुसार मार्ग दर्शनलाई पालना गर्न सहजता प्राप्त होस् भन्नको लागि मार्ग दर्शनहरूको बारेमा स्पष्ट पारिएको मात्र हो । यसैको कारण विश्वभरिका शिष्य, संघ र भक्त-अनुयायीले मार्ग दर्शन पालनाको आधारमा आ-आफ्नो मानसम्मान, जिम्मेवारी र कर्मकर्तव्य बोध गर्दै आफू लगायत अन्य मानवलाई मार्ग दर्शनअनुसार डोऱ्याउन सक्नेछन् ।

## १. सृष्टिकर्ता बोधिमार्ग दर्शन

उहाँ महा सम्बोधि धर्म संघ गुरुज्यूबाट प्राप्त धर्म सन्देशमा उल्लिखित भएअनुसार 'सृष्टिकर्ता बोधिमार्ग' अन्तर्गत भगवानको स्थानमा अस्तित्वगत परम सर्वपरमात्मा स्वरूप सृष्टिकर्ता भगवानहरू रहनुहुन्छ । सृष्टिकर्ता बोधिमार्गले भगवानको स्थानमा रहनुहुने समस्त भगवान गणलाई सम्बोधन र उहाँहरू विराजमान रहनुहुने लोक स्थानलाई समेत जनाउँदछ । बोधिमार्गः अर्थात भगवानमार्ग भन्दा उच्च मार्ग दर्शन, लोक स्थान र ज्ञानगुण न विगतमा रहेको थियो न भविष्यमा नै रहनेछ ।

मानव लोकमा बोधिमार्ग वा भगवानमार्ग स्तरका परम महा-चेतन भावशक्ति, अनन्त पुण्य र ज्ञानगुण प्राप्त गर्नको निमित्त हजारौं वर्षको अन्तरालमा मात्रै एकदुई पुण्यवान महा आत्माको स्वरूपमा अवतरण भएर अपार कठिन धर्म सङ्घर्ष र कैयौं चुनौतिहरूको सामना गरेर बल्लतल्ल प्राप्त गर्नसकेको हुन्छ । सर्वप्राणीले झैं दुःख सहेर जन्मजन्मान्तरको धर्म साधनाबाट मात्र प्राप्त गर्न सम्भव हुन्छ । त्यसकारण यो मार्ग अति नै महा-कठिन खोज तथा अनुसन्धानपूर्ण त्याग तपस्या, मजबुत सङ्कल्प, त्रुटिरहित धर्म सङ्घर्ष र पालना गर्दै अनन्त पुण्यफल लाभ प्राप्त गर्न लामो समयसम्मको प्रयत्न आवश्यक रहेको हुन्छ ।

बोधिमार्ग गुरुहरू आत्माको उद्धार र मुक्ति-मोक्ष प्रदान गर्नुहुने कार्यमा विशेष सक्रिय भूमिका निभाइरहनुभएका हुन्छन् । सर्वलोक सृष्टिको व्यवस्थापन, धर्म प्रकृतिको सञ्चालन, नियन्त्रण र संरक्षण साथै धर्म विरुद्धका शक्तिशाली मार तथा असुरहरूको नियन्त्रण गरिरहनु हुन्छ । सर्वप्राणीको पालनपोषण, रेखदेख र आत्माको कर्मअनुसार कर्मफल प्रदान गर्नुहुन्छ ।

## २. सृष्टिकर्ता मार्गगुरु दर्शन

बोधिमार्ग दर्शनको तुलनामा सृष्टिकर्ता मार्गगुरु सहज मार्ग दर्शन हो । यो एक गुरुभाव साधनामा सीमित रहेर गरिने साधना विधि हो । आफूले कुनैपनि विशेष

बोधिमार्ग भगवानको अनुसरणद्वारा अभिषेक प्राप्त गरि गुरु वचनअनुसार जप, तप-ध्यानको पालना गर्दै आफ्नो सम्पूर्ण जीवन साधनामा मात्रै बिताएको हुन्छ। यसप्रकार ऐतिहासिक कैयौं पूर्ववत् सर्वज्ञानगुण तथा बुद्धत्व प्राप्त गर्नुहुने उहाँ गुरुहरू नै एक मार्ग दर्शन इङ्गित गराउनुहुने सृष्टिकर्ता मार्गगुरु हुनुहुन्छ।

उहाँहरूको प्रमुख कार्य सर्वलोकमा असीम परम सर्वमैत्री भावपूर्ण कृपादृष्टि, दयामाया करुणा, प्रेम, धर्म शान्ति, संरक्षण, उत्प्रेरणा र उत्साह प्रदान गरिरहनु हुन्छ। विशेष गरि मानव लोकमा धर्मकर्ममा उत्पन्न हुनसक्ने अदृश्य मार, विघ्नवाधा निवारण गर्नुभएर धर्म मार्ग दर्शन स्पष्ट गराइरहनु हुन्छ। भक्तजनहरूमा आत्मबल, निर्भय, आत्मशान्ति सुरक्षा, अकाल मृत्यु हुनबाट बचाउ, रेखदेख जस्ता प्रत्यक्ष र अप्रत्यक्ष रूपमा स्वात्मज्ञान अनुभूति गराइ विचलित हुनबाट जोगाउनु हुन्छ।

मार्गगुरुहरूले आफ्नो शिष्य भक्तजनलाई विभिन्न स्वरूपमा भर-भरोसा जहाँ सर्वजगत सृष्टि सिद्ध विषय तत्त्वको संरक्षण र दुष्टात्मा असुर जस्ता शक्तिशाली कुतत्त्वद्वारा धर्म लोकको रक्षा, पशुप्राणी र वनस्पति जगतको सुधार/उद्धार कार्यमा निरन्तर लागि रहनुहुन्छ।

## ३. सृष्टिकर्ता गुरुमार्ग दर्शन

यस 'सृष्टिकर्ता गुरुमार्ग दर्शन' अन्तर्गत सृष्टिकर्ता सर्वसाधारण गुरुमार्ग देखि लिएर सृष्टिकर्ता महा भिक्षुवान गुरुमार्ग सम्मको स्थान रहेका हुन्छन् । यिनै सृष्टिकर्ता गुरुमार्गको कुनैपनि रूप धारण गर्नुभएर परम महा-चेतन भावशक्ति परमात्मा स्वरूप, सर्वत्रऋद्धिसिद्धि, सर्वज्ञानगुण र अनन्त पुण्य सम्भार गर्नुभएका कैयन् सृष्टिकर्ता गुरुमार्ग यस ब्रह्माण्डमा अस्तित्वगत हुनुहुन्छ।

यस ब्रह्माण्डमा उहाँहरूले गर्नुहुने कार्यक्षेत्र अपार रहेका हुन्छन्। र, उहाँहरू अति नै सक्रिय रहिरहनु हुन्छ। सृष्टिकर्ता बोधिमार्ग र मार्गगुरुको अनुसरण गरिरहनु

हुन्छ । उहाँहरू अपार शक्तिशाली, बलशाली, सर्वज्ञान, पुण्य र तपोबल साथै धर्मकार्यको क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्नुहुँदै सर्वविषय तत्त्वमा परमात्मा स्वरूप परम जिम्मेवारी बोध गर्नुभएको हुन्छ । उहाँहरू विभिन्न लोकहरूमा रहनुभएर धर्म प्रकृतिको संरक्षण, मार नियन्त्रण, सर्वलोक सृष्टिको संरक्षण र सन्तुलन जस्ता अनगिन्ती कार्यमा लागिरहनु हुन्छ । धर्मनिहित सर्वकार्य गर्नमा उहाँहरूलाई सर्वअधिकार प्रदान भएको हुन्छ ।

वर्तमानमा उहाँ धर्म संघ गुरुज्यूले शिष्य, संघ र भक्त-अनुयायीहरूको लागि उपयुक्त हुने सृष्टिकर्ता गुरुमार्ग दर्शन अन्तर्गत पर्ने चार प्रकारका मार्ग दर्शन प्रदान गर्नुभएको छ । प्रस्तुत मार्ग दर्शनहरूको धेरथोर जानकारी हुन अति आवश्यक छ ।

३.१ **सृष्टिकर्ता सर्वसाधारण गुरुमार्ग दर्शन**
३.२ **सृष्टिकर्ता गृहस्थी माआत्म गुरुमार्ग दर्शन**
३.३ **सृष्टिकर्ता सन्यासी महा–माआत्म गुरुमार्ग दर्शन**
३.४ **सृष्टिकर्ता सन्यासी गुरुमार्ग दर्शन**

### ३.१ सृष्टिकर्ता सर्वसाधारण गुरुमार्ग दर्शन

मैत्रीधर्मको अनुसरण गर्दै पूरा जीवनकाल सर्वसाधारण संघ र भक्त-अनुयायीको रूपमा भौतिक कार्यहरूमा संलग्नता रहेरपनि गुरुमार्ग दर्शनको पालना गरिरहने सम्पूर्ण संघ र भक्त-अनुयायी यही सृष्टिकर्ता सर्वसाधारण गुरुमार्ग अन्तर्गत रहेका हुन्छन् ।

आफ्नो पूर्ण जीवन सर्वसाधारण रूपमा व्यतीत गरेर भौतिक कामकार्य पनि गर्छु र धर्मकर्म पनि अपनाउछु भन्नेहरूको लागि मैत्रीधर्मले सहज हुनेगरि विशेष 'भौतिक अध्यात्मिक' कर्मनीति अपनाएर मुक्ति-मोक्ष प्राप्त गर्नसक्ने मार्ग दर्शन प्रदान भएकोछ । दैनिकी अपनाइने नित्यकर्म सही तरिकाले निःस्वार्थ सर्वमैत्री

भावपूर्ण सर्वजगत कल्याण हेतु केन्द्रित अथवा सक्रिय रहन सकेमा अपार पुण्य सिद्ध भइरहने छ।

मैत्रीधर्ममा लाग्नुभएका सृष्टिकर्ता सर्वसाधारण गुरुमार्गले आफ्नो योग्यता र क्षमतानुसार सर्वप्रथम उहाँ धर्म संघ गुरुज्यूसहित सपरिवारलाई परम सेवाढोग गर्नुपर्ने हुन्छ। त्यसपछि क्रमशः सन्यासी गुरुमार्ग, महा-माआत्म गुरुमार्ग, गृहस्थी माआत्म गुरुमार्ग गुरुहरूलाई आवश्यकतानुसार आफूले सकेको भौतिक साथ र सहयोग गरेर अपार पुण्य लाभ गर्न सक्नुहुन्छ। आफू लगायत समस्त जगत प्राणीको हितको निमित्त सर्वगुरुहरूको प्रार्थना गर्नुपर्ने हुन्छ।

दैनिकी विशेष बिहान र बेलुका आफूलाई अनुकूल समय मिलाएर प्राप्त गुरु मन्त्रजप, तप-ध्यान र स्तुति गरेर अन्य बाँकी समय आफ्नो निजी भौतिक कामकार्य गर्दै जीवन गुजारा गर्न सकिन्छ। तर भौतिक कामकार्यहरूमा पनि सर्वमैत्री भावयुक्त सर्वप्राणीदेखि हावा, पानी, माटो, वनस्पतिको हित, संरक्षण, सामाजिक परोपकार र दीनदुःखीको सुधार/उद्धार जस्ता कर्म गर्न प्रयत्न गरे मात्रपनि अपार धर्म पुण्यफल सिद्ध हुनेछ। झनै प्रत्यक्ष र अप्रत्यक्ष रूपमा आफ्नो शरीर, मन र वचन नै सर्वहितमा मात्र कार्य हुनसके भौतिक अध्यात्मिक कर्मद्वारा प्राप्त पुण्यफल के, कति सिद्ध हुँदैजान्छ त्यसको मापन गर्न असम्भव छ।

यसरी एक सर्वसाधारण रूप धारण गरेरपनि सर्वपरमात्मा तथा भगवानको आपर कृपा र धर्म पुण्य लाभ प्राप्त सहज हुने सरल मार्ग दर्शन उहाँ धर्म संघ गुरुज्यूबाट सम्पूर्ण संघ भक्तजनले प्राप्त गर्नुभएको छ। उहाँहरू आफ्नो मार्ग दर्शनमा अडिग रहेर जतिसक्छ विश्वमा मैत्रीधर्मको विस्तार र संरक्षण गराउन गुरुहरूलाई सहयोग, भर-भरोसा दिइरहनु हुनेछ। र, बोधि श्रवण धर्म संघद्वारा आयोजना हुने जतिपनि धर्मसभा, शान्ति यात्रा, विश्वशान्ति मैत्रीपूजापाठ र प्रार्थना, धर्म प्रशिक्षण, धर्म स्थलको निर्माणकार्य तथा व्यवस्थापन र गुरु भ्रमण जस्ता धर्मका अन्य कुनैपनि कार्यप्रति निःस्वार्थ रूपले क्षमतानुसार धर्मकर्तव्य र जिम्मेवार

निर्वाह गरिरहनुभएको हुन्छ। यसप्रकारको धार्मिक कार्य गर्दै अतुलनीय धर्मलाभ प्राप्त गर्नसक्ने सर्वसाधारण संघ र भक्त-अनुयायी संसारको जुनसुकै ठाउँमा रहेर आ-आफ्नो स्थानबाट विश्वशान्ति स्थापनाको लागि मैत्रीधर्मको विस्तार गराउन विशेष भूमिका निभाउन सक्नुहुनेछ।

## ३.२ सृष्टिकर्ता गृहस्थी माआत्म गुरुमार्ग दर्शन

उहाँहरूले पनि 'भौतिक अध्यात्मिक' कर्मविधि अपनाउनुभएको हुन्छ। गृहस्थी जीवन अपनाएर पनि सर्वसाधारण संघ भक्तजनहरूले झैं भौतिक कामकाज अथवा पारिवारिक जिम्मेवार, भौतिक धनसम्पत्ति आर्जन गर्नबाट अलग नरहि कर्म गर्न सक्नुहुन्छ। संसारमा गर्नसक्ने कार्मिक अवस्था एकसमान देखिएता पनि त्याग र पालनाको आधारमा भने अलिक फरक विशेष कर्मस्थान प्राप्त गरेको हुन्छ। उहाँहरू सृष्टिकर्ता सर्वसाधारण गुरुमार्गको पनि पूजनीय रहनुहुन्छ। सर्वसाधारण संघ भक्तजनले उहाँहरूको अनुसरण गर्नुपर्ने हुन्छ। तर उहाँहरूले गर्नपाउने भौतिक कामकार्यको क्षेत्र सर्वसाधारण संघ भक्तजनको तुलनामा सीमित मात्र रहन्छ।

सृष्टिकर्ता गृहस्थी माआत्म गुरुमार्गको रूपमा एक सक्षम गुरुको रूप प्राप्त हुन उहाँ धर्म संघ गुरुज्यूबाटा परमात्मा गुरुहरूको अभिषेक, मन्त्रजप, तप-ध्यान साधना, विभिन्न पूजा-प्रार्थना र उपाय विधि आदिको आवश्यकतानुसार प्रशिक्षण अथवा शिक्षादिक्षा प्राप्त गरिसक्नुभएको हुन्छ। त्यसैगरि उहाँहरूले धार्मिक नामकरणसहित मैत्री वस्त्र प्राप्त गरिसक्नुभएको हुन्छ। यही मैत्री वस्त्र धारण गरेर आफ्नो सारा जीवन सर्वमानव, वनस्पति र प्राणी हितको कार्यमा समर्पित गर्नुभएको हुन्छ।

उहाँहरूले आफू भन्द उच्च स्थानमा रहनुहुने सर्वसृष्टिकर्ता गुरुमार्गको अनुसरण गर्दै विश्वशान्ति स्थापना, जगतमा मैत्रीधर्मको नीति-नियम विस्तार गराउन र लोकको संरक्षण गर्नमा लागिरहनुभएको हुन्छ। एवम् सर्वजगतको सुधार/उद्धार,

कुनैपनि धार्मिक गतिविधिहरूमा निःश्वार्थ निरन्तर सर्वसंघ र भक्त-अनुयायीलाई धार्मिक कृयाकलापहरूमा प्रत्यक्ष भर-भरोसा पदान गर्नुहुन्छ।

उहाँहरू सदा-सर्वदा मैत्रीधर्मको प्रमुख जिम्मेवारी बोध गर्नुभएर सम्पूर्ण संघ र भक्त-अनुयायीहरूको आवश्यक पर्नसक्ने विभिन्न धर्मकर्महरू मध्य जेजति पूजाआजा, विघ्नवाधा, शुभ र अशुभ कार्यहरूमा धार्मिक सहयोग गर्न र गराउन हरसमय सक्रिय रहनुहुन्छ। यसकासाथै बोधिमार्ग दर्शन मैत्रीधर्मको बारेमा सर्वसाधारण व्यक्तिहरूलाई सम्झाइबुझाइ संघ विस्तार, मैत्री शील, नीतिविधिको सही/सत्य पालना गर्नमा प्रेरणा, गुरु मन्त्रजप र तप-ध्यान विधिको प्रशिक्षण, मैत्रीधर्मको आवश्यक ज्ञानगुण प्रदान, सर्वमैत्री भावनाको पालना र यसबाट प्राप्त हुने प्रतिफल जस्ता कैयौं विषयहरूको जानकारी गराइरहनु हुन्छ। गाउँघर समाजमा सृष्टिकर्ता गुरुमार्गको सुगन्ध फैलाउदै मैत्रीधर्म पुण्य कर्म र सर्वमैत्री भावनाको बीज छर्दै एक महा शान्तिको प्रतिक वा मार्ग दर्शक बनेर सबैलाई आकर्षित गराइरहनुभएको हुन्छ।

त्यसैगरि उहाँहरू सदा संघ र भक्त-अनुयायीहरूको समीप रहनुभएर मैत्रीधर्मकर्ममा सबैलाई प्रेरणा, साहस, हौसला, धैर्यता र निडरता जस्ता विषय तत्त्वहरूमा जोड दिने कार्य पनि गरिरहनु हुन्छ। पशुप्राणी र वनस्पति जगतलाई हुनसक्ने विघ्नवाधा निवारण गराउनको निमित्त समाजमा आवश्यक उच्च धर्म चेतना फैलाइ सर्वमैत्री भावनाको शिक्षादिक्षा गराउने प्रयत्न गर्नुहुन्छ। मैत्रीधर्मको संरक्षण गर्नमा संघ भक्तजनहरूमा जोड दिइरहनुहुन्छ।

मानव समाजमा मैत्रीधर्मका संघ र भक्त-अनुयायीमा अचानक आइपर्नसक्ने विभिन्न शुभ र अशुभ घटना, मर्दापर्दा गृहस्थी माआत्म गुरुहरूले मार्ग दर्शनअनुसार नीतिविधि अपनाएर धर्मकर्म सम्पन्न गराउनुहुन्छ। यस धर्तीमा मानव जीवनसँग सम्बन्धित विभिन्न कर्महरू मध्ये प्रमुख जन्म, विवाह र मृत्युलाई विशेष रूपमा लिइन्छ। वर्तमान मानव समाजमा विभिन्न धर्म नीति संस्कारहरू रहँदैआएका छन्। यसैमा बोधिमार्ग दर्शन मैत्रीधर्मको पनि गुरुमार्ग दर्शन अन्तर्गत

पर्ने नीतिविधिलाई अपनाउदै सर्वअनुयायी अघि बढिरहेका छन् । त्यसकारण मैत्रीधर्मले विशेषतः जन्म, विवाह र मृत्यु संस्कारलाई महत्वपूर्ण घटनाको रूपमा लिएर धार्मिक कार्यविधि विस्तार गर्दै आइरहेको छ ।

यी त भए मैत्रीधर्ममा अपनाउनुपर्ने सामुहिक कर्मविधिहरू जसलाई गाउँघर समाजमा सर्वसंघ र भक्त-अनुयायीले प्रत्यक्ष गुरुहरूको उपस्थितिमा अपनाउन सकिन्छ । संघहरू बिचमा हुने यी कार्यविधिको कारण मैत्रीधर्मको विस्तार, एकअर्कामा मानसम्मान, दुःखप्रति सहनुभूति, भर-भरोसा साथै मैत्री सम्बन्ध मजबुत कायम, सबैका आ-आफ्नो कामकार्य प्रतिष्ठा प्रतिको कदर, समझदारी, विश्वास र शिष्टचार जस्ता अन्तर सर्वमैत्री भावपूर्ण सम्बन्धको स्थापना भइरहेको हुन्छ । जस अन्तर्गत विश्वशान्ति मैत्रीपूजा, विघ्नवाधा पूजा, शुभ जन्म दिवस, विवाह र मृतक आत्माको उद्धार विधि प्रमुख रहन्छन् । यी कार्यविधिको प्रभावले विस्तारै मानव समाजमा सुधार/उद्धार हुँदै विश्वमा शान्ति सुव्यवस्था कायम गराउन ठूलो योगदान भइरहेको हुन्छ ।

संघ र भक्त-अनुयायीहरूमा आकस्मिक वा अपर्झट आइपर्ने कुनैपनि अप्ठेरो तथा दुःखकष्ट परेको बेला कुनै विलम्ब नगरेर तत्काल निस्काम भावपूर्ण साथ र सहयोग दिन तत्परता रहनुहुन्छ । यसरी दुःखकष्ट दिने दुष्टात्मा मुक्त गराउन पूजापाठ र तन्त्रमन्त्र विधि अपनाउनुहुन्छ । यसप्रकार सृष्टिकर्ता गृहस्थी माआत्म गुरुमार्गले सम्पूर्ण जीवनकाल मानव समाजको उद्धार, सर्वसंघ र भक्त-अनुयायी देखि सर्वप्राणी र वनस्पति जगत कल्याण हेतु सर्वमैत्री सेवाभाव उत्पन्न गरेर मुक्त हुन नसकेर भौँतारिरहेका सर्वात्मालाई सत्मार्गमा डोऱ्याइरहनु हुन्छ ।

### ३.३ सृष्टिकर्ता सन्यासी महा-माआत्म गुरुमार्ग दर्शन

गृहस्थी अथवा वैवाहिक सम्बन्धमा बाँधिएरपनि पछि बाँकी जीवन 'पूर्ण अध्यात्मिक' कर्म अपनाएर बिताउन चाहनेहरूका लागी प्राप्त भएको उपयुक्त

मार्ग दर्शन सृष्टिकर्ता सन्यासी महा-माआत्म गुरुमार्ग दर्शन हो । आफूले जीवनमा अपनाउदैआएको विशेष भौतिक कामकार्य, आफ्नो परिवार, नातागोता, इष्टमित्रसँगको उठबस र धनसम्पत्ति देखि पूर्णता अलग रहि मैत्रीधर्मको शरणमा समर्पित भएर सर्वहितमा लागि पर्नुहुने गुरुहरू नै सृष्टिकर्ता सन्यासी महा-माआत्म गुरुमार्ग हुनुहुन्छ ।

उहाँहरूले आफ्नो पारिवारिक सम्बन्धलाई पूर्ण त्यागेर सन्यासी गुरुमार्ग सृष्टिकर्ता झैं धर्मकर्म नीतिविधिको पालना र अभ्यास गर्नुहुँदै एक महा-माआत्म गुरुको रूप धारण गर्नुभएको हुन्छ। विवाहित तर विभिन्न कारणवश आधिकारिक रूपमा कानुनी आधारलाई टेकेर सम्बन्ध विच्छेद भइसकेको अवस्थापछि मैत्रीधर्म संघको प्रेरणाले यदि एक सन्यासी रूप लिएर मैत्रीधर्म मार्ग दर्शनको पालना गर्ने ईच्छुक व्यक्तिहरूको लागि उहाँ धर्म सघ गुरुज्यूले प्रदान गर्नुभएको एक अवसर हो ।

उहाँहरू आफू धर्म ज्योति बनेर सर्वजगत हितमा सर्वज्ञानगुणको प्रकाश छर्ने कार्यमा सदा सर्वमैत्री भावपूर्ण जप, तप-ध्यान, पूजापाठ र प्रार्थना गर्दै अग्रसर भूमिका निभाउनुहुन्छ । सर्वगृहस्थी माआत्म गुरुमार्ग, सर्वसाधारण संघ र भक्त-अनुयायीलाई धर्म ज्ञानगुण, नीति विधिको शिक्षादिक्षा र भर-भरोसाकासाथ धर्मकर्म बोध गराउन सृष्टिकर्ता सन्यासी महा-माआत्म गुरुमार्गले उच्च जिम्मेवारी प्राप्त गर्नसकेको हुन्छ ।

### ३.४ सृष्टिकर्ता सन्यासी गुरुमार्ग दर्शन

गुरुमार्ग दर्शन अन्तर्गतमा रहने अर्को महत्वपूर्ण मार्ग दर्शन सृष्टिकर्ता सन्यासी गुरुमार्ग दर्शन हो । अविवाहित तर मैत्रीधर्म प्रति अपार आस्था, विश्वास प्रकट गरीकन पूर्ण जीवनकाल उहाँ धर्म संघ गुरुज्यूको शरणमा रहने सङ्कल्प गरेर जोकोही मानव आत्महरू सहजै सृष्टिकर्ता सन्यासी गुरुमार्गको रूप धारण गरि शील, नीति-नियम पालना गर्दै सर्वहित कार्यमा लागि पर्न सक्छन् । सर्वप्रथम गुरु

धर्म संघप्रति अन्तरात्मा देखिनै अपार आदरसम्मान, श्रद्धा र भक्ति उत्पन्न भएको हुनुपर्दछ।

सामान्य मानवले अपनाइने जतिपनि भौतिक कामकार्यहरू जस्तै कृषि, व्यापार-व्यवसाय, नोकरचाकर, पारिवारिक सम्बन्धका रेखदेख र पालनपोषण जस्ता कर्महरूबाट आफू पूर्ण अलग भएर परमात्मा गुरु तथा भगवानहरूको जप र तप-ध्यान साधनामा पूरा जीवन व्यतीत गरेका हुन्छन्। यसका साथै धर्मका अन्य कामकार्यहरूको जिम्मेवारी बहन गर्दै जतिसक्त गुरु र धर्मको सेवामा जीवन समर्पित गरेका हुन्छन्।

आफ्नो धर्मकर्म प्रति अडिग रहेर उहाँ धर्म संघ गुरुज्यूको आज्ञा शिरोधार्य गरीकन धार्मिक सर्वकार्य निःस्वार्थ भावपूर्ण गर्नुपर्ने हुन्छ। अर्थात सदा उच्च-चेतना भावशक्तिमा रहेर सर्वमैत्री भावपूर्ण मार्ग दर्शनको पालना, दैनिकी सर्वगुरुको सेवाढोग ध्यान, सर्वजगत हितमा चिन्तनमनन गर्दै सर्वसंघ र भक्त-अनुयायीलाई सत्मार्गमा डोऱ्याउनुपर्ने हुन्छ। उहाँ सर्वबोधिमार्ग, मार्गगुरु र गुरुमार्ग गुरुको शरणमा सदा रहेर मानव जगतमा मैत्रीधर्मको विस्तार गर्नमा सन्यासी गुरुमार्ग गुरुहरूको विशेष नेतृत्व रहनेगर्दछ।

आफू मैत्रीधर्म ज्योति बनेर विश्वमानव बिच ज्ञानगुणको प्रकाश छर्न अग्रसर भूमिका निभाउनुपर्ने हुन्छ। उहाँ धर्म संघ गुरुज्यूको अमृतमय वचनहरूलाई नीति-नियम, उपाय विधि, जप, तप-ध्यान र ज्ञानगुण आदिको रूपमा अन्तरात्मामा सजाएर सम्पूर्ण संघ र भक्त-अनुयायीमा विस्तार गर्न निस्काम भावद्वारा लागिरहनु सृष्टिकर्ता सन्यासी गुरुमार्गको परम दायित्व हो।

# जीवनमा उपयोगी विषयहरू

धर्तीलोक सृष्टिकर्ता भगवानको सर्वश्रेष्ठ रचना, सर्वात्माको सृष्टिचक्र र कर्मचक्रदेखि परमात्मा धर्म पुण्य, ज्ञान र मोक्षको उद्गम स्थान हो भन्ने कुरा बुझ्यौं । सर्वात्माको उत्पत्ति स्थान, सर्वजगत जननी, अनन्त दयामाया करुणा र प्रेमको भण्डार जहाँ सबैका पालनपोषणदेखि कर्म गर्नमा स्वतन्त्रता प्रदान भएको छ ।

मानव जीवन महा दुर्लभ हो भन्नेपनि हामीले चर्चा गर्‍यौं । र, प्राप्त यो मानव जीवनलाई सार्थक सिद्ध बनाउन के, कस्तो विषय तत्त्वहरूको महत्वपूर्ण भूमिका रहन्छ ? यी विषयहरूमा पनि हामीलाई जानकारी हुनसके मैत्रीधर्म मार्ग दर्शन पालन गर्न र गराउन अझ सहज हुनेछ । धर्ममा सर्वप्रथम हामीले कुन विषयलाई प्राथमिकता दिनुपर्ने हो ? यसको बारेमा बुझ्ने प्रयास गरौं ।

सद्धर्मकर्मको लोप हुँदै गइरहेको यस मानव जगतमा बोधिमार्ग दर्शन मैत्रीधर्मको प्रतिपादन गर्नुहुने एक महान् गुरुतत्त्वको स्वरूपमा उहाँ धर्म संघ गुरुज्यूलाई हामीले प्राप्त गरिसक्यौं । वर्तमान उहाँ धर्म संघ गुरुज्यूको उपस्थितिमा सृष्टिकर्ता गुरुमार्ग अन्तर्गत सर्वसाधारण देखि सन्यासी रूप धारण गर्न चाहने सम्पूर्ण अनुयायीलाई अनिवार्य एकअर्कामा समानता, समझदारी, आदरसम्मान, एकता, सहयोग, सकरात्मक सोचविचार र दयामाया करुणा भाव गर्नुपर्नेमा जोड दिइरहनु भएकोछ । कतिपय नवीन श्रद्धालु भक्तजनहरूलाई धर्मकर्ममा हुनुपर्ने प्रारम्भिक चरणको जानकारी प्रदान भइरहेको छ । त्यसैगरि विश्वभर छरिएर रहेका मैत्रीधर्मका सुभचिन्तक, उहाँ धर्म संघ गुरुज्यूलाई नजिकबाट बुझिरहेका गुरुप्रेमी सज्जनवृन्द, जीवनमा वैराग्य भई सद्गुरु र कुनैपनि धर्म खोज-अनुसन्धान गरिरहेका पुण्यवान आत्महरू आफू जहाँ रहेपनि आत्मीय स्वभाव सदा सही/सत्य गुरु, धर्म र मार्गमा रहनसके सर्वप्रयत्न सिद्ध हुनेछ । गुरु धर्मप्रति अपार सद्भाव, सद्धर्मको खोज-अनुसन्धान र पहिचान गर्नसक्नु एक मानवका लागि सबैभन्दा महत्वपूर्ण विषयहरू हुन् ।

## १. सद्‌गुरु र धर्मको पहिचान

जगतमा कुनैपनि धर्मकर्ममा संलग्नता हुनु मात्र ठूलो विषय होइन। सद्‌धर्म गुरुको शरणमा छ वा छैन भन्ने कुरा महत्वपूर्ण हुन्छ। धर्मकर्म गरेको त हुन्छ तर सही कर्म नीतिविधि हुन नसके परमात्मा मोक्षफल सिद्ध हुनसक्दैन। त्यसपछि त्यहाँ सद्‌धर्मको पहिचान गर्नसक्ने सम्भावना रहँदैन। वर्तमान विश्वमानव समुदाय क्षणिक सुखसुविधा, भौतिक विज्ञान प्रविधि तथा कृत्रिम विषयवस्तु प्रतिको माया-मोहजालमा भुलेर यसैलाई सर्वोपरि ठान्दै बढि आकर्षित हुँदैजानाले अनायासै धर्मकर्म देखि टाढिदैजाने प्रबल सम्भावना बढ्‌दैगएको हो।

हरकोही मानवका प्रमुख कमजोरीहरू मध्ये हामी कुनैपनि कर्मक्षेत्रमा सहजतापूर्ण अधिक फलको अपेक्षा राख्दछौं। भौतिक कामकार्य र बनावटी वा देखावटी विषयवस्तु प्रति विनाजाँचबुझ सजिलै विश्वास र घुलमेल भइदिन्छौं। जसको कारण मानवतामा विस्तारै दुःख, सङ्घर्ष प्रति धैर्यता, सद्‌धर्मकर्मको खोज र पहिचान, जीवनमा अनुशासन, इमानदारी, परिश्रम, सहयोग र एकता जस्ता स्वभाव लुप्त हुँदैजान्छ।

उहाँ धर्म संघ गुरुज्यूको अमृतमय वचनअनुसार यो मानव लोकमा सृष्टिचक्र र कर्मचक्रका धेरै युगहरू परिवर्तन भइसके। सत्ययुग, मध्ययुग र प्राचिन युग हुँदै वर्तमान युगसम्म आइपुग्दा हाम्रा तिनै पुर्खाहरूले कैयन् सुख र दुःखका परिस्थितिहरूको सामना गर्नुपरेका थिए। संसारमा जतिजति युग परिवर्तन हुँदैगयो, मानवतामा पनि अध्यात्म चेतना शक्ति, नीति-नियमको पालना र गुरु धर्मप्रतिको विश्वास कमजोर बन्दैगयो। यही क्रमले सत्यताको लोप, मानव धर्म पुण्यमा कमजोर, प्रकृति विषय तत्त्वमा असर, पापकर्मको वृद्धि हुँदैजानाले प्रतिफल स्वरूप जतिखेर त्यस्तो युगपनि उत्पन्न भयो; जहाँ मात्र अशान्ति, झैंझगडा, भेदभाव, युद्ध, असमानता र शक्तिशाली समूहद्वार कमजोर पक्ष विरुद्ध अत्याचार अनि दमन जसको परिणाम मानव र प्रकृति तत्त्व वनस्पति बिचको

अन्तर सम्बन्धमा प्रतिकूल असरले प्रकृतिमा असन्तुलन र सहज आहारविहारको अभाव, मानव स्वभावमा क्रोध, हत्याहिंसाको विस्तारले वनस्पतिको विनाश र जीवजन्तुको हत्या जस्ता कर्म सृजना हुँदैगयो । अन्ततः यी सबैका मूल कारण भनेकै अध्यात्म चेतनाको स्तरमा गिरावट भएकोले गर्दा प्राचिन युगमा असभ्य मानवीय रहनसहन र अज्ञानताको अवस्था उत्पन्न भएको थियो ।

वर्तमान युग पूर्ववत् युगको तुलनामा भौतिक श्रोत साधन र अन्य विषयवस्तुमा सम्पन्न रहेतापनि अध्यात्म चेतनामा भने अतिनै न्यून स्तरमा रहेकोले कैयौं विकराल चुनौति विश्वमानवले झेल्नु परिरहेको छ । मानव जगत झन्झन् अधर्म अस्तित्वहीन दिशातर्फ लम्किरहेको स्थिति छ । यसको सङ्केत भनेकै विश्वमानव सभ्यताको विनाश निकट बन्दै गइरहेको हो ।

यिनै धर्म प्रतिकूल अवस्थाले वर्तमान युगमा सद्धर्म शील तथा नियमको सहज पालना गरेर यस मजबुत जन्ममरणको कर्मचक्रबाट मुक्त हुन सोचेझैं सरल भने छैन । जीवनमा त्रुटिरहित सद्धर्मकर्म र मार्ग दर्शनको सही पालना, परमात्मा गुरुहरूको शरणमा मन्त्रजप, तप-ध्यान र प्रार्थना गर्नैपर्ने हुन्छ । सायद सोचेझैं सरल भइदिए महा-कठोर त्याग तपस्या गर्न किन आवश्यक हुन्थ्यो होला र ? यसका कैयौं ऐतिहासिक ज्वलन्त उदाहरण हामी माझ उहाँ महान् गुरुहरूको जीवनीहरू रहँदैआएका छन् । यसै बिच वर्तमान युगमा महा सम्बोधि धर्म संघ गुरुज्यू प्रत्यक्ष विराजमान हुनुहुन्छ । तसर्थ यो सत्य छ, संसारमा कुनैपनि मानवले परमात्मा नेतृत्वकर्ता महान् सिद्ध गुरुहरूविना मुक्ति-मोक्ष प्राप्त गर्न असम्भव जत्तिकै हो । अतः वर्तमान यो युगमा कुनै एक सिद्ध गुरुको आशीर्वादको लाभ प्राप्त गर्नसक्नु भनेकै सर्वभगवानको कृपा पाए समान हुन्छ ।

एक सद्गुरु र धर्मको पहिचान कसरी गर्न सक्छ ? र, यसको लागि के, कति, कुन विषयको खोज गर्न आवश्यक छ ? यी विषयहरूमा बुझेर हेरौं । सर्वप्रथम एक सद्धर्म हो वा होइन भन्ने विषयमा उक्त धर्मद्वारा भइरहेको कार्य विशेषतालाई

जानेर बुझ्न सकिन्छ । जस्तो एक सही धर्मले कहिल्यै सृष्टि सिद्ध विषयप्रति अहित हुने कार्य गर्नसक्दैन । सर्वमा एकसमान दृष्टि राखेको हुन्छ । अन्तर सर्वमैत्री भावपूर्ण सम्बन्ध कायम गर्न जोड दिएको हुन्छ । सर्वविषय तत्त्वको सुधार/उद्धार र संरक्षण गर्नमा लागिपरेको हुन्छ । विश्व जगतलाई एकै परिवारको रूपमा समेटिएको हुन्छ । त्यसैगरि दोस्रो कर्म विषय अन्तर्गत कुनै विशेष धर्म संघको प्रभावद्वारा आवद्ध रहेका सर्वशिष्य र सश्रालु संघ भक्तजनहरूमा भइरहेका सकरात्मक परिवर्तनहरू मध्य गुण/स्वभाव, सोचविचार, रहनसहन, कामकार्य आदिलाई हेरेर अनि बुझेर मात्र कुनैपनि धर्मको विशेषता आकलन गर्न सकिन्छ । र, तेस्रो विषय अन्तर्गत कुनै धर्म संघका प्रमुख गुरुको जीवनीसँग सम्बन्धित सत्यतथ्य जानकारी प्राप्त गरि सोही गुरुको गुण-विशेषता आदिलाई जानेर प्रेरणा लिनसकिन्छ । यसप्रकार विश्वका कुनैपनि धर्म संघमा यिनै गुण-विशेषताहरूको खोज-अनुसन्धान गरेर मात्रै आफू प्रवेश हुनसके सबैभन्दा उत्तम सिद्ध हुनेछ ।

आफ्नो ईच्छानुसार कुनै धर्मको शरणमा रहेर के, कस्तो धर्मकर्म अपनाइने हो ? त्यो नितान्त व्यक्तिगत खोज-अनुसन्धान हुने कुरा स्पष्ट छ । वास्तवमा एक सच्चा धर्मात्माको चाहना वा धारणा भनेको आफू अहङ्कार, लोभ, क्रोध र मोहबाट मुक्त हुनसकोस । निर्दोश पशुपंक्षीको हत्यहिंसा बन्द होस । विश्वशान्ति कायम होस । प्राकृतिक श्रोत र साधनको सदुपयोग होस भन्ने हो ।

कामकार्यको व्यस्तताले गर्दा धर्मकर्म गर्न सकिएन भनेर आफैंले आफैंलाई झुक्याइरहने प्रवृत्ति कुनै नौलो विषय होइन । यही निहुँ बनाएर आफ्नो आत्मीय स्वभावको बारेमा चिन्तनमनन गर्ने समय पर्याप्त पाउन नसक्ने मानवले धर्मकर्मको बारेमा सोच्नु त झन् परै जाओस् । यसरी आफूले पाएको समयलाई सदुपयोग गर्न नसक्नु हामी मानवको विडम्बनापूर्ण स्थिति हो । किनकि हामी धर्मकर्मलाई भन्दा अन्य विषयलाई प्राथमिकतामा राखेर जीवन निर्वाह गरिरहेका छौं । र, आ-आफ्नो जीवननिहित स्वार्थ पूर्ति गर्ने कार्यमा मात्र केन्द्रित छौं ।

यो लोकमा आत्मशान्ति र आनन्द धर्मकर्ममा मात्र उपलब्ध छ । हाम्रा कैयौं जन्मका कुशल कर्मफल स्वभावद्वारा प्राप्त फूलरूपी जीवन अत्यन्त प्रभावशाली छ । मनुष्य जीवनमा अपनाइने कार्मिक स्वभावअनुसार यो अनन्त विशाल ब्रह्माण्डमा रहेका एक्काईस लोकहरू मध्ये कुनैपनि लोकमा आत्माले बास पाउने सुनिश्चित छ । जसमध्ये सर्वपरमात्मा तथा भगवान विराजमान रहनुहुने मोक्षलोकमा प्रवेश पाउन धेरै लोक पार गरेर जानुपर्ने हुन्छ । तसर्थ ती लोकहरू पार गर्न गुरुहरूको भर-भरोसाविना सम्भव छैन । उहाँहरूको अपार कृपा प्राप्त हुन अनिवार्य सद्धर्मकर्म साथै जप र तप-ध्यान साधनाको सही पालना गरेर सुयोग्य पात्र बन्न सक्नुपर्दछ ।

जीवन छँदा सत्‌गुरु धर्मको खोज र पहिचान गरि धर्मकर्म गर्न चुकेमा यो अनन्त ब्रह्माण्डमा आत्मा सजिलै कुनै दुष्ट तत्त्वको वशमा सजिलै पर्नसक्छ । उचित मार्ग दर्शन पाउन नसकेर आत्मा युगौंयुग भौंतारिनपुग्छ । जीवनमा कुनै विलम्ब नगरी समयमै मैत्रीधर्मको शरणमा अपार विश्वासकासाथ सर्वमैत्री भावपूर्ण सम्बन्ध स्थापित गरेर सारा जीवन व्यतीत गरे अवश्य गुरुहरूको साथ प्राप्त हुनेछ ।

## २. शान्त शीलस्वभाव

मैत्रीधर्ममा शान्त शीलस्वभाव एक सर्वश्रेष्ट कर्मविधि हो । सृष्टिकर्ता गुरुमार्ग दर्शनमा यो एक प्रकारको आफूभित्र अस्तित्वगत सर्वस्वभावलाई शान्तपूर्वक व्यवस्थापन र एकिकृत गराइ सदा-सर्वदा सर्वगुरुप्रति सकरात्मक भावदृष्टि बनाइराख्ने विशिष्ट प्रकृया अथवा साधना विधि हो । अर्थात सकेसम्म आफ्नो अन्तरनिहित अशान्त रहने स्वभावहरूलाई मैत्रीधर्मको एघार शीलको अनुसरणद्वारा शान्त बनाइ सकरात्मक स्वभाव उत्पन्न गराउन प्रयत्न गरिरहनु हो । यो नै एक श्रद्धालु भक्तजनमा अन्तरनिहित अपार विश्वास, श्रद्धा र भक्ति भावले भरिपूर्ण उत्कृष्ट गुण वा स्वभावहरू हुन् ।



गुरुमार्ग दर्शनको सही/सत्य पालना गरेर शान्त शीलस्वभाव मजबुत बनाउदैलान सकिन्छ। धर्मकर्ममा मात्र नभएर जीवनको हर कामकार्यमा शान्त शीलस्वभावको प्रभावले नकरात्मक तत्त्वदेखि सचेत गराइरहने छ। मैत्रीधर्मको शरणमा रहेका सर्वशिष्य, संघ र भक्त-अनुयायीले दैनिकी जीवनमा कुनैपनि बाह्य नकरात्मक प्रभावबाट आफू बच्ने एक प्रमुख उपाय विधिको रूपमा लिन सकिन्छ। शान्त स्वभाव प्रगाढ हुने व्यक्तिमा उच्च विचार, दयामाया करुणा, धैर्यता, समझदारी र मिलनसार जस्ता गुण अत्याधिक हुने भएकोले धर्मकर्ममा परम ज्ञान र पुण्य प्राप्त गर्न साधकलाई विशेष सहायता गराउँछ।

त्यसैगरि विशेष परम पूज्य गुरुजनहरूको समीपमा रहँदा, उहाँहरूसँग बातचित गर्दा, सँगसँगै हिड्नुपर्दा र अन्य कुनै कार्यहरू गर्नुपर्दा एक सदाचारी भक्तजनमा शान्त शीलस्वभाव भइरहनु उनको महानतम व्यक्तित्व हो । यसले त्रुटिरहित सर्वगुरुप्रति अपार आदरसम्मान भाव प्रकट भइरहेको सङ्केत गर्छ । र, जस्तोसुकै दुःखद कठिनाइपूर्ण अवस्थामा आत्मा सचेत गराइरहने एक उच्च गुण पनि हो । शान्त शीलस्वभावयुक्त व्यक्ति सदा सबैको प्यारो, आदरणीय र विश्वास योग्य पात्र बनिरहेको हुन्छ । धर्म गुरुहरूको अमृतमय वचन श्रवण गर्दा दुबै हात जोडी, घुँडा जमीनमा टेकि शिर झुकाएर शान्त शील अपनाइ श्रवण गर्नु श्रेष्ठतम गुण हो ।

## ३. अपार आदरसम्मान

आत्मा उद्धारको निमित्त गुरु र धर्मको शरणमा जानुपर्ने मानवको एकमात्र विकल्प हो भन्ने हामीले बुझ्यौं । पूर्ण जीवन काल धर्मकर्म र मार्ग दर्शनको सही पालना गरेर परमात्मा गुरुहरूको विश्वास तथा भरोसा प्राप्त गर्न सक्नुपर्दछ । यि सबैका पहिलो आधार भनेकै पूज्य सर्वगुरु र धर्मप्रति अपार विश्वासपूर्ण श्रद्धा र भक्तिकासाथ आदरसम्मान भाव प्रकट गरिरहनु हो ।

मानौं गुरु धर्मको शरणमा पनि गयौं, मार्ग दर्शनको सही पालना र दैनिकी जप र तप-ध्यान पनि गऱ्यौं । तर एक भक्तमा अनिवार्य हुनुपर्ने प्रथम भाव दर्शन नै धर्मको शरण प्रदान गर्नुहुने लौकिक गुरुप्रति अन्तरात्मामा एक साँचो अनि निश्छल परम सम्मान भाव प्रकट भइरहनु हो । अनिमात्र धर्ममा हामीले अपार पुण्य लाभ प्राप्त गर्न सक्छौं ।

वर्तमान मैत्रीधर्ममा प्रवेश भएका सम्पूर्ण श्रद्धालु भक्तजनहरूमा, आफूले सदा-सर्वदा श्रद्धेय गुरुको रूपमा अनुसरण गरेको महा सम्बोधि धर्म संघ गुरुज्यूप्रति अपार आदरसम्मान भावशक्ति आकाश समान विस्तार भइरहुन् । गुरुमार्ग दर्शनको

प्रथम नियम भनेकै उहाँ धर्म संघ गुरुज्यू सहित पूजनीय सपरिवारजनलाई सदा त्रुटिरहित श्रद्धा र भक्तिकासाथ अपार सेवाढोग प्रकट गरिरहनु हो । सदा पवित्र; स्वच्छ अन्तरात्मीय भावदृष्टिद्वारा उहाँ परम पूजनीय गुरुहरूको जीवनमा सर्वपुण्य, ज्ञानगुण, सुखशान्ति, वैभव, समृद्धि, सुस्वास्थ्य र सर्वकार्य सिद्ध होस भनि कामना तथा प्रार्थना गरिरहनु एक शिष्य, संघ भक्तजनमा रहने गुरुहरूप्रति वास्तविक अपार आदरसम्मान भावशक्ति हो । गुरुमार्ग दर्शनमा, यो नै एक भक्तजनमा हुने शाश्वत आत्मीय सद्‌गुण/स्वभावहरू हुन् । जहाँ आफ्नो स्थान र मानमर्यादामा रहेर आफूले पूज्नुपर्ने सर्वपूज्य गुरुहरूमा एकसमान आदरसम्मान भावदृष्टि गरिराख्नु हो ।

त्यसैगरि सर्वसृष्टि सिद्ध विषय तत्त्वको सम्मान, पृथ्वी नै एक घर परिवार र एकअर्काप्रति सम्मानपूर्ण मित्रवत् व्यवहार अपनाउनु हो । मैत्रीधर्मको मूल मन्त्र नै सर्वहितार्थमा कर्म गर्ने र गराउने हो । धर्म गुरुहरूको अपमान, आलोचना, मिथ्यादृष्टि, आरोप र षड्यन्त्र आदि महा-पाप कर्महरू भएकाले यस्ता कार्यबाट आफूलाई सदा टाढा राख्ने कोसिस गरिरहनु हो ।

बाँच्नको लागि प्रदान भएका ती सर्वसृष्टि तत्त्वको अपमानपूर्वक नष्ट र दुरुपयोग गर्नु महा अपराध हुन् । र, सर्वसृष्टिकर्ता भगवानको मेहनत, दुःख र पसिनाको अवहेलना गरेको समान हो । सृष्टिका प्रत्येक कणकणमा उहाँहरूको प्राणतत्त्व समाहित छन् । त्यसकारण हामीले जतिजति यी सृष्टि सिद्ध प्रकृति तत्त्वको विनाश गरिन्छ। त्यसको कैयौं गुणा बढि उहाँ सृष्टिकर्ता विधातालाई पनि आघात पुऱ्याइरहेका हुन्छौं ।

हामीबाट यसप्रकार हुने दुष्कर्मको प्रतिफल साराले भोग्नुपर्ने हुन्छ । एक व्यक्तिद्वारा हुनसक्ने महा-पापको प्रभाव कैयौं मानवमा पनि प्रत्यक्ष र अप्रत्यक्ष परेकै हुन्छ। जस्तै समाज, राष्ट्रमा हुने युद्धनीति, कुटनीति, राजनीति र भौतिक विज्ञान कार्यप्रणाली यस अन्तर्गतका उदाहरणहरू हुन् । मानवतामा हुने यिनै

अमैत्रीपूर्ण व्यवहार, सीमित व्यक्तिगत र समूहगत स्वार्थ केन्द्रित कर्मद्वारा निम्तने प्रकृति तत्त्व असन्तुलन वा गडबडीले फल स्वरूप अतिवृष्टि, अनावृष्टि, अनिकाल, महामारी, भूकम्प र बाढीपहिरो जस्ता अप्रत्याशित प्राकृतिक प्रकोप घटित भइरहने हुन्छ।

वर्तमान विश्वमानव जगतको एउटै माग शान्ति हो । यही शान्तिको प्रमुख श्रोत सबैले सबैप्रति गर्ने आदरसम्मान भावनामा रहन्छ। एकले अर्कोलाई शान्ति दिनसके मात्र आफूले पनि शान्ति प्राप्त गर्नेछ । कुशल कर्म नै धर्म, धर्म नै सुखशान्ति र आनन्दको श्रोत एवम् सुखशान्तिमा नै सर्वजगतको कल्याण निहित छ।

एक सच्चा धर्मात्माको आत्मसन्तुष्ट नै सबैको उद्धार र दोस्रोको सुखशान्तिमा निहित हुन्छ। उक्त मानव नै संसारमा परम पूज्य हुनेछ। गुरु धर्मको नाममा झुटमुट आचरण ढोँग रचि देखावटी रूप दर्शाउनु भनेकै सर्वगुरुको अनादर अनि महा-पाप कर्म हुन् । संसारमा उचित मार्ग दर्शन गराएर सद्धर्मफल सेवन गराउनुहुने सबै गुरुहरूको भूमिका महान् रहेकोले उहाँहरू नै वास्तविक अपार आदरसम्मानको हकदार हुनुहुन्छ।

बोधिमार्ग दर्शन मैत्रीधर्मको मूल सिद्धान्त नै सर्वमैत्री भावपूर्ण मार्ग दर्शनको पालना र एकअर्कामा अपार आदरसम्मान भाव प्रकट गर्नु हो । मैत्रीधर्मको अभ्यासले अहङ्कार मुक्त भई मैत्री सम्बन्ध स्थापित गराउन मदत पुऱ्याउछ । सर्वमैत्री भावपूर्ण मार्ग दर्शनको पालनाले आफू मात्र नभइ परिवार, गाउँघर र समाजमा पनि प्रभाव पारिरहेको हुन्छ। विशेष यिनै विषयहरूलाई प्राथमिकतामा राखेर उहाँ धर्म संघ गुरुज्यूले सबै शिष्य, संघ र भक्त-अनुयायी बिच सदा अपार आदरसम्मान भाव राख्नुपर्नेमा जोड दिनुहुन्छ।

धर्ममा अर्को प्रथम भाव दर्शन विश्वास तत्त्व हो । आफूले अनुसरण गर्ने गुरु धर्ममा अपार विश्वास भाव प्रकट गर्नसक्नु स्वतः गुरुप्रती असीम आदरसम्मान

भाव उत्पन्न हुनु हो। त्यसपछि धर्म मार्गमा अडिग, दृढता र दुःखपूर्ण कठिनाइको सामना गर्नसक्ने साहस प्रकट हुँदैजान्छ। र, विस्तारै आत्मज्ञानगुण, गुरु आशीर्वाद, परमात्मा कृपा लाभ तथा मार्गमा यात्रा सहज बन्दैजानेछ।

अतः विश्वासको शक्ति अपरम्पार छ। भनिन्छ, यसैको आधारमा यो विश्व जगत चलिरहेकोछ। मानवद्वारा कार्य हुने जुनसुकै क्षेत्रमा पनि विश्वास भावतत्त्व पहिलो श्रेणीमा रहन्छ। यो पनि सत्य हो, धर्ममा एक भक्तजनको असीमित गुरुप्रति विश्वासले नै भगवानको कृपा लाभ प्राप्त गर्न सक्छ। तर विश्वास गर्न योग्य, उचित र अनुचितको जिम्मेवारी आफू स्वयम् हुनेछ। कहाँ, कुन र कसरी गुरु धर्ममा विश्वास मजबुत बनाइराख्नुपर्ने हो, त्यसको सही निर्णय र खोज-अनुसन्धान सचेतपूर्वक भइरहन अति आवश्यक हुन्छ।

मैत्रीधर्ममा अपार विश्वास र आदरसम्मानको साथै अर्को महत्वपूर्ण भावतत्त्वहरू श्रद्धा, भक्ति र आस्था हुन्। धर्ममा त्रुटिरहित परमात्माको पूजापाठ र प्रार्थना, जप र तप-ध्यान साधनामा यिनै उत्कृष्ट भावतत्त्वहरूको सहायतामा अपार सर्वमैत्री भाव दर्शनलाई मजबुत बनाउन सकिन्छ। यिनै भाव गुणले मजबुत रहने एक सच्चा भक्तजनलाई सृष्टिकर्ता भगवान स्वयम्ले अपार कृपा र आशीर्वाद नदिइरहन सक्नुहुन्न। जेजसरी भएपनि श्रदालु भक्तजनको मनोकामना पूर्ण गर्न बाध्य हुनुहुनेछ। त्यसकारण धर्मकर्ममा कुनै एक भक्तजनको प्रभावशाली आत्मबल नै सर्वमैत्री भाव दर्शन हो।

# दैनिकी अपनाइने मैत्रीधर्मकर्म

संसारमा भौतिक विषयवस्तुले जीवन सम्पन्नता छ । तर सद्धर्मकर्म पालना हुन नसक्दा जीवनको महत्व अर्थहीन हुनेछ। धर्मको सरल बुझाइ हुन नपाउदा परमात्मा धर्म अमृत रसपान गर्नदेखि टाढा भइरहेका छन् । मानव जगतमा हुँदैगरेको अध्यात्म उच्च-चेतनाको अभावले उल्झन् र अन्योलतामा फसेका विश्वमानव समुदायलाई सचेतनाको मार्गमा डोऱ्याउने महान् कार्यमा बोधिमार्ग दर्शन मैत्रीधर्म अधि बढिरहेको छ। दैनिकी बिहान र बेलुका अपनाइने नित्यकर्म मध्ये विशेष भगवान मन्त्रजप, तप-ध्यान र पूजापाठ गरेर अपार पुण्य लाभ प्राप्त गर्न सक्छ । एवम् आत्ममोक्षको निमित्त बोधिमार्ग, मार्गगुरु र गुरुमार्ग गुरुको शरणमा रहेर मैत्रीधर्ममा आधारित नियमको पालना गर्नैपर्ने हुन्छ। अतः अनिवार्य पालना हुनुपर्ने महत्वपूर्ण विषयहरू यसप्रकार छन्ः-

१. **विशुद्ध मैत्री आहार सेवन**
२. **पूजापाठ र प्रार्थना**
३. **गुरु मन्त्रजप र तप–ध्यान**

## १. विशुद्ध मैत्री आहार सेवन

मैत्रीधर्ममा प्रवेश भइसकेपछि दैनिकी अनिवार्य अपनाउनुपर्ने प्रथम कर्मविधि विशुद्ध मैत्री आहार सेवन गर्नु हो। आहारको रूपमा सेवन हुने उपभोग्य वस्तुहरूमा विशुद्ध मैत्री आहार अन्तर्गत नपर्ने लसुन, प्याज, बेसार र प्राणीबाट उत्पादित कुनैपनि विषय तत्त्वरहित भोजन हुनुपर्नेछ । धर्मको विशेषता सदा-सर्वदा सर्वहितार्थमा रहने हुँदा परम सर्वमैत्री भावयुक्त दयामाया र करुणा मूल आधार रहेकोले प्राणीलाई असर हुने कर्म शून्य बराबर हुनुपर्दछ। त्यसकारण अस्तित्वगत कुनैपनि जीवात्मालाई असर गर्ने र गराउने सिद्धान्त धर्मको नीतिमा रहँदैन । र, विशुद्ध मैत्री आहार सेवनविना सत्कर्म हुनै सक्दैन। जहाँ सत्कर्म हुँदैन, त्यहाँ पुण्यफल शून्यता नै रहनेछ।

धर्म लाभको पहिलो आधार विशुद्ध मैत्री आहार सेवन गर्नु हो । विशेषतः मैत्रीधर्ममा अपार विश्वास, श्रद्धा, भक्ति र आस्थाकासाथ प्रबेश हुने पुण्यवान सबै संघ र भक्त-अनुयायीले अनिवार्य पालना गर्नुपर्ने प्रथम नियम विशुद्ध मैत्री आहार सेवन गर्नु हो । धर्मकर्म पनि गर्ने र प्राणीलाई असर हुने अमैत्रीपूर्ण व्यवहार गर्ने र गराउने मानवीय प्रवृत्ति जतिनै धर्म सोचेर दयामाया र करुणा भाव दर्शाइएता पनि एक ढोँग अथवा देखावटी मात्र हुनेछ ।

विशेष लसुन, प्याज र बेसार वनस्पतिको रूपमा प्राप्त भएपनि अध्यात्मको यात्रामा प्रतिकूल असर पुर्‍याइरहने हुँदा मैत्रीधर्ममा यिनको सेवन गर्न पूर्ण प्रतिबन्ध गराइएको हो । यसको प्रभावले विशेष मन्त्रजप र तप-ध्यानको समयमा परमात्माहरूको उपस्थितिलाई वाधा उत्पन्न गराउछ । यसले आन्तरिक चेतना शक्तिलाई प्रभाव पार्नेहुँदा आत्मिक स्वभावहरू बिच असन्तुलन भइदिँदा मन अशान्ति हुन्छ ।

यहाँ प्रश्नहरू उब्जिन सक्छन् । कुनै प्राणीलाई असर पुर्‍याउनु पाप कर्म हुने स्वाभाविकै हो । तर आहारको रूपमा प्राप्त वनस्पतिले कसरी धर्मकर्ममा असर पुर्‍याउन सक्छ ? जुन कि मानवले दैनिकी प्रमुख आहारको रूपमा प्रयोग गर्दै आइरहेका छन् । यथार्थतः संसारमा सेवन गर्न योग्य सर्ववनस्पति प्रधान तत्त्व अन्न, फलफूल, सागपात र जरीबुटी आदि सर्वप्राणीको प्राण-शक्तिको प्रमुख आधारभूत औषधीको रूपमा अमृत समान उपलब्ध भएका हुन् । मानौं कुनै एक रूखलाई कैयौं चराचुरुङ्गी, लाखौं कमिला र कीटपतङ्गले आफ्नो गाँसबासको आधार बनाइरहेका हुन्छन् ।

यद्यपि धर्तीलोकमा सेवन योग्य सर्व उपलब्ध वनस्पति अमृत मात्र नभइ विषयुक्त पनि छन् । मैत्रधर्ममा कतिपय सेवन योग्य त कति अयोग्य छन् । तसर्थ लसुन, प्याज र बेसार मैत्रीधर्ममा अयोग्य भएकाले आहारको रूपमा उपभोग गर्न निशेष गरेका हुन् । मैत्रीधर्ममा यसको सेवन नीति विरुद्ध हुने भएकोले तत्काल त्याग गर्न सक्नुपर्दछ ।

## २. पूजापाठ र प्रार्थना

मैत्रीधर्ममा अनिवार्य अपनाउनुपर्ने यो दोस्रो प्रमुख कर्मविधि पूजापाठ र प्रार्थना हुन्। यसबाट हुनसक्ने अपार लाभको बारेमा सामान्य जानकारी हुन अति आवश्यक छ। मैत्रीधर्मको विस्तार, मनको शुद्धीकरण, धर्मकर्ममा सहजता र सर्वजगत कल्याणको निमित्त भगवान तथा सर्वपरमात्मामा आभार व्यक्त गर्दै बिन्ती तथा पुकार गर्नुपर्दछ। भगवानको सेवाढोग, स्तुतिको प्रभावले उहाँहरूसँगको निकटता स्थापित गराइरहने छ। उहाँहरूको शरणमा रहने भक्तको अपार विश्वास, श्रद्धा, भक्ति र आस्था अविरल कायम बनाइराख्न पनि पूजापाठ र प्रार्थना विधिले सहायता गरिरहेको हुन्छ।

पूजापाठ र प्रार्थनालाई विशेष गरि गुरु मन्त्रजप र तप-ध्यान संगै बिहाना र बेलुकाको समयमा अपनाउन सकिन्छ। आफू बस्ने घरको कुनैपनि उपयुक्त स्थानमा पूजा-प्रार्थनाको लागि गुरु आसन स्थापना गर्न सक्नुहुन्छ। सकेसम्म एक अलग चोखो स्थान अथवा घरको सबैभन्दा माथिल्लो स्थानमा पूजा गर्न योग्य ठाउँ भएमा अति उत्तम हुनेछ। गुरु आसन सम्मुख कुनैपनि दिशा निर्धारित हुन आवश्यक छैन। स्थानको बनावटअनुसार गुरु आसन निर्माण गर्न सक्नुहुन्छ।

न्युनतम एकदुई घण्टा वा अधिकतम जतिपनि समय मिलाएर दैनिकी पूजापाठ र प्रार्थनासहित मन्त्रजप र तप-ध्यान गर्नसके धर्मका सर्वतत्त्व सिद्ध हुनेछ। यसको अभ्यासले गर्दा गुरु धर्मप्रतिको अपार आदरसम्मान भाव मजबुद हुँदैजानेछ। र, धर्म यात्रामा उत्पन्न हुनसक्ने सर्वअदृश्य विघ्नवाधा स्वतः शान्त भएर जानेछ। विशेषतः पूजाका निमित्त प्रयोग हुने सर-सामाग्री सधै सफासुग्घर र अन्य कुनैपनि कार्यको लागि प्रयोग गर्नु हुँदैन। भगवानलाई अर्पण गरेको अमृतमय जललाई सदा सफा ठाउँमा लगेर बिसर्जन गर्नुपर्दछ। उक्त जललाई अन्य कुनैपनि कार्यको लागि प्रयोग गर्न मिल्दैन।



पूजापाठ र प्रार्थनाको प्रभावले मैत्रीधर्मकर्मप्रति सक्रिय र आफ्नो धर्म कर्तव्य सम्पन्न गराउन प्रेरित गराइराख्नेछ। आफ्नो कारण परिवारमा सुखशान्ति र मैत्री भावपूर्ण वातावरण सृजना भइरहने छ। पुर्खौदेखिको कार्मिक दोषहरूको प्रभाव मुक्तभइ आउने सन्तानहरूमा उत्पन्न हुनसक्ने अन्धोपन, लाटोपन जस्ता अपाङ्गता

र अकाल मृत्यु, रोगी, दरिद्रता जस्ता जीवनका प्रतिकूल कर्मफल हटेर जानेछ। मैत्रीधर्ममा पूजापाठ र प्रार्थना सिद्ध हुनको लागि महा उद्धारवान परमात्माहरूको फोटो अथवा थाङ्का स्थापना हुन अनिवार्य छ। पूजाको लागि आवश्यक सामाग्री र दैनिकी परमात्मालाई अर्पण गर्नुपर्ने विषयवस्तुको सामान्य जानकारी लिने प्रयास गरौं। सहज, सरल र छिट्टो छरितो प्रभावकारी पूजापाठ सम्पन्न गराउन, महा सम्बोधि धर्म संघ गुरुज्यूले विशेष उपाय विधि प्रदान गर्नुभएको छ। पूजाको लागि सहज उपलब्ध हुनसक्ने विषयवस्तुहरूको अर्पण-समर्पण गर्न सक्नुहुन्छ। विश्वका कुनैपनि स्थानमा रहनुहुने समस्त मैत्री शिष्य, संघ र भक्त-अनुयायीहरूले पूजापाठ र प्रार्थनाका यिनै महत्वपूर्ण विधिहरूलाई अपनाएर अपार पुण्य तथा गुरु लाभ गर्न सक्नुहुनेछ।

२.१ **धूप अर्पण**

२.२ **जल अर्पण**

२.३ **फूल अर्पण**

२.४ **बत्ती अर्पण**

२.५ **फलफूल अर्पण**

सर्वप्रथम पूजा गर्ने स्थान के, कस्तो र कसरी निर्माण हुनुपर्छ भन्ने विषयमा सामान्य जानकारी हुन आवश्यक छ। यहाँ तस्विरमा चित्रित गरिएअनुसार गुरुहरूको फोटोसहित सजावट र अर्पण गर्नमा प्रयोग हुने सामाग्री अटाउन सक्ने पाँच तहको आसन सोही स्थानको नापअनुसार निर्माण गर्न सक्नुहुन्छ। पूजा स्थान सकेसम्म शान्त र स्वच्छ वातवरण भएको ठाउँमा निर्माण हुनसके एकदमै उपयुक्त सिद्ध हुनेछ। आसनको सबैभन्दा माथिल्लो तहमा सदा गुरुहरूको स्थान हुनेछ। अन्य सजावट र अर्पणका विषयवस्तु फोटोमा स्पष्ट देखाइएअनुसार अपनाउन सक्नुहुन्छ।

परमात्मा गुरुहरूलाई अर्पण-समर्पण गर्ने सम्पूर्ण अमृतमय विषयवस्तु स्वच्छ र सफा हुन अति जरुरी छ। अझ विशेष जलको सन्दर्भमा भन्नुपर्दा, उपलब्ध भएसम्म ताजा अर्थात अन्य कतै प्रयोग नगरीकन प्रथम जललाई पूजाकै जल पात्रमा सिधै धारा वा कुवाबाट भरेर ल्याउनु अति उत्तम हुनेछ। अन्य पानीको भाडोबाट सार्नुपरेछ भनेपनि कतै प्रयोग नगरिएको हुनुपर्छ। त्यसैगरि गुरुहरूलाई चढाउन प्रयोग हुने पुष्प सदा सेतो र निलो उचित हुनेछ। र, फलफूलमा ताजा, धूपमा अतिनै सुगन्धमय उचित बास्नादार हुनुपर्नेछ। पूजा स्थान निर्माण गर्नको लागि कुनैपनि विषय सामाग्री जस्तै फलाम, सिसा, स्टिल, काठ र ढुङ्गामाटो आदिको प्रयोग गर्न सक्नुहुन्छ।

## २.१ धूप अर्पण

पूजापाठ र प्रार्थना गर्ने स्थानको सरसफाइ अथवा चोख्याउने कार्य भइसकेपछि सर्वप्रथम धूपको सुगन्ध अर्पण गरि शुद्धीकरणको विधि अपनाउन सक्नुहुन्छ। पूजाको सबैभन्दा पहिलो विधि अन्तर्गत धूप बाल्नुपर्ने हुन्छ। धूपको सुगन्धलाई पूजा स्थान र घरको वरपर अन्य ठाउँहरूमा पनि फैलिन दिनुपर्छ। पूजापाठ अगावै यो प्रकृयालाई अपनाउनुको कारण पूजाका अन्य विधिहरू गर्दाखेरि परमात्मा गुरुहरूको आवागमनमा कुनै असहज परिस्थिति उत्पन्न नहोस भन्नको लागि वरपरको वातावरणलाई सुगन्धमय बनाउने प्रयास हो।

त्यसैगरि हामी मानवद्वारा उत्पन्न हुने अशुद्ध गन्धलाई कम गराउने एक उत्तम प्रकृया पनि हो। धूपमा भएको सुगन्धले पूजापाठ र प्रार्थनाको अवधिभर गुरुहरूको लागि उचित वातावरण बनाइराख्न सहायता पुऱ्याउनेछ। पूजाको समयमा विशेष शुद्ध बोटबिरुवाद्वारा बनेको सुगन्धमय उपयुक्त धूपलाई प्रयोग गर्न सक्नुहुन्छ। सम्भव भएसम्म शुद्ध सेतो चन्दनको धुलो सबैभन्दा उपयुक्त हुनेछ। चन्दन उपलब्ध नभएको स्थितिमा अन्य शुद्ध धूपलाई पनि प्रयोग गर्न सकिन्छ।

## २.२ जल अर्पण

धूप अर्पणद्वारा शुद्धीकरण भइसकेपछि दोस्रो विधि अन्तर्गत अमृतमय शुद्ध जल अर्पण विधिलाई अपनाउन सक्नुहुन्छ । यो एक अतिनै महत्वपूर्ण र अनिवार्य अपनाउनुपर्ने प्रमुख विधि हो । उहाँ सृष्टिकर्ता भगवानले सर्वप्राणत्त्वको निमित्त अमृतमय जललाई प्रकृतिमा सहज उपलब्ध गराइदिनुभएको छ। जलको महत्व जति अपार रहन्छ, त्यत्तिनै महत्वपूर्ण एक श्रद्धावान भक्तले अनन्त भक्तिकासाथ सर्वगुरुलाई अमृतमय जलतत्त्व अर्पण-समर्पण गर्नुमा रहेको हुन्छ। प्रकृतिमा जल सहजताले प्राप्त गर्न सक्छ। यसको लागि कठोर मेहनत गरिरहन आवश्यक पर्दैन।

जुन विषय तत्त्व प्रकृतिमा सहजताले मूल्यरहित उपलब्ध हुन्छ, स्वाभाविकै उक्त वस्तुप्रति मानवको स्वर्थ अत्यन्तै न्यून हुनेगर्छ। अतः स्वार्थरहित कुनै विषयवस्तु दोस्रोलाई प्रदान गर्दा पक्कैपनि आत्ममा निःश्वार्थ भावनाको विकाश स्वभाविक हुनेछ। यसैमा आधारित जल अर्पण विधिले पनि हामीमा रहनसक्ने अधिक स्वार्थ र लोभको स्वभाव नष्ट गराउन सहायता गराइ अपार पुण्य वृष्टि गराइरहने छ।

जल अर्पण गर्न प्रयोग हुने जल पात्रसहित ससाना भाँडाहरू सफा हुन आवश्यक छ। पूजा स्थानमा प्रयोग हुने जतिपनि विषयवस्तुहरू हुन्छन्, त्यसको दैनिकी सरसफाइ भइरहन पनि त्यत्तिकै जरुरी रहन्छ। विशेष भगवानहरूको लागि अर्पण गर्ने जलमा कुनै मिसावट हुनुहुँदैन । पूजा आसनको सबैभन्दा तल्लो पहिलो तहमा एक्काईस ओटा ससाना भाँडा एकदमै मिलाएर क्रमबद्ध सिधा राख्नुपर्ने हुन्छ । त्यसपछि जललाई अर्पण गर्दा सधै बायाँतिरबाट दायाँतर्फ एकपछि अर्को भाँडाको माथिल्लो सतह, जल नपोख्नको लागि थोरै छोडेर जल अर्पण गर्न सक्नुहुन्छ।

यसरी जल अर्पण गर्ने समयमा उहाँहरूको कारण वरदान स्वरूप जल प्राप्त भएकोमा अपार आभारकासाथ अमृतमय जलको प्रथम हकदार हजुरहरू मात्र रहनुभएको र यही सारा उपलब्ध अमृतमय जलद्वारा हजुर गुरुहरूको अनन्त कृपा

र आशीर्वादको लाभ सर्वमानव, प्राणी र वनस्पति जगतले प्राप्त गर्दै उद्धार भइरहुन् भन्ने सर्वमैत्री भाव प्रकट गर्नुपर्दछ। दैनिकी पूजापाठ र प्रार्थना अगावै जल अर्पण-समर्पण गर्ने उपयुक्त समय बिहान ५ बजेदेखि ६ बजे भित्रमा हुनेछ। र, बेलुका सूर्य अस्ताउनु अगाडि ठिक ६ बजे भित्रमा उक्त अर्पण गरिएको जललाई उठाई सक्नुपर्छ। गुरुमार्ग दर्शनमा यसप्रकार सही विधि अपनाएर अपार धर्म पुण्य आर्जन गर्न सकिन्छ। यो कर्मविधि सबैभन्दा प्रभावकारी एक सरल उपाय हो। यसको पालनाले हाम्रा आत्मीय स्वभावहरू जल झैं पवित्रता, स्वच्छता, शान्त तथा शितलताले भरिभराउ भइरहनेछ।

## २.३ फूल अर्पण

मैत्रीधर्ममा सर्वपरमात्मा स्वरूप भगवानहरूको पूजापाठ र प्रार्थनाको समयमा फूल अर्पण-समर्पण अर्को महत्वपूर्ण तेस्रो विधि हो। जल झैं फूल पनि प्रकृतिमा वरदार स्वरूप सहज प्राप्त हुनेहुँदा उहाँ भगवानहरूलाई फूल अर्पण गर्नु अति आवश्यक छ। प्रकृतिमा फूलको आफ्नै अपार विशेषता रहन्छ। फूलको स्वरूप नै सृष्टिको प्रथम अवस्था हो। एक फूलको स्वरूपबाटै फलको रूप प्राप्त गर्नसकेको हुन्छ। यसरी भगवानको सर्वसृष्टिमा फूलको महत्वपूर्ण भूमिका रहन्छ। जस्तै फलको एक पूर्ण रूप प्राप्त गर्न एक फूलमा भएको सुन्दरता, सुगन्ध र निर्मलताको कारण सम्भव भएको हो। यसरी नै मानवतामा पनि फूल झैं पवित्र, सुन्दर र कोमल आत्मा स्वभाव अस्तित्वगत रहनसके सर्वपरमात्माको प्रिय बन्नेछ।

त्यसकारण सर्वमानव आत्मा फूल झैं सुन्दर, पवित्र हुनसकोस भनि सर्वपरमात्माको श्रीचरणकमलमा अपार आराधना, वन्दना सहित विशेष सेतो र निलो रङको फूल अर्पण गर्न सक्नुहुन्छ। आफ्नो बगैंचाबाट प्रशस्त फूल उपलब्ध हुनसके दैनिकी ताजा फूल अर्पण गर्न सकिन्छ। तर यदि दैनिकी प्राप्त गर्न असहजता भएमा हप्ताको एकदुई पटक भएपनि अर्पण गर्नैपर्ने हुन्छ। फोटोमा देखाइए अनुरूप फूलदानीमा सजाएर आसनको तेस्रो तहमा अर्पण गर्न सक्नुहुन्छ। आफूले

जतिसक्छ फूलहरूद्वारा गुरु आसनलाई सजाउन सकिन्छ। अर्पणको समयमा सदा फूल झैं सुन्दर, पवित्र आत्मा स्वभाव लिइ अपार श्रद्धा र भक्ति भावपूर्ण सर्वपरमात्मालाई अर्पण गरेमा अनन्त पुण्यफल प्राप्त हुनेछ। अतः फूलको सौन्दर्य र सुगन्धले सबैलाई आकर्षित गरेझैं मैत्रीधर्मको एघार शीलहरूको सुगन्धले विश्वमानव समुदायलाई कुशल कर्ममा आकर्षित गराउन सकोस।

## २.४ दियो बत्ती अर्पण

सर्वगुरुहरूलाई असंख्य दियो बत्ती अर्पण गर्नु अतिनै विशेष अर्को चौंथो विधि हो। आफ्नो क्षमतानुसार गुरु आसनको दोस्रो र तेस्रो तहमा दियो बत्तीलाई अर्पण गर्न सक्नुहुन्छ। अनन्त दीप जलाइ अर्पण भइरहेको सम्झेर सर्वात्माको सुखको निमित्त उहाँ भगवानहरूमा बिन्ती र प्रार्थना गर्नुपर्दछ। सूर्य समान प्रचण्ड तेज उत्पन्न भई अज्ञानताको सर्वअन्धकार नष्ट होस भन्दै दीपलाई सर्वपरमात्मामा सर्वमैत्री भावपूर्ण अर्पण-समर्पण गर्न सक्नुहुन्छ।

दुःखमा रहेका सर्वात्मा उद्धार हुन दैनिकी उहाँ गुरुहरूको नाममा दीप प्रज्वलित गर्न सक्नुहुन्छ। सर्वमैत्री भावपूर्ण गुरुहरूको शुभ नाम स्मरण गर्दै मनमनै अपार स्तुति र नमन प्रकट गरि अनगिन्ती दीप अर्पण गर्नुपर्दछ। वास्तविक आत्मा स्वरूप पनि एक दीपज्योति समान प्रकाशवान रहेकोले सर्वमानवलाई आफ्नो यथार्थ स्वरूपको ज्ञान भई सूर्य झैं तेजस्वी हुनसकोस भन्ने सर्वमैत्री भाव प्रकट गर्नुपर्दछ।

त्यसैगरि पूजापाठ र प्रार्थना नभएको अन्य कुनैपनि समयमा दियो मात्र भएपनि बाल्न सकिन्छ। कुनैपनि समयमा गुरु भगवानहरूलाई दीप जलाई अर्पण गर्न सक्नुहुन्छ। जस्तो कि कुनै शुभ कार्य गर्दाहोस्, कतै टाढाको यात्रामा निस्कदा होस, कुनै कार्यको थालनी गर्दाहोस, कुनै दुःख पर्दाहोस, यसरी कुनैपनि शुभ र अशुभको समयमा दियो बत्ती बालेर उहाँ गुरुहरूलाई अर्पण गर्न सक्नुहुन्छ। बत्ती

बाल्न प्रयोग हुने भाँडावर्तन प्रत्येक दिन सफा गर्न आवश्यक छ। र, दियो बाल्न प्रयोग हुने कपास अतिनै सफा साथै विशुद्ध वनस्पतिबाट बनेको तेल प्रयोग हुन आवश्यक छ।

अपार दियो बत्ती सर्वभगवानलाई अर्पण गर्नु भनेकै संसारमा मैत्रीधर्म ज्ञानको दीपज्योति बालेको समान हो । अधर्म पापले भरिएको मानव अज्ञानताको अन्धकारलाई अनन्त दियो ज्ञानको प्रकाशले नष्ट गरेको भावना गर्नुपर्दछ।

## २.५ फलफूल अर्पण

पूजापाठ र प्रार्थनामा उहाँ गुरुहरूलाई अमृत समान फलफूल अर्पण गर्नुगर्ने अर्को पाँचौं विशेष विधि हो। प्रकृतिमा फलफूल अन्य विषय तत्त्व झैं सहज उपलब्ध हुनसक्दैन। उपलब्ध भएसम्म हप्ताको एकदुई पटक भएपनि कुनैपनि प्रकारको ताजा फलफूल अर्पण गर्नसके अति उत्तम हुनेछ। फलफूल वनस्पति जगतको राजा समान हुन्। यसै फलभित्र नयाँ बोटबिरुवाका बीजहरू संरक्षित रहन्छन्। हामी मानव आत्मा भित्रपनि सर्वज्ञानको बीज उपलब्ध छन्। तर पापको कारण अज्ञानताको आवरणले ढाकिराखेको मात्र हो।

संसारमा सर्वफलफूल वरदानको रूपमा प्रदान गर्नुहुने सर्वसृष्टिकर्ता भगवानप्रति अपार कृतज्ञता व्यक्त गरिरहनुपर्दछ। आफ्नो क्षमतानुसार कुनै सफा भाँडोमा फलफूललाई राम्ररी पखालीवरी सजाएर अर्पण गर्न सक्नुहुन्छ। हजुरहरूको आशिर्वाद स्वरूप सर्वजीवात्माले सहज अमृतमय फलफूल उपभोग गरिरहन पाउन् भन्दै सर्वमैत्री भाव प्रकट गर्नुपर्दछ। गुरु आसनमा रहेको फलफूललाई अर्को नयाँ फलफूल उपलब्ध नभएसम्म त्यही रहनदिन सकिन्छ। र, उक्त अर्पण भइसकेको फलफूललाई अमृतको रूपमा गुरु आशीर्वाद सम्झेर सेवन गर्न सक्नुहुन्छ।

मैत्रीधर्ममा यसप्रकार दैनिकी त्रुटिरहित माथिका सम्पूर्ण पूजापाठ र प्रार्थना विधिलाई अपनाउनसके यही जन्ममा आत्मशान्ति भइरहनेछ। सद्धर्मकर्म गर्नमा साहस, सक्रियता र कठोरता प्राप्त हुँदैजानेछ। पूजापाठको उक्त प्रथम चरणको अर्पण-समर्पणका सम्पूर्ण विधि सम्पन्न गरे पश्चात बाँकी अन्य पूजापाठ र प्रार्थना साथै गुरु मन्त्रजप र तप-ध्यानका साधना विधि गर्न सक्नुहुन्छ।

पूजापाठको उपयुक्त समय बिहान पाँचबजेदेखि आठबजेसम्म र बेलुका पाँचबजेदेखि आठबजेसम्मको रहनेछ। आउने दिनहरूमा मैत्री भाषामा उल्लेखित भएर सर्वपरमात्मा गुरुहरूको प्रार्थना उपलब्ध हुनेछ। सृष्टिकर्ता गुरुमार्ग दर्शनमा प्रवेश भइसकेका र हुनचाहने सर्वसंघ भक्तजनले आफ्नो दैनिकी जीवनमा अनिवार्य माथि बताइएअनुसार पूजापाठ प्रार्थना, गुरु मन्त्रजप र तप-ध्यान जतिसक्छ गर्नैपर्ने हुन्छ।

# ३. गुरु मन्त्रजप र तप–ध्यान

दैनिकी जीवनमा अनिवार्य अपनाउनुपर्ने सृष्टिकर्ता गुरुमार्ग अन्तर्गत यो तेश्रो कर्मविधि हो । उचित समय मिलाएर गुरु मन्त्रजप र तप-ध्यानलाई अपनाउनसके अपार पुण्य लाभ र स्वात्मज्ञान सिद्ध हुँदैजाने प्रभावकारी अभ्यास विधिहरू हुन् । मैत्रीधर्म गुरुमार्गको यात्रामा जप, तप-ध्यानको अपार महत्व रहेका हुन्छन् । जप, तप-ध्यानले आफू लगायत लोक उद्धारको निमित्त उर्जा प्रदान गरिरहेका हुन्छन् । यसैको माध्यमद्वारा आत्मबल, निडरता, शान्तता, दृढता र स्थिरता जस्ता आत्मज्ञानको विस्तार हुँदैजानेछ । भगवान मन्त्रजप र तप-ध्यान सिद्ध हुन अनिवार्य सर्वमैत्री भावपूर्ण साधनाको अति आवश्यक छ । यसैको आधारमा रहेर गर्ने जप, तप-ध्यानको प्रभाव अपार रहनेछ । ध्यानको महत्व र यसद्वारा प्राप्त लाभहरूको बारेमा उहाँ धर्म संघ गुरुज्यूले केही जानकारी गराउनु भएकोछ । जसलाई आफ्नो जीवनभर अभ्यास गरेर सर्वसिद्धि लाभ पाउन सक्नेछ । मैत्रीधर्म अन्तर्गत सृष्टिकर्ता गुरुमार्ग दर्शनमा आधारित प्रारम्भिक चरणका केही महत्वपूर्ण ध्यान विधिहरूलाई बुझ्ने प्रयास गरौं ।

## ३.१ गुरुको सेवाढोग ध्यान

मैत्रीधर्ममा यो ध्यान एक प्रभावकारी प्रथम (गुरुको सेवाढोग ध्यान) विधि हो । र, मैत्रीधर्ममा कुनैपनि पूजापाठ प्रार्थना, सभा, गुरु स्वागत, जप, तप-ध्यान र अन्य कुनै साधना गर्नुभन्दा पहिले र अन्तमा यो ध्यान विधिलाई दैनिकी प्रयोग गर्न सक्नुहुन्छ । यो गुरुको सेवाढोग ध्यान विधिलाई बिहान बेलुका पूजापाठ र प्रार्थनाको सुरुमा र अन्तमा सर्वगुरुको शरणमा सदा रहने भावना गर्दै अपार सेवाढोग गर्नुपर्दछ । तल तस्विरमा देखाइएअनुसारको अवस्थामा रहेर एक्काईस पटकसम्म अनिवार्य र त्यो भन्दा बढि जतिपनि सेवाढोग गर्न सक्नुहुन्छ । यस सेवाढोग विधिले सर्वपरमात्मा भगवानप्रति अपार विश्वासपूर्ण आदरसम्मान, श्रद्धा र भक्ति भाव समर्पण भइरहेको भन्ने बुझाउँछ ।



**अगाडि**



**पछाडि**

मैत्रीधर्मको शरणमा रहनुभएका सबैजनाले अपनाइने यो महत्वपूर्ण विधिद्वारा सर्वपरमात्मा गुरुहरूमा अपार सम्मान भाव प्रकट गर्ने र गराउने ध्यानको प्रथम चरण हो । यो समर्पण भावमा गुरुको सेवाढोग ध्यान गर्दा घुँडा टेकेर आफूले जति समय दिनसक्छ दुई हात र शिरले जमिन स्पर्श गर्दै, आफु पूर्णतः परमात्माको शरणमा रहेको विश्वास व्यक्त गर्नुपर्ने हुन्छ । त्यसैगरि आफूले प्राप्त गरेको सम्पूर्ण आत्मिक मन, बुद्धि, ज्ञान र भावात्मक चेतना हजुर सृष्टिकर्ता भगवानकै देन वा वरदान स्वरूप भएकोले यसको वास्तविक हकदार हजुर भगवान मात्र हुनुहुन्छ । र, यसको उचित प्रयोजन भनेकै सर्वहितमा समर्पित हुनसकोस भन्दै निस्काम भावनाले सर्वमैत्री भावपूर्ण सेवाढोग गर्नुपर्दछ ।

## ३.२ गुरुको शरणागत ध्यान

गुरु शरणागत ध्यान आसन मैत्रीधर्ममा अपार महत्व बोकेको दोस्रो ध्यानविधि हो । यो ध्यानविधि अत्यन्तै प्रभावकारी सिद्ध छ । आफू पूर्ण सदा-सर्वदा



हजुर सर्वपरमात्मा भगवानको शरणमा रहिरहेको भावनाकासाथ यस विधिलाई अपनाउन सक्नुहुन्छ। यहाँ फोटोमा देखाइए जस्तै दुई घुँडा टेकि, शिरको भागलाई अलि झुकाएर जतिसक्छ आफ्नो दैनिकी साधनाको रूपमा अपनाउन सक्नुहुन्छ। हजुरहरू नै सर्वेसर्वा हुनुभएकोले आफ्नो स्वामित्वमा रहने शरीर, मन र वचन पूर्णतः हजुरहरूमै समर्पण गर्छु भनि शरणगमन गरिरहनुपर्ने हुन्छ। विशेष सर्वमैत्री भावपूर्ण सर्वात्माले आफूले जस्तै गरेर हजुर गुरुहरूको शरण प्राप्त होउन् भनेर भाव व्यक्त गरिरहनुपर्दछ।

मैत्रीधर्मकर्ममा अडिग र गुरुमार्ग दर्शनको पालना गरिरहनेछु, भन्ने दृढताकासाथ यो ध्यानविधिलाई सुरुवात गर्न सक्नुहुन्छ । यो ध्यान आसनमा आफू जति बस्नसक्छ, त्यहीअनुसार रहेर मैत्रीधर्ममा आफू शरणागत रहेको भाव व्यक्त गरिरहनुपर्दछ। र, अन्य ध्यान आसनका विधिहरू पनि क्रमशः गर्दैजान सक्नुहुन्छ। यो शरणागत ध्यानविधि अपनाउदा भौतिक विषयवस्तुको कामना गर्नु हुँदैन । परमात्मा गुरु र धर्मकर्म मात्र सोचेर शरणमा जानुपर्दछ। सकेसम्म संसार केन्द्रित सोचविचारहरूलाई सून्य बनाइ यो ध्यानविधिलाई जति सक्छ त्यत्ति लामो समय गर्न सकिन्छ।

## ३.३ सङ्कल्पित ध्यान

तप-ध्यानको समयमा विशेष अपनाइने यो आसन तेस्रो सङ्कल्पित ध्यानविधि हो। यो ध्यान आसन गरिरहँदा आफू सदा जस्तोसुकै कठिन परिस्थिति र वाधाहरूमा पनि पूर्ण सर्वमैत्री भावपूर्ण गुरुमार्गमा अडिग रहिरहन्छु, भनेर सर्वगुरुको सामु दृढ सङ्कल्प गरिरहनुपर्दछ । र, आफू मैत्रीधर्मको शील र नियममा रहने सङ्कल्प लिनुपर्ने हुन्छ। आफू कुनैपनि हालतमा हजुर गुरुहरूको साथ नछोड्ने एकप्रकारको वाचाबन्धन वा प्रतिज्ञा लिनुपर्दछ। यो ध्यानविधिको प्रभावले साधकको आत्मीय स्वभावमा कठोरता, निडरता, अठोटता र दृढता जस्ता कैयौं प्रकारका गुणहरूको विस्तार हुँदैजानेछ।

आफूभित्र रहने डर, भय मुक्त भई आत्मबलको प्रभावले अन्य आत्मीय दोषहरू मुक्त हुँदैजानेछ। माथि फोटोमा देखाइए जस्तै गरेर जतिसक्छ आफूले दैनिकी जीवनमा अपनाउनसके अवस्य नै अपार पुण्यकासाथ अरु ध्यानविधिहरूका लागि झनझन् सहजता बढ्दैजानेछ । यी सम्पूर्ण ध्यानविधिहरू अपनाउन आफूलाई प्रशस्त समय नपाएपनि प्रत्येक ध्यान १०, १५ देखि २० मिनेटको हिसाबमा गर्न सक्नुहुन्छ। किनकि अन्य ध्यान साधनाको तुलनामा यी विधिहरू अलिक कठिन नै छन्, तर अभ्यास गर्दैगएमा विस्तारै सहजता प्राप्त हुनेछ।



यी सबै ध्यानविधिको प्रमुख उद्धेश्य नै सर्वमैत्री भावनाको विस्तार संगै आत्मशान्ति, आत्मज्ञान र आत्मबल प्राप्त भई दुःखबाट मुक्त हुनु हो। मैत्रीधर्ममा आफू मात्र नभएर सबैलाई जप, तप-ध्यानमा सहजता प्राप्त गराउन उर्जाशक्तिको प्रकटीकरण गरिरहनु हो। अर्थात अरु अत्मालाई पनि आफ्नो तपोबलद्वारा सर्वमैत्री भावनाको उर्जाशक्तिको विस्तार गराइरहनु हो।

## ३.४ मन्त्र जपध्यान

सर्वज्ञ परम पूजनीय महा सम्बोधि धर्म संघ गुरुज्यूले बोधिमार्ग दर्शन मैत्रीधर्ममा केही विशेष भगवान मन्त्रहरूलाई जपध्यानको लागि प्रदान गर्नुभएको छ । यी गुरु मन्त्रहरूलाई कुनैपनि समयमा माला अथवा मनमनै उच्चारण गरेर जप्न सक्नुहुन्छ। प्रत्येक मन्त्रहरूले महान सिद्ध सर्वज्ञानी गुरुहरूको प्रतिनिधित्व गरिरहेका हुन्छन् । हामीले जीवनमा जतिसक्छ कुनैपनि अवस्थामा यी मन्त्रहरूको जपध्यान गर्न सकिन्छ। यी मन्त्रहरूमा विशेष सर्वगुरुहरूको ऋद्धिसिद्धि, बल, ज्ञान, तपोबल, पुण्य र सर्वधर्मतत्त्व यसैभित्र समाहित रहेकोले जीवनमा सही रूपले जपध्यान गरेमा छिटोछरितो सर्वपाप मुक्त हुँदै अपार पुण्य, ज्ञान, बल र बुद्धि सिद्ध हुँदैजानेछ।

मैत्रीधमर्ममा कुनैपनि साधक वा भक्तजनलाई सहज तरिकाले धर्मकर्म गर्न सक्नेगरी, उहाँ दयावान धर्म संघ गुरुज्यूले यी गुरु मन्त्रहरू प्रदान गर्नुभएको हो । यसलाई जीवनमा हामीले हिड्दा, बोल्दा र कुनै कार्य गर्दाखेरि सहजै स्मरण गरेर मन्त्र जपध्यान गर्न सकिन्छ। यसलाई ध्यान आसनकै समयमा मात्र गर्नुपर्छ भन्ने छैन। किनकि मन्त्रको अर्थ नै सहजता उपलब्ध होस भन्नको लागि एक विशेष उपाय विधि हो। जपध्यानको समयमा सर्वचेतना भावपूर्ण गुरुहरूमा केन्द्रित गरेर सर्वहितको कामना गर्नुपर्दछ । यसप्रकार मन्त्रहरूका आफ्नैखालको अपार महत्व हुनेगर्दछ । दैनिकी बिहान र बेलुका पुजापाठको समयमा विशेष गरि एकसय एक्काईस गोटी भएको मालाको साथमा मन्द आवाजमा मन्त्र उच्चारण गर्दै जप गर्न सक्नुहुन्छ। उहाँ गुरुज्यूबाट प्राप्त भएका केही गुरु मन्त्रहरूको अनुसरण गर्नेछौं।

- नेही पुम्पा सर्वन लोगा सो ।
- सोनवा नेहि निग्मा ज्ञावी ज्याते ज्ञावी येन्दिग ज्येन्दे निग्मा।
- याङ्च्या स्यु, याङ्च्या स्यु, याङ्च्या स्यु येन्ता दोवान्सो।
- सोनवा येन्य येन्य निग्मा निग्मा देन्पो देन्पो दोवान्सो।
- एम्पा धर्म अम्पा दोवा सोन्।



- उवाऊ छ्यूँु ज्ञावी पुम्पा ज्ञावी दोवा सोन् ।
- उवाऊ छ्यूँु एम्पा ज्ञावी दोवा सोन् छ्यूँु ।

निकट भविष्यमा बोलिचालीदेखि लिएर सर्वलेखन कार्यमा समेत प्रयोगमा आउनसक्ने मैत्री भाषामा आधारित यी मन्त्रहरू रहेका छन् । हालको लागि नेपाली लिपीमा जस्ताको तस्तै साभार गरिएको छ । सृष्टिकर्ता भगवान तथा परमात्माहरूको ऋद्धिसिद्धि बल, पुण्य, ज्ञान र तप-ध्यानद्वारा उत्पन्न परम सिद्ध हरेक मन्त्र सर्वउर्जाशक्तिको प्रतिक एक पूर्णतः अवस्था हुन् । यी गुरु मन्त्रहरूलाई

जप गर्ने समयमा मनमा क्षणपनि गलत विचार भाव उत्पन्न गर्नु हुँदैन। सर्वात्माको उद्धार भावपूर्ण हुन सक्नुपर्छ । मन्त्र जपध्यान प्रकृया मैत्रीधर्म पुण्य र ज्ञान सिद्ध गराउने एक प्रभावकारी छोटो उपाय विधि हो । अन्तरात्मा देखिनै अपार आदरसम्मान भावनाले परमात्माको स्मरण गरेर जप र तप-ध्यान गर्नुपर्ने हुन्छ।

दैनिकी स्वच्छ भावनाद्वारा यी गुरु दिव्यमन्त्रहरूको जपध्यानमा लीन रहन सक्नुहुन्छ। जति मनलाई शुद्ध बनाएर जपध्यान गरिन्छ, त्यतिनै छोटो अवधिमा अपार सिद्धि फल प्राप्त हुँदैजान्छ। मन्त्रजप र तप-ध्यान एक सरल प्रभावकारी उपाय हुन् । सकेसम्म सरल आसनमा बायाँ घुडा अगाडि पारेर अथवा कुनैपनि अवस्थामा दुबै हातले माला समातेर जतिसक्छ मन्त्र जपध्यान गर्न सक्नुहुन्छ । जपध्यान विधिमा प्रयोग हुने माला गोटी सकेसम्म ढुङ्गा, सिसा, माटो र बोटबिरुवाका दानाहरूबाट बनेका अति उत्तम हुनेछ। दुईहातको सहायताले मालालाई दायाँतिर घुमाउनुपर्छ। मन्त्र उच्चारण हुँदैगर्छ र निरन्तर एकएक गोटी क्रमबद्ध सार्दै एउटै दिशामा घुमाईरहनुपर्छ।

## ३.५ सरल तप-ध्यान

गुरुमार्ग दर्शनमा अपनाइने तप-ध्यान र साधना विधि एक गहिरो चिन्तनमनन जहाँ आफूभित्रका नकरात्मक स्वभाव खोज-अनुसन्धान गर्दै शुद्धीकरण गरिने विशेषखालको प्रकृया हो। सर्वलोक कल्याण हेतु आकाश समान विशाल मैत्री भावयुक्त आत्मा बनाएर अभ्यास गर्न सकिन्छ।

आफूले प्राप्त गुरु मन्त्रजप र तप-ध्यान विधिको विस्तृत जानकारी सम्बन्धित धर्म गुरुहरूबाट लिन सकिन्छ। धर्ममा एकको कुशल कर्म, पुण्य र ज्ञानको प्रकाशले हजारौंलाई पनि प्रकाशित गरिरहेको हुन्छ। एक भक्तमा रहने यही अपार क्षमतावान गुण परम महा-करुणानिधान भगवानले प्रदान गर्नुभएको सूर्यको तेजस्वी समान अमूल्य वरदान हुन् । हामीले दैनिकी अपनाउने जप र तप-ध्यान साधनाहरू



आफूले जतिसक्छ फोटोमा चित्रण गरिएअनुरूप सरल पद्मासन मुद्रामा रहेर दायाँ पाउलाई अगाडि र बायाँ पाउलाई पछाडि पारि बस्नुपर्दछ। यदि सम्भव भए दुबै खुट्टालाई माथि पारेर, शिर र मेरुदण्ड समानान्तर अर्थात मेरुदण्ड देखि गर्दन र शिरसम्म एकै कोणमा सिधा पारेर दुई हात संगै मिलाएर अभ्यास गर्नुपर्दछ।

यसरी दैनिकी जीवनमा अपनाइने जप, तप-ध्यान साधना, पूजापाठ र प्रार्थनाबाट सिद्ध हुँदैजाने परमात्मा गुरु दर्शन, ज्ञान दर्शन, मोक्ष दर्शन, सर्वमैत्री भाव दर्शन र पुण्य लाभ प्राप्त गराउने यि चार प्रकारका तप-ध्यानको अवस्थाहरूलाई बुझ्ने प्रयास गरौं।

- गुरु लाभ तथा गुरुतत्त्वमा लीन
- विघ्नवाधा तथा मारबाट मुक्त
- अपार पुण्य तथा आत्मशुद्धिकरण
- आत्माले मुक्ति-मोक्ष प्राप्ति

सामान्यतः बोधिमार्ग दर्शन मैत्रीधर्म प्रेमी अनुयायीहरूले माथि उल्लिखित चार प्रकारका लाभ प्राप्त हेतु दैनिकी अभ्यास गर्न सक्नुहुन्छ। यिनको अभ्यासद्वारा जीवन जिउने सर्वोत्कृष्ट शैली प्राप्त हुने मात्र नभएर अपार आत्मशान्ति सिद्ध हुनेछ। यिनै ध्यान विधिद्वारा प्राप्त हुनसक्ने लाभहरूको बारेमा जानेर संसारमा अन्योल वा भ्रमबाट मुक्त हुन उहाँ धर्म संघ गुरुज्यूले तप-ध्यान साधनाका प्रमुख चार प्रकारका लाभदायीक विशेषताहरूलाई जोड दिनुभएको छ। मैत्रीधर्मको अनुसरण गरि ज्ञानको प्रकाशलाई जप र तप-ध्यान साधनाको माध्यमद्वारा जन-जनमा प्रकाशित गराइ अज्ञानताको अन्धकारलाई चिर्दै जीवन रहुन्जेल यी चार ध्यान विधि अनुरूप अभ्यास भइरहन अपरिहार्य छ।

### ३.५.१ गुरु लाभ वा गुरुतत्त्वमा लीन

ध्यानद्वारा प्राप्त हुने प्रथम लाभ गुरुतत्त्वमा लीन हुनसक्नु हो। परम पूजनीय धर्म संघ गुरुज्यूको कोमल चरणकमलमा अपार सेवाढोग सहित सर्वबोधिमार्ग मार्गगुरु र गुरुमार्ग गुरुहरूलाई आफ्नो शिरको अग्रस्थानमा स्थापित गरेर अन्तरात्मा देखिनै अनन्त श्रद्धा र भक्ति भावपूर्ण पूज्नु हो। उहाँ गुरुहरूको परम निकटतामा आफू रहेर अपार आदरसम्मान भावपूर्वक उहाँहरूका सर्वगुणप्रति नमन, बिन्ती र आभार व्यक्त गर्दै आफू उहाँहरूसँग सदा-सर्वदा परम अन्तर सर्वमैत्री भाव सम्बन्धमा लीन रहिरहेको भावना गर्नुपर्दछ।

जन्मजन्मान्तर देखि हजुर महा कृपालु गुरुहरूले दुष्टतत्त्वद्वारा रक्षा गर्नुहुँदै वर्तमान मैत्रीधर्ममा अनन्त लाभ प्राप्त हुने अवसर प्रदान गर्नुभयो। त्यसरीनै हजुर धर्म संघ

गुरुज्यूको अपार धर्म पुण्यबल, सर्वमैत्री भाव, तपोबल, कृपादृष्टि र आशीर्वादको फलस्वरूप मैत्रीधर्म प्राप्त भई हाम्रा सर्वअज्ञानताको जड समाप्त भएकोछ। यी सम्पूर्ण लाभ प्राप्त गराउनुहुने उहाँ सर्वगुरुहरूमा अपार भक्तिपूर्ण सेवाढोग, वन्दना र स्तुति सहित अनन्त कृतज्ञता व्यक्त गरिरहनुपर्दछ।

तप-ध्यानको समयमा सकेसम्म भौतिक सोचविचारलाई शून्य बनाइ अलौकिक अध्यात्म परम चेतन भावनाको अभ्यास गर्नुपर्ने हुन्छ। अध्यात्म परम चेतन भाव उर्जा नै आत्मिक स्वच्छ समर्पित भावद्वारा मनलाई गुरुहरूमा केन्द्रित गर्नु हो। भौतिक कर्मसँग ध्यानलाई जोडिनु हुँदैन। जति सक्छ स्वर्गीय अवस्था भगवान तथा परमात्मा गुरुहरूको रूपरङ, आकार-प्रकार र विशेषता जस्ता गुणमा ध्यान एकाग्र गर्ने प्रयास गर्नुपर्छ। तप-ध्यानको समयमा जतिसक्छ भौतिक स्मरणलाई सून्य बनाउने प्रयास, मनलाई परमात्मा गुरुहरू र सर्वमैत्री भावपूर्ण सर्वात्मा उद्धारमा केन्द्रित गर्ने प्रयास गरिरहनुपर्छ।

सामान्यतया तप-ध्यानको प्रकृयामा आत्मा र शरीरको परम योग अर्थात अन्तर निर्विरोधक सम्बन्ध कायम गराइ पूर्ण अध्यात्म केन्द्रित अस्तित्वगत आत्मिक स्वभावहरू अर्थात उच्च चेतना शक्तिहरू बिचमा अन्तर सर्वमैत्री भावपूर्ण सम्बन्ध स्थापित गराउदै, सचेतनापूर्वक स्वात्मज्ञानद्वारा सूक्ष्म निरीक्षण गरि शरीर केन्द्रित भौतिक सर्वकर्मेन्द्रियद्वारा हुने कर्मलाई निराकार (शून्यभाव) बनाएर एकाग्र चित्त मात्र परम महा-चेतन भावशक्तिमा लीन गराइ आत्मिक गुण/स्वभावलाई परमात्मा गुरुहरूमा समाधिस्थ बनाइराख्ने निर्विकल्प शाश्वत विधिनै तप-ध्यान हो। जहाँ आत्मा र परमात्मा बिचको अनन्त अन्तर सर्वमैत्री भावपूर्ण सम्बन्धमा घनिष्ठता अथवा अलग नभएको एक पूर्णतः अवस्था हो।

यसरी सदा परमात्मा तथा भगवानहरूको सेवाढोग, प्रार्थना र तप-ध्यान सही तरिकाले जीवनभर अपनाउनसकेमा अवस्य गुरु लाभ वा गुरुतत्त्वमा लीन हुनेछ। त्यसैगरि भगवान तथा परमात्मासँग सम्बन्धित अमृतमय मन्त्रलाई मन्द आवाजमा

श्रवण अथवा मनमनै उच्चारण गर्नाले उहाँहरूको तप-ध्यान साधना गर्नमा सहज हुनेछ। हाम्रा अपार श्रद्धा र भक्तिमय शक्तिको प्रभावले गुरुतत्त्वमा लीन हुनसकेर स्वात्मज्ञान मजबुत हुँदै महा शान्तिको अनुभूति भइरहनेछ।

### ३.५.२ विघ्नवाधा तथा मारबाट मुक्त

मैत्रीधर्ममा जप र तप-ध्यान साधनाद्वारा प्राप्त हुने दोस्रो चरणको लाभ अन्तर्गत सर्वविघ्नवाधा तथा मारबाट मुक्त हुनु हो। सर्वमैत्री भावपूर्ण परम महा-चेतन भावशक्तिले युक्त परमात्मा गुरुहरूमा लीन हुँदा, उहाँहरूको अपार कृपा र आशीर्वादको प्रभावले तप-ध्यान साधनाको अवस्थामा उत्पन्न हुनसक्ने सम्पूर्ण विघ्नवाधा शान्त भएर जानेछ। साधनामा वाधा उत्पन्न गराउने सर्वदुष्ट मार तथा भौँतारिएका आत्महरू पनि मुक्त भएरजानेछ। भगवानको सर्वऋद्धिसिद्धि युक्त मन्त्रजपको प्रभावले दृश्य र अदृश्य मानव, दानव र दुष्टात्माबाट हुनसक्ने सर्वप्रयत्न शान्त भएरजानेछ। आफू मात्र नभइ मैत्रीधर्म गुरुमार्गको नीति पालना गर्ने सम्पूर्ण गुरुजन र संघ भक्तहरूमा उत्पन्न हुनसक्ने सर्वविघ्नवाधा पनि मुक्तहोस भन्दै आफूमा भएको सर्वपुण्य र तपोबल प्रदान गरिरहनुपर्दछ।

जप र तप-ध्यानको प्रत्येक चरणमा सर्वमैत्री भाव प्रमुख रहनेहुँदा ध्यानको एकमात्र उद्देश्य सर्वात्मा उद्धारमा रहेको हुन्छ। सर्वभगवान तथा परमात्माप्रति अपार श्रद्धा र भक्तिपूर्ण स्वभाव अटुट प्रकट भइरहनु, आत्मा उद्धारको पहिलो आधार हो। अतः विशेष तप-ध्यानको अवस्थामा सर्वप्रथम आफू भगवानको शरणमा रहेको विश्वासकासाथ शरीर, मन र वचनबाट हुने कर्म सर्वजगत हितमा समर्पित गर्न सक्नुपर्दछ। आफ्नो लागि भन्दापनि दोस्रोको हितमा चिन्तनमनन गर्दै अपार दयामाया तथा करुणाको भाव उत्पन्न गरिरहनुपर्छ।

### ३.५.३ अपार पुण्य तथा आत्मशुद्धिकरण

मैत्रीधर्ममा दैनिकी जप र तप-ध्यानको फलस्वरूप लाभ हुने तेस्रो चरणको अवस्था अपार पुण्य तथा आत्मशुद्धिकरण हो । समग्रमा भगवान मन्त्रजप, तप-ध्यान, पूजापाठ र प्रार्थना जस्ता कर्मविधिनै अपार पुण्य तथा आत्मशुद्धिकरणको लागि अपनाइने प्रमुख विधिहरू हुन् । मन्त्रजप र तप-ध्यान सर्वहितमा हुनेभएकोले स्वतः अपार पुण्य लाभ भइरहने छ । पुण्यको बारेमा हामीले माथिनै धेरथोर बुझिसकेका छौं । पुण्य नै हामीमा अस्तित्वगत रहने अन्तर्निहित विभिन्न स्वभावहरू हुन् । र, यिनै स्वभावहरू हामीले प्राप्त भइरहने अस्तित्वगत कर्मफलहरू हुन् ।

मोक्ष लोकहरूमा विराजमान रहनुहुने सर्वपरमात्मा गुरुहरूले पनि अपार पुण्य लाभको कर्म अटुट गरिरहनुभएको हुन्छ । किनकि उहाँहरू निरन्तर आत्मा उद्धार कार्यमा सक्रिय अवस्थामा रहिरहनुहुन्छ । मन्त्रजप र तप-ध्यानको अन्तमा आफूले सञ्चित अपार पुण्य लाभलाई आफ्नो आत्मशुद्धिकरण र सर्वात्माको उद्धारको निमित्त अर्पण-समर्पण गरिरहनुपर्दछ । सर्वात्मा दुःखबाट मुक्तहोस भन्दै आफूले आर्जन गरेको सर्वपुण्य फल दान स्वरूप निःश्वार्थ भाव समर्पण गर्न सक्नुपर्दछ ।

### ३.५.४ आत्माले मुक्ति-मोक्ष प्राप्ति

मैत्रीधर्ममा आफूले अपनाइने जप, तप-ध्यानको प्रभावद्वारा प्राप्त चौंथो वा अन्तिम लाभ भनेकै सदासदाको लागि दुःखपूर्ण कर्मचक्रको बन्धनबाट मुक्त भई आत्माले मोक्ष लोक साक्षात्कार गर्नु हो । त्यसकारण भगवानको मन्त्रजप र तप-ध्यान साधना गर्नुको प्रमुख उद्धेश्य अन्तमा आत्माले मुक्ति-मोक्ष प्राप्ति रहेकोले तप-ध्यानका सम्पूर्ण अवस्था सफल हुन अनिवार्य पहिलो, दोस्रो र तेस्रो चरणका महत्वपूर्ण विधिहरू सम्पन्न गर्दै आत्माले अपार पुण्य लाभ लिनसक्नुपर्ने हुन्छ ।

जब ती सम्पूर्ण ध्यानका अवस्थाहरू पूर्णता मजबुत भइसकेपछि आत्मीय उच्च-चेतन भावशक्तिको अवस्थाबाट पार भई परम महा-चेतन भावशक्तिको पूर्णतः अवस्था शाश्वत अन्तर सर्वमैत्री भावपूर्ण सम्बन्ध स्थापित सदा भइरहने आत्माको अस्तित्वगत स्थितिनै मुक्ति-मोक्ष हुनु हो। अर्थात आत्मीय स्वभाव र परमात्मा स्वभाव बिच समाधिस्थ भइसकेको पूर्ण अवस्था हो। अध्यात्म परम चेतन भावशक्तिको मजबुतीले अन्तरात्मामा सदा-सर्वदा महा सचेतना जागृत गराइरहने हुन्छ। सर्वधर्मकर्म विषय तत्त्वको स्वात्मज्ञान सिद्ध हुन्छ। सर्वमैत्री भावनाको प्रकटले दिव्य आत्मशक्तिको अनुभूति र परम शान्ति प्राप्त हुनेछ।

यसप्रकारको तप-ध्यान विधिलाई जीवनमा आफूले उचित समय मिलाएर सही आसनमा जतिसक्छ आफ्नो क्षमतानुसार अभ्यास गर्न सक्नुहुन्छ। विशेष बिहान र बेलुका अनिवार्य अथवा दिनमा जतिपटक भएपनि माथि उल्लिखित विधिहरूलाई अपनाएर सही/सत्य तप-ध्यान गरेमा, यहीँ जीवनकालमा बताइए अनुरूप सम्पूर्ण धर्मका अवस्था प्राप्त गर्नसक्नेछ। यदि सर्वभगवानको तप-ध्यान साधनाको अवस्था एकदमै सर्वोत्कृष्ट र साथै चेतना भावशक्ति परम महा-चेतन भावशक्तिमा समाधिस्थ हुनसके यही जीवन रहँदै आत्माले मुक्ति-मोक्षको परम अनुभूति गर्नसक्नेछ। सर्वात्माको कल्याण होस।

# हिंसा मुक्त मैत्री आचरण

उच्च-चेतनाको श्रेणीमा रहने विवेकशील मनुष्यले अपार दयामाया, करुणा र प्रेमको दुरुपयोग गर्दै ती अवोध प्राणीको हत्याहिंसा उसले कसरी गर्नसक्छ ? दोस्रोको ज्यान लिएर आफू खुसी तथा आनन्द मान्नेले दयामाया, करुणा र प्रेम भाव दर्शाउनुको के नै अर्थ रह्यो र ? दयामाया र प्रेम भाव एक सामान्य हिंस्रक पशुपंक्षीमा पनि त हुन्छ। र, उ आफ्नो प्राण र सन्तानको पालनपोषण तथा संरक्षणको लागि हिंसक रूप अपनाउदै दोस्रोमा आश्रित हुनुपर्ने उसको कार्मिक स्वभाव नै हो। यो कृया उसको लागि अपरिहार्यता हुन आउछ। तर मानवको अवस्था विल्कुलै फरक कुनै बाध्यता पनि छैन र हिंसक स्वभाव पनि होइन। फेरि बाँच्नकै लागि मानवका अन्य धेरै बिकल्पहरू नभएका पनि होइनन्। तर मानवले आफ्नो यथार्थ अध्यात्म चेतनाको स्तरलाई अस्तित्वहीन भौतिक विषय भोग, सोख, मनोरञ्जन, व्यापारव्यावसाय, सामाजिक चाडपर्व र रीतिरिवाज जस्ता स्वार्थ निहित कार्यहरूमा निर्दोश पशुपंक्षीको प्राण लिने अपराधिक पाप कार्यमा सम्लग्नता भइरह्यौं। मानवद्वारा हुने यी कर्मले स्वतन्त्र बाँच्न पाउने पशुपंक्षीको अधिकार माथि अन्याय भइरहेको प्रस्ट हुन्छ।

यो सत्य तथ्यलाई मनन गर्दा संसारमा स्वतन्त्रताको माग उठाउदै आईरहेका मानव समाजले पशुपंक्षी लगायत अन्य प्राणीको हकमा किन स्वतन्त्रताको माग गर्न सकेन ? यस धर्तीमा स्वतन्त्र बाँच्न पाउने हक र अधिकार मानवको मात्र हो भन्ने बुझ्दै आयौं। तर ती सर्वपशुपंक्षी, जलप्राणी र वनस्पति जगतको पनि हो भन्ने विषयलाई बोध गरेनौं अथवा बुझ्न चाहेनौं र बुझेकाहरू पनि स्वार्थमा लिप्त भइदिए। भगवानको सृष्टिमा सबैको समान अधिकार रहेकोले कुनैपनि प्राणीलाई असर हुने कर्म गर्नु सर्वथा गलत हुन्छ।

दोस्रोलाई पिडा दिइ मनोकामना पूर्ण हुने अन्धविश्वासमा विभिन्न देवदेवी तथा आत्माको नाममा काटमार अनि कतिपय सामाजिक संस्कार जन्म, विवाह, चाडबाड र अन्य परम्पराको उपलक्ष्यमा प्राणी हत्या एक महा अपराध नै हो। अपार दुःख भोगीरहेका पशुपंक्षीको प्राण लिएर आनन्द मान्ने प्रवृत्ति आफ्नै आमाबाबु र

बालबच्चालाई मारेर खुसी मान्नु समान हो । यसरी विश्वमा दैनिक करोडौं अवोध पशुपंक्षीको हत्या भइरहेका हुन्छन् ।

कसैको प्राण स्वीकारेर खुसी मान्ने देवदेवी कस्तो हुन सक्ला ? पक्कैपनि क्रोधित हिंस्रक स्वभावकै हुनुपर्दछ । परमात्मा सर्वधर्म नीतिमा दोस्रोको दुःखमा आनन्द लिनु महा अधर्म पाप हुने उल्लेख गरिएको छ । अपार दयामाया तथा करुणाको मार्ग दर्शन गराउने कुनैपनि धर्मले प्राणीको हत्या त के, दुःख दिने कार्य सम्मपनि सोच्न सक्दैन । त्यसकारण गलत मूल्यमान्यतामा पशुप्राणीको हत्याहिंसा भइरहेकोले यसको तत्काल बन्द गर्नुपर्दछ ।

वर्तमान मैत्रीधर्मको मूल सिद्धान्त सर्वमैत्री भावना रहेकोले कसैलाई दुःख नदिउँ र सर्वविषय तत्त्वको सम्मान गरौं भन्ने हो । तर निरीह जीवको हत्याहिंसा नितान्त धर्म नीति विरुद्धमा भएकोले मानव अन्तस्करणबाट सर्वमैत्री भावशक्ति क्षीण भई विश्वमा अशान्ति भइरहेको कुरा जगत सामु स्पष्ट छ ।

एक अबोध प्राणी, प्राणको निमित्त हाँसी-हाँसी समर्पण भावमा विलीन हुँदै उच्च-चेतनशील तर निर्दयी मानवद्वारा दिइने मृत्युदण्ड भोग्न तयार हुन्छ । आफू र अरुको अनिष्ट गर्ने दुष्कर्म सर्वश्रेष्ठ मनुष्यले किन त्यागदैनन् ? दोस्रोको अहित गरेर आफ्नो हित चाहनु, विषलाई अमृत मानेर पिएको बराबर हो । अतः आफ्नो र अरुको अहित हुने कर्मको अन्त्य गरौं ।

## प्रणाम र यसबाट हुने अपार लाभ

बोधिमार्ग दर्शन मैत्रीधर्ममा उच्च आदरसम्मान भावद्वारा अन्तरात्मा देखि सर्वगुरुको श्रीचरणकमलमा सेवाढोग सहित उहाँहरूको शरणमा सदा रहने अध्यात्म उच्च-चेतन भावशक्ति प्रकट गर्ने क्रममा, श्रद्धालु भक्तजनको मुखारबाट प्रष्फुटित हुने प्रथम पवित्र शब्द 'प्रणाम' भएकोले यसको महत्व मैत्रीधर्ममा अपार रहन्छ ।

प्रणाम शब्द उच्चारण गर्दाको क्षणमा अन्तस्करणमा परमात्मा प्रति अपार विश्वासपूर्ण श्रद्धा, भक्ति र आस्थाले युक्त दुर्लभ भाव तत्त्वको प्रभाव मजबुत हुनजान्छ। अन्तर मनमा सर्वमैत्र भावको उर्जा तरङ्गित भई उहाँ गुरुहरूबाट अटुट धर्म पुण्य, कृपा र आशीर्वादको लाभ लीन योग्य पात्र बनीरहेको हुन्छ।

सर्वप्रथम उहाँ धर्म संघ गुरुज्यू तथा सपरिवार, त्यसपछि क्रमशः मैत्री वस्त्र धारण गरेका सर्वगुरुमार्ग गुरुहरूलाई श्रद्धा भावपूर्ण दुई हात जोडी प्रणाम शब्दले अभिवादन गर्नुपर्ने हुन्छ। मैत्रीधर्म नीतिमा सबैले अनिवार्य अपनाउनु पर्ने विधि हो। यसैको कारण गुरुहरू प्रति अझ मजबुत सम्बन्ध स्थापित गराइरहन्छ।

प्रणाम शब्द आफैंमा एक भक्तजनको विनम्रता, सद्भाव, बिन्ती अनि पुकार जस्ता स्वभाव अप्रत्यक्ष व्यक्त भइरहने सहज मार्ग दर्शन हो। आफूलाई अज्ञानताको अन्धकारबाट मुक्त गराउन परमात्मा गुरु समक्ष समर्पण भाव सहित स्तुति व्यक्त गर्नु हो। र, आफू सर्वदा परमात्माको शरणमा छु भन्ने विश्वासपूर्ण श्रद्धा र भक्तिको सङ्केत गराइरहने मूल प्रकृया हो।

प्रणाम शब्दको प्रयोग मैत्रीधर्ममा आफू भन्दा उच्च गुरुमार्ग गुरु स्थानमा रहेर मार्ग दर्शनको पालना गरिरहनु हुने गुरुहरू देखि सर्वभगवान तथा परमात्मालाई मात्र गर्नुपर्ने हुन्छ। आफू सरहका संघ भक्तजनलाई अभिवादन गर्दा यसको प्रयोग गरिदैन। त्यसकारण प्रणाम शब्दको महत्वलाई बुझेर यसको सदुपयोग गर्नु मैत्रीधर्ममा अनिवार्य छ।

## मैत्री मंगलम् र यसबाट हुने लाभ

बोधिमार्ग दर्शन मैत्रीधर्ममा, गुरुमार्ग गुरु अन्तर्गत रहेर नीति-नियमको पालना गरिरहेका सम्पूर्ण शिष्य, संघ र भक्त-अनुयायीले आफू सरहका बिच अपार सम्मान भाव प्रकट गराइ मित्रवत भावको सङ्केत गराइरहने शब्द नै मैत्री मंगलम् ‘शैज्ञी वाङ्ख्या’ हो।

विशेषतः मैत्रीधर्ममा आबद्ध सन्यासी गुरुमार्ग गुरुहरू बिच, सन्यासी महा-माआत्म गुरुमार्ग गुरुहरू बिच, गृहस्थी गुरुमार्ग गुरुहरू बिच र अन्य सर्वसाधारण गुरुमार्ग गुरुहरू बिच सम्मान भाव व्यक्त गर्न भेटघाटको प्रथम चरणमा प्रयोग हुने शब्द मैत्री मंगलम् भएकोले यो अति नै विशेष रहेको हुन्छ।

मैत्री मंगलम् शब्दले गुरु शिष्य, संघ र भक्त-अनुयायी बिच सर्वमैत्री भावपूर्ण विश्वास, समझदारी, एकता, सहयोग, समानता र सम्मान भाव जस्ता मेलमिलापको वातावरण सृजना गराइरहन्छ। र, एकअर्का प्रति अपार सम्मान भाव प्रकट गराइरहेको हुन्छ।

त्यसैगरि 'मैत्री मंगलम्' मैत्रीधर्म संघ र भक्त-अनुयायीको पहिचान हो। जसरी मैत्री मंगलम् उच्चारण गरिन्छ, यसले मैत्रीधर्म अनुयायी हो भन्ने चिनारी लोकसामु गराइरहेको हुन्छ। र, सम्पूर्ण शिष्य, संघ र भक्त-अनुयायीलाई एकतापूर्ण मैत्रीधर्मको डोरामा बाँधिराख्ने सूत्रको कार्यमात्र नभइ सबैको कल्याण होस् भन्ने सर्वमैत्री भाव व्यक्त गराइरहेको हुन्छ।

## मैत्रीधर्म के हो ?

- मानव बिच अन्तर सर्वमैत्री भावपूर्ण सम्बन्ध स्थापित गराइ मुक्तिमोक्षको मार्ग प्रदान गर्ने धर्म मैत्रीधर्म हो।

- सृष्टिकर्ता गुरुमार्ग दर्शनको प्रभावले विश्वमानवलाई मैत्री डोरामा बाँधेर विश्वशान्ति स्थापना गराउने धर्म मैत्रीधर्म हो।

- सर्वपरमात्मा तथा भगवान र मानव आत्मा बिच अन्तर सर्वमैत्री भावपूर्ण सम्बन्ध मजबुत गराउने धर्म मैत्रीधर्म हो।

- धर्म प्रकृतिको मूलभूत सिद्धान्तमा आधारित सर्वसृष्टिचक्र र कर्मचक्रमा अस्तित्वगत प्रकृति स्वरूप मूल सह-सहायक सृष्टि तत्त्व जल, वायु, पृथ्वी,

वनस्पति, पशुप्राणी र आत्मा स्वरूप मानव जगत बिचको सहवास, सहअस्तित्त्व, सहजीवन सन्तुलन बनाइ राख्न सहायता गर्नसक्ने धर्म मैत्रीधर्म हो ।

- सर्वमानव आत्मादेखि पशुप्राणी र वनस्पति जगतको सुधार-उद्धारमा क्रियाशील रहने धर्म मैत्रीधर्म हो ।

- परमात्मा मैत्रीधर्म गुरुमार्ग दर्शनलाई अन्तिम क्षणसम्म विस्तार गराइ शान्ति प्रवाह गर्नमा प्रमुख भूमिका निर्वाह गरिरहने धर्म मैत्रीधर्म हो ।

- विभिन्न कारणवश मानवता बिच रहनसक्ने अन्तर सर्वअमैत्री भावपूर्ण सम्बन्ध जस्तै जाति, लिङ्ग, वर्ण, समुदाय, पद, शक्ति, योग्यता, आर्थिक, धर्म आस्था, परम्परा, राजनीति, बहुमत र विज्ञान प्रविधि आदिमा रहँदैआएका संघर्ष, प्रतिस्पर्धा, असमानता, भेदभाव र अन्धविश्वास जस्ता द्वन्द्वात्मक कार्यलाई सुधार गर्दै पूर्व भ्रमित विषय तत्त्वहरूलाई निर्मूल पार्ने योग्यता बोकेको धर्म मैत्रीधर्म हो ।

- मानव जगतले बिर्सँदै गइरहेको धर्म पहिचान, कर्तव्य र उद्देश्यलाई बोध गराइ अध्यात्म उच्च-चेतन भावशक्ति विकास गराउने धर्म मैत्रीधर्म हो ।

- अमानवीय गलत स्वभावको वृद्धिले विनाश उन्मुखतिर लम्किरहेको मानव अस्तित्त्व र सभ्यताको आयुलाई बढाएर देवन भूमि सुखलोक समान स्थापना गराउने क्षमता बोकेको धर्म मैत्रीधर्म हो ।

- विश्वमानव जगतलाई सर्वमैत्री भावनाको सूत्रमा बाँधेर एकसमान, एक घर परिवार, एक धर्म सिद्धान्त एवम् शासन विधि प्रदान गरेर एकअर्कामा उच्च सम्मान, विश्वास, एकता र समझदारी स्थापना गर्दै उत्साह अनि प्रेरणाद्वारा मानव अन्तरात्मामा स्थित क्लेश नष्ट गराउने धर्म मैत्रीधर्म हो ।

- कुनै व्यक्ति, जाति, समाज र राष्ट्र विशेषको हितमा मात्र नभएर विश्वमानव समुदायको लागि सृष्टि भएको धर्म मैत्रीधर्म हो ।

हामी सर्वमानव भौतिक चेतना र भावनाहरूमा मात्र लिप्त भएर कैयौं जन्मदेखि पाएको अमूल्य अध्यात्म जीवनको महत्वलाई बुझ्न नसकेर हो वा नचाहेर व्यर्थ समय बिताइरह्यौं। अब वर्तमानमा जे हुँदैछ, त्यसको वास्तविकता खोज गर्दै सहि परिवर्तनको बाटोमा अघि बढ्नु छ। आजको विश्व समाज जुन तवरतरिकाले अघि बढिरहेको छ, त्याहाँ दुःख शिवाय अरु केही पाउने छैन। त्यो समाज भित्रको आफ्नो अवस्थालाई बुझेर आफू जहाँ, जसरी जुन रूप प्राप्त छ। यसैमा पूर्ण सन्तुष्ट रहेर अब मैत्रीधर्मको शरणमा रहि उच्च-चेतन भावशक्तिले युक्त स्वात्मज्ञान जागृत गराउन परमात्मा परम भक्तिमा लीन हुन अति आवश्यक छ।

भौतिक विषयवस्तुको साथमा केवल क्षणिक सुखसुविधा भन्दा अरु के नै पाउन सक्छौं र ? हामीले देखिरहेका छौं, जताततै अशान्तिका रूपहरू अतः हे सर्वप्रिय समस्त पुण्यवान मित्रजन मैत्रीधर्ममा महा सुख ज्ञानगुण प्राप्त गर्न लागि परौं। अब भौतिक विचारधारा लिएर होइन, अध्यात्म चिन्तनमनन गर्दै जीवन जिउने प्रयत्न गरौं र मैत्रीधर्मको अमृतमय ज्ञानको सागरमा डुबेर दिव्य चेतनाको विकास गर्दै सर्वमैत्री भावनाको अमृतपान गरि भगवानको दुर्लभ कृपा लाभ प्राप्त गरौं।

## मैत्री वस्त्र

मैत्रीधर्ममा मैत्री वस्त्र गुरु शिष्य र संघभक्त अनुयायीको पहिचान हो। गुरुमार्ग दर्शन पालनाको आधारमा मैत्री वस्त्र प्राप्त हुन्छ। मैत्री वस्त्रको रूपमा प्रयोग हुने विशेष  सेतो, आकाशे निलो, हरियो र बैजनी रङ्ग हुन्। मैत्रीधर्म संघमा आधिकारिक रूपमा आबद्ध सम्पूर्ण अनुयायीले अनिवार्य मैत्री वस्त्र धारण गर्नुपर्ने हुन्छ। किनकि मैत्री पोसाक मैत्रीधर्म संघको मानसम्मान, ईज्जत र धर्म सिद्धान्तको प्रतिक पनि हो।

मैत्री वस्त्रले भक्तको सर्वमैत्री भावपूर्ण विश्वास, श्रद्धा, भक्ति, इमानदारी, एकता, समानता र समझदारी जस्ता भाव तत्त्वको प्रतिनिधित्व गरिरहेको हुन्छ। यसका



साथै बाहिरी रूपमा झट्ट देख्दा पनि यो मैत्रीधर्म संघमा आबद्ध भक्त अनुयायी हो भन्ने पहिचान गराइरहेको हुन्छ ।

मैत्रीधर्ममा विशेष सेतो र निलो प्रयोग हुनुको कारण स्वयम् धर्म संघ गुरुज्यूले सेतो मैत्री वस्त्र धारण गर्नुभएको छ । र, अन्य कारण भनेको मैत्रीधर्मसँग सम्बन्धित बोधिमार्ग दर्शन सृष्टिकर्ता भगवानहरू र मार्गगुरु परमात्मा गुरुहरू प्रायः गरेर सेतो पहिरनमा सजिनुभएको छ ।

सृष्टिकर्ता गुरुमार्ग दर्शन अन्तर्गत रहनुहुने प्रमुख परमात्मा गुरुहरू पनि निलो पहिरनमा सजिनुभएको छ । उहाँ धर्म संघ गुरुज्यू स्वयमले सेतो वस्त्र धारण गर्नुभएको छ । सृष्टिकर्ता बोधिमार्ग दर्शन र मार्गगुरु दर्शन अन्तर्गत रहनुहुने परमात्मा तथा भगवानहरूले विशेष सेतो रङ्गको वस्त्र धारण गर्नुभएको छ ।

मैत्रीधर्ममा विशेष गरेर मैत्री वस्त्रको छुट्टै महत्व रहिआएको छ । मैत्री वस्त्र एक नीति-नियम हो । म पूर्ण मैत्रीधर्मको सृष्टिकर्ता गुरुमार्ग दर्शन अन्तर्गत छु भन्ने

भाव उत्पन्न गराइ अन्तरमनलाई विश्वस्त बनाइराख्छ । र, कुनैपनि असत्कर्म गर्नबाट आत्मालाई सचेतना गराइरहन्छ । मैत्री पोसाकको प्रभावले आउनसक्ने मार वा वाधा मुक्त हुनुको साथै आत्मशान्तिको अनुभूति गराइरहेको हुन्छ ।

आफूले प्राप्त गरेको मैत्री वस्त्रको अपार सम्मान गर्नु एक भक्तको परम कर्तव्य हो । मैत्री वस्त्रलाई जथाभावी खुट्टा मुन्तिर अनि अन्य सामान्य कपडा झैं गरेर जहाँ पायो त्यही राख्ने जस्ता कार्य पक्कैपनि अपमानजनक हुन्छ । मैत्री वस्त्र एक अमूल्य वरदान हो । मैत्री पोसाक सर्वसृष्टिकर्ता परमात्मा तथा भगवानको कृपा र आशीर्वाद हुन् । मैत्री वस्त्र नकरात्मक हर विषय तत्त्वबाट एक भक्तको संरक्षण गराउने रक्षाकवच हो । मैत्रीधर्मको शरणमा रहनुभएका संघ भक्तजनको आफ्नो पुण्य, ज्ञानगुण र स्वभाव बचाइ राख्न नराम्रो विषय तत्त्व विरुद्धको मजबुत आधार हो ।

## मैत्री झण्डा

मैत्री झण्डा मैत्रीधर्म संघको पहिचान, सुखशान्ति र समृद्धिको प्रतिक हो । उहाँ महा सम्बोधि धर्म संघ गुरुज्यूले ६ वर्षसम्मको महा-कठोर तपध्यान साधना गर्नुभएर सर्वमार तथा कर्म बन्धन विरुद्ध धर्म विजय प्राप्त गर्नुभएको उपलक्ष्यमा बोधिमार्ग दर्शन मैत्रीधर्म संघको प्रतिक स्वरूप निलो र सेतो रङ्गको झण्डा उपलब्ध भएको हो ।

विश्वमा छरिएर रहेका सर्वशिष्य, संघ र भक्त-अनुयायी बिचको एकता, समानता र आत्मबलको प्रतिकको रूपमा मैत्री झण्डालाई बोधि श्रवण धर्म संघले प्रयोग गर्दै आइरहेको हो । विश्वमा जो जहाँ रहेतापनि मैत्री झण्डाले हामी एक मैत्रीधर्म संघ हौं । र, मैत्रीधर्म संघको शरणमा छौं, भन्ने अत्मविश्वास प्रकट गराइरहन्छ । विश्वमानव जगतलाई  एउटै मैत्रीधर्मको सूत्रमा बाँध्ने कार्य पनि मैत्री झण्डाले गरिरहेको हुन्छ ।




विशेष गरी मैत्री झण्डाको अर्थ मैत्रीधर्मको नीतिविधि संसारमा झण्डा झैं फरफराइ सकेको छ। धर्म विरुद्धका सर्वमार एवम् पाप कर्ममाथि बोधिमार्ग दर्शन मैत्रीधर्मको सर्वथा विजय सुनिश्चित हुने मजबुत आधार हो। धर्ती लोकमा मैत्री झण्डा झैं मैत्रीधर्मको नीति-नियम र शासन सदासर्वदा सर्वहितमा निष्पक्ष अनि स्वतन्त्र फरफराइ रहनेछ। विश्वमा शान्तिको मार्ग स्थापना गराउन सर्वात्मामा निलो र सेतो प्रकाश स्वरूप ज्योति प्रदान गरिरहनेछ।

निलो र सेतो नै कपडा झण्डको रूपमा प्रयोग हुनुको प्रमुख कारण स्वयम् गुरु धर्म संघज्यूले सेतो वस्त्र धारण गर्नुभएको छ। बोधिमार्ग दर्शन मैत्रीधर्म अन्तर्गतका सर्वभगवान तथा परमात्माले निलो र सेतो वस्त्र धारण गर्नुभएका छन्। त्यसैगरि मैत्री पूजापाठ, मैत्री दिवस एवम् विश्वशान्ति मैत्रीपूजा कार्यक्रममा पनि विशेष निलो र सेतो रङ्गकै कपडा प्रयोग गरिन्छ।

# मैत्री दिवस र यसको विशेषता

बोधिमार्ग दर्शन मैत्रीधर्ममा विशेष गरी चैत्र, बैशाष र जेठ महिनालाई प्रमुख गुरु दिन, बार र महिनाको रूपमा लिइन्छ। यी महिनाहरू ऐतिहासिक धर्म गुरुहरूसँग सम्बन्धित रहेकाले विश्वशान्ति मैत्री पूजापाठ प्रार्थना, जप र तपध्यान साधनाका प्रशिक्षण जस्ता कार्यक्रमहरूको आयोजना गरेर सर्वपरमात्माको अपार कृपा लाभ प्राप्त गर्ने गरिन्छ। उहाँ धर्म संघ गुरुज्यूको अमृतमय वचनअनुसार, "उहाँ महा मैमैत्री मार्गगुरुको शुभजन्म पैतिस हजार वर्ष पूर्व प्राचीन कालमा चैत्र महिनामा भएको थियो।" उहाँको स्मृतिमा चैत्र महिनाको ८ गते विशेष मैत्री दिवसको अवसर पारेर मैत्रीधर्म संघ परिवारले विश्वशान्ति मैत्री पूजापाठ प्रार्थना कार्यक्रम प्रत्येक वर्ष मनाउदै आइरहेका छन्।

उहाँ धर्म संघ गुरुज्यूको शुभजन्म दिन र परमात्मा सर्वज्ञानगुण प्राप्त गर्नुभएको विशेष समय पनि यिनै महिनाहरू रहेका थिए। त्यसकारण चैत्र, वैशाख र ज्येष्ठ महिनामा जतिपनि महत्वपूर्ण धार्मिक पूजाआजा सम्पन्न गराइ परमात्मा तथा भगवानहरूको अपार कृपा अनि आशीर्वाद लाभ प्राप्त गर्ने गर्दछौं। समस्त मैत्री संघ तथा भक्त-अनुयायीले आ-आफ्नो घर परिवारमा गृहस्थी माआत्म गुरुमार्गद्वारा आवश्यक शान्ति पूजापाठ र विघ्नवाधा निर्मूल पूजापाठ गर्ने गरिन्छ। आफ्नो क्षमतानुसार धर्म गुरुहरूलाई दान अर्पण समर्पण गरेर अपार पुण्य लाभ प्राप्त गर्छौं। एकअर्का बिच आभार व्यक्त, मैत्री शुभकामना आदनप्रदान र व्यक्तिगत वा सामुहिक रूपमा कार्यक्रम आयोजना गरेर मैत्री दिवस साथै अन्य मैत्रीपूजा गर्ने गर्दछौं।

मैत्रीधर्ममा आबद्ध सम्पूर्ण गुरु शिष्य, संघ र भक्त-अनुयायीलाई सृष्टिकर्ता गुरुमार्ग दर्शन अन्तर्गत रहने नीति-नियम, ज्ञानगुण, जप र तपध्यान सम्बन्धि शिक्षादीक्षा र प्रशिक्षण गराउने सबैभन्दा उत्तम समय पनि हो। मैत्री दिवसको अर्को विशेष महत्व भनेकै लोकमा मैत्रीधर्मको विस्तार अनि प्रभाव सदा मजबुत तथा सक्रिय बनाइराख्ने प्रकृया हो। यसको कारण सर्वभक्त अनुयायीमा उत्पन्न उत्साह, उमङ्ग



र हौसलाको प्रभावले सद्मार्गमा लागिरहन उत्प्रेरित र अन्य नवीन संघ भक्त विस्तार गर्नमा विशेष सहायता पुऱ्याइरहेको हुन्छ ।

ऐतिहासिक मैत्रीधर्म अन्तर्गत रहनुहुने सम्पूर्ण परमात्मा तथा भगवानहरूले धर्मकर्म नीतिविधिद्वारा सर्वजगत हित र आत्मा उद्धार कार्यमा विशेष योगदान पुऱ्याउनुभएको उपलक्ष्यमा उहाँहरूको महान कार्य प्रति कृतज्ञता एवम् आभार व्यक्त गर्ने उचित समय हो । यस समयमा सर्वभगवान तथा परमात्मा गुरुहरूको पूजापाठ र प्रार्थना गरेर जतिसक्छ बत्ति, फलफूल, धूप र एक्काईस बटुकोमा अमृत जल अर्पण समर्पण गरेर उहाँहरूको श्री चरणकमलमा अपार सेवाढोग सहित अनन्त कोटीकोटी प्रणाम गर्ने गर्दछौं ।

## रतनपुर महा दर्शनमा गुरुको सन्देश

परमपूज्य महा सम्बोधि धर्म संघ गुरुज्यूको ६ वर्ष लामो निर्जल-निराहार महा तपस्या सम्पन्न भएको उपलक्ष्यमा आयोजित ऐतिहासिक महा दुर्लभ गुरु दर्शन तथा विश्वशान्ति मैत्रीपूजापाठ कार्यक्रम मिति २०६८ साल ज्येष्ठ ०६ गतेदेखि २१ गतेसम्म सम्पन्न भएको थियो र उक्त कार्यक्रममा उहाँ गुरुज्यूले धर्म सन्देश प्रदान गर्नुभएको थियो ।

"अमरवती भुवन रूप जस्तै मोक्षमा विलीन हुन सकोस संसार ! चन्द्रमाको मोहर ज्योतिर्मय प्रकाश जस्तै शीतलताले छाईरहोस् संसार ! सूर्यको तेजस्वी ज्योतिर्मय प्रकाश जस्तै निपूर्ण भई धर्म ज्ञानगुणले छाओस संसार ! शंखको ध्वनी जस्तै गुञ्जिरहोस् धर्मको संसार ! वज्र जस्तै कठोरहोस् आत्मा, परमात्मा र अनात्मा मैत्रीयको संसार ! अष्टकमलको फूल जस्तै दिव्य स्मृति र सुगन्धले छाओस् शील, प्रज्ञा अनि समाधिको संसार !"

"हाम्रो विशुद्ध मार्ग दर्शनको खोजमा विश्वशान्ति र समस्त जगत प्राणीको जिवीत उद्धार गर्ने लक्ष्यको साथमा छैठौं वर्ष सम्पन्न भइसकेको छ । आजको यस शुभ क्षण दुर्लभ पुण्यवान दिन पनि छ । यो कलिकालको चक्रव्यूहको



संसारमा रुमलिएर भौंतारिरहने परिस्थिति संसारको परिवर्तित रूप पनि हो। युगीन परिस्थितिले प्रभावित भएको संसारलाई महा मैमैत्री नाथको मैत्री करुणा भावले जगाउने छु। यो कुरा संसारलाई थाहा छैन। महा मैमैत्री मार्गगुरु यो संसारमा चार पटकसम्म आवगमन हुनुभएको थियो। तर यो संसारको निमित्त वाणी मात्र छाडेर जानुभयो। आज भन्दा पैतिस हजार वर्ष पहिले उहाँको शील, प्रज्ञा र समाधिको कारण हजारौं बोधिसत्व भइसकेका थिए।"

"हजार वर्ष पछि दुई दिदीबहिनीको जन्म भएको थियो। त्यस समयमा दिदीले बोधिसत्व रूप लिइन भने बहिनी रिद्धि चमत्कारी संसार नष्ट गराउने थिइन्। ती दुई दिदीबहिनीको नाम बोधि श्रवण र मोहिमा थियो। फेरी साक्य कुलमा पूर्व समाधिस्थको फलले सिद्धार्थ गौतम बुद्धको जन्म भई सिद्धार्थ गौतम बुद्ध पूर्व ध्यानको खोजमा फेरी एकाग्रता हुँदै गृह त्याग गरें।"

"पूर्व ध्यानको अनुक्रमले गर्दा पूर्वज्ञान सिद्ध भई संसारलाई शील, प्रज्ञा र समाधि फेरी अनुष्ठान गरे। अन्तिम निर्वाण प्राप्त गर्ने समयमा समाधिस्थ हुँदा साक्षात महा मैमैत्री मार्गगुरुको दर्शन पाउनुभएको थियो।"

“आज भन्दा दुई हजार वर्ष पहिले म यस भूमिमा नै थिएँ । त्यस समय म एकान्तमा ध्यान गरेर बसिरहेको थिएँ । त्यो समय अति क्रुर सङ्क्रमण अवस्था थियो । त्यस अवस्थामा हत्या गरिदियो । त्यस ध्यानस्थ अवस्थामा रहेको हुनाले अन्तिम पचहत्तर दिनमा मात्र मृत्युको आभास पाएँ । यसरी संसारको निमित्त उद्धार गर्ने लक्ष्य दुई हजार वर्षसम्म त्यो आत्मा भौंतारिएर पीडा भई बिजुली चम्केको आवाज आई अनि आमाको कोखबाट जन्म सिद्ध भइसकेछु ।”

“जन्मना साथ तिमी ध्यानमा जाउ न, कताकता स्मरण भइरहेको थियो । आमाको काखी मायाको स्पर्शले भुलिदोरहेछ संसार । ६/७ वर्षपछि स्मरण हुँदैगयो । एक दिन सेतो वस्त्र धारण गर्नुभएको एक महापुरुष आई वचन दिनुभयो ।”

“दिन प्रतिदिन पूर्व ध्यानको जानकारी हुँदैगयो । जब ८/९ वर्षको उमेरमा एक चमत्कार दृश्य उत्पन्न भयो । गाउँ भन्दा अलिपर रतनपुर एक घर परिवारबाट मुर्दा जलाउन ल्यायो । साथी संगतको हुलमा खेलिरहेको अवस्थामा थिए । अचानक मेरो दृष्टि जलिरहेको चितामाथि पऱ्यो । त्यो चिताको लास मुर्दाबाट एक तेजस्वी ज्योतिर्मय प्रकट भई आकाश छेडीरहेको दृश्य देखापऱ्यो । त्यो ज्योतिर्मय प्रकाश हरियो र पहेँलो रङ्गको थियो ।”

“त्यो अवस्था देखि दिनदिनै पूर्वज्ञानको स्मरण हुनलाग्यो । त्यो चितामाथिको तेजस्वी ज्योतिर्मय प्रकाशको कारण मृत्यु भएपछि यसरी नै मानव आत्मालाई मुक्ति प्राप्त हुन्छ भन्ने चिन्तनमय आभाष हृदयमा बढ्नथाल्यो । त्यसपछि झन्झन् पूर्व ध्यानको स्मरण हुँदै तेजस्वी ज्योतिको कारण विस्तारै एकान्त र एकाग्रता ठाउँको आवश्यक हुनथाल्यो ।”

“पूर्वज्ञान स्मरणको कारणले सातौं चक्रबाट शुरु भई ब्रह्मचक्रसम्म पुगेर क्लेश र मारलाई नष्ट गरि अदृश्य ज्योतिहरू शरीरमा प्रवेश भयो । त्यस अवस्थामा जल, वायु, पृथ्वी, आकाश र सूर्यको समागम तत्त्व समाधिबाट लिनसक्ने भएँ । अनि शरीरको चलायमान गति विस्तारै पहिलो अवस्था भन्दा ढिलो हुँदैगयो ।”

“दश महिनाको लामो समयसम्म एउटै आसन गरि बस्दा जमीनको चिसो, झरीबादलको पानी, जाडो मौसमको शीतलहर, शरीरमा हेर्दा पातलो कपडा, पछाडी फर्केर हेर्दा विस्तारै धमिरोले खादैपो आएछ। शरीर चलाउन खोज्यो पूरै शरीर खुम्चिएको छ। शरीर छुँदा पनि थाहा नहुने भएछ। गर्मी के ? चिसो के ? मेरो तपश्चर्यालाई पूरै संसार अविश्वासको घेराभित्र रहेको थियो। यो मेरो दिनचर्या संसारलाई पच्न मुस्किल भयो।”

“आज पनि अविश्वासका पात्रहरू निकै नै देखिरहेको छु। अब जोकोही अन्तर मैत्रीय बुझाइसम्म पुगेको हुन्छ। ऊ आशावादी र सत्य नै हुनेछन्। जो गलत रूपले प्रायाश्चित गर्छ ऊ निराशावादी नै हुनेछ। महायान धर्म कायको खोजमा मेरो यो शरीर नै रहेन भने यो संसारलाई के सन्देश दिन सक्छु र ? भन्दै संसारको निमित्त पाएको ज्ञानमा भावविह्वल गर्दै ध्यानमा बसिरहँदा साँझपख आकाश वाणी भयो। ‘हे तपस्वी मुनी तिम्रो मृत्यु हुँदैछ, उठ ! उठ !! उठ !!!’ भनी वाणी आइरहेको थियो।”

“तत्काल ध्यान दृष्टिले हेर्दा साक्षात भगवानको दिव्यदृष्टि भई आँखाबाट हरियो र पहेँलो ज्योतिर्मय प्रकाश आइरहेको थियो। त्यो ज्योति शरीरमा प्रबेश हुँदा अग्निशक्ति प्रकट भयो। त्यसपछि केही असन्तुष्ट व्यक्तिहरूले क्षीण भएको शरीरमा आक्रमण गर्ने तयारी गरे।”

“क्षीण भएको शरीरको स्मरण सोच परिवर्तन हुँदैगयो। पहिलो स्थानबाट दक्षिणतर्फ लागें। त्यहाँबाट एकाग्रता स्थान खोज्ने क्रममा पुराना संरक्षण गर्ने समूहको स्मरण भयो। अनि दुःख दिनुहुन्न भनि दक्षिणपट्टि पयँरको रुखमा बिहानीपख पर्खि बसें। बिहान ८/९ बजेतिर ७ जनाको टोली उराठलाग्दो जंगलभित्र, त्यो विश्वास र श्रद्धाले पखालिएका मन सँगै आँखाबाट आँसु लिइ भेट्न आइपुगे।”

“यी सात जना पहिले जन्मका धर्मचारीकाहरू थिए। विश्वास र श्रद्धाले पखालिएका मन, आँखाबाट आँसु लिइ ७ जना हामीबाट के कमी भयो ? भनी

मैत्री करुणा भावना प्रकट गर्न थाले । सबै कुरालाई छोडी सम्झाइबुझाइ आफ्नो मार्ग दर्शनको खोजमा अघि लागें ।”

“त्यहाँबाट लामो यात्रा गर्दै ९ दिनसम्म जागृत ध्यानमा रहेर अघि बढ्दै गएँ । जंगलमा हात्ती, बाघ, मृग, हरिण, चितुवा, जरायो, खरायो, भालु, जंगली घोडा, बाँदर, मयूर अन्य चराचुरुङ्गी र वनस्पतिको साथ खोलानाला पार गर्दै एउटा चितवनको बिचबाट नदि बगिरहेको रहेछ । त्यो नदी रात्रीको समयमा पार गरि दक्षिणतर्फ जादैगर्दा ध्यान अवस्थामा ‘हे बाल मुनि तिमी आफ्नो शरीरको ख्याल राख, तिमी नै हुँदैन भने अब धर्मका रूपहरू विलीन हुँदैजानेछन् ।’ त्यो दिव्यवाणी सुनी आफ्नो मार्गमा अविचल रहँदै फेरी हलखोरिया फर्कें ।”

“हलखोरिया आइपुगेपछि मैले ६ वर्षसम्म नखोज्नु भनिसकेको थिएँ । तर मलाई निर्लज्ज भई हलखोरियाको उत्तरपूर्व सानो एउटा पहाडभित्र ओडार भेट्टाएँ । ओडारभित्र तीन महिनासम्म न हावा न पानी न सूर्यको ताप, त्यस अवस्थामा एउटा सिकारी जनावरको खोजीगर्दै आएछ । उसले त्यो खोडार देखेछ । विचरा सिकारी ! जनावरको मासुको लालचमा बाहिर बसेर कराइरहेको थियो । ‘को हो हँ ? मान्छे हो कि जनावर हो ?’ यस्तै शब्दले तीन चोटिसम्म करायो । अनि ओडारबाट विस्तारै हात निकालें । शिर पनि देखाएँ । विचरा सिकारी ! जनावर प्रति, मासुको तृष्णा र लालचमा परोस भनी उठें । अनभिज्ञ सिकारी र संसारको दुःख बुझेर सर्वहित र वन्यजन्तु तथा वनस्पति संरक्षणको लागि सर्वमैत्री ध्यान गरें ।”

“हलखोरियामा कल्पवृक्ष वरको रुख, बाघजोरको सिन्दुरेको बोटको फेदमा बसी आत्मा, शरीर र वचनलाई सांसारिक दृष्टिगमन गर्दा हजारौं भाव दर्शन एवम् ध्यान दर्शन हलखोरियाको कल्पवृक्ष बाघजोरको रमणीय जंगलमा सांसारिक बोध गर्ने नाना आसान धर्मका अपार सुख ज्ञानहरू प्राप्त गरें ।”

“यो क्षीण सरह भएको शरीर, त्यो कालो मडारिएको वायुमण्डल भित्र सुनसान रात एकान्त हलखोरियाको कालो बादलको जरीमा आत्म र परमात्मा बिच लीन भइरहेको अवस्थामा साक्षात महा मैमैत्री मार्गगुरुको दर्शन पाएको थिएँ ।”



"उहाँको साक्षात दर्शन र वचन यस पृथ्वी लोकलाई अहिले नै भन्न मिल्दैन। बौद्धिक हाम्रो एउटा पञ्चतत्त्व शरीर भएरपनि मैत्री भावनामा डुबुल्की खेल्दै समागममा सारा विश्वलाई एउटै भावनामा मैत्री करुणा विस्तार गरिजाने ईच्छा छ।"

"आत्मा, शरीर र वचनलाई सांसारिक दृष्टिगमन गर्दा विश्वशान्ति महा-मैत्रीय प्रणिधानलाई संसार भरी सर्वजगत प्राणी र वनस्पतिको संरक्षण एवम् कल्याण हेतु सम्पूर्ण ब्रह्माण्डमा सत्य ज्ञानलाई शील, समाधि र प्रज्ञाद्वारा श्रवण गराउनेछु। यस मैत्रीय सन्देशका साथ सम्पूर्ण विश्वमानवलाई अन्तरात्माको क्लेश मुक्त गर्न आठवटा शीलहरू बताउनेछु।"

**१ मानवले मानवलाई धर्म, जाति, वर्ण र लिङ्गको रूपलिइ भेदभाव नगर्नु।**

**२ धर्मलाई यो धर्म ठूलो त्यो धर्म सानो भनी अवहेलना नगर्नु।**

**३ भेदभावपूर्ण दार्शनिक सिद्धान्त वा नीतिलाई नअपनाउनु।**

**४ राष्ट्रलाई यो शत्रुको राष्ट्र र त्यो मित्रको राष्ट्र भनी नसोच्नु र भेदभावपूर्ण व्यवहार नगर्नु।**

**५ सत्यलाई असत्य र असत्यलाई सत्य बनाउने दुष्प्रयास त्यागी बढाइचढाइ बोल्नु, दोषारोपण र अवमूल्यन गर्न त्याग्नु।**

**६ दश अकुशल कर्महरू र अन्य पाप कहिल्यै नगर्नु।**

**७ शील, समाधि र प्रज्ञाको अभ्यास गर्दै समाज अनि राष्ट्रको सेवामा जीवन समर्पित गर्नु।**

**८ सम्यक् सम्बुद्ध प्राप्त गर्नु वा आफू र अरुको निमित्त मोक्ष प्राप्ति गर्नु।**

"यस ब्रह्माण्डमा यीनै मैत्रीय अष्टशीललाई पालना गर्नसकेमा स्वर्ग युगमा भूमन्त्र भई देवभूमि सुखवती लोक जस्तै हुँनेछ। सम्यक् सम्बोधि ज्ञान शील र समाधिबाट नै प्राप्त हुन्छ। भौतिक सुखसुविधाले मात्र मानवको जीवनमा मुक्तिको मार्ग पाउन सक्दैन।"

"शील अथवा नियम पालना गर्नु भनेको सांसारिक विषयवस्तु र जन्ममरणको चक्रबाट मुक्ति पाउनु हो। र, धर्मको नाममा ऋद्धि तथा चमत्कार देखाउनु भनेको धर्मको नियम विपरित हो। धर्मको नियम त्यो हो, जुन प्राणी यस सांसारिक दुःखबाट मुक्त हुन सकिरहेको छैन, त्यस्तो प्राणीलाई मुक्तिको मार्ग देखाउनु धर्मको नियम हो।"

"दुःख, भय अनि त्रासरहित बोधिचर्या दिव्यचक्षु, विशुद्ध चित्त स्वात्मज्ञान र सर्वमैत्री महा करुणा भाव बोधिचित्त नै अस्तित्वगत निर्विकल्प परम महा-चेतन



भावशक्तिको दर्शन हो। जो सांसारिक जगत प्राणीको लागि समर्पित भई समर्पण गर्छ। जहाँ समाधि रूप लिन्छ, त्यहाँ पूर्णतः धर्म छ।"

"जसले यो संसारमा मैत्री अन्तर्भावसम्म छुन्छ। जसले परमात्माको समागममा रहि समाधिको अमृत पिउछ। जसले अन्तरात्ममा मैत्री प्रज्ञाको ज्योति बाल्छ। संसारलाई महा मैमैत्री मार्गगुरुको मैत्री ज्ञान र भाव सांसारिकद्वारा खुलाउँछ। साक्षात् उहाँहरू नै सत्पुरुष, महापुरुष र बुद्धपुरुष हुन्। मानव जीवन सारा अस्तितत्त्व जहाँ सदा छ, त्यहाँ जीवनको पूर्णरूप नै धर्म हो। धर्मको पूर्णरूप नै अस्तित्वगत परम महा-शान्ति हो। अस्तित्वगत परम महा-चेतन भाव दर्शन नै सम्बोधि हो। महा सम्बोधि शाश्वत परमानन्द सर्वमैत्री भावनाको अटुट प्रवाह भइरहनु हो। सम्बोधि ज्ञानभित्र परम शान्तता र शीतलता छ। स्वर्ग लोक प्राप्तिको मोक्ष छ।"

**सर्वमैत्री मंगलम् अस्तु तथास्तु।**

# ललितपुर मैत्री दिवसमा गुरुको सन्देश

सर्वज्ञ परम पूजनीय 'महा सम्बोधि धर्म संघ' गुरुज्यूबाट मिति २०७३ चैत्र ८ गते ललितपुर जिल्ला, कार्यविनायक न. पा. वडा नः १३ चुनिखेल बुगलमा मैत्री दिवसको उपलक्ष्यमा सम्पन्न भएको विश्वशान्ति मैत्रीपूजा महा-दर्शन तथा अभिषेक कार्यक्रममा विश्वमानव समुदायको लागि धर्म देशना भएका अमृतमय महा-वाणीहरू यसप्रकार छन् ः-

*" धर्म संघ*
*बोधि श्रवण गुरु संघाय*
*महा मैत्री सर्वधर्म संघाय "*

"शुद्ध चित्तको भावनालाई लिइ कल्पौ कल्पदेखि आफ्नो आसनमा धर्मको नीति-नियममा रहि पूर्ण निष्ठाका साथ समस्त संघ, धर्मप्रेमी र श्रद्धालु भक्तजन तथा अनुयायीलाई असङ्ख्य धर्मतत्त्वको बोध गराउँदै सर्वजगत प्राणी एवम् लोकको निमित्त यस संसारलाई प्रत्यक्ष रूपमा 'मैत्रीधर्म' तथा 'बोधिमार्ग दर्शन' गराउँदै आइरहेको छु।"

"तथापि यस मानव लोकमा मनुष्य अर्थात सम्पूर्ण जगत प्राणी सत्यको समागममा विमुख भई सत्य मार्ग बिराएर अन्देखा गरिरहेका छन् । जगतकै समस्त प्राणी सर्वधर्म एकमैत्री भाव तथा भेदभावरहित मनुष्यमा रहने अन्तरात्माको भौतिक क्लेश रूपी व्यवहारलाई त्याग गरि सद्धर्मको मार्ग निर्वाह गर्नु नै सत्य गुरुको मुख्य उद्देश्य हो । धर्म भनेको मुक्ति र मोक्षको मार्ग प्रदान गर्ने एउटा अदृश्य सत्य तथ्य तत्त्व हो । एवम् परमात्मा भगवान वा सर्वबन्धनबाट मुक्तिमोक्ष प्राप्त गर्नुभइसकेका गुरुहरू बस्नुभएको लोक अथवा गुरु हो । धर्मतत्त्व भनेको सत्य ज्ञानको बोध गराउनु तथा सत्य मार्ग खोज गरि सत्य मार्गमा लीन हुनु हो । धर्म ज्योति हो, जुन सर्वप्रकाशवान महा तेज छ । सर्वलोकदेखि ब्रह्माण्ड धर्मतत्त्वमा अडेको छ। धर्म एउटा स्वार्थ पूर्तिको बाटो नभइ धर्म सर्वजगत प्राणीको उद्धारको



निमित्त मुक्ति र मोक्षको एउटा मार्ग दर्शन हो। तथापि विश्वमा धर्म सदैव अक्षय हुनु नै सत्यतत्त्व हो।"

"धर्मको संज्ञा दिई संसारलाई अप्रत्यक्ष रूपमा झुटो आश्वासन देखाएर सोही मार्गको ढोंग रची आफू स्वयम् भ्रममा रहेर सर्वजगतलाई भ्रममा राख्नु नै संसारलाई लोप तथा अनिष्ट मार्ग बोध गराउनु हो। यस लोकमा हामीभित्र रहेका क्लेशयुक्त पदार्थलाई परिशुद्ध गराइ सद्धर्मलाई ग्रहण गरि धर्मगामीको मार्गलाई आफू लगायत अरुलाई बोध गराउनु नै यस मानव लोकबाट मुक्तिमोक्ष प्रदान गर्नु हो।"

"सद्धर्मलाई बोध गर्नको निम्ति समय सापेक्ष अघि बढ्नुपर्ने हुन्छ। तसर्थ कर्मफलको निम्ति हामी स्वयम् अर्थात आफैंमा निर्भर हुनुपर्छ। लोकको अर्थ नै सत्य र असत्य तथा पाप र पुण्य कर्मको फल हो। समय/कालको अन्तराल पछि सद्धर्म र मार्ग दर्शन बिच कृतिम रूपी, सम्पूर्ण जगत प्राणी अज्ञानता पूर्ण

संस्कारहरूलाई नै सद्धर्म मान्ने तथा परिशुद्ध मार्ग दर्शनको अनुभूतिलाई समेटी अज्ञानताको भुमरीमा भ्रमित भई यस तत्त्वहीन भौतिक संसारमा रुमलिरहेका छन् । विवश भई सत्मार्ग दर्शनको खोजमा भौंतारिरहेका छन् ।”

“परन्तु जगत प्राणीहरू ‘मानव’ स्वयम्ले त्यसलाई पूर्व काल देखि नै सद्धर्म एवम् परिशुद्ध मानी स्विकार्दै आएका छन् । जुन सत्यताको खोज सर्वमैत्री भाव गरि शाश्वत धर्म मार्गको नीति-नियम पालना गरेर गुरु प्रति असीमित आदरसम्मानको भावनाद्वारा मन वचनले विश्वासपूर्ण श्रद्धा, भक्ति र आस्थाबाट भावना गर्नुमा रहन्छ । यसैबाट अन्ततः धर्मको यथार्थ बोध हुनेछ ।”

“धर्म त्यो होइन जसले क्रोध, लोभ, मोह, स्वार्थ, शोषण, भेदभाव, आरोप, प्रत्यरोप, शंका र उपशंका जस्ता स्वभाव सृजना गर्छ । संसारलाई विनाश गर्ने मार्ग अपनाउछ । धर्म मात्र केवल मैत्री भाव तत्त्व र सत्कर्ममा रहन्छ । तसर्थ धर्ममा कुनै भेदभावको तत्त्व हुँदैन । आफू स्वयम् लगायत सर्वजगत प्राणीलाई दुःख प्रदान गर्ने तत्त्वहरू बोध गरेर विषको संज्ञा दिई अन्तरात्मा देखिनै क्षय गर्छ भने यो लोकमा मात्र नभइ परलोकमा पनि सुखी हुन्छ । धर्म एवम् मैत्री भाव स्थापीत गर्नको निमित्त मैत्री रस लिइ कर्मठ समागममा रहि आफू मात्र नभइ संसारलाई धर्मतत्त्वको बोध गराउनुपर्छ ।”

“अन्ततः संसारमा समय अनुकूल धर्म परिवर्तन भइरहेको छ । धर्ममा मार्ग नै मुख्य रहन्छ । मार्गविना मुक्तिमोक्ष अब असम्भव छ । संसारबाट धर्मको विस्तार भएतापनि धर्मतत्त्व दुर्लभ छ । गुरुले धर्मलाई विरोध गरेको होइन । तर यस वर्तमान युगमा आएर संसारमा मनुष्य स्वयम् स्वार्थ पूर्तिको मार्ग रच्दै आएको कुनीतिहरूलाई सत्य मैत्रीधर्म मार्ग दर्शनको क्षण बोध गराएको मात्र हो । गुरुको रूप लौकिक वा अलौकिक रूपमा रहन्छ । संसारमा देखिने सत्य गुरुहरू नै परमात्मा गुरुको वास्तविक रूप हुन् । विश्वमा जुन धर्म गुरुहरू सद्धर्मको शासनमा रहन्छन् । उक्त धर्म गुरुहरू वास्तविक धर्मको नेतृत्वमा पर्दछन् ।”



“आफू असत्य बनेर सत्य तथ्यलाई अवलोकन गर्नु भनेको आफू स्वयम्‌लाई एक छलको प्रतिविम्ब मानिन्छ । भगवानमार्ग, मार्गगुरु, गुरुमार्ग र परमात्मा गुरुहरूले सत्य युग देखिनै वास गर्दैआएको यस ब्रह्माण्डमा आत्मा स्वरूप मानव र समस्त वनस्पति तत्त्वरूपी भएतापनि मनुष्यको लोभ, अहङ्कार युक्त हिंसात्मक व्यवहारले अन्ततः संसारमा प्रलय आगमन भएकोछ । यस वर्तमान युगमा पनि सत्यतामा रहेर सद्धर्मको अनुसरण नगरी क्लिष्टता रूपमा रहेर अहङ्कार, लोभ, मोह, इर्ष्या, हिंसा र शोषण त्याग नगरे संसारमा फेरिपनि प्रलय निश्चित छ । अन्ततः धर्मलाई यो चुनौती पनि हो ।”

“सद्धर्म युग पछि प्राचीन कालमा औषधिको अभाव महामारीमा सम्पूर्ण मानव जाति रोगले विचलित भई व्याकुल रहेको अवस्थामा सम्पूर्ण वनस्पति परमात्मा गुरुहरूद्धारा नै अमृतको रूपमा प्रदान गर्नुभइ विषयुक्त संसारबाट जगत प्राणीको उद्धार गर्नुभएको थियो । मैत्रीधर्मको नीति-नियमलाई पालना गरेर अखण्ड भाव चित्तमा उत्पन्न गराइ आफ्नो मात्र नभइ सर्वप्राणीको निमित्त मुक्तिमोक्ष प्राप्त हुने सत्कर्म गरि देव भूमि सुखवति लोक जस्तै सुसम्पन्न बनाइ परमात्मा गुरुहरू



प्रतिको अपार आदरसम्मान र विश्वासपूर्ण श्रद्धा, भक्ति, आस्था र अनुभूति तथा बोधद्धारा नै परमात्मा भगवानहरू र मनुष्य आत्मा बिच हुने सुमधुर सम्बन्धलाई अझ उत्कृष्ट बनाउने मार्ग दर्शन नै 'मैत्रीधर्म' हो।"

"सत्यतामा रहि धर्म पुण्य कर्म गरि धर्मका यिनै विशिष्ट तत्त्वहरू प्राप्त गर्न सकिन्छ। अन्यथा जो कोही पापले भरिएको संसारमा फस्नेछन् र त्यसको विनाश सुनिश्चित छ। जहाँबाट कहिल्यै उद्धार हुनेछैन। स्वयम् गुरु र धर्मले पनि उद्धार गर्न समर्थ नहुने स्थिति रहन्छ। किनकि जहाँ पुण्यको अस्तित्त्व अन्त्य भइसकेको हुन्छ। जसरी यथार्थमा अमूल्य तत्त्व महत्वपूर्ण हुन्छ, त्यसरी नै अमूल्य धर्म सत्यतत्त्व बोध गरि मनुष्य स्वयम् आफैंले कर्तव्य पूरा गर्नुपर्छ।"

"गुरुले मार्ग निर्देशित गर्नुभएर मात्र होइन कि मार्गमा यात्रा आफ्नो हो। सम्पूर्ण शील, समाधी, मान, प्रतिष्ठा, प्रज्ञा, सम्यक जीवन, सम्यक आहार, सम्यक दृष्टि,

सम्यक वचन, दया, करुणा, विश्वास, श्रद्धा र भक्तिमा निहित रहन्छ। सर्वजगत प्राणीहरू वनस्पतिमा निर्भर छन् भने सम्पूर्ण जगत प्राणी तथा वनस्पतिको सृष्टि परमात्मा गुरुहरूद्वारा भएका हुन्। र, ती सबै परमात्मा गुरुहरूमा निर्भर/आश्रित छन्। संसार अडिनुको मूल कारक तत्त्व अन्ततः सद्धर्म हो। तसर्थ सर्वज्ञान, शील र धर्मको तत्त्वहरू यथाशीघ्र सम्पूर्ण जगतले त्रुटीरहित बोध गरि अनुसरण गरुन्। सर्बोच्च सद्बोधबाट सुपरीणाम आउने गरि सद्धर्म रूपी परिशुद्धि आधारभूत नीति-नियम र विधिहरू बोध गरुन्।"

**सर्वमैत्री मंगलम् अस्तु तथास्तु।**

## १८औं मैत्री दिवसमा गुरुको सन्देश

मिति २०७९ चैत्र, आठ गते १८ औं विश्वशान्ति मैत्री दिवसको दिनमा पूजनीय धर्म संघ गुरुज्यूबाट सम्पूर्ण संघहरूको लागि प्रदान गर्नुभएको धर्म सन्देश यसप्रकार रहेको छ :-

"सर्वप्रथम आजको यस दुर्लभ मैत्री दिवसमा आयोजित १८ औं विश्वशान्ति मैत्रीपूजा कार्यक्रममा हरेक संकट र चुनौतीहरू पार गर्दै अहोरात्र खटिरहेका संघर्षशील सम्पूर्ण शिष्य र संघ भक्तजनहरूलाई यस मैत्रीधर्म सन्देश मार्फत वर्तमान स्थितिलाई अवलोकन गरि त्यस निम्ति आवश्यक जानकारी सहित समस्त लोकले मुक्तिमोक्ष प्राप्त गरुन् भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहान्छु।"

"तिनै विचाराधीन संकट उन्मूख कार्य र अवस्थाहरूमा उत्पन्न वाधा अवरोधका संघर्षपूर्ण दुःखद क्षणको बाबजुज पनि किञ्चित् आत्मा विचलित नबनाइ अपार बिश्वासका साथ परमात्मा भगवानको शरणमा सत्य मैत्रीधर्म गुरुको अनुसरण गरि एकभाव र एकताबद्ध हुँदै अहिंस्रक कर्मकर्तव्यहरूमा अविरल धर्म शील र सिद्धान्तलाई आत्मबोध गरि मुक्तिमोक्षको मार्गमा तल्लीन समस्त धर्मगुरु शिष्य लगायत संघ र भक्त-अनुयायहरूमा अपार आशीर्वादका साथ शैङ्ग्री वाइङ्ख्या !"



“मुक्तिमोक्ष प्राप्तिका लागि असंख्य सकरात्मक अध्यात्म दर्शन तथा भौतिक तर आवश्यक विषय तत्त्वज्ञान प्राप्ति खातिर परमात्मा भगवानहरूको शरणमा रहन पाउनु अहोभाग्य हो । प्रत्येक मनुष्य आत्माले मैत्रीधर्म शील र नीतिलाई परिपालना गरेमा मानवको यो दुर्लभ जीवन सार्थक बन्नसक्छ ।”

“अध्यात्मिक विकास क्रमको मूल्यङ्कन गरि निस्वार्थ भाव सर्वहितको निमित्त सत्कर्म गरे अवश्य अपार धर्म पुण्यको वृद्धि संगै सांसारिक जीवन पनि सुखमय बन्नेछ। न कि धर्म मार्गमा आर्थिक आर्जन गर्न लोभलालचा र प्रलोभनमा परी धर्मलाई राजनीतिकरण, धार्मिक संघ संस्थाको दुरुपयोग, जालझेल, छलकपट र आफूले भने/चिताए बमोजिम नभएपछि अरुलाई फसाउने, दमन गर्ने र गराउने जस्ता कैयौं दुष्कर्ममा लागि परेमा प्राप्त यो क्षणिक जीवनको सुख पनि लोप भएर जानेछ। तसर्थ धर्म मार्गमा धनसम्पत्ति आर्जन गर्ने हेतुले यात्रा गरे अध्यात्म ज्ञानको विकासबाट लोप (हराउनु वा टाढा पुग्नु) हो ।”

“संसारमा कैयौं विषयवस्तुद्वारा प्राप्त सुखसुविधाले मानव जीवन सम्पन्न त छ नै तर भरिपूर्ण कहिल्यै हुँनैसक्दैन । सर्वसाधारण देखि ऐश्वर्यवान् व्यक्ति नै किन नहोस क्षणिक सुख वाहेक, आत्मा सदा सन्तुष्ट रहन नसक्ने यो लोकको अकाट्य सत्य हो । अन्ततः जीवनको महानता मात्र त्यहाँ छ, जो मुक्तिमोक्षको मार्गमा विचलित नभइ निःस्वार्थ भावले सर्वहितार्थ मैत्रीधर्म र गुरुको अनुसरण गरि लागि परेको हुन्छ ।”

“आफूभित्रको चित्तभाव सकरात्मक भएमा आफ्नो सर्वअवस्था सही भएको हुन्छ । सत्यताको मार्गमा हिड्दा कैयौं कठिनाइ र अवरोधको सामना गर्नुपर्ने हुन्छ। चाहे एक्लो नै किन नहोस् अन्ततः सत्यताको जित सुनिश्चित छ।”

“कठिनाइसित जुझ्नु पक्कैपनि सहजता छैन । तर संघर्षको फल भने मजबुत हुन्छ। त्यसैले मानवीय दुःखको मूल जड तत्त्व नै असन्तुष्ट भाव हो। ती कैयौं दुःख मध्ये क्षणिक जीवनको सत्यतालाई बोध नगर्नु एक हो ।”

"अन्तरमन सन्तुष्ट भइरहन सकेमा सुखमय जीवन जिउने उर्जा प्राप्त छ । अनि यथार्थ सन्तुष्टि र खुसी मात्र त्यहाँ प्राप्त हुनसक्छ । जहाँ अरु कुनै दोस्रोको कारणले प्राप्त क्षणिक खुसी नभइ सदा आफूभित्रबाटै नकरात्मक क्लेशयुक्त विषतत्त्वबाट अलग रहि सकरात्मक विषयको खोज गर्दै उसले धर्मकर्म गर्दछ ।"

"मानव जगत कैयौं क्लेशित रोगहरूबाट ग्रसित छन् । मनमा पटक्कै शान्ति छैन । यसको कारण भने हामी आफू स्वयम् नै हौं । तर आफूभित्रको आत्मदोष बोध गर्नुको बदला अन्यलाई दोष थुपारीरहेका हुन्छौं । गलत विचारधाराको बढावा, सत्य मैत्रीधर्म नीति र शिल विपरित अनि अनुशासन रहित गुरु वचनको उलङ्घन एवम् लापर्बाहीको परिणाम अन्ततः दुःख नै प्राप्त हुन्छ । तथापि सत्य मैत्रीधर्म तथा परमात्मा भगवानको शरणमा निष्कलङ्क, क्लेश मुक्त आत्मा बनाइ जबसम्म धर्म नीतिको कार्यन्वयन हुँदैन, हामी मानव आत्मालाई पूर्णतः स्वस्थ र सन्तुष्ट प्राप्ति हुन सक्दैन ।"

"मानवले क्षणिक स्वार्थमा अधिक प्राकृतिक श्रोत साधनको विनाश गर्दैजानु, उक्त अनियन्त्रित गलत धारणाको परिणामले कालान्तरमा अन्य कैयौं प्रकारका क्षति निम्त्याइरहेको हुन्छ । वनस्पति तथा अन्य श्रोतको विनाश मात्र नभइ कर्तव्यहीन अमानवीय आचरणको तीब्र प्रभावले मानव बिच हुँदै गाउँघर समाज र राष्ट्रहरूमा गोलाबारुदको युद्ध, हत्याहिंसा जस्ता घटनाक्रम र एकअर्कामा घमण्डपूर्ण बदला भावको नकरात्मक परिणाम स्वरूप धर्तीको कणकणमा विनाशकारी दुःखको कालो बादल छाएको छ ।"

"धर्ती हाम्रो जीवन जिउने धरातल, जसको संरक्षणको दायित्व भनेको हामी सबैका हौं । गुरुले मार्ग दर्शन देखाइसकेको हुँदा मूर्खतापूर्ण, यात्राबाट विमुख हुँदैजानु आफू विनाशको प्रतिक बन्नु हो । मनुष्य जगतलाई सर्वबोध नै छ । दुर्लभ जन्म र मृत्यु यही लोकमा मात्र निश्चित भएको कारण कर्म राम्रो गर्नुपर्दछ । मानव जगतमा परमात्मा धर्मकर्म जीवन बाँच्ने आधार आहारविहार, हावापानी र माटो एकसमान छन् भने मानव आत्मा किन त्यस्तै हुन नसक्ने ?"



“चित्त प्रसन्नताको मुख्य कारक तत्त्व दयामाया करुणा अमृत समान हुन् । यसबाट प्राप्त सकरात्मक उर्जा, जसले अन्तरात्मामा धर्म दिपज्योति अविरल कायम गराइ हरेक अध्यात्म र भौतिक परिस्थितिमा चाहे मानवद्वारा नै खडा गरिएका अवरोधहरू किन नहोस, आत्मबलका साथ आफ्नो लक्ष्यमा पुग्न सहजता बनाइदिन्छ ।”

“परमात्मा धर्म नीतिअनुसार मानव जीवन नै एक महा परीक्षाको घडी हो । जीवनमा हरेक कठिनाइहरू आइरहनु स्वभाविक पनि हो । विशेषतः धर्म मार्गमा आउनसक्ने हरेक कठिनाइ भरी परीक्षा पार गर्नेलाई भने त्यति सहजता हुन्न । जीवनको अन्तिम सास रहेसम्म मार्गमा टिकीराख्न सके मोक्ष लोक प्राप्त सुनिश्चित छ । अध्यात्मिक यात्रामा आफ्नो गन्तव्य पुग्न नपाउँदै कोहि बिच बाटोबाटै टाढिन खोज्छन् र दुर्भाग्यवश कतिपय टाढिन्छन् पनि ।”

“समय परिस्थितिलाई हेरेर परमात्मा भगवान गुरुहरूबाट लौकिक र अलौकिक अथवा दृष्य र अदृष्य कैयौं परीक्षाहरू, जसको कारण विश्वास, श्रद्धा, भक्ति र आस्थाको लेखाजोखा भइनै रहन्छ । त्यसैगरि शिष्य र संघ भक्तमा पनि मार्ग दर्शन अनुरूप प्रत्यक्ष र अप्रत्यक्ष लिखितम् र मौखिक रूपमा जिम्मेवारी सुम्पिएको हुन्छ । तर मार्गमा विचलित भई परमात्मा सिद्धान्त विपरित, प्राप्त जिम्मेवारीबाट टाढिएर उच्छृङ्खल वातावरण सृजना गर्दै अहङ्कारी पूर्ण कार्य गर्नु भनेको क्षणिक स्वार्थमा आफ्नो विनाश आफैं निम्त्याउनु हो ।”

“अर्थहीन जिउँदो लास झैं बनेर मानवता बिच अन्तर विरोध, भेदभाव, छुवाछूत र समाजमा रहेका यस्ता अनावश्यक संस्कार रीतिथिती भनेको अहङ्कारले भरिपूर्ण एक विकृति मात्र हो । मानव जगतमा परमात्मा धर्मकर्मको यथार्थ बोध गरि लागिपरे ती अव्यवहारिक चरित्रहीन कर्म कदापि कसैले पनि गर्न सक्दैन ।”

“मैत्री अर्थात मित्रता, साथमा एकअर्का प्रति दयामाया करुणा भाव आफू स्वयम्को रूपरङमा झल्कने मात्र नभइ अन्तरात्मा देखिनै भावात्मक सोचविचार सकरात्मक हुन सक्नुपर्छ । अनिमात्र त्यहाँ आत्मशान्ति प्राप्त छ । जन्म र मृत्यु

बिचको जीवन संघर्षमा कहिले तितो त कहिले मिठो, कैयौं उतारचढाव भइरहनु कर्मअनुसार परमात्मा भगवानबाट प्राप्त भएको वरदानहरू हुन् । सत्यताको आत्मबोध गर्न नसक्नु आत्ममा अधिक धृणा, अहमता, डाहा र ईर्ष्या जस्ता क्लेश रूपी तत्त्वहरूकै कारण हुन् ।”

“यद्यपि निस्वार्थ मैत्री भावयुक्त दयामाया करुणा मानवतामा उत्पन्न हुन नसके धर्तीमा शान्ति कायम हुन सक्दैन । मानवताको अहमता, डाहा र लोभ भाव नै शान्तिको विरुद्धमा रहने विषतत्त्वहरू हुन् । तसर्थ सर्वमैत्री भावयुक्त दयामाया र निःस्वार्थ मित्र भाव सर्वलोकमा कायम होउन् ।”

“यस मानव जगतमा शत्रु भन्ने कोहि छैन र हुँदैन पनि । मानवता बिचमा शत्रुतापूर्ण भाव दृष्टि र व्यवहार लिनु एक क्लेशयुक्त महा रोगको सिकार हो । यसले आत्ममा नकरात्मक भाव तत्त्वको सृजना गरिरहन्छ । उक्त विकृत भाव तत्त्वलाई आत्मा देखिनै बहिस्कार गरि लोकमा मित्रताको हात बढाइ मानवले जगत कल्याण हेतु शान्ति सुनिश्चित गर्नुपर्छ ।”

“अमूल्य मानव जीवनमा सुख र दुःख एकै सिक्काका दुई पाटा झैं हुन् । सुखलाई हामी सहर्ष स्वीकार गर्छौं । तर दुःखको भने सामना गर्न कठीन मान्छौं । त्यसपछि आफूभित्रको चित्तलाई सम्हाल्न गाह्रो भएको हुन्छ । वास्तवमा सुख र दुःखलाई आत्मसन्तुष्ट बनाइ सहर्ष स्वीकार गर्न सक्नुपर्दछ । र, जीवनको सबैभन्दा ठूलो शत्रु हामी भित्रकै ती असन्तुष्ट स्वभाव भएकाले जसको परिणाम क्लेशयुक्त रोगको सिकार हुने हुँदा त्यस्ता रोग लाग्नै दिनुहुँदैन । यदि रोगको सिकार भई हालेमा अन्तरमनमा चिढचिढाउदो रीस अनि घमण्ड आदिको तीब्र वृद्धि हुँदैजानाले अन्ततः ठूलो दुर्घट्ना निम्तिनु हो ।”

“जीवन स्वास्थ रहन धर्मज्ञान, जप र तपध्यान महत्वपूर्ण विषय भएकाले मैत्री भावपूर्ण कर्मनिष्ठाका साथ सत्यताको खोज गरि बोध गर्न आवश्यक रहन्छ । मनुष्यले आफ्नो अमूल्य गुण/विशेषतालाई बोध गरेर सांसारिक विषय सुखभोग

कार्यमा बढि लिप्त भन्दा पनि धर्मकार्यमा रहनु उक्त मानवीय गुणको महत्व सार्थक सिद्ध हुनु हो।"

"हामी मानव वास्तवमै आवश्यकता भन्दा बढि सोच्ने र बोल्ने गर्छौं। अनि त्यहाँ नकरात्मक विषयको चासो र खोज बढि हुनथाल्छ। यसको परिणाम वर्तमानमा अधिक मानसिक रोगको सिकार हुनुको एउटै दोष, सकरात्मक भन्दा पनि गलत विचारहरूको कार्यन्वयन बढि भएकाले भन्ने बोध गर्न अति आवश्यक छ। धर्म शील तथा नियमको पालना र निस्वार्थ भावपूर्ण सर्वहितको चिन्तनमननले परमात्मा आशीर्वाद प्राप्त भई मानसिक विकार संगै जान-अजानवश भएका त्रुटिहरू पनि सुधार गर्दैलान सकिन्छ।"

"हामी मानवका जीवन जिउने आधार एउटै हुन्। जीवनभर मेहनत संघर्ष गरि जीवनयापन गर्नैपर्ने हुन्छ। तर जगतमा शान्ति, मैत्री भाव अर्थात मित्रता कसरी कायम गर्ने भन्दा पनि आर्थिक आर्जनमा मात्र केन्द्रित भएको पाइन्छ। मृत्यु पश्चात् आत्माको के कस्तो अवस्था रहला, यथार्थमा मुक्तिमोक्ष प्राप्त हुन्छ वा हुँदैन चिन्तनमनन गर्नुपर्दछ। अन्ततः जीवनमा छलकपट र हत्याहिंसा जस्ता दुष्कर्म जानीबुझी गरे पाप कर्मको फल परलोकमा भोग्नुपर्ने छदैछ। यो लोकमा समेत दुःखकष्ट जीवनमा भोग्नुपर्ने निश्चित हुन्छ।"

"अन्तमा यो लामो समयको कालखण्डमा सर्वलोकमा गुरु बारेमा अनेकखाले चासोको विषय बनेकैछ। तर गुरु आफ्नो कार्य जिम्मेवारी प्रति अडिग रहि जगत हितका कैयौं कार्यहरूको वृद्धि विकास गरिरहेको जानकारी यसै सन्देस मार्फत यहाँहरू माझ अवगत गराउन चाहान्छु।"

"अबका दिनहरूमा गुरु स्वयम्बाट तपाइहरूले अपेक्षा गरे बमोजिम उच्च कोटिको अधुरो रहेको मैत्रीधर्म ज्ञानगुण र मार्ग दर्शनको पूर्णरूप जगत माझमा विस्तार गराइनेछ। र, गुरु स्वयम् उपस्थित भई मैत्रीधर्म शान्तिको सन्देशका साथ विश्वलाई मैत्री आग्रह हुनेछ।"

**सर्वमैत्री मंगलम् अस्तु तथास्तु।**

# मैत्रीधर्म संघ भक्तमा हुनुपर्ने गुण

बोधि श्रवण धर्म संघमा आबद्ध भएर लाग्नुभएका सर्वमैत्रीधर्म प्रेमी अनुयायी सदा एकअर्कामा हसिलोपन, मिठासपन, उज्यालोपन, समझदारीपन, एकसमान एकतामा भेदभाव रहित मिलनसार, शिष्टाचार, सद्भाव र सहिष्णुता बढाउँदै मैत्रीधर्मबाट वञ्चित रहेका विश्वमानव समाजलाई आकर्षण गर्दै अघि बढौं । आफू मैत्रीधर्मको मार्ग दर्शक भएर दोस्रोलाई मार्गमा उत्साह र प्रेरणा प्रदान गरौं ।

आफूले जान-अजानमा गरेका सम्पूर्ण भूललाई त्यागेर, पाठ सिक्दै अब उपरान्त नगर्ने प्रायश्चित्त गर्दै, भविष्य उज्यालो सोचेर वर्तमानमा अस्तित्वगत रहेर, सत्य मैत्रीधर्मकर्म गर्नु उच्च सचेतना भावको मजबुत आधार हो । किन विगतमा भए नभएको राम्रो नराम्रो घटनालाई सम्भेर व्यर्थ मन अशान्ति बनाइराख्ने ? जेभयो र गऱ्यो सो बितिसक्यो । त्यसलाई सम्भेर फाइदा केही छैन । भविष्यको परिणामलाई चिन्तनमनन् गरेर वर्तमानमा कुशल कर्म गर्नु उचित हो ।

भनिन्छ एक झिल्को आगोले संसार जलाउँछ । त्यसैगरि एक अकुशल कर्मले कुशल कर्मद्वारा प्राप्त सर्वपुण्यलाई राख बनाइदिन सक्छ । कुनै विषयवस्तुलाई सपार्न र बनाउन जति कठीन छ । त्यत्ति नै सजिलो भत्काउन, विगार्न र नष्ट गर्नुमा छ । हामी मानव विनाकारण अनावश्यक सोचविचार र भावनामा डुबेर मनमा दुःख पैदा गर्छौं । जबसम्म अध्यातमा उच्च-चेतन भावशक्तिले नकरात्मक सोचविचार भावलाई नियन्त्रण गर्न सक्दैन, त्यसले विस्तारै चेतन स्वरूप आत्मीय मन, ज्ञान, बुद्धि र भावात्मक शक्ति नष्ट बनाइदिन सक्छ ।

आफूभित्रको नराम्रो विचार भाव विरुद्ध निरन्तर लड्नु कुशल स्वभावको विकास गर्नु हो । सत्यको विरुद्धमा असत्य रहनु स्वभाविक हो । र, फेरि असत्य नै सत्यता बोधको कारक (कारण) हो । जसरी दुःख र सुख, अज्ञानी र ज्ञानी यस्ता कैयौं एकअर्का बिच राम्रो र नराम्रो अर्थात विपरितार्थक अस्तित्त्वमा रहने चेतन भावशक्तिहरू हुन् । यी भाव तत्त्वहरू कर्मका आधारमा आत्मीय स्वभाव वा

कर्मफलको रूपमा एक साथ अस्तित्वगत रहने गर्छन् । जस्तो दुःख र सुख अलग रहन सक्दैन । तर दुई मध्ये एक शून्य अवस्थामा लुप्त रहन सक्छ । जसरी महा आनन्दमा दुःख लुप्त हुन्छ र महा दुःखमा पनि सुख लुप्त हुन जान्छ ।

मैत्रीधर्मको शरणमा रहेर असत्यलाई जित्नु आत्मा मोक्ष प्राप्त गर्नु हो । मानव लोकमा 'भौतिक कर्म', 'भौतिक अध्यात्मिक कर्म' र 'पूर्ण अध्यात्मिक कर्म' यी तिन प्रकारको कर्म मध्ये कुनै एकमा आधारित रहेर सर्वमनुष्यले दैनिक जीवन गुजारा गरिरहेका छन् । भौतिक कर्महरूमा कृषि, शिक्षानीति, व्यापार व्यवसाय, राजनीति र चिकित्सानीति जस्ता कैयौं कर्ममा आधारित कार्यप्रणाली रहेका छन् ।

त्यसैगरि 'भौतिक अध्यात्मिक कर्ममा' कुनै गुरु धर्मको शरणमा रहेर दैनिकी जीवनमा धर्मकर्म पनि गर्ने र भौतिक विभिन्न कर्म पनि गरेर सर्वसाधारण जीवन व्यतीत गरिने धर्मात्मा यस अन्तर्गत रहेका हुन्छन् । र, पूर्ण अध्यात्मिक कर्ममा भौतिक कर्मबाट अलग, पूर्ण जीवन सन्यासी र सन्यासीनिको रूप धारण गरेर गुरु धर्मको शरणमा अध्यात्म चिन्तनमनन र सर्वहितमा दैनिकी जप तपध्यान, पूजापाठ र प्रार्थना साथै धर्म सम्बन्धका अन्य कर्म गर्दै सारा जीवन धर्मकर्ममा समर्पित गरेका हुन्छन् ।

महा सम्बोधि धर्म संघ गुरुज्यूले 'सृष्टिकर्ता गृहस्थी माआत्म गुरुमार्ग' र 'सृष्टिकर्ता सर्वसाधारण गुरुमार्ग' विकास गर्नुभएर 'भौतिक अध्यात्मिक कर्म' गरेर जीवनमा धर्मकर्म गर्न सकिने सरल नीति उपाय विधि उपयुक्त संघ र भक्त-अनुयायीको लागि सृष्टि गर्नुभएको छ। उक्त मार्ग दर्शनको सही पालना गरेमा गुरुमार्गका उच्च ज्ञानगुण प्राप्त गर्न सकिन्छ । संसारको जुनसुकै स्थानमा रहेर गुरुमार्ग अन्तर्गत उपलब्ध हुने परमात्मा मन्त्रजप, आफूले प्राप्त गुरुहरूको तपध्यान साधना र पूजापाठ प्रार्थना विधि सही तरिकाले पालना गर्नसक्नेछ ।

संसारमा परमात्मा ज्ञान पुण्य प्राप्त कुनैपनि सिद्ध गुरुको आत्मा रुवाउनु, आँसु झार्नु, गुरु विरुद्ध षड्यन्त्र रच्नु, मिथ्या दृष्टिले हेर्नु, शंका उपशङ्का, आरोप

र नराम्रो चिताउनु भनेको महा-पाप कर्महरू हुन् । एक सिद्ध गुरु विरुद्ध गर्ने यिनै महा-पाप कर्मको फल अनगिन्ती प्राणीको हत्या गरेको बराबर पाप एकै पटक प्राप्त हुनु हो । किनकि एक परम सर्वमैत्री भावनाले युक्त सिद्ध गुरुको अन्तरात्मामा सर्वपरमात्मा गुरुको वास भएको हुन्छ। र, गुरु आत्ममा सर्वलोक आत्मा प्रति परम सर्वमैत्री भावद्वारा भरिपूर्ण भइरहेको हुन्छ। आत्माको उद्धार, मुक्तिमोक्ष प्रदान गर्ने क्षमताको विकास भएको हुन्छ।

# धर्म सत्य र अधर्म असत्य

सत्य युग पछिको र वर्तमान युग भन्दा अगाडीको मध्य काल प्राचीन समय ताका धर्तीलोकमा मानव तथा जगत कल्याण हेतु आवश्यकता अनुरूप धर्म मार्ग दर्शनको विस्तार हुँदैजाने क्रममा बोधिमार्ग, मार्गगुरु र गुरुमार्ग गुरुहरूले एकपछि अर्को विभिन्न कालखण्डमा धर्म ज्ञानगुण, मन्त्रजप र तपध्यानमा परम सिद्धि प्राप्त गर्नुभएर लोकमा मार्ग दर्शन विस्तार गर्नुभएको थियो ।

उक्त समयमा अध्यात्म चेतना शक्तिको स्तर मजबुत रहेकोले सर्वमानवतामा परमात्मा धर्मकर्मको सहज बुझाइ, शील नियमको पालना, अपार धर्म पुण्य ज्ञानगुण र सिद्ध गुरुहरूको अपार कृपा सहज प्राप्त हुने भएकाले अनगिन्ती आत्माको उद्धार भयो । उहाँ भगवान तथा परमात्मा गुरुहरूको अमृतमय धर्म वाणीलाई आफ्नो श्रवण शक्तिको प्रभावले गुनेर आत्मसात् गरि सहजै बोध गर्न सकिन्थ्यो । अपार पुण्यको कारण मानवका स्वात्मज्ञान मजबुत हुने गर्थ्यो । आत्मीय दयामाया करुणा, समझदारी, शिष्टाचार, मेलमिलाप र सहयोगी जस्ता स्वभाव अधिक रहेकोले सर्वमानव, पशुप्राणी र वनस्पति बिचको अन्तर सर्वमैत्री भावपूर्ण सम्बन्ध स्थापित भई सहजीवन, सहवास र सहअस्तित्त्वगत महा सुखशान्तिमय वातावरण कायम रहेको थियो । र, यहि परिस्थितिलाई सदा बनाइराख्न महान गुरुहरूले धर्म मार्ग दर्शनलाई विस्तार गर्दै जानुभयो ।

उक्त समयमा मानवको संख्या अति नै न्यून र भौतिक विषयवस्तु श्रोत साधन तथा कार्यप्रणालीको सुरुवात हुँदैगरेको अवस्था थियो । तर सर्वमानवतामा अध्यात्म उच्च-चेतनाको स्तर, स्मरण शक्ति मजबुत थियो । उहाँ सिद्ध परमात्मा गुरुहरूले मानव सभ्यताको विकास क्रमलाई अझ मजबुत बनाउँदै लानुभयो । समय परिवर्तन संगै अध्यात्म चेतनाको स्तरमा पनि कमि हुँदैगयो । यसको कारण मानव सभ्यता विस्तारै अध्यात्ममा भन्दा भौतिक विषयवस्तुमा बढि आश्रित हुँदैगयो । र, आवश्यकताको आधारमा मानव समाजमा भौतिक सम्बन्धका मन, बुद्धि र ज्ञान तथा सोचविचारको विस्तार भई भौतिक सिप, कलाकृति,

विज्ञान र शिक्षा नीतिविधि आरम्भ गरि मानव जगतमा अध्यात्म दर्शन संगै भौतिक दर्शनको प्रभावले परिवर्तनका नवीन रहनसहन, भाषा र संस्कृति आदि परिस्थितिको विकास हुँदैगयो। मानव समाजमा जतिजति अध्यात्म उच्च-चेतन भावशक्ति कमजोर बन्दैगयो, त्यही अनुपातमा भौतिक श्रोत साधन जस्ता क्षेत्रको प्रभावकारिता बढ्दै गयो।

एकातिर भौतिक क्षेत्रको विस्तार हुँदैगर्दा अर्कोतिर अध्यात्म क्षेत्रमा प्रतिकुल प्रभाव देखिनु स्वाभाविकै थियो। यसैबिच धर्मकर्म बचाइराख्न कैयौं महा सिद्ध गुरुहरूले धर्म मार्ग दर्शन विस्तार गराउने क्रममा आफ्ना प्रमुख शिष्यहरूलाई धार्मिक जिम्मेवारी बोध गराउदै जानुभयो। तर बर्षौ, युगौं बित्दै जाँदा वास्तवमा एउटै धर्मको मूलबाट उत्पन्न भएको मार्ग दर्शन भएरपनि विभिन्न विषय तत्त्वको प्रभावमा छरिएर रहेका शिष्यहरूमा अहङ्कार, भेदभाव, मतमतान्तर, असमझदारी, असमानता, अपमान र अविश्वासको कारण एकअर्कामा धार्मिक दरार खडा भयो। त्यसपछि आफ्नै खाले मनगढन्ते धर्म विश्लेषण र सिद्धान्त कर्म विधि अपनाउन थालियो। त्यसको कारण विभिन्न छुट्टाछुट्टै धर्म संघ सम्प्रदायको निर्माण हुँदैगयो।

त्यसपछि विभिन्न स्थानमा छरिएर रहेका धर्म गुरुहरू बिचको फरक मत र विधि पद्धतिले शिष्यहरू बिचमा पनि यो गुरु ठूलो र त्यो गुरु सानो, यो धर्म र त्यो धर्म भन्ने जस्ता अनावश्यक मतभेद उत्पन्न भयो। गुरु धर्म शिष्यहरू बिच आरोप प्रत्यारोप, आ-आफ्नो धर्म सिद्धान्त बचाउन हिंसाको रूप लिइ राजनीति, बल, बुद्धि, शक्ति, योग्यता, पद र धन आदिको बहुमत हुने पक्षले कमजोर पक्षलाई भेदभाव, दमन अत्याचार गर्ने र गराउने प्रवृत्ति बढ्यो।

त्यस समयको समाजमा धर्म गुरुको स्थान श्रेष्ठ रहेकोले हर क्षेत्रमा गुरुहरूको प्रभाव मजबुत थियो। कुनै एक धर्म गुरुको वचन वा आदेश सबैका लागि मान्य हुने गर्थ्यो। मानव समाजका हर क्षेत्रमा धर्म गुरुको पकड मजबुत रहेकोले धर्म गुरुहरू बिचको वादविबाद तथा द्वन्द्वले जनमानसमा असर पार्नु स्वाभाविक

थियो । शासन सत्तामा रहने त्यस समयका शक्तिशाली व्यक्तिहरू पनि धर्म गुरुहरूको प्रभावमा नै थियो। गुरुहरू बिचको द्वन्द्वले धर्म संघ विघटन संगै भक्त अनुयायीमा भ्रम सृजना भयो।

त्यसपछि धर्म मार्ग दर्शनमा यो पनि ठिक, त्यो पनि ठीक र धर्म गुरु भएरपनि आफूलाई भौतिकतामा जस्तो धर्म गुरुको अस्तित्व समाप्त पार्ने र धर्मको नीति विपरित अनैतिक व्यवहार गर्नाले अन्ततः सत्यता मार्ग दर्शन अपनाउने भक्त अनुयायीमा गुरु धर्म प्रतिको भर-भरोसा, विश्वास, सम्मान र भक्ति भाव कमजोर बन्यो । यसरी विभिन्न समयमा धर्म गुरुहरूबाट भएका गलत धर्म नीति, पद तथा ज्ञानको अहङ्कारले संसारमा असत्यताको प्रभाव, सद्धर्मकर्मको लोप र मानव समाजमा भ्रम तथा मतभेद जस्ता सर्वअमैत्री भावपूर्ण सम्बन्ध सृजना भयो। त्यसकारण आजको समयमा देखिने जतिपनि धार्मिक विविधता, विकृति र विसङ्गतिको प्रमुख जिम्मेवारी त्यत्ति बेलाका धर्म गुरुहरू रहेका थिए।

त्यसपछि मानव समाजमा धर्म सत्य र असत्य छुट्ट्याउन असमर्थ हुनपुग्दा अध्यात्म उच्च-चेतन भावशक्तिको क्रमिक कमिले भौतिक विषय प्रति मानवीय पकड मजबुत बन्दै गएको हो । सिद्ध धर्म गुरुहरू पनि अहङ्कारको वशमा परि शील भङ्ग, असत्य अपनाएको हुँदा कर्मचक्रको बन्धनबाट मुक्त हुन नसकेर संसारमै भौंतरिन पुग्यो । उक्त शील भङ्ग गुरुको कैयौं भक्त अनुयायी मध्य कुलघरान अनि राजपाट सम्हाल्ने शक्तिशाली समूह पनि हुने गर्थ्यो।

भ्रममा परेका गुरु शिष्य, संघ र भक्त-अनुयायीले संसारको बन्धनबाट मुक्त हुन नसकेका उक्त धर्म गुरुको आत्मालाई कुलको रूपमा पूज्ने कार्य हुँदै गएपछि व्यक्ति, परिवार, समाजमा अशान्ति हुँदै क्रान्ति हत्याहिंसाको रूप लिएर अधर्म पाप कर्म बढ्न थाल्यो । उक्त समयमा मानवले आफ्नो विघ्नबाधा मुक्त हुन आत्माहरूले चाहेअनुसार भोग चढाउने कार्य आरम्भ भयो। भोग चढाउने नाममा दुःख दिने आत्मालाई शान्त र सन्तुष्ट पार्न मागेअनुसार निर्दोष प्राणीको बलि दिने रीतिथिती समेत सुरुभयो। विघ्नवाधा र मनोकामना पूर्ण हुन दिइने बलिप्रथा

आजसम्म पनि समाजमा कायमै रहेकोछ । आत्मा सन्तुष्ट पार्न नैवेद्य आगोमा जलाई त्यसको सुगन्ध चढाउने गरियो । त्यसैगरि आफ्नो घरको कुल देउताको रूपमा स्थापना गर्दै रातो सिन्दुर चढाएर टिका लगाउने विधि सुरुवात गरियो । यस प्रकारको सामाजिक संस्कारले व्यक्ति, परिवार र समाजमा प्रभाव पार्दैगयो ।

अहङ्कारवश केहि धर्म गुरुहरूको कारण धर्म विघटन, नीति उलङ्घन र हिंसाको सुरुवातले समाजमा विस्तारै मानव बिच शक्ति बहुमत धर्मकर्म रूपरङको आधारमा जाति, वर्ण, धर्म आस्था, योग्यता र स्थानअनुसार विभिन्न समूहमा विभाजन हुँदै विस्तारै ती समूहहरू बिच छुवाछूत तथा भेदभाव जस्ता रूपहरू सृजना भयो । यसको कारण समाजमा रहने मानव समूह बिच बहुमतको आधारमा हुँदैगरेको शक्ति सङ्घर्षले कमजोर समूह माथि शासन, दमन र अत्याचार बढ्दैगयो । जुन समूहमा अत्याधिकको संख्या, भौतिक सम्पत्ति र राजनीतिक पकड जस्ता विषयमा वाहुल्यता हुनेले शासन सत्ताको आडमा समुदाय राष्ट्रमा आफ्नो पकड मजबुत बनाउँदै गयो ।

त्यसपछि मानव समाजमा धर्मकर्म भन्दा पनि भौतिक सोचविचार एवम् खोज अनुसन्धान जस्ता कामकार्यको प्रभाव मजबुत हुँदैगयो । मानव समूह बिच भइरहने शक्ति सङ्घर्षको नाममा क्रान्ति, राजनीति र कुटनीतिको विकास भयो । यसप्रकार विभिन्न धेरै समूह बनेर आ-आफ्नो बहुमत, क्षेत्रफल र संस्कृति कायम गराउन तिनै समूह बिचको युद्धमा सत्य गुरुहरूको हत्या, जप तपध्यान र पूजापाठ हुने स्थानको तोडफोड साथै शक्तिशाली व्यक्तिहरूले पनि असत्य अपनाउदै गए । भौतिक पक्षका हर विषयवस्तु र कार्यमा पकड मजबुत हुने समूहहरूद्वारा आ-आफ्नै परिवार, गाउँघर समाज र राष्ट्रका अवधारणा विकास गरि नीति, संस्कृति अथवा रहनसहन व्यवस्थित बन्दैगयो । भौतिक प्रभाव बढेपछि मानवतामा अहङ्कार, लोभ, मोह र स्वार्थको वशमा आत्मअशान्ति अनि असन्तुष्ट बढ्नाले परिणामतः गाउँघर समाज र राष्ट्रहरू बिचमा द्वन्द्व सृजना भई आफ्नो भौतिक शक्ति, योग्यता र पद मजबुत हुने समूहले सकेमा राज्य सत्ता लिएर राजनेता, राजा सम्राट, मन्त्री बन्ने र धर्मले सकेमा धर्म गुरु नै राजानेता बन्ने प्रचलन आउन थालेपछि झनै धर्म भन्नुको त कुनै अस्तित्त्व नै रहेन ।

त्यसैगरि धर्म आस्था, वर्ण, जाति, समुदाय र राज्यको नाममा राजनीतिक संघर्ष, लाडाइ र युद्धमा एक देशको राजाले अर्को देशको राजालाई पराजित गरेर क्रुरतापूर्वक हत्या, फाँसी सजाय र राज्य सत्ता हात पारेर आफू नै भगवानको रूप जस्तो सबैमा घोषणा गर्दै सम्पूर्ण शक्ति आफ्नो मातहतमा लिएर शासन गऱ्यो । उक्त संक्रमण कालको बाबजुज सत्यवादी केही छुटपुट धर्म गुरुहरूले आफ्नो धर्म मार्ग दर्शन जोगाउन बाध्यतावश वनजंगल र ओडारका क्षेत्रहरूमा वसोवास गर्न थाल्यो । समाजमा धर्मकर्म कमजोर भएको कारण त्यसबेलाका शक्तिशाली व्यक्तिहरूले जनतालाई दमन अनि शोषण गर्न थाले । र, राज्यसत्ताको लोभमा एकै परिवारका सदस्य बाउछोरा, दाज्युभाइ, दिदीबहिनी एकअर्का बिच द्वन्द्व, लडाईं र हत्या गर्ने प्रवृत्तिसम्म सृजना भयो । धेरै राज्य समूह बिचको लडाईंमा जित पक्षले विजय दिनको उपलक्ष्यमा शुभ दिन मानेर सिन्दुर अछेताको विजय टिका लगाउने, प्राणी हत्या गरि रगत र सिन्दुर अछेताद्वारा कुल पूजा गर्ने चलन मानव समाजमा लागु गऱ्यो ।

एक देशका राजा वा राजकुमारले कुनै राजकुमारीसँग विवाह गर्दा होस् अथवा कुनै राजकुमारीलाई जबरजस्ती भगाएर युद्धमा जीतेर ल्याएको खुसीयालीमा दुलहीलाई सिन्दुर र गरगहनाद्वारा सजाउने चलनचल्ती लागु गऱ्यो । र वास्तवमा परमात्मा धर्म सिद्धान्तमा यसप्रकारको कर्म नीति थिएन । यो पूर्ण रूपमा एक प्रकारको मानव निर्मित कर्म विधिहरू मात्र हुन् । युगौं देखि समाजमा रहँदैआएका जातिय भेदभाव, छुवाछूत, अन्धविश्वासपूर्ण संस्कार, रीतिरिवाज र कुल प्रथालाई मान्ने विभिन्न पन्थ र सम्प्रदायको कारण अध्यात्म मूलभूत परमात्मा नीतिविधि शासन कमजोर बन्दै मानव स्वभावमा विकृति बढेकोले भगवान तथा परमात्मा गुरुहरूका प्रत्यक्ष आवागमन र भर-भरोसामा कमि हुँदैगयो ।

यथार्थतः यो लोक देखि माथिका सर्वलोकमा विराजमान सर्वभगवान तथा परमात्मा गुरुहरूको रूपरङ, आकारप्रकार, भावात्मक र धर्म नीतिविधि पालनामा कुनै फरक रहेको हुँदैन । उहाँहरू आ-आफ्नो लोक स्थानमा एकसमानता परम सर्वमैत्री भावपूर्ण सम्बन्धमा विराजमान रहनुहुन्छ । विडम्बना धर्तीलोकमा मात्र

भेदभाव तथा मतभेदका रूपहरू देखिरहेका हुन् । यसबाट यो स्पष्ट हुन्छ, प्रारम्भमा धर्मका मूलभूत सिद्धान्त अर्थात नीतिविधि एकै श्रोतबाट उत्पन्न भएका थिए ।

संसारबाट मुक्त हुन नसकेर भौंतारिरहेका आत्माहरू मान्ने, खेल्ने र भोग चढाउने कार्यले झन् उल्टै उक्त आत्मालाई दुःख दिइरहेका हुन्छौं । यस्ता अमुक्त आत्मालाई मान्ने मानवको आत्मा पनि यसै प्रकारको अवस्थामा भौंतारिन पुग्छ । जीवनमा घट्नसक्ने प्रमुख कर्म मध्ये जन्म, विवाह र मृत्यु सम्बन्धमा मानव समाजमा रहने धर्म सम्प्रदायको आ-आफ्नै नीतिविधि रहँदैआएका छन् । यसैबिच मैत्रीधर्मको पनि आफ्नै नीति-नियम रहेकाछन् । यस विषय सम्बन्धमा मैत्रीधर्म संघ र भक्त अनुयायीले अपनाउनु पर्ने केही विषयहरूको जानकारी गराउन अति आवश्यक छ । मैत्रीधर्मको नीतिअनुसार मैत्री विवाह लगायत अन्य कुनैपनि कामकार्य अथवा समयमा गरगहनाको रूपमा प्रयोग हुँदैआएका साधारण देखि बहुमूल्य धातु एवम् सिन्दुरको टिका लगाउनु उचित मानिदैन । मानव जीवनमा एक सरल मैत्री पोसाक धारण गर्नु सर्वथा उचित हुन्छ ।

किनकि मैत्रीधर्मले कुनैपनि धातुजन्य सुन, चाँदी, तामा, हिरा, मोती जस्ता वस्तुहरूको प्रयोग पवित्र पूजा सामाग्री, परमात्मा मूर्ति तथा स्थान सजावट एवम् धर्म दानको लागि प्रयोग गर्न र गराउन मान्यता दिएको हुन्छ । उहाँ धर्म संघ गुरुज्यूको अमृतमय वचनअनुसार "यसको प्रयोगले धर्म पुण्य प्राप्त नभइ उल्टै आफूसँग भएको धर्म पुण्य ह्रास आउने हुन्छ ।" किनभने यी बहुमूल्य वस्तुहरू धार्मिक प्रयोजनका लागि प्रयोग भइरहेका हुन्छन् । जुन तत्त्वबाट भगवानको मूर्ति, पवित्र स्थान र पूजा सामग्री बनाइन्छ, त्यसलाई कसरी एक भक्तजनले कुनै तुच्छ कार्यमा प्रयोग गर्न सकिन्छ ? यसरी धर्मको महान कार्यमा प्रयोग हुने यी विषय तत्त्व आफ्नो निजी प्रयोगजनको लागि प्रयोग गर्नु अनुचित हुन्छ । संसारमा रहुन्जेल एक सद्धर्म अनुयायीले सर्वदा सरल र सादा जीवन अपनाएर धर्मकर्म गर्नसके अपार पुण्य सिद्ध हुनेछ ।

मैत्रीधर्ममा मृत्यु संस्कार, मानव शरीरको अन्त्येष्टि संगै आत्माको सुधार-उद्धार गर्ने एक महत्वपूर्ण विधि हो । विशेष मृत शरीरलाई प्रकृति मूल सह-सहायक

सृष्टि तत्त्व अग्नीले जलाएर नष्ट वा खरानी बनाउने प्रकृया मान्न सकिन्छ। मृत शरीरलाई सागरमा जलाउन लाने क्रममा आकाश तर्फ फर्काइ सिधा सुताएर लानुपर्ने हुन्छ। आत्माले सहज मुक्त पाउनको लागि शरीरलाई अनिवार्य जलाउनु पर्ने प्रमुख विधि हो । मृत शरीरलाई नजलाई त्यत्तिकै पुर्दा वा अन्य विधिहरू अपनाउँदा आत्माले उचित मार्ग दर्शन पाउन कठिन हुन्छ। जसको कारण मुक्त हुन नसकेर संसारमै भौंतारिन सक्छ। त्यसैगरि शरीरको कुनैपनि भागलाई नछोडी पूर्ण माटोमा विलीन हुनेगरी जलाउनु पर्दछ।

किनकि आत्मा र शरीरको सम्बन्ध मजबुत भइसकेकोले अचानक शरीरको त्याग गरेर मुक्त हुन आत्माले सकिरहेको हुँदैन। आफ्नो शरीर प्रतिको मोह तथा आसक्तले त्यसकै वरिपरि भौंतारिन सक्छ। यो संसारबाट मुक्त हुन आत्मालाई धेरै अवरोध उत्पन्न भइरहेको हुन्छ। यिनै प्रमुख कारणहरूका प्रभावबाट छुटकारा पाउन सहि विधि अपनाउन अति आवश्यक परेको हो । यदि जीवन छँदा गुरु शरणमा रहि सद्धर्मकर्म गरेको अथवा परमात्मा गुरुहरूको दर्शन लाभ प्राप्त भइसकेको अवस्था हो भनेदेखि कर्मचक्रको यथार्थ ज्ञान बोध भएर आत्मा मुक्त हुनसक्छ। त्यसकारण संसारको मोहबाट पार हुन आत्मालाई स्वतन्त्र विदा गरि मृत शरीरलाई अग्नी शक्तिले जलाएर नष्ट गर्नुपर्ने एक मात्र उत्तम विधि हो।

संसारमा जन्म झैं मृत्यु पनि एक अन्तिम अवसर हो । आत्माले अर्को नयाँ स्थानमा जानसक्ने स्थिति सृजना हुनु हो। गुरु धर्मको शरणमा नीतिविधिअनुसार जप, तपध्यान, पूजापाठ र प्रार्थना गरेको प्रभावले कुनै उच्च स्थान प्राप्त गर्न सक्नेछ । त्यसकारण आत्माले सहज मुक्तिमोक्ष प्राप्त गर्न शरीरको कुनैपनि अङ्गलाई अन्य कार्यमा प्रयोग गर्नु हुँदैन। जिउँदो अवस्थामै किन नहोस्, शरीरको अङ्गलाई एकअर्कामा साटासाट गर्नु पनि अनुचित हुन्छ। आफ्नो कर्मफलअनुसार जति लामो आयु पाउन सक्छ, त्यसैमा सन्तुष्ट रहेर धर्मकर्ममा लागि पर्नुपर्छ।

बोधिमार्ग दर्शन मैत्रीधर्मको नीतिअनुसार महिला र पुरुष एकसमान हुन् । सर्वविषयमा समान हक र अधिकार रहन्छ। मैत्रीधर्ममा स्त्री र पुरुष बिच कुनै

भेदभाव रहँदैन। मैत्रीधर्मको मूल सिद्धान्त एकअर्कामा अपार विश्वासपूर्ण एकता, समझदारी, सम्मान र मेलमिलापको भाव अपनाउनु हो। मानव समाजमा आईपर्ने प्रमुख घट्नाहरूमध्य जन्म, विवाह र मृत्यु कर्ममा महिला र पुरुषले समान कर्म विधि अपनाउन सकिन्छ। तर मृत्यु संस्कार सम्बन्धमा भने यदि पुरुष गुरुहरू नभएको अवस्थामा मात्रै स्त्री गृहस्थी माआत्म गुरुमार्ग गुरुहरूको भर-भरोसामा मैत्रीधर्मअनुसार कर्म विधि अपनाउन सक्नेछ।

आफ्नो परिवार सदस्यको मृत्यु संस्कार विधि अपनाउदा परिवारका कुनैपनि सदस्यले आँखाबाट आँसु झार्ने अथवा रुने, कराउने र आलपविलाप गर्ने कार्य गर्नु हुँदैन। किनकि खोलामा बाढी आए झैं आत्मालाई विभिन्न लोकहरूको यात्रामा अवरोध सृजना हुन्छ। उक्त समयमा विशेष गरी धर्मकर्म विधि अपनाएर जतिसक्छ आत्मा शान्त बनाएर परमात्मा पूजापाठ र प्रार्थनाद्वारा सम्झाइबुझाइ संसारबाट बिदा गर्नुपर्दछ। गुरुमान्त्र जप, तपध्यान गरेर दियो बाल्ने र आत्मा उद्धारको लागि सर्वपरमात्मा तथा भगावनहरूमा बिन्ती एवम् पुकार गर्दै शान्तिमय भाव अपनाउनु पर्दछ।

त्यसैगरि मृत्यु संस्कारमा सहभागी सबैलाई जतिसक्छ शान्त, मौन र धैर्यधारण गरेर एक भाव चित्तले गुरुहरूको सिद्ध मन्त्रजप तपध्यान र प्रार्थनामा लीन हुन आग्रह गर्नुपर्दछ। २५, ५० र ७५ औंको पूजापाठ प्रार्थना गराउने समयमा अनिवार्य सही विधि अपनाउनुपर्ने हुन्छ। पूजापाठको स्थान वरपर सम्भव भएसम्म शान्त वातावरण, चिच्च्याउने र कराउने जस्ता कार्य अलिकति पनि गर्नु हुँदैन। पूजाविधि गर्नुहुने धर्म गुरुहरूलाई शान्त वातावरण निर्माण गर्नुपर्दछ। यसको कारण सर्वपरमात्मा गुरुहरू हर्षित हुनु भएर प्रत्यक्ष आवागमन भई मृतक व्यक्तिको आत्मालाई दर्शन लाभ गराइदिनु हुन्छ।

मृतकको आत्माले अनिवार्य उच्च लोकको वास पाउन, मृत्यु भएको दिन देखि ७५ औं दिनसम्म परमात्मा गुरुहरूको नाममा निरन्तर बत्ती बालेर पूजा स्थानमा राख्नुपर्दछ। ७५ दिनसम्मको समय पूर्ण नभएसम्म आत्मालाई मार्गमा अवरोध

हुने कुनै कार्य गर्नु हुँदैन । यस समयमा प्राणीलाई दुःख दिने, अशुद्ध आहार सेवन गर्ने र अनैतिक अधर्म कार्यहरू नगर्न मृतकको प्रत्येक परिवार सदस्यले अनिवार्य पालना गर्नुपर्दछ । त्यसैगरि मृतकको नाममा खानपान, धूप अछेता, अन्न फलफूल केही चढाउनु हुँदैन । पूजा कार्यमा विषयवस्तु अर्पण गर्नु भनेकै परमात्मा गुरुहरूलाई मात्र हो । आत्मालाई यस संसारको कुनैपनि बन्धनमा नपारेर स्वतन्त्र सदाको लागि बिदा गर्नुपर्छ ।

परमात्मा तथा भगवानहरूको नामलाई लिएर/काटेर सन्तानको कुनैपनि सदस्यलाई नामकरण गर्नु उचित हुँदैन । पवित्र शुभनाम धारण गर्नुहुने मुक्तिमोक्ष प्राप्त गुरुहरूको नामलाई सांसारिक व्यक्तिको पहिचान स्वरूप नामको रूपमा कसरी प्रयोग गर्न मिल्छ ? परमपूज्य गुरुहरूको नाम काटेर बोलाउनु पक्कैपनि एक भक्तको लागि अशोभनीय छ । गुरुहरूको पवित्र नामलाई लिएर एक सामान्य मनुष्यको नामको रूपमा प्रयोग गर्नु अपमानजनक हो । किनकि महान सिद्ध गुरुहरूको नाम नै मन्त्र समान पवित्र भइसकेकोले एक भक्तले अन्तस्करणमा सजाएर जप र तपध्यान गर्नुपर्ने हुन्छ । अतः परमात्माको शुभ नाम कुनै सामान्य व्यक्ति र वस्तु निहित अन्य प्रयोजनको लागि प्रयोग गर्नु सर्वथा अनुचित हो ।

उहाँहरूले आफ्नो जीवनकालमा महा त्याग र तपस्याद्वारा प्राप्त ज्ञानगुण, शील समाधि र स्थानको आधारमा ससम्मान पहिचान स्वरूप पाउनु भएको नाम हो । फेरी संसारमा अन्य धेरै नाम नभएका पनि होइनन् । आफूलाई मनपर्ने नाम सजिलै पाउन सकिन्छ । परम पूजनीय सिद्ध सर्वगुरुको शुभ नामलाई नै प्रयोग गर्नुपर्छ भन्ने छैन । अतः गुरुहरूको नामलाई सदासर्वदा शिरको उच्च स्थानमा सजाएर जप, तपध्यान, पूजापाठ र प्रार्थना गर्ने अधिकार मात्र मानवले संसारमा पाएको हुन्छ ।

परम विधाता सृष्टिकर्ता भगवानको सृष्टिमा उपयोगी सर्वविषय तत्त्वको आ-आफ्नै प्रयोजन रहेकाछन् । विशेष गरेर सर्वजीवात्मा बाँच्ने र बचाउने प्रमुख आधारको रूपमा वनस्पति जगत रहेकोछ । जहाँ सर्वमानवले जरीबुटी वा

औषधीको रूपमा अन्न, गेडागुडी, सागपात र फलफूल जस्ता अनगिन्ती विषय उपभोग गर्न पाइरहेका छन् ।

समय परिवर्तन संगै अध्यात्म दिव्य अलौकिक उर्जाशक्तिको प्रभावमा कमी हुँदै आइसकेपछि फलस्वरूप मानवतामा अहङ्कार, असन्तुष्ट तथा अमैत्री भावपूर्ण स्वभावले समाजमा भोकमरी र महामारी रोगहरू उत्पन्न भयो । जसको कारण समाजमा दुःख पीडा र अकाल मृत्यु अचानक बढ्न थालेपछि महा मैत्री परमात्मा गुरुहरूले परम सर्वमैत्र भावपूर्ण दयामाया करुणा गर्नुभएर आवश्यकतानुसार अमृत स्वरूपमा अन्न फलफूलका बोटविरुवा, झार पात र अन्य जरीबुटी सृष्टि गर्नुभएर उक्त भोगमरी र प्राणघातक महामारी रोगको निरोध गर्नुभयो ।

उक्त समय/कालदेखि नै धर्तीलोकमा अन्न फलफूल, सागपात, जरीबुटी उत्पादन गरेर दैनिकी उपभोग्य खाद्यन्नको रूपमा उपयोगी हुँदैआएका हुन् । खाना योग्य सर्ववनस्पति जरीबुटीका रूप हुन् । भगवानले यी सर्वखाना योग्य वस्तुको अस्तित्वगत अमृतमय प्राण शक्तिको स्वरूपमा यसलाई आवश्यकतानुसार माटोमा रोपेर फुलाइफलाई उपभोग गर्नसक्ने विशेष प्रकृया तत्त्व गुण प्रदान गर्नुभयो ।

विस्तारै मानवले यसलाई खेतीपातीको रूपमा विकास गरे । यसैगरी संसारमा सर्वप्राणी कर्मअनुसार बाँच्न सक्ने आधार प्राप्त भयो । जगतमा सृष्टिसिद्ध सर्वविषय तत्त्वको मूल आधार वनस्पति हो । त्यसकारण वनजंगलमा असर पुग्ने कुनैपनि कार्य गर्नु हुँदैन ।

मैत्रीधर्मको नीतिमा अनावश्यक बोटविरुवाको एक पत्ता पनि नचुडाउनु भन्ने मैत्रीभाव छ । जति आवश्यक छ त्यत्ति मात्र उपभोग गर्न छुट दिएको हुन्छ । तर आज मानवले अनावश्यक रूपमा विषजन्य चुरोट, सुर्ति, तमाखु र गाँजा जस्ता वस्तुको अधिक निर्माण गर्दै आइरहेका छन् । यसको उपभोगले मानवको स्वास्थ्य अनि समाजमा विकृति उत्पन्न भइरहेको छ । औषधीको रूपमा प्राप्त

जरीबुटीको दुरुप्रयोग हुँदा विष बनेर अकाल मृत्युदर बढिरहेको छ । मानव जगतमा यसप्रकारको कर्मले सृष्टिकर्ता भगवान तथा परमात्मा गुरुहरूको ठूलो अपमान भएकोछ।

त्यसैगरि अन्न, फलफूल र गेडागुडीलाई पकाइवरी गलाएर अत्याधिक मादक पदार्थको उत्पादन गर्ने कार्य हुँदैआएको छ। यसले पनि मानव समाजमा विकृति ल्याएकै छ। यसरी एकातिर उपभोग्य वस्तुको दुरुपयोग भने अर्कोतिर निमुखा गरिब मानव देखि निर्दोष पशुप्राणी खानाको कमी र रोगको कारणले दिन प्रतिदिन कुपोषीत भई अकाल मृत्यु हुनु परिरहेका छन्। वर्तमान मानवले जीवन स्वस्थका विषयमा भन्दा पनि सीमित स्वार्थ लाभ लीन ठूल्ठूला रक्सी उत्पादक फ्याक्ट्रीहरू धेरै निर्माण गरे।

मादक पदार्थको सेवन स्वस्थ्यको लागि हानिकारक छ। तर पनि यसको उपभोग गर्न मानवले छाड्दैनन्। व्यक्ति, गाउँघर, समाज, राष्ट्र र विश्वमा अशान्ति, कुलत र दुष्कर्म निम्त्याउने प्रमुख कारक तत्त्व मादक तथा सुर्तीजन्य पदार्थ हुन्। र, दोस्रो कारण भनेको जंगलमा आगो लगाउनु, साना झाडी बुट्यानका बोटविरुवा फाँड्नु र अवैध वन तस्करी गर्नाले सिङ्गो पर्यावरणलाई नै असर हुने कार्य भइरहेका छन्।

उहाँ धर्म संघ गुरुज्यू अमृतमय वचन गर्नुहुन्छ। "संसारमा दुई जात मात्र छन्। एक मानव र अर्को दानव (पशुप्राणी) हुन्।" यहाँ मानव र पशुप्राणीको सम्बन्ध कर्मफलको आधारमा रहन्छ। मानवले आफ्नो जीवनकालमा गर्ने जतिपनि पाप कर्मको फलले अर्को जुनीमा पशुप्राणीको रूप प्राप्त गर्नसक्छ। अध्यात्म प्रकृति मूलभूत चेतन भावशक्तिमा मानव र पशुप्राणी बिच धेरै भिन्नता रहन्छन्। मानवका रूपरङ्ग र चेतनाको स्तर पशुप्राणीसँग तुलना हुन सक्दैन। तर मानवीय कर्म, गुण तथा स्वभावले मानवलाई पशुतुल्य बनाइदिन सक्छ। अतः एक मनुष्य आत्माले मुक्तिमोक्ष प्राप्त गर्नसक्ने, गुरुको रूपमा आत्माको उद्धार गर्नसक्ने र सर्वज्ञानी बन्न सक्ने हुन्छ; भने त्यही मनुष्य पशु झैं नीच स्वभाव अपनाएर पशु समान बन्नसक्छ।

खाना नपाएका पशुप्राणीलाई भर-भरोसा र स्वतन्त्र बाँच्न पाउने अधिकार उपलब्ध गराउनु मानवीय धर्म कर्तव्य हो। सकेसम्म पालनपोषण तथा संरक्षण गर्ने हो। पशुप्राणीको जुनी प्राप्त गरेको आत्माले उद्धार पाउन महा-कठीन छ। कुनै कारणवश यदि सिद्ध धर्म गुरु र भगवानको कृपादृष्टि पाइहालेमा मुक्त हुने सम्भावना अधिक रहन्छ। त्यसकारण पशुप्राणीको उद्धारको लागि परमात्माको प्रार्थना, साथै सर्वमैत्री भावना लिएर अपार पुण्य प्रदान गरिरहनु पर्दछ। झन् उल्टै दयाहीन भई काटमार गरेर रगत मासु उपभोग गर्नु स्वयम् सृष्टिकर्ता भगवानलाई अपार दुःख दिनु बराबर हो।

मैत्रीधर्म नीतिमा बाबुआमाको अपार मानसम्मान हुनेगर्दछ। तर धर्म विपरित मार्ग दर्शनमा रहेर आफ्नो सन्तानलाई अधर्ममा डोऱ्याउछ भने मान मान्यता दिएर पनि केही फाइदा हुनेछैन ? संसारमा सर्वजीवात्माले बाबुआमाको रूपमा सन्तान सृष्टि गर्नसक्ने गुण प्राप्त छ। मानवको सन्दर्भमा विशेष एक आमाबाबुले मात्र निःश्वार्थ आफ्नो बच्चाको हेरचाहा, पालनपोषण र संरक्षण दिने परम कर्तव्य निभाएका हुन्छन्। र, एक स्त्रीले सन्तानलाई जीवन उपयोगी व्यवहारिक ज्ञानगुण प्रदान गर्नसक्छिन्।

आमाबाबुले आफ्नो सन्तान प्रति सकरात्मक परिवर्तन भएको देख्न चाहन्छन्। सद्धर्मकर्म गरेर आफू उद्धार होस् र दोस्रोको पनि सुधार-उद्धार गरोस भन्ने ईच्छा आकाङ्क्षा लिएका आमाबाबु वास्तवमा गुरु समान हुन्। यस्ता सोचविचार भाव बोकेका आमाबाबु समाजमा अति न्यून छन्। मानव लोकमा सर्वमैत्री भावनाले युक्त एक जिम्मेवार बाबुआमाले आफ्नो सन्तानलाई भौतिक कर्ममा भन्दा कुशल धर्मकर्म गर्नमा उत्प्रेरणा र हौसला प्रदान गरिरहेका हुन्छन्।

मानव सृष्टिचक्रको प्रकृयामा बाबुआमा एक माध्यम मात्र हुनुहुन्छ। तर धर्म प्रकृति मूलभूत सहायक र परम विधाता सृष्टिकर्ता भगवानको मूल सहायतामा सर्वसृष्टि सम्भव भएका हुन्। आमाको कोखमा भगवानले अध्यात्म चेतन स्वरूप आत्मालाई आवश्यकतानुसार स्थापना गराइदिनुभएको हुन्छ। त्यसकारण

सर्वसृष्टि उहाँ भगवानको प्रयत्नविना सम्भव नभएकोले उहाँ भगवानहरू मात्र परम सर्वश्रेष्ठ पूजनीय हुनुहुन्छ। संसारमा बाबुआमालाई अपार दयामाया करुणा प्रेम भाव र सेवासत्कार गर्नु सन्तानको परम कर्तव्य हो।

मानवले धर्मकर्म धन सम्पत्तिको लोभमा, कुनै कारणवश वाध्यता बनाएर अथवा डर देखाएर गर्न लगाउने विषय होइन। मानव लोकमा एक धर्म गुरुको हैसियत भनेको परमात्मा धर्मको सिद्धान्त भन्दा विपरित आफ्नो मनोमानी नीतिविधि लागु गर्न पाईंदैन। हर मनुष्यको योग्यता र क्षमतालाई बुझेर, हेरेर के कत्ति बोध गर्नसक्छ त्यही अनुरूप ज्ञानगुण दिदै जानुपर्ने हुन्छ। सदा गुरु र शिष्यहरू बिचमा परम सर्वमैत्री भावपूर्ण सम्बन्ध हुन अति जरुरी छ। धर्मकर्मलाई ख्यालख्यालमा सामान्य रूपले लिने वा सोच्ने गर्नु हुँदैन। किनकि धर्मको सही पालना र उचित प्रयोग भएमा आत्माले सर्वविषय प्राप्त गर्नसक्छ। गलत प्रयोजन र गुरु धर्मको अपमानले आत्मा नष्ट पनि सम्भव छ।

## बोध गर्न आवश्यक विषयहरू

संसारमा गुरु धर्म र नीति-नियम केही पनि होइन भन्दै एक सामान्य रूपमा लिएर धोकाछली, ढाकछोप, गुरु भन्दा चनाखो बनि एक ज्ञान प्राप्त गुरुलाई पनि सामान्य भौतिक ज्ञानगुण, व्यापार व्यवसाय र राजनीतिमा जस्तो व्यक्तिगत वा समूहगत रूपमा पकड गरेर राख्न खोज्ने कार्यहरू महा गलत हुन्। यस मानव लोकमा परमज्ञान पुण्य सिद्धि प्राप्ति कुनैपनि ध्यानी, ज्ञानी र महा तपस्वी गुरुहरूको वास्तविक स्वभाव गुण भनेको परम सचेतना, हर समय परिस्थितिको उचित जाँचबुझ, लेखाजोखा भएर मात्रै निर्णय भइरहने हुन्छ। जसरी सानो तलाउ, महा समुन्द्र बन्न खोज्यो भने एकै पटक पानी उर्लदा तलाउको अस्तित्त्व त्यही विलीन हुन्छ। वास्तवमा बोधिमार्ग, मार्गगुरु र गुरुमार्ग अन्तर्गतका सर्वज्ञानगुण प्राप्त महा-सिद्ध गुरुको तुलना कोहिसँग हुन सक्दैन। एक पृथक परम श्रेष्ठ महा-पुण्यवान परमात्मा स्वरूपमा रहने भएकोले एक सिद्ध धर्म गुरुलाई आरोप-प्रत्यारोप, सड्यन्त्र, हस्तक्षेप, कुदृष्टि, तुच्छ बोलीवचन र कुविचार भाव जस्ता

अकुशल कर्म गर्नु भनेको जानाजानी विष पिएको समान हो । विषको परिणाम कति घातक हुनसक्छ थाहा भएकै विषय हुन् ।

आजको संसारमा धर्म गुरुहरूको ज्ञानगुण, जप तपध्यानको स्तरमा ह्रास, पद तथा स्थानको पतन र समाजमा अपमान हुँदैजानुको प्रमुख कारण धर्म गुरु स्वयम् भौतिक राजनेता, व्यापार व्यवसाय अनि राजनीतिकमा जस्तो एकअर्कामा हात मिलाउँदै हिड्नु पर्दा न त्यो धर्म गुरु जस्तो देखिन्छ न त सांसारिक सर्वसाधारण व्यक्ति जस्तो, वास्तवमा यसप्रकार समाजमा भ्रम सृजना गर्ने कार्य भइरहेको छ। परमात्मा धर्म सिद्धान्तको उलङ्घन, आफ्नो ईज्जत, मान मर्यादा र पहिचान गुमाउँदैजाने हुन्छ। एक धर्म गुरुको विशुद्ध कार्य धर्म सिद्धान्तको पालना, सामान्य जीविकोपार्जन, धर्म अनुशासन, धर्म संघको विस्तार, तपध्यान पूजापाठ र प्रार्थना भन्दा अरु के हुनसक्छ ? धर्मको शासन अबैभन्दा अलग सर्वहितमा रहेकोले भौतिक मानव निर्मित नीति-नियम जस्तो हुन सक्दैन ।

धर्म प्रकृति मूल सह-सहायक सर्वसृष्टि विषय तत्त्व बिचको असन्तुलन र गडबडीले संसारमा महा भूकम्प, अनिकाल, महामारी रोग, अतिवृष्टि र अनावृष्टि जस्ता प्रकृति प्रकोपहरू सृजना भएका हुन् । यसको प्रमुख कारणहरूमा सद्धर्म विरुद्ध कर्म, गुरुहरूको अपमान, धर्म गुरुको नाममा गलत नीति संस्कारको विस्तार, प्राणी हत्याहिंसामा वृद्धि, वनस्पति, जलश्रोतको विनाश, भूमि उत्खनन र वायु प्रदुषण आदि रहेका छन् । मानवका यीनै कर्महरूले प्रकृति अस्तित्त्व समाप्त पार्ने प्रयत्न भइरहेको छ। बसिरहेको मान्छेलाई आगो लगाउने प्रयास भए जस्तै संसारमा मानवका महा-पाप कर्मले सृष्टिकर्ता भगवानलाई आगो लगाउने कार्य भइरहेको छ। तापको कारण बसिरहेको मान्छे यताउति चले जस्तै धर्तीलोकलाई थामी राख्नुहुने मागुरु भगवान पनि चल्नु हुँदा संसारमा कहाँ र कहिले लथालिङ्ग हुनपुग्छ थाहा हुँदैन । यसरी महा-पाप कर्महरू गरेर भगवानलाई आगो लगाउने कार्य भइरहेको छ ।

यस मैत्रीधर्म पुस्तक अध्ययन गर्नुहुने समस्त विश्व संघ र भक्त अनुयायीहरूले मैत्रीधर्मको बारेमा अवश्य धेरथोर जानकारी लिएको हुनुपर्छ । आउने दिनहरूमा

पक्कैपनि बोधिमार्ग दर्शन मैत्रीधर्मले अझ थप मार्ग दर्शन र सर्वउर्जाशक्ति स्वरूप अस्तित्वगत धर्म प्रकृतिको मूलभूत सिद्धान्तमा आधारित सर्वसृष्टिचक्र र कर्मचक्रको बारेमा विशेष जानकारी गराउने नै छ । दोस्रो प्रकाशित भएको मैत्रीधर्म ग्रन्थमा पहिलो पुस्तकमा समावेश गर्न छुटेका केही आवश्यक थप विषयको जानकारी गराउने प्रयास मात्र भएको हो । त्यसकारण बोधिमार्ग दर्शन मैत्रीधर्मको यस शुभ क्षणमा रहने समस्त विश्वमानव जगतले सर्वपरमात्माको दर्शन लाभ संगै अनन्त पुण्य प्राप्त गरिरहुन् ।

**सर्वमैत्री मंगलम् !**